# बजेट तथा कार्यक्रमको वार्षिक मूल्याङ्कन प्रतिवेदन

(आर्थिक वर्ष २०८०/८१)

कर्णाली प्रदेश सरकार

## आर्थिक मामिला तथा योजना मन्त्रालय

वीरेन्द्रनगर, सुर्खेत, नेपाल

२०८१, भाद्र

# बजेट तथा कार्यक्रमको
# वार्षिक मूल्याङ्कन प्रतिवेदन
## (आर्थिक वर्ष २०८०/८१)

कर्णाली प्रदेश सरकार

## आर्थिक मामिला तथा योजना मन्त्रालय

वीरेन्द्रनगर, सुर्खेत, नेपाल

२०८१, भाद्र

# मन्तव्य

कर्णाली प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा २० बमोजिम आ. व. २०८०/८१ को बजेट तथा कार्यक्रम कार्यान्वयनको वार्षिक मूल्याङ्कन प्रतिवेदन तयार गरिएको छ। मूल्याङ्कन प्रतिवेदनमा समीक्षा अवधिमा बजेट तथा कार्यक्रमको कार्यान्वयन, वित्तीय हस्तान्तरण अन्तर्गत प्राप्त अनुदान, खर्चको स्थिति तथा राजस्व सङ्कलन, बजेट तथा कार्यक्रम कार्यान्वयनका क्रममा देखा परेका समस्या र चुनौती तथा आगामी दिनमा गर्नुपर्ने सुधार सम्बन्धी सिफारिसलाई यो प्रतिवेदनमा समावेश गरिएको छ।

कर्णाली प्रदेशको सन्तुलित र तीव्र आर्थिक विकास गरी समृद्ध कर्णाली निर्माण गर्ने उद्देश्यका साथ बजेटको प्रभावकारी कार्यान्वयनका लागि सङ्घ, प्रदेश र स्थानीय तहका साथै निजी क्षेत्र र अन्य सरोकारवालासँग समन्वय र सहकार्य गर्नेगरी आ.व. २०८०/८१ को बजेट निर्माण भएको थियो। बजेटको ठुलो हिस्सा विनियोजन भएका मन्त्रालयमा प्राविधिक जनशक्तिको अभाव, कर्णाली प्रदेशको विशिष्ट भौगोलिक अवस्था र बजेट खर्चको लागि आवश्यक निर्देशिका, कार्यविधि तथा मापदण्ड निर्माण गर्नुपर्ने जस्ता कारणले लक्ष्य बमोजिम बजेट खर्च हुन सकेन। आ.व. २०७९/८० को तुलनामा आ.व. २०८०/८१ मा आन्तरिक राजस्व प्राप्तिमा वृद्धि भएको छ।

आगामी आर्थिक वर्षहरुमा बजेट प्रणालीमा प्रस्ताव गरिएका कार्यक्रम कार्यान्वयन तथा वित्तीय सुशासनको क्षेत्रमा सुधारका प्रयासबाट बजेट कार्यान्वयनमा थप प्रगति हासिल हुने अपेक्षा गरेको छु। प्रदेशमा बजेट प्रणालीको संस्थागत विकासको लागि मन्त्रालय प्रयासरत रहेको छ। यसबाट बजेट प्रणाली थप व्यवस्थित, कार्यान्वयन योग्य, वस्तुपरक र पारदर्शी हुनेछ। आगामी वर्षहरुमा बजेट तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयनको लागि सम्बद्ध सबैलाई अनुरोध गर्दछु।

अन्त्यमा, यो वार्षिक मूल्याङ्कन प्रतिवेदन तयारीका लागि आवश्यक तथ्याङ्क र सूचना उपलब्ध गराई सहयोग पुऱ्याउनु हुने सबै मन्त्रालय, निकायहरु र प्रतिवेदन तयारीको कार्यमा संलग्न हुनुहुने यस मन्त्रालयका सबै कर्मचारीहरूलाई धन्यवाद दिन चाहन्छु।

**राजीव विक्रम शाह**
**मन्त्री**
आर्थिक मामिला तथा योजना मन्त्रालय

# तालिका सूची


तालिका १: कर्णाली प्रदेश सरकारको समष्टिगत खर्चको तुलनात्मक स्थिति (रू. हजारमा)

तालिका २: कर्णाली प्रदेश सरकारको स्रोतगत खर्चको विश्लेषण (रू. हजारमा)

तालिका ३: प्रदेश सभा सचिवालयको आ.व. २०८०/८१ मा खुद बजेट विनियोजन र खर्च सम्बन्धी विवरण (रू. हजारमा)

तालिका ४: प्रदेश सभा सचिवालयको आ.व. २०७४/७५ देखि २०८०/८१ सम्म खुद बजेट विनियोवजनको तुलनामा खर्च सम्बन्धी विवरण (रू. हजारमा)

तालिका ५: प्रदेश सभा सचिवालयको आ.व. २०८०/८१ मा आन्तरिक राजस्वको लक्ष्य र प्राप्ति (शीर्षकगत रुपमा)

तालिका ६: प्रेदश सभा सचिवालयको आ.व. २०७४/७५ देखि २०७९/८० सम्मको लेखापरीक्षण अङ्क र त्यसमा कायम बेरूजु सम्बन्धी विवरण

तालिका ७: प्रदेश लोक सेवा आयोगको आ.व. २०८०/८१ मा खुद बजेट विनियोजन र खर्चको विवरण (रू. हजारमा)

तालिका ८: प्रदेश लोक सेवा आयोगको आ.व. २०८०/८१ मा आन्तरिक राजस्वको लक्ष्य र प्राप्ति (शीर्षकगत रुपमा)

तालिका ९: प्रदेश लोक सेवा आयोगको आ.व. २०७६/७७ देखि २०८०/८१ सम्म खुद बजेट विनियोजनको तुलनामा खर्च सम्बन्धी विवरण (रू. हजारमा)

तालिका १०: मुख्य न्यायाधिवक्ताको कार्यालयको आ.व. २०८०/८१ मा खुद बजेट विनियोजन र खर्च सम्बन्धी विवरण (रू. हजारमा)

तालिका ११: मुख्य न्यायाधिवक्ताको कार्यालयको आ.व. २०७४/७५ देखि २०८०/८१ सम्म खुद बजेट विनियोजनको तुलनामा खर्च सम्बन्धी विवरण (रू. हजारमा)

तालिका १२: मुख्य न्यायाधिवक्ताको कार्यालयको आ.व. २०७५/७६ देखि २०७९/८० सम्मको लेखापरीक्षण अङ्क र त्यसमा कायम बेरूजु सम्बन्धी विवरण

तालिका १३: मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको आ.व. २०८०/८१ मा खुद बजेट विनियोजन र खर्च सम्बन्धी विवरण (रू. हजारमा)

तालिका १४: मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको आ.व. २०७४/७५ देखि २०८०/८१ सम्म खुद बजेट विनियोजनको तुलनामा खर्च सम्बन्धी विवरण

तालिका १५: आर्थिक मामिला तथा योजना मन्त्रालयको आ.व. २०८०/८१ मा खुद बजेट विनियोजन र खर्च सम्बन्धी विवरण (रू. हजारमा)

तालिका १६: आ.व. २०७९/८० र २०८०/८१ मा सङ्घीय सरकारबाट प्राप्त अनुदानको लक्ष्य र प्राप्तिको तुलनात्मक विवरण

तालिका १७: आर्थिक मामिला तथा योजना मन्त्रालयको आ.व. २०७४/७५ देखि २०८०/८१ सम्म खुद बजेट विनियोजनको तुलनामा खर्च सम्बन्धी विवरण

तालिका १८: आ. व. २०७९/८० र २०८०/८१ मा आन्तरिक राजस्व सङ्कलनको तुलनात्मक विवरण (रू. हजारमा)

तालिका १९: आ.व. २०७९/८० मा मन्त्रालयगत बेरुजु सम्बन्धी विवरण (रू. हजारमा)

तालिका २०: आ.व. २०७९/८० मा बेरुजु वर्गीकरण अनुसार बेरुजुको विवरण (रू. हजारमा)

तालिका २१: आ.व. २०७९/८० सम्मको मन्त्रालयगत/समितिको बेरुजु सम्बन्धी विवरण (रू. हजारमा)

तालिका २२: उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयको आ.व. २०८०/८१ मा खुद बजेट विनियोजन र खर्च सम्बन्धी विवरण

तालिका २३: उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयको आ.व. २०७४/७५ देखि २०८०/८१ सम्म खुद बजेट विनियोजनको तुलनामा खर्च सम्बन्धी विवरण

तालिका २४: उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयको बहुवर्षीय आयोजनाहरूको प्रगति विवरण

तालिका २५: उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयमार्फत बजेट कार्यान्वयनबाट हासिल भएका मुख्य उपलव्धि

तालिका २६: जलस्रोत तथा ऊर्जा विकास मन्त्रालयको आ.व. २०८०/८१ मा खुद बजेट विनियोजन र खर्च सम्बन्धी विवरण

तालिका २७: जलस्रोत तथा ऊर्जा विकास मन्त्रालयको आ.व. २०७८/७९ देखि २०८०/८१ सम्म खुद बजेट विनियोजनको तुलनामा खर्च सम्बन्धी विवरण

तालिका २८: जलस्रोत तथा ऊर्जा विकास मन्त्रालयमार्फत बजेट कार्यान्वयनबाट हासिल भएका मुख्य उपलव्धि

तालिका २९: जलस्रोत तथा ऊर्जा विकास मन्त्रालयको आ.व २०७८/०७९ र २०७९/०८० को लेखापरीक्षण अङ्क

तालिका ३०: जलस्रोत तथा ऊर्जा विकास मन्त्रालयको कायम बेरूजु, बेरूजु अङ्क, फर्स्योट तथा एकीकृत बाँकी बेरूजु

तालिका ३१: जलस्रोत तथा ऊर्जा विकास मन्त्रालयको बहुवर्षीय तथा स्रोत सुनिश्चितता प्राप्त आयोजनाहरूको प्रगति विवरण

तालिका ३२: भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको आ.व. २०८०/८१ मा खुद बजेट विनियोजन र खर्च सम्बन्धी विवरण

तालिका ३३: भुमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको आ.व. २०७४/७५ देखि र २०८०/८१ सम्म खुद बजेट विनियोजनको तुलनामा खर्च सम्बन्धी विवरण

तालिका ३४: भुमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयमार्फत बजेट कार्यन्वयनबाट हासिल भएका मुख्य उपलब्धि

तालिका ३५: कर्णाली प्रदेशको प्रति व्यक्ति, प्रति वर्ष कृषि उत्पादनको उपलब्धता सम्बन्धी विवरण
तालिका ३६: भुमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको आन्तरिक राजस्वको लक्ष्य र प्राप्ति
तालिका ३७: भुमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको लेखापरीक्षण अङ्क र त्यसमा कायम बेरूजु सम्बन्धी विवरण
तालिका ३८: भुमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको बहुवर्षीय तथा स्रोत सुनिश्चिता प्राप्त आयोनाहरूको प्रगति विवरण
तालिका ३९: आन्तरिक मामिला तथ कानुन मन्त्रालयको आ.व. २०८०/८१ मा खुद बजेट विनियोजन र खर्च सम्बन्धी विवरण
तालिका ४०: आन्तरिक मामिला तथा कानुन मन्त्रालयको आन्तरिक राजस्व सङ्कलनको लक्ष्य र प्राप्ति सम्बन्धी विवरण
तालिका ४१: आन्तरिक मामिला तथा कानुन मन्त्रालयको लेखापरीक्षण अङ्क र त्यसमा कायम बेरूजु सम्बन्धी विवरण
तालिका ४२: आन्तरिक मामिला तथा कानुन मन्त्रालयको आ.व. २०७४/७५ देखि र २०८०/८१ सम्म खुद बजेट विनियोजनको तुलनामा खर्च सम्बन्धी विवरण
तालिका ४३: भौतिक पूर्वाधार तथा सहरी विकास मन्त्रालयको आ.व. २०८०/८१ मा खुद बजेट विनियोजन र खर्च सम्बन्धी विवरण
तालिका ४४: भौतिक पूर्वाधार तथा सहरी विकास मन्त्रालयको आ.व. २०७४/७५ देखि र २०८०/८१ सम्म खुद बजेट विनियोजनको तुलनामा खर्च सम्बन्धी विवरण
तालिका ४५: भौतिक पूर्वाधार तथा सहरी विकास मन्त्रालयबाट भएका भौतिक निर्माण सम्बन्धी विवरण
तालिका ४६: यातायात व्यवस्था/सेवा कार्यालय मार्फत आ.व. २०८०/८१ मा राजस्व सङ्कलनको विवरण
तालिका ४७: यातायात व्यवस्था/सेवा कार्यलयबाट आ.व. २०८०/८१ मा भएको सवारी दर्ता सम्बन्धी विवरण
तालिका ४८: यातायात व्यवस्था/सेवा कार्यालयबाट आ.व. २०८०/८१ सम्म भएको सवारी दर्ता सम्बन्धी विवरण
तालिका ४९: सामाजिक विकास मन्त्रालयको आ.व. २०८०/८१ मा खुद बजेट विनियोजन र खर्च सम्बन्धी विवरण
तालिका ५०: सामाजिक विकास मन्त्रालयको आ.व. २०७४/७५ देखि र २०८०/८१ सम्म खुद बजेट विनियोजनको तुलनामा खर्च सम्बन्धी विवरण
तालिका ५१: सामाजिक विकास मन्त्रालयको लेखापरीक्षण अङ्क र त्यसमा कायम बेरूजु सम्बन्धी विवरण
तालिका ५२: सामाजिक विकास मन्त्रालयको बहुवर्षीय तथा स्रोत सुनिश्चितता प्राप्त आयोजनाहरूको प्रगति विवरण

तालिका ५३: कर्णाली प्रदेश योजना आयोगको आ.व. २०८०/८१ मा खुद बजेट विनियोजन र खर्च सम्बन्धी विवरण

तालिका ५४: कर्णाली प्रदेश योजना आयोगको आ.व. २०७६/७७ देखि र २०८०/८१ सम्म खुद बजेटको तुलनामा खर्च सम्बन्धी विवरण

तालिका ५५: कर्णाली प्रदेश सरकारबाट ७ आर्थिक वर्षमा स्थानीय तहको लागि विनियोजन गरिएको अनुदान सम्बन्धी विवरण

# चार्ट सूची

चार्ट १: कर्णाली प्रदेश सरकारको आ.व. २०७४/७५ देखि २०८०/८१ सम्मको कुल बजेट विनियोजन र खर्चको तुलनात्मक स्थिति (चालु र पुँजीगत)

चार्ट २: कर्णाली प्रदेश सरकारको आ.व. २०७९/०८० र २०८०/८१ मा बजेट विनियोजनको तुलनामा मासिक खर्चको स्थिति (प्रतिशतमा)

चार्ट ३: कर्णाली प्रदेश सरकारको आ.व. २०७४/७५ देखि २०८१/८२ सम्म बजेटको तुलनामा बचत सम्बन्धी विवरण (रू. हजारमा)

चार्ट ४: कर्णाली प्रदेश सरकारको आ.व. २०७४/७५ देखि २०८०/८१ सम्म बजेटको तुलनामा राजस्व प्राप्ति सम्बन्धी विवरण (रू. करोडमा)

चार्ट ५: कर्णाली प्रदेश सरकारको आ.व. २०८०/८१ मा खुद बजेट विनियोजनको तुलनामा मन्त्रालयगत खर्चको स्थिति (प्रतिशतमा)

चार्ट ६: प्रदेश सभा सचिवालयको आ.व. २०७९/८० र २०८०/८१ को मासिकरुपमा खर्चको तुलनात्मक विवरण (प्रतिशतमा)

चार्ट ७: प्रदेश लोक सेवा आयोगको आ.व. २०७९/८० र २०८०/८१ को मासिकरुपमा खर्चको तुलनात्मक विवरण (प्रतिशतमा)

चार्ट ८: मुख्य न्यायाधिवक्ताको कार्यालयको आ.व. २०७९/८० र २०८०/८१ को मासिकरुपमा तुलनात्मक खर्चको विवरण (प्रतिशतमा)

चार्ट ९: मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको आ.व. २०७९/८० र २०८०/८१ को मासिकरुपमा खर्चको तुलनात्मक विवरण (प्रतिशतमा)

चार्ट १०: आर्थिक मामिला तथा योजना मन्त्रालयको आ.व. २०७९/८० र २०८०/८१ को मासिकरुपमा खर्चको तुलनात्मक विवरण (प्रतिशतमा)

चार्ट ११: आ. व. २०८०/८१ मा सङ्घीय सरकारबाट प्राप्त अनुदान सम्बन्धी विवरण (रू. हजारमा)

चार्ट १२: आ.व. २०७५/७६ देखि २०८०/८१ सम्म कर्णाली प्रदेश सरकारको आन्तरिक राजस्वको अनुमान र प्राप्ति (रू. करोडमा)

चार्ट १३: आ.व. २०८०/८१ मा कर्णाली प्रदेश सरकारको शीर्षकगत आन्तरिक राजस्व प्राप्ति (रू. हजारमा)

चार्ट १४: आ. व. २०८०/८१ मा मासिकरुपमा आन्तरिक राजस्व सङ्कलनको विवरण (रू. करोडमा)

चार्ट १५: मन्त्रालयगत/समितिको आ.व. २०७९/८० सम्मको बेरुजु सम्बन्धी विवरण ( प्रतिशतमा)

चार्ट १६: उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयको आ.व. २०७९/८० र २०८०/८१ को मासिकरुपमा खर्चको तुलनात्मक विवरण (प्रतिशतमा)

चार्ट १७: जलस्रोत तथा ऊर्जा विकास मन्त्रालयको आ.व. २०७९/८० र २०८०/८१ को मासिकरुपमा खर्चको तुलनात्मक विवरण (प्रतिशतमा)

चार्ट १८: भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको आ.व. २०७९/०८० र २०८०/८१ को मासिक रुपमा खर्चको तुलनात्मक विवरण (प्रतिशतमा)

चार्ट १९: आन्तरिक मामिला तथ कानुन मन्त्रालयको आ.व. २०७९/०८० र २०८०/८१ को मासिकरुपमा खर्चको तुलनात्मक विवरण (प्रतिशतमा)

चार्ट २०: भौतिक पूर्वाधार तथा सहरी विकास मन्त्रालयको आ.व. २०७९/८० र २०८०/८१ को मासिकरुपमा खर्चको तुलनात्मक विवरण (प्रतिशतमा)

चार्ट २१: सामाजिक विकास मन्त्रालयको आ.व. २०७९/८० र २०८०/८१ को मासिकरुपमा खर्चको तुलनात्मक विवरण (प्रतिशतमा)

चार्ट २२: कर्णाली प्रदेश योजना आयोगको आ.व. २०७९/८० र २०८०/८१ को मासिकरुपमा खर्चको तुलनात्मक विवरण (प्रतिशतमा)

चार्ट २३: कर्णाली प्रदेश सरकारबाट आ.व. २०७९/८० देखि २०८१/८२ सम्म जिल्लागत रूपमा स्थानीय तहमा समपूरक अनुदान हस्तान्तरण सम्बन्धी तुलनात्मक विवरण (रू. हजारमा)

चार्ट २४: कर्णाली प्रदेश सरकारबाट आ.व. २०७९/८० देखि २०८१/८२ सम्म जिल्लागत रूपमा स्थानीय तहमा विशेष अनुदान हस्तान्तरण सम्बन्धी तुलनान्त्मक विवरण (रू. हजारमा)

चार्ट २५: कर्णाली प्रदेश सरकारबाट आ.व. २०७९/८० देखि २०८१/८२ सम्म जिल्लागत रूपमा स्थानीय तहमा ससर्त अनुदान हस्तान्तरण सम्बन्धी तुलनात्मक विवरण (रू. हजारमा)

# विषयसूची


| | | |
|---|---|---|
| **कार्यकारी सारांश** | | **१** |
| **परिच्छेद-एकः समष्टिगत आर्थिक, वित्तीय तथा सामाजिक स्थिति** | | **४-८** |
| १.१ | राष्ट्रिय तथा प्रादेशिक अर्थतन्त्र र सामाजिक स्थिति | ४ |
| **परिच्छेद-दुईः बजेट खर्च र स्रोत परिचालनको विश्लेषण** | | **९-१५** |
| २.१ | समष्टिगत खर्चको स्थिति | ९ |
| २.२ | लक्ष्य अनुसार खर्च हुन नसक्नुका कारण | १३ |
| २.३ | आ.व. २०८०/८१ मा मन्त्रालयगत/निकायगत खर्चको विवरण | १४ |
| २.४ | स्रोतगत खर्च विश्लेषण | १५ |
| **परिच्छेद-तीनः क्षेत्रगत र मन्त्रालयगत उपलब्धि विश्लेषण** | | **१६-१२४** |
| ३.१ | प्रदेश सभा सचिवालय | १६ |
| ३.२ | प्रदेश लोक सेवा आयोग | २२ |
| ३.३ | मुख्य न्यायाधिवक्ताको कार्यालय | २६ |
| ३.४ | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | ३१ |
| ३.५ | आर्थिक मामिला तथा योजना मन्त्रालय | ३७ |
| ३.६ | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | ५८ |
| ३.७ | जलस्रोत तथा ऊर्जा विकास मन्त्रालय | ६९ |
| ३.८ | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | ८२ |
| ३.९ | आन्तरिक मामिला तथा कानून मन्त्रालय | ९५ |
| ३.१० | भौतिक पूर्वाधार तथा सहरी विकास मन्त्रालय | १०३ |
| ३.११ | सामाजिक विकास मन्त्रालय | १११ |
| ३.१२ | कर्णाली प्रदेश योजना आयोग | १२१ |
| **परिच्छेद-चारः बजेट प्रणाली तथा सार्वजनिक वित्त व्यवस्थापनमा भएका सुधारका प्रयास** | | **१२५-१३०** |
| ४.१ | वित्तीय सङ्घीयता कार्यान्वयन र वित्तीय हस्तान्तरण | १२६ |
| ४.२ | आ.व. २०८०/८१ को बजेट कार्यान्वयन सम्बन्धी अख्तियारी र मार्गदर्शनका प्रमुख विषय | १२७ |
| ४.३ | समीक्षा अवधिमा गरिएका प्रयास | १३० |
| | ४.३.१ समपूरक र विशेष अनुदान सम्बन्धी प्रणाली | १३० |

| | | |
|---|---|---|
| | ४.३.२ सार्वजनिक वित्त व्यवस्थापनमा गरिएका अन्य सुधार | १३० |
| **परिच्छेद-पाँचः स्थानीय तहमा वित्तीय हस्तान्तरण तथा खर्चको स्थिति** | | **१३१-१३८** |
| ५.१ | स्थानीय तहमा भएको वित्तीय हस्तान्तरण | १३१ |
| ५.२ | स्थानीय तहमा राजस्व बाँडफाँट | १३४ |
| ५.३ | वित्तीय सङ्घीयता कार्यान्वयन गर्ने सन्दर्भमा भएका उपलब्धि र समीक्षा | १३४ |
| ५.४ | वित्तीय सङ्घीयताको कार्यान्वयनमा देखा परेका समस्या | १३५ |
| ५.५ | समाधानका उपाय | १३७ |
| **परिच्छेद-छः बजेट कार्यान्वयन र स्रोत व्यवस्थापनका लागि गर्नुपर्ने प्रयास** | | **१३९-१४५** |
| ६.१ | तत्काल गर्नुपर्ने कार्य | १३९ |
| | ६.१.१ बजेट कार्यान्वयन | १३९ |
| | ६.१.२ राजस्व व्यवस्थापन | १४० |
| ६.२ | दीर्घकालमा गर्नुपर्ने कार्य | १४० |
| | ६.२.१ बजेट तर्जुमा | १४० |
| | ६.२.२ बजेट कार्यान्वयन | १४० |
| | ६.२.३ स्रोत व्यवस्थापन | १४२ |
| | ६.२.४ वित्तीय उत्तरदायित्व र जवाफदेहिताको परिपालना | १४२ |
| | ६.२.५ सार्वजनिक सेवा प्रवाह प्रभावकारी बनाउन | १४४ |
| | ६.२.६ सूचना प्रविधिको प्रयोग | १४५ |
| **अनुसूचीहरु** | | **१४६** |

# कार्यकारी सारांश

१. कर्णाली प्रदेश विनियोजन ऐन, २०८० का सिद्धान्त, उद्देश्य, प्राथमिकता र प्रमुख नीति बमोजिम आर्थिक वर्ष २०८०/८१ को बजेट तथा कार्यक्रम कार्यान्वयनको एक वर्ष पूरा भएको छ।

२. आर्थिक वर्ष २०८०/८१ को सुरु विनियोजन रू. ३३ अर्ब ३७ करोड ९७ लाख ७ हजार भएकोमा सङ्घ ससर्त अनुदानमा रू. ३ करोड ६१ लाख ५३ हजार थप भइ रू. ३३ अर्ब ४१ करोड ५८ लाख ६० हजार (TSA System मा देखिएको बजेटको अङ्क) कायम भएको छ। सो आर्थिक वर्षमा रू.१९ अर्ब ८६ करोड ८२ लाख १६ हजार अर्थात ५९.५२ प्रतिशत खर्च भएको छ।

३. समीक्षा अवधिमा कुल खर्च मध्ये चालु तर्फ रू. ९ अर्ब १७ करोड ५१ लाख ३१ हजार र पुँजीगत तर्फ रू. १० अर्ब ६९ करोड ३० लाख ८७ हजार खर्च भएको छ। जुन सुरु विनियोजित बजेटको क्रमशः ६६.४७ र ५४.६२ प्रतिशत खर्च हो।

४. समीक्षा अवधिमा आन्तरिक राजस्व तर्फ कुल रू. ८३ करोड ४४ लाख ६५ हजार प्राप्त हुने अनुमान गरिएकोमा सो अवधिमा रू. ७२ करोड ५३ लाख ७५ हजार प्राप्त भएको छ। जुन वार्षिक अनुमानको ८६.९३ प्रतिशत हुन्छ। आर्थिक वर्ष २०७९/८० मा कुल राजस्व रू. ७१ करोड २९ लाख ७४ हजार प्राप्त हुने अनुमान गरिएकोमा रू. ५७ करोड १७ लाख प्राप्त भएको थियो।

५. आर्थिक वर्ष २०८०/८१ मा सङ्घीय सरकारबाट वित्तीय समानीकरण, ससर्त, समपूरक र विशेष अनुदान गरी कुल रू. १३ अर्ब २९ करोड २४ लाख ७५ हजार वित्तीय हस्तान्तरणबाट प्राप्त हुने अनुमान गरिएकोमा समीक्षा अवधिमा रू. १० अर्ब ९९ करोड ५० लाख ७५ हजार अर्थात ८२.७२ प्रतिशत प्राप्त भएको छ। आर्थिक वर्ष २०७९/८० मा रू. १८ अर्ब ३० करोड ६१ लाख प्राप्त हुने अनुमान गरिएकोमा रू. १३ अर्ब ५२ करोड १ लाख ६७ हजार अर्थात् अनुमानको ७३.२७ प्रतिशत प्राप्त भएको थियो।

६. समीक्षा अवधिमा वित्तीय हस्तान्तरण अन्तर्गत नेपाल सरकारबाट प्राप्त रकम रू. १० अर्ब ९९ करोड ५० लाख ७५ हजार प्राप्त भएकोमा सो रकम कुल हस्तान्तरित अनुदान तथा राजस्व बाँडफाँटबाट प्राप्त जम्मा रकम रू. १८ अर्ब ६९ करोड ९८ लाख ३२ हजारको ५८.८० प्रतिशत हुन आउँछ। सङ्घीय सरकारबाट प्राप्त वित्तीय हस्तान्तरण मध्ये समानीकरण अनुदान ६८.५१ प्रतिशत, ससर्त अनुदान २४.४३ प्रतिशत, समपूरक अनुदान ४.३९ प्रतिशत र विशेष अनुदानले २.६७ प्रतिशत हिस्सा रहेको छ।

## वित्तीय सङ्घीयता कार्यान्वयन

१. समीक्षा अवधिमा प्रदेश सरकारले सङ्कलन गरेको तथा प्रचलित कानुन बमोजिम स्थानीय तहबाट बाँडफाँट भइ प्राप्त राजस्व तर्फ समीक्षा अवधिमा रू. ८३ करोड ६२ लाख १२ हजार सङ्कलन हुने अनुमान गरिएकोमा रू. ७२ करोड ५३ लाख ७५ हजार प्राप्त भएको छ। जुन वार्षिक अनुमानको ८६.९३ प्रतिशत हो।

२. प्रदेश सरकारबाट स्थानीय तहलाई वित्तीय हस्तान्तरण अन्तर्गत वित्तीय समानीकरण, ससर्त, समपूरक र विशेष अनुदान गरी सुरु बजेट विनियोजन मार्फत जम्मा रू. ४ अर्ब ८० करोड ४ लाख ४० हजार हस्तान्तरण गर्ने अनुमान गरिएकोमा रू. ३ अर्ब ९४ करोड ५७ लाख अर्थात सुरु विनियोजनको ८२.२ प्रतिशत अनुदान हस्तान्तरण भएको छ।

३. स्थानीय तहहरुलाई वित्तीय समानीकरण अनुदान तर्फ रू. ८० करोड, ससर्त अनुदानतर्फ रू. ३ अर्ब ५ करोड २ लाख ७५ हजार, समपूरक अनुदान तर्फ रू. ६७ करोड ८२ लाख र विशेष अनुदान रू. ३० करोड विनियोजन गरिएकोमा वित्तीय समानीकरण अनुदान तर्फ रू. ७८ करोड ९२ लाख ७९ हजार, ससर्त अनुदानतर्फ रू. २ अर्ब ५४ करोड ५२ लाख ५८ हजार, समपूरक अनुदान तर्फ रू. ३९ करोड ४१ लाख ७० हजार र विशेष अनुदान रू. २१ करोड ७० लाख अनुदान हस्तान्तरण गरिएको छ।

४. समीक्षा अवधिमा प्रदेश सरकारले सार्वजनिक ऋण परिचालन गरेको छैन।

## बजेट प्रणाली र वित्तीय व्यवस्थापनमा सुधार

१. समपूरक र विशेष अनुदानबाट सञ्चालन हुने आयोजनाको हकमा कर्णाली प्रदेश समपूरक र विशेष अनुदान सम्बन्धी कार्यविधि, २०७५ (चौथो संशोधन सहित) बमोजिम अनलाइन प्रणाली मार्फत आयोजनाहरुको माग र छनोट कार्य गरिएको,

२. कर्णाली प्रदेश प्रशिक्षण प्रतिष्ठानबाट प्रदेश र स्थानीय तहका कर्मचारीको क्षमता विकासका कार्यक्रम सञ्चालन गरिएको,

३. आयोजनाको बहुवर्षीय ठेक्कालाई व्यवस्थित र परिणाममुखी बनाउनका लागि आधार र मापदण्ड सहितको कर्णाली प्रदेश बहुवर्षीय ठेक्का बन्दोबस्त सम्बन्धी निर्देशिका, २०७७ कार्यान्वयनमा रहेको,

४. प्रदेश सरकारको बेरुजुको अभिलेख अद्यावधिक गरी सोको फर्स्यौट र सम्परीक्षणलाई व्यवस्थित र वैज्ञानिक बनाउन प्रदेश बेरुजु व्यवस्थापन सूचना प्रणाली (Province Beruju Management Information System) प्रदेश सरकारको निर्णय बमोजिम कार्यान्वयनमा ल्याइएको,

५. कर्णाली प्रदेश वित्तीय जोखिम मूल्याङ्कन कार्यविधि, २०७८ कार्यान्वयनमा रहेको,

६. बजेट तर्जुमा र प्रतिवेदन प्रणालीलाई प्रभावकारी बनाउन PLMBIS को प्रयोग भएको।

## बजेट कार्यान्वयन र व्यवस्थापनमा तत्काल गर्नुपर्ने सुधार

१. क्रियाकलापमा आधारित बजेट तर्जुमाको प्रभावकारी कार्यान्वयन गर्ने,

२. समीक्षा अवधिमा बजेट खर्चको आधारमा आगामी आर्थिक वर्षमा संशोधित कार्ययोजना बनाई बजेट कार्यान्वयन प्रभावकारी बनाउन नियमित रुपमा छलफल गरी समस्या समाधान गर्ने,

३. अध्ययन र पूर्वतयारी बिना बजेट विनियोजन गरिएका आयोजना कार्यान्वयनमा जान नसक्ने भएमा सोको एकिन गरी आयोजना वा कार्यक्रममा विनियोजित बजेट समर्पण गर्ने वा प्रचलित कानुन बमोजिम विगतको भुक्तानी दिनुपर्ने बाँकीको व्यवस्थापन गर्न रकमान्तर प्रस्ताव गर्ने,

४. चालु आर्थिक वर्षमा सिर्जित दायित्व आगामी आर्थिक वर्षमा नसार्ने गरी भुक्तानी व्यवस्थापन गर्ने,

५. सङ्घीय सरकारबाट ससर्त अनुदानमा सञ्चालित आयोजनामा थप रकम आवश्यक पर्ने भए सोको विवरण तयार गरी सङ्घीय अर्थ मन्त्रालयमा अनुरोध गर्ने,

६. राजस्व परिचालनका सम्बन्धमा स्थानीय तहसँग आवश्यक समन्वय र सहकार्य गरी राजस्व बाँडफाँट भइ आउनुपर्ने रकमको एकिन गरी राजस्व वृद्धि तर्फ ध्यान दिनुपर्ने,

७. परियोजना बैङ्क तयार गर्ने (परियोजना बैङ्क सम्बन्धी ऐन, नियम वा मापदण्ड समेत),

८. समपूरक र विशेष अनुदानतर्फ खर्च हुन नसकी बाँकी रहेको रकम यथाशीघ्र प्रदेश सञ्चित कोषमा दाखिला गराउने,

९. प्रदेश सरकारले अनुदान वापत प्राप्त गरेको रकम खर्च हुन नसकी बाँकी रहेमा सङ्घीय सञ्चित कोषमा फिर्ता गर्ने व्यवस्थाको कार्यान्वयन गर्नुपर्ने,

१०. हाल कार्यान्वयनमा रहेको आर्थिक कार्यविधि ऐनमा बदलिदो परिवेश र उत्तरदायित्वका विषयहरु नसमेटिएकाले यी विषयहरु समावेश गरी नयाँ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन निर्माण गर्नुपर्ने,

११. प्रदेश सरकारको अनुगमन र मुल्याङ्कन प्रणालीलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्नुपर्ने।

## परिच्छेद- एक

# समष्टिगत आर्थिक, वित्तीय तथा सामाजिक स्थिति

## १. राष्ट्रिय तथा प्रादेशिक अर्थतन्त्र र सामाजिक स्थिति

१.१ विश्व अर्थतन्त्रमा सुधार हुँदै गएको छ। कृषि, यातायात तथा भण्डारण, आवास तथा भोजन, वित्तीय तथा बिमा र पेशागत वैज्ञानिक क्षेत्रमा भएको वृद्धिका कारण चालु आर्थिक वर्षमा नेपालको आर्थिक वृद्धि ३.८७ प्रतिशत रहने अनुमान छ। गत आर्थिक वर्षमा यस्तो वृद्धि १.९५ प्रतिशत रहेको थियो।

१.२ आर्थिक वर्ष २०८०/८१ मा राष्ट्रिय कुल गार्हस्थ्य उत्पादन (उपभोक्ताको मूल्यमा) रू. ५७ खर्ब ४ अर्ब ८४ करोड हुने अनुमान रहेको छ। गत आर्थिक वर्ष राष्ट्रिय कुल गार्हस्थ्य उत्पादन रू. ५३ खर्ब ४८ अर्ब ५३ करोड रहेको थियो।

१.३ आर्थिक वर्ष २०८०/८१ मा कर्णाली प्रदेशको कुल गार्हस्थ्य उत्पादन (उपभोक्ताको मूल्यमा) रू. २ खर्ब ४४ अर्ब रहने अनुमान छ। गत आर्थिक वर्ष कुल गार्हस्थ्य उत्पादन रू. २ खर्ब २९ अर्ब १५ करोड रहेको थियो।

१.४ आर्थिक वर्ष २०८०/८१ मा नेपालको आर्थिक वृद्धिदर (उपभोक्ताको मूल्यमा) ३.८७ प्रतिशत हुने अनुमान छ भने कर्णाली प्रदेशको आर्थिक वृद्धिदर (उपभोक्ताको मूल्यमा) ३.३९ प्रतिशत रहने अनुमान छ। आर्थिक वर्ष २०७९/८० मा यस्तो वृद्धिदर (उपभोक्ताको मूल्यमा) १.९६ प्रतिशत रहेको थियो।

१.५ विगत ५ वर्षमा कर्णाली प्रदेशको औषत आर्थिक वृद्धिदर रहेको ४.३२ रहेको छ।

१.६ आर्थिक वर्ष २०७५/७६ मा राष्ट्रिय कुल गार्हस्थ्य उत्पादनमा कर्णाली प्रदेशको अंश ३.९४ प्रतिशत रहेको थियो भने आर्थिक वर्ष २०८०/८१ मा यस्तो अंश बढेर ४.२८ प्रतिशत पुगेको छ।

१.७ आर्थिक वर्ष २०८०/८१ मा कर्णाली प्रदेशको कुल गार्हस्थ्य उत्पादनमा कृषि, उद्योग र सेवा क्षेत्रको योगदान क्रमशः २९.५ प्रतिशत, ९.७ प्रतिशत र ६०.८ प्रतिशत रहने अनुमान छ। आर्थिक वर्ष २०७९/८० मा यस्तो योगदान क्रमशः २९.३ प्रतिशत, १०.२ प्रतिशत र ६०.५ प्रतिशत रहेको थियो।

१.८ आर्थिक वर्ष २०८०/८१ मा नेपालमा कृषि क्षेत्रको वृद्धिदर ३.० प्रतिशत रहने अनुमान छ, भने गैर कृषि क्षेत्रको वृद्धिदर ३.७५ प्रतिशत रहने अनुमान छ। आर्थिक वर्ष २०७९/८० मा यस्तो वृद्धिदर क्रमशः २.७६ र २.१३ प्रतिशत रहेको थियो।

१.९ आर्थिक वर्ष २०८०/८१ मा कर्णाली प्रदेशमा कृषि क्षेत्रको वृद्धिदर २.१७ प्रतिशत र गैर कृषि क्षेत्रको वृद्धिदर ३.६७ प्रतिशत रहने अनुमान छ। आर्थिक वर्ष २०७९/८० मा यस्तो वृद्धिदर क्रमशः ०.५८ र ३.५० प्रतिशत रहेको थियो।

१.१० आर्थिक वर्ष २०८०/८१ मा कर्णाली प्रदेशको कुल गार्हस्थ्य उत्पादनमा प्राथमिक, द्वितीयक र सेवा क्षेत्रको वृद्धिदर क्रमशः २.२ प्रतिशत, ०.३ प्रतिशत र ४.७ प्रतिशत रहने अनुमान छ। आर्थिक वर्ष २०७९/८० मा यस्तो वृद्धिदर क्रमशः ०.६ प्रतिशत, ०.३ प्रतिशत र ४.५ प्रतिशत रहेको थियो।

१.११ प्रतिव्यक्ति कुल गार्हस्थ्य उत्पादन बढ्दै गएको छ। आर्थिक वर्ष २०८०/८१ मा नेपालको प्रतिव्यक्ति कुल राष्ट्रिय उत्पादन १ हजार ४ सय ३४ अमेरिकी डलर रहने अनुमान छ भने कर्णाली प्रदेशको प्रतिव्यक्ति कुल गार्हस्थ्य उत्पादन १ हजार ६६ अमेरिकी डलर रहने अनुमान छ।

१.१२ जनगणना २०६८ अनुसार नेपालीको औषत आयु ६६.६ वर्ष रहेको थियो भने जनगणना २०७८ अनुसार नेपालीको औषत आयु ७१.३ वर्ष रहेको छ। पुरुष र महिलाको औषत आयु क्रमशः ६८.२ र ७३.८ वर्ष रहेको छ।

१.१३ सबैभन्दा बढी औषत आयु भएको प्रदेश कर्णाली (७२.५ वर्ष) रहेको छ भने सबैभन्दा कम औषत आयु भएको प्रदेश लुम्बिनी (६९.५ वर्ष) रहेको छ।

१.१४ कर्णाली प्रदेशमा पुरुष र महिलाको औषत आयु क्रमशः ६९.२ र ७५.५ वर्ष रहेको छ।

१.१५ नेपाल जीवनस्तर सर्वेक्षण चौथो (२०७९/०८०) अनुसार नेपालमा निरपेक्ष गरिबीको रेखामुनी रहेको जनसङ्ख्या २०.२७ प्रतिशत रहेको छ भने कर्णाली प्रदेशमा गरिबीको रेखामुनी रहेको जनसङ्ख्या २६.६९ प्रतिशत रहेको छ।

१.१६ सबैभन्दा कम गरिबी गण्डकी प्रदेशमा (११.८८ प्रतिशत) रहेको छ भने सबैभन्दा बढी गरिबी सुदूरपश्चिम प्रदेशमा (३४.१६ प्रतिशत) रहेको छ।

१.१७ नेपालमा गरिबीको विषमता ४.५२ प्रतिशत रहेको छ भने कर्णाली प्रदेशमा गरिबीको विषमता ६.२५ प्रतिशत रहेको छ।

१.१८ नेपालमा गरिबीको गहनता दर १.४८ रहेको छ भने कर्णाली प्रदेशमा गरिबीको गहनता दर २.१६ रहेको छ।

१.१९ कर्णाली प्रदेशको शहरी क्षेत्रमा गरिबीको दर २३.२६ प्रतिशत रहेको छ भने ग्रामीण क्षेत्रमा गरिबीको दर ३०.८६ प्रतिशत रहेको छ।

१.२० बहुआयामिक गरिबी दर राष्ट्रिय औषतमा १७.४० प्रतिशत रहेको छ भने कर्णाली प्रदेशको बहुआयामिक गरिबी दर ३९.५ प्रतिशत छ।

१.२१ आर्थिक वर्ष २०८०/८१ मा कर्णाली प्रदेश सरकारको खर्च कुल रू. १९ अर्ब ८६ करोड ८२ लाख १६ हजार भएको छ जुन सुरू विनियोजनको ५९.५२ प्रतिशत हुन आउँछ।

१.२२ आर्थिक वर्ष २०७५/७६ देखि २०८०/८१ सम्म सङ्घीय सरकारबाट ससर्त, समपूरक र विशेष अनुदानको रूपमा जम्मा रू. ३० अर्ब ९८ करोड ३१ लाख प्राप्त भएकोमा सो प्राप्तिको ७४.८४ प्रतिशत खर्च भएको छ।

१.२३ आर्थिक वर्ष २०८०/८१ मा कर्णाली प्रदेश सरकारको आन्तरिक राजस्वको लक्ष्य रू. ८३ करोड ६२ लाख १२ हजार रहेकोमा आर्थिक वर्षको अन्त्य सम्म रू. ७२ करोड ५३ लाख ७५ हजार राजस्व प्राप्ति भएको छ, जुन कुल राजस्व लक्ष्यको ८६.९३ प्रतिशत हो।

१.२४ आर्थिक वर्ष २०७५/७६ देखि २०८०/८१ सम्म कर्णाली प्रदेश सरकारको कुल आन्तरिक राजस्वको लक्ष्य रू. ३ अर्ब २० करोड ९ लाख अनुमान गरिएकोमा आ.व. २०८०/८१ सम्म रू. २ अर्ब ९१ करोड ९८ लाख प्राप्ति भएको छ, जुन कुल लक्ष्यको ९१.२२ प्रतिशत हुन आँउछ।

१.२५ आर्थिक वर्ष २०८०/८१ मा कर्णाली प्रदेशमा ५३.६ प्रतिशत प्रत्यक्ष लैङ्गिक उत्तरदायी बजेट विनियोजन भएको छ भने आर्थिक वर्ष २०७९/८० मा ३९.०० प्रतिशत प्रत्यक्ष लैङ्गिक उत्तरदायी बजेट विनियोजन भएको थियो।

१.२६ कर्णाली प्रदेशका सबै स्थानीय तहमा वाणिज्य बैङ्कको शाखा पुगेको छ।

१.२७ राष्ट्रिय जनगणना २०७८ अनुसार नेपालको जनसङ्ख्या २ करोड ९१ लाख ६४ हजार ५ सय ७८ रहेको छ भने दश वर्षको अवधिमा नेपालको जनसङ्ख्या १०.०८ प्रतिशतले बढेको छ। नेपालको जनसङ्ख्याको वार्षिक औषत वृद्धिदर ०.९२ प्रतिशत रहेको छ।

१.२८ नेपालको कुल जनसङ्ख्यामा १ करोड ४२ लाख ५३ हजार ५ सय ५१ अर्थात ४८.८७ प्रतिशत पुरुष र १ करोड ४९ लाख ११ हजार २७ अर्थात ५१.१३ प्रतिशत महिला रहेको छ भने लैङ्गिक अनुपात ९५.५९ रहेको छ।

१.२९ कर्णाली प्रदेशको कुल जनसङ्ख्या १६ लाख ८८ हजार ४ सय १२ रहेको छ भने दश वर्षको अवधिमा कर्णाली प्रदेशको जनसङ्ख्या ७.५१ प्रतिशतले बढेको छ। यस प्रदेशको वार्षिक जनसङ्ख्या वृद्धिदर ०.७० प्रतिशत रहेको छ।

१.३० कर्णाली प्रदेशको कुल जनसङ्ख्यामा ८ लाख २३ हजार ७ सय ६१ अर्थात ४८.७९ प्रतिशत पुरुष र ८ लाख ६४ हजार ६ सय ५१ अर्थात ५१.२१ प्रतिशत महिला रहेको छ भने लैङ्गिक अनुपात ९५.२७ रहेको छ ।

१.३१ कर्णाली प्रदेशका जिल्लाहरू मध्ये सबैभन्दा बढी लैङ्गिक अनुपात हुम्ला जिल्लामा १०१.३७ र सबैभन्दा कम दैलेख जिल्लामा ९१.८२ रहेको छ।

१.३२ कर्णाली प्रदेशका १० जिल्लाहरू मध्ये सबैभन्दा बढी जनसङ्ख्या सुर्खेतमा र सबैभन्दा कम जनसङ्ख्या डोल्पामा रहेको छ। विगत १० वर्षमा सबैभन्दा बढी जनसङ्ख्या वृद्धि सुर्खेत जिल्लामा भएको छ भने दैलेख र सल्यानमा जनसङ्ख्या घटेको छ।

१.३३ कर्णाली प्रदेशमा परिवारको सङ्ख्या ३ लाख ६६ हजार २ सय ५५ रहेको छ। राष्ट्रिय जनगणना २०६८ अनुसार कर्णाली प्रदेशमा परिवारको सङ्ख्या २ लाख ९८ हजार ३ सय ५९ रहेको थियो।

१.३४ नेपालको कुल जनसङ्ख्यामध्ये ६६.२ प्रतिशत सहरी जनसङ्ख्या र ३३.८ प्रतिशत ग्रामीण जनसङ्ख्या रहेको छ। कर्णाली प्रदेशको कुल जनसङ्ख्या मध्ये सहरी जनसङ्ख्या ५२.१ प्रतिशत र ग्रामीण जनसङ्ख्या ४७.९ प्रतिशन रहेको छ।

१.३५ कर्णाली प्रदेशका २५ वटा नगरपालिकामध्ये सबैभन्दा बढी वीरेन्द्रनगर नगरपालिकामा १ लाख ५३ हजार ८ सय ६३ र सबैभन्दा कम ठुलीभेरी नगरपालिकामा ९ हजार ८ सय ६१ जनसङ्ख्या रहेको छ।

१.३६ नेपालमा महिला परिवारमूली भएका परिवार ३१.५५ प्रतिशत रहेको छ भने कर्णाली प्रदेशमा महिला परिवार मूली भएका परिवार ३२.०७ प्रतिशत रहेको छ।

१.३७ नेपालमा घरको छाना खर/पराल/छवाली भएको परिवार ३.९ प्रतिशत रहेको छ भने कर्णाली प्रदेशमा घरको छाना खर/पराल/छवाली भएको परिवार ६.५ प्रतिशत रहेको छ।

१.३८ नेपालमा खाना पकाउन इन्धनको रुपमा अक्सर काठ/दाउरा प्रयोग गर्ने परिवार ५१.० प्रतिशत रहेको छ भने कर्णाली प्रदेशमा खाना पकाउन इन्धनकोरुपमा अक्सर काठ/दाउरा प्रयोग गर्ने परिवार ८२.२ प्रतिशत रहेको छ।

१.३९ नेपालमा बत्ती बाल्न अक्सर बिजुली प्रयोग गर्ने परिवार ९२.२ प्रतिशत रहेको छ भने कर्णाली प्रदेशमा बत्ती बाल्न अक्सर बिजुली प्रयोग गर्ने परिवार ४९.६ प्रतिशत रहेको छ। त्यस्तै कर्णाली प्रदेशमा बत्ती बाल्न अक्सर सोलार/सौर्य ऊर्जा प्रयोग गर्ने परिवार ४७.९ प्रतिशत रहेको छ।

१.४० नेपालमा मोबाइल फोन (साधारण) प्रयोग गर्ने परिवार ७३.२ प्रतिशत रहेको छ भने कर्णाली प्रदेशमा मोबाइल फोन (साधारण) प्रयोग गर्ने परिवार ८२.२ प्रतिशत रहेको छ।

१.४१ नेपालमा अन्य लिङ्गी (यौनिक तथा लैंगिक अल्पसंख्यक) को सङ्ख्या २९२८ रहेको छ, जुन कुल जनसङ्ख्याको ०.०१ प्रतिशत हुन आउँछ। कर्णाली प्रदेशमा अन्य लिङ्गीको सङ्ख्या ८१ (२.८ प्रतिशत) रहेको छ।

१.४२ नेपालको (५ वर्ष वा सो भन्दा माथि) कुल साक्षरता दर ७६.२ प्रतिशत रहेको छ। जसमा पुरुष साक्षरता दर ८३.६ प्रतिशत र महिला साक्षरता दर ६९.४ प्रतिशत रहेको छ।

१.४३ कर्णाली प्रदेशको (५ वर्ष वा सो भन्दा माथि) कुल साक्षरता दर ७६.१ प्रतिशत रहेको छ। जसमा पुरुष साक्षरता दर ८३.३ प्रतिशत र महिला साक्षरता दर ६९.४ प्रतिशत रहेको छ।

१.४४ कर्णाली प्रदेशका १० जिल्ला मध्ये सबैभन्दा बढी साक्षरता दर भएको जिल्ला सुर्खेत (८२.७ प्रतिशत) र सबैभन्दा कम साक्षरता दर भएको जिल्ला हुम्ला (६३.८४ प्रतिशत) रहेको छ।

१.४५ कर्णाली प्रदेशका ७९ वटा स्थानीय तहमध्ये सबैभन्दा बढी साक्षरता दर भएको स्थानीय तह वीरेन्द्रनगर नगरपालिका (८७.१६ प्रतिशत) र सबैभन्दा कम साक्षरता दर भएको स्थानीय तह शे-फोक्शुण्डो गाउँपालिका (४५.०३ प्रतिशत) रहेको छ।

१.४६ विगत १० वर्षमा कर्णाली प्रदेशका ७९ स्थानीय तह मध्ये ५५ स्थानीय तहको जनसङ्ख्या बढेको छ भने २४ स्थानीय तहको जनसङ्ख्या घटेको छ।

१.४७ कर्णाली प्रदेशका ७९ स्थानीय तहमध्ये सबैभन्दा बढी जनसङ्ख्या वृद्धिदर भएको स्थानीय तह वीरेन्द्रनगर नगरपालिका (वार्षिक जनसङ्ख्या वृद्धिदर ४.०९ प्रतिशत) र सबैभन्दा बढी जनसङ्ख्या घटेको स्थानीय तह भैरवी गाउँपालिका (वार्षिक जनसङ्ख्या वृद्धिदर-१.१८ प्रतिशत) रहेको छ।

१.४८ नेपालमा मातृमृत्यु दर (प्रति लाखमा) १५१ रहेको छ भने कर्णाली प्रदेशको मातृ मृत्युदर १७२ रहेको छ।

१.४९ नेपालमा ५ वर्ष वा सो भन्दा कम उमेरका बालबालिकाको सङ्ख्या ३० लाख ७ हजार ६ सय ४८ रहेकोमा ७४.० प्रतिशतले जन्म दर्ता गरेका छन्। त्यस्तै कर्णाली प्रदेशमा ५ वर्ष वा सो भन्दा कम उमेरका बालबालिकाको सङ्ख्या २ लाख ४ हजार ६ सय ३८ रहेकोमा ८७.३ प्रतिशतले जन्म दर्ता गरेका छन्।

१.५० कर्णाली प्रदेशका १० जिल्ला मध्ये सबैभन्दा बढी जन्मदर्ता भएको जिल्ला कालिकोट (९४.४ प्रतिशत) र सबैभन्दा कम जन्मदर्ता भएको जिल्ला सुर्खेत (७६.८ प्रतिशत) रहेको छ।

१.५१ नेपालको कुल जनसङ्ख्या मध्ये २.२२ प्रतिशतमा कुनै न कुनै प्रकारको अपाङ्गता रहेको छ। कर्णाली प्रदेशको कुल जनसङ्ख्या मध्ये ३.१२ प्रतिशत जनसङ्ख्यामा कुनै न कुनै प्रकारको अपाङ्गता हरेको छ।

१.५२ कर्णाली प्रदेशका १० जिल्लामध्ये सबैभन्दा बढी अपाङ्गता भएको जिल्ला जाजरकोट (४.९४ प्रतिशत) र सबैभन्दा कम अपाङ्गता भएको जिल्ला जुम्ला (२.२९ प्रतिशत) रहेको छ।

## परिच्छेद-दुई

# बजेट खर्च र स्रोत परिचालनको विश्लेषण

## २.१ समष्टिगत खर्चको स्थिति

२.१.१ कर्णाली प्रदेश सरकारको आर्थिक वर्ष २०८०/८१ मा क्षेत्रगत नीति र कार्यक्रमहरुको कार्यान्वयनका लागि पुंजीगततर्फ रू. १९ अर्ब ५७ करोड ७२ लाख ४३ हजार (५८.६५ प्रतिशत) र चालुतर्फ (वित्तीय हस्तान्तरण समेत) रू. १३ अर्ब ८० करोड २४ लाख ६४ हजार (४१.३५ प्रतिशत) बजेट विनियोजन भएको थियो।

२.१.२ कुल विनियोजन मध्ये समीक्षा अवधिमा चालुतर्फ (वित्तीय हस्तान्तरण समेत) रू. ९ अर्ब १७ करोड ५१ लाख ३१ हजार अर्थात् ६६.४७ प्रतिशत र पुँजीगत तर्फ रू. १० अर्ब ६९ करोड ३० लाख ८७ हजार अर्थात् ५४.६२ प्रतिशत खर्च भएको छ। आर्थिक वर्ष २०७९/८० मा चालुतर्फ (वित्तीय हस्तान्तरण समेत) रू. ९ अर्ब ४९ करोड ३ लाख २६ हजार अर्थात ७१.९७ प्रतिशत र पुँजीगततर्फ रू. १२ अर्ब ७७ करोड ६५ लाख ४७ हजार अर्थात ६५.२६ प्रतिशत खर्च भएको थियो।

२.१.३ कर्णाली प्रदेश सरकारको बजेटको ठुलो अंश विनियोजन हुने विषयगत मन्त्रालयमा प्राविधिक जनशक्तिको कमी लगायत अन्य विभिन्न प्राविधिक तथा प्रशासनिक समस्याको कारणले गर्दा समयमा आयोजनाको ठेक्का सम्झौता लगायतका खरिद कार्य हुन सकेको छैन।

२.१.४ निर्माण व्यवसायी र उपभोक्ता समितिले समेत सम्झौता बमोजिम निर्धारित समयावधिमा भौतिक उपलब्धि हासिल गर्न नसकेको कारण अपेक्षित बजेट खर्च हुन सकेन। साथै अधिकांश कार्यक्रमहरु कार्यविधि तथा मापदण्ड निर्माण गरी कार्यान्वयन गर्नुपर्ने, बढी लागतका आयोजनाहरुको बहुवर्षीय ठेक्का स्वीकृति प्रदान र अन्य प्रकृयागत ढिलाई प्रमुख कारण रहेका छन्। आर्थिक वर्ष २०७९/८० र २०८०/८१ को शीर्षकगत विनियोजन र खर्चको तुलनात्मक विवरण तालिका १ मा प्रस्तुत गरिएको छ।

२.१.५ कर्णाली प्रदेश सरकारको बजेटको कुल विनियोजन मध्ये आ.व. २०८०/८१ मा ५९.५२ प्रतिशत खर्च भएको छ भने आ.व. २०७९/८० मा ६८.२६ प्रतिशत खर्च भएको थियो।

### तालिका १: कर्णाली प्रदेश सरकारको समष्टिगत खर्चको तुलनात्मक स्थिति

*(रू. हजारमा)*

| क्र. सं. | खर्च शीर्षक | विनियोजन | | खर्च | | खर्च प्रतिशत | |
|---|---|---|---|---|---|---|---|
| | | २०७९/८० | २०८०/८१ | २०७९/८० | २०८०/८१ | २०७९/८० | २०८०/८१ |
| १ | चालु | १३१२०१३९ | १३८०२४६४ | ९४९०३२६ | ९१७५१३१ | ७१.९७ | ६६.४७ |
| २ | पुँजीगत | १९४९६०२४ | १९५७७२४३ | १२७७६५४७ | १०६९३०८७ | ६५.७५ | ५४.६२ |
| ३ | जम्मा | ३२६१६१६३ | ३३३७९७०७ | २२२६६८७३ | १९८६८२१६ | ६८.२६ | ५९.५२ |

***स्रोत:*** *प्रदेश लेखा नियन्त्रक कार्यालय, कर्णाली प्रदेश।*

२.१.६ कर्णाली प्रदेश सरकारको कुल बजेट विनियोजनमध्ये आ.व. २०८०/८१ मा चालुतर्फ ६६.४७ प्रतिशत र पुँजीगततर्फ ५४.६२ प्रतिशत खर्च भएको छ भने आ.व. २०७४/७५ मा चालुतर्फ २७.९२ प्रतिशत र पुँजीगततर्फ १९.२१ प्रतिशत खर्च भएको थियो।

### चार्ट १: कर्णाली प्रदेश सरकारको आ.व. २०७४/७५ देखि २०८०/८१ सम्म कुल बजेट विनियोजन र खर्चको तुलनात्मक स्थिति (चालु र पुँजीगत)




***स्रोत:*** *प्रदेश लेखा नियन्त्रक कार्यालय, कर्णाली प्रदेश।*

२.१.७ माथिको चार्ट अनुसार पुँजीगत खर्चको तुलनामा चालु खर्चको भार बढी देखिएको छ। चालु प्रकृतिका खर्चहरु, विषयगत मन्त्रालयका विभिन्न शीर्षकमा सीप विकास, जनचेतना अभिवृद्धि, सचेतना कार्यक्रम र उत्पादनसँग सम्बन्धित कार्यक्रमहरुमा विनियोजित रकम र स्थानीय तहमा पुँजीगत कार्यको लागि हस्तान्तरण हुने रकम समेत चालु खर्चमा लेखाङ्कन हुने भएकोले पुँजीगत खर्चको अंश न्यून देखिएको हो।

२.१.८ कर्णाली प्रदेश सरकारको आर्थिक वर्ष २०८०/८१ को पहिलो महिना साउनमा कुनै खर्च हुन सकेको छैन भने भदौ महिनासम्म कुल विनियोजनको १.२६ प्रतिशत खर्च भएको छ। कुल विनियोजन मध्ये जेठ महिनामा ७.२३ प्रतिशत खर्च भएको छ भने असार महिनामा २१.५८ प्रतिशत खर्च भएको छ।

**चार्ट २: कर्णाली प्रदेश सरकारको आ.व. २०७९/०८० र २०८०/८१ मा सुरू बजेट विनियोजनको तुलनामा मासिक खर्चको स्थिति (प्रतिशतमा)**




*__स्रोत:__ प्रदेश लेखा नियन्त्रक कार्यालय, कर्णाली प्रदेश।*

२.१.९ कर्णाली प्रदेश सरकारको आर्थिक वर्ष २०७९/८० मा वार्षिक बजेटको तुलनामा सो आर्थिक वर्षमा २१.३१ प्रतिशत यथार्थ बचत रहेको छ।

### चार्ट ३: कर्णाली प्रदेश सरकारको आ.व. २०७४/७५ देखि २०८१/८२ सम्म बजेटको तुलनामा बचत सम्बन्धी विवरण (रू. हजारमा)




*स्रोतः प्रदेश लेखा नियन्त्रक कार्यालय, कर्णाली प्रदेश, * संशोधित, **अनुमानित।*

२.१.१० आर्थिक वर्ष २०८०/८१ मा कर्णाली प्रदेश सरकारको बजेटको तुलनामा सङ्घीय सरकारबाट राजस्व प्राप्ति २२.७० प्रतिशत रहेको छ भने अन्तरिक राजस्व प्राप्ति २.१७ प्रतिशत रहेको छ। त्यस्तै आ.व. २०७९/८० मा बजेटको तुलनामा सङ्घीय सरकारबाट राजस्व प्राप्ति २१.७४ प्रतिशत रहेको थियो भने आन्तरिक राजस्व प्राप्ति १.७५ प्रतिशत रहेको थियो।

### चार्ट ४: कर्णाली प्रदेश सरकारको आ.व. २०७४/७५ देखि २०८०/८१ सम्म बजेटको तुलनामा राजस्व प्राप्ति सम्बन्धी विवरण (रू. करोडमा)




*स्रोतः प्रदेश लेखा नियन्त्रक कार्यालय, कर्णाली प्रदेश।*

## २.२ लक्ष्य अनुसार खर्च हुन नसक्नुका कारण

२.२.१ दरबन्दी अनुसार आवश्यक दक्ष र उत्प्रेरित जनशक्तिको कमी,

२.२.२ बजेट तथा कार्यक्रम कार्यान्वयनका लागि आवश्यक पर्ने निर्देशिका, कार्यविधि, मापदण्ड तयारीको कार्यले बढी समय खर्चिनु परेको

२.२.३ मन्त्रालयहरुले विभिन्न शीर्षकमा अवण्डा रकम राख्ने र समयमा उक्त रकम बाँडफाँट नहुँदा विनियोजित रकम खर्च हुनमा कठिनाइ भएको,

२.२.४ पुँजीगत प्रकृतिका निर्माण सम्बन्धी आयोजनाको समयमै टेन्डर, खरिद सम्झौता लगायत खरिद प्रक्रियामा हुने ढिलाईले आयोजना कार्यान्वयन हुन नसकेको,

२.२.५ मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, प्रदेश योजना आयोग, आर्थिक मामिला तथा योजना मन्त्रालय र विषयगत मन्त्रालयबाट अनुगमन संयन्त्र प्रभावकारी हुन नसकेको,

२.२.६ बजेट तथा कार्यक्रम तर्जुमाको क्रममा योजनावद्ध रुपमा प्राथमिकता प्राप्त कार्यक्रमहरु छनोट नभइ विभिन्न स-साना कार्यक्रममा बजेट विनियोजन हुने प्रवृत्तिले कार्यचाप बढ्न गइ तोकिएको समयमा कार्य सम्पन्न हुन नसकेको,

२.२.७ कतिपय आयोजनाको विस्तृत परियोजना प्रतिवेदन, जग्गा प्राप्ति लगायतका पूर्वतयारी बिना बजेट विनियोजन गर्ने प्रवृतिले कार्यान्वयनमा ढिलाई हुने गरेको,

२.२.८ शुरु विनियोजन कम भएका आयोजनाको लागि बढी लागत अनुमान तयार गरी बहुवर्षीय वा स्रोत सुनिश्चितताको लागि प्रस्ताव गर्ने र स्रोतको अभाव र प्रक्रियागत ढिलाईका कारण माग बमोजिम समयमा स्रोत सहमती ढिलाई हुँदा शुरु बजेट समेत खर्च हुन नसकेको,

२.२.९ स्थानीय तहबाट कार्यान्वयन हुने ससर्त अनुदानका आयोजना/कार्यक्रमहरु स्थानीय तहको समन्वयमा छनोट नभएको कारण कार्यान्वयनमा स्थानीय तहको अपनत्व र सहभागिता न्यून भइ अपेक्षित रुपमा वित्तीय तथा भौतिक प्रगति हुन नसकेको,

२.२.१० बजेट कार्यान्वयनको क्रममा अन्तर-निकाय साझेदारी, समन्वय र सहकार्यमा कमी हुँदा बजेट तथा कार्यक्रममा दोहोरोपना हुनुको साथै समयमा कार्यान्वयनमा समस्या हुनु,

२.२.११ आर्थिक वर्षको अन्त्यसम्म आयोजना संशोधन तथा रकमान्तरले कार्यसम्पादनमा असर गरेको,

२.२.१२ विभिन्न आयोजना कार्यान्वयनको क्रममा नियमनकारी निकायबाट कागजातहरु माग गर्ने, यथास्थितिमा राख्न निर्देशन दिने लगायतका विभिन्न कारणले कतिपय आयोजना समयमै कार्यान्वयन प्रक्रिया अगाडि बढ्न नसक्नु।

## २.३ आ.व. २०८०/८१ मा मन्त्रालयगत/निकायगत खर्चको विवरण

२.३.१ आ.व. २०८०/८१ मा मुख्य न्यायाधिवक्ताको कार्यालयको खुद बजेट विनियोजनको तुलनामा ८२.४८ खर्च प्रतिशत भएको छ भने मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको १६.६९ प्रतिशत खर्च भएको छ।

**चार्ट ५: कर्णाली प्रदेश सरकारको आ.व. २०८०/८१ मा खुद बजेट विनियोजनको तुलनामा मन्त्रालयगत खर्चको स्थिति (प्रतिशतमा)**




***स्रोतः** प्रदेश लेखा नियन्त्रक कार्यालय, कर्णाली प्रदेश।*

## २.४ स्रोतगत खर्च विश्लेषण

प्रदेश सरकारको स्रोततर्फ विनियोजित बजेट रू. १७ अर्ब १४ करोड ४४ लाख ६० हजार मध्ये समीक्षा अवधिमा रू. ८ अर्ब ९४ करोड ९४ लाख अर्थात ५२.२ प्रतिशत खर्च भएको देखिन्छ। त्यसैगरी सङ्घीय स्रोत तर्फको रू.१६ अर्ब २३ करोड ५२ लाख ४७ हजारमध्ये रू. ११ अर्ब ७० लाख ८५ हजार अर्थात ६७.६५ प्रतिशत खर्च भएको देखिन्छ।

**तालिका २: कर्णाली प्रदेश सरकारको स्रोतगत खर्चको विश्लेषण**

*(रू. हजारमा)*

| खर्च व्यहोर्ने स्रोत | आ.व. २०७८/७९ | | | आ.व. २०७९/८० | | | आ.व. २०८०/८१ | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | विनियोजन | खर्च | खर्च प्रतिशत | विनियोजन | खर्च | खर्च प्रतिशत | विनियोजन | खर्च | खर्च प्रतिशत |
| प्रदेश | १४२८९५५९ | १०५३४४६३ | ७३.७२ | १४२८९५५९ | १०५३४४६३ | ७३.७२ | १७१४४४६० | ८९४९४०० | ५२.२० |
| सङ्घ | १५५५६३०० | १०११२७८१ | ६५.०१ | १८३२६६०४ | ११७२७०३६ | ६३.९९ | १६२३५२४७ | ११००७०८५ | ६७.६५ |
| **जम्मा** | **३६५४६६३६** | **२३९९७०६०** | ६६.४४ | **३२६१६१६३** | **२२२६१४९९** | ६८.२६ | **३३३७९७०७** | **१९९५६४८५** | ५९.५२ |

***स्रोत:*** *प्रदेश लेखा नियन्त्रक कार्यालय, कर्णाली प्रदेश।*

## परिच्छेद-तीन

# क्षेत्रगत र मन्त्रालयगत उपलब्धि विश्लेषण

## ३.१ प्रदेश सभा सचिवालय

### १. पृष्ठभूमि

नेपालको संविधानको धारा ५६ उपधारा (२) बमोजिम राज्यशक्तिको प्रयोग सङ्घ, प्रदेश र स्थानीय तहले कानुन बमोजिम हुने व्यवस्था रहेको र धारा १७५ बमोजिम पहिलो हुने निर्वाचित र समानुपातिक निर्वाचन प्रणालीबाट निर्वाचित सदस्यबाट प्रदेश सभाको गठन हुने प्रावधान बमोजिम संविधानको अनुसूची-४ मा उल्लिखित कर्णाली प्रदेशको १० जिल्ला (सुर्खेत, दैलेख, जाजरकोट, सल्यान, रुकुम-पश्चिम, कालिकोट, जुम्ला, मुगु, हुम्ला र डोल्पा) का ४० जना माननीय सदस्यहरु रहने गरी कर्णाली प्रदेश सभा गठन हुने प्रावधान छ। कर्णाली प्रदेश सभामा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीबाट निर्वाचित २४ जना, समानुपातिक निर्वाचन प्रणालीबाट निर्वाचित १६ जना गरी जम्मा ४० जना माननीय प्रदेश सभा सदस्यहरुको प्रतिनिधित्व रहेको छ। यस प्रदेश सभाको पहिलो बैठक २०७५ साल माघ २१ गते बसेको थियो।

शक्ति पृथकीकरणको सिद्धान्त अनुसार कर्णाली प्रदेशको व्यवस्थापिकाको रुपमा कर्णाली प्रदेशसभाले प्रदेश कानुन निर्माणको जिम्मेवारी पाएको छ। यसको प्रमुख कार्य संवैधानिक व्यवस्था बमोजिम प्रदेशमा कानुन निर्माण गर्ने हो। यसका अतिरिक्त सरकार निर्माणसँग सम्बन्धित कार्यहरु गर्नुका साथै प्रदेश सरकारलाई जनता र प्रदेशसभाप्रति जवाफदेही बनाउनु प्रदेशसभाको अभिन्न कार्यको रुपमा रहेको छ। कर्णाली प्रदेशसभा अन्तर्गत चार वटा विषयगत समितिहरु रहेका छन्। विषयगत समितिमार्फत सरकारको जवाफदेहिता र उत्तरदायित्व अभिवृद्धि गरी सुशासन कायम गर्ने जिम्मेवारी समेत रहेको छ। प्रदेशसभाको कामकारवाहीलाई प्रशासनिक एवम् व्यवस्थापकीय रुपमा सहयोग गर्न प्रदेशसभा सचिवालय रहेको छ।

### २. दीर्घकालीन सोच

जनमुखी र जवाफदेही प्रदेशसभा।

### ३. ध्येय

३.१ जनप्रतिनिधिमूलक संस्थाको हैसियतले जनचाहना अनुरूपको कानुन निर्माण गर्ने,
३.२ प्रदेश सरकारलाई पारदर्शी, जवाफदेही र उत्तरदायी बनाउने कार्यमा सहयोग गर्ने।

## ४. कार्यक्षेत्र

प्रदेश सरकारसँग सम्बद्ध सम्पूर्ण विषयहरु नै प्रदेश सभाको कार्यक्षेत्र रहेको छ। यसका साथै प्रदेश सभाको प्रमुख कार्य सरकार निर्माण गर्नु, प्रादेशिक कानुन बनाउनु, प्रदेश सरकारको काम कारबाहीको निगरानी गर्नु र प्रादेशिक जनसरोकारका विषय प्रदेश सभामा छलफल गर्नु रहेको छ। नेपालको संविधानको भाग १३ मा प्रदेश कार्यपालिका, भाग १४ मा प्रदेश व्यवस्थापिका, भाग १५ मा प्रदेश व्यवस्थापन कार्यविधि र भाग १६ मा प्रदेश आर्थिक कार्यप्रणाली सम्बन्धी व्यवस्थामा उल्लेख भए अनुसार प्रदेश सभाले आवश्यक कानुन बनाउनुपर्ने हुन्छ।

प्रदेश सभाले संविधानको विभिन्न भागमा उल्लेख भएका माथिका विषयको कानुनका साथसाथै संविधानको अनुसूची ६, ७ र ९ मा उल्लेख भएका एकल र साझा अधिकारका विषयमा पनि कानुन बनाउनुपर्ने हुन्छ।

**तालिका ३: प्रदेश सभा सचिवालयको आ.व. २०८०/८१ मा खुद बजेट विनियोजन र खर्च सम्बन्धी विवरण**

*(रू. हजारमा)*

| बजेट शीर्षक | विनियोजन | खर्च रकम | खर्च प्रतिशत |
|---|---|---|---|
| चालु | १३९२६८ | १०४३५३ | ७४.९३ |
| पुँजीगत | ११६५० | ५४४१ | ४६.७० |
| **जम्मा** | **१५०९१८** | **१०९७९४** | **७२.७५** |

***स्रोत:*** *प्रदेश लेखा नियन्त्रक कार्यालय, कर्णाली प्रदेश।*

**चार्ट ६: प्रदेश सभा सचिवालयको आ.व. २०७९/८० र २०८०/८१ को मासिक रुपमा खर्चको तुलनात्मक विवरण (प्रतिशतमा)**




***स्रोत:*** *प्रदेश लेखा नियन्त्रक कार्यालय, कर्णाली प्रदेश।*

**तालिका ४ः प्रदेश सभा सचिवालयको आ.व. २०७४/७५ देखि २०८०/८१ सम्म खुद बजेट विनियोजनको तुलनामा खर्च सम्बन्धी विवरण**

*(रू. हजारमा)*

| क्र. सं. | आर्थिक वर्ष | विवरण | चालु | चालु (प्रतिशतमा) | पुँजीगत | पुँजीगत (प्रतिशतमा) | जम्मा | प्रतिशतमा |
|---|---|---|---|---|---|---|---|---|
| १ | २०७४/७५ | विनियोजन | ३७०६५ | ५९.१५ | २५६०० | ४०.८५ | ६२६६५ | १०० |
| | | खर्च | २७७३२ | ६०.७२ | १७९३८ | ७०.०७ | ४५६७० | ७२.८८ |
| २ | २०७५/७६ | विनियोजन | ८२६९० | ५६.४३ | ६३८५० | ४३.५७ | १४६५४० | १०० |
| | | खर्च | ६७६०४ | ८१.७६ | ४५९६४ | ७१.९९ | ११३५६८ | ७७.५० |
| ३ | २०७६/७७ | विनियोजन | १२३१७६ | ७४.६६ | ४१८०० | २५.३४ | १६४९७६ | १०० |
| | | खर्च | ९७८७० | ७९.४६ | ९१५२ | २१.८९ | १०७०२२ | ६४.८७ |
| ४ | २०७७/७८ | विनियोजन | १०३२६३ | ८३.६५ | २०१७८ | १६.३५ | १२३४४१ | १०० |
| | | खर्च | ८५६८९ | ८२.९८ | १९९७७ | ९९.०० | १०५६६६ | ८६ |
| ५ | २०७८/७९ | विनियोजन | ११४६९२ | ७५.३२ | ३७५७५ | २४.६८ | १५२२६७ | १०० |
| | | खर्च | ९३९९० | ८१.९५ | २५७०२ | ६८.४० | ११९६९२ | ७८.६१ |
| ६ | २०७९/८० | विनियोजन | १४०२१४ | ८१.५३ | ३१७६५ | १८.४७ | १७१९७९ | १०० |
| | | खर्च | ८९०९३ | ६३.५४ | १२९८५ | ४०.८८ | १०२०७८ | ५९.३५ |
| ७ | २०८०/८१ | विनियोजन | १३९२६८ | ९२.२८ | ११६५० | ७.७२ | १५०९१८ | १०० |
| | | खर्च | १०४३५३ | ७४.९३ | ५४४१ | ४६.७० | १०९७९४ | ७२.७५ |
| ८ | जम्मा विनियोजन | | ७४०३६८ | ७४.५६ | २५२५९६ | २५.४४ | ९९२९६४ | १०० |
| | जम्मा खर्च | | ५६६३३१ | ७६.४९ | १३७१५९ | ५४.३० | ७०३४९० | ७०.८५ |

***स्रोतः** प्रदेश लेखा नियन्त्रक कार्यालय, कर्णाली प्रदेश।*

## ५. समीक्षा अवधिमा सम्पादन भएका प्रमुख कार्य

५.१ भरबेटिम पाण्डुलिपी तयार, टाइपिङ, रुजु, समीक्षा, छपाई र प्रकाशन सम्बन्धी कार्य,

५.२ प्रत्येक मन्त्रालयबाट प्राप्त विधेयकहरु सभाबाट पारित भैसकेपछि अपनाइने आनुषङ्गिक सुधार लगायतका अन्य प्रक्रिया सम्बन्धी कार्य,

५.३ सचिवालय र सङ्घीय संसदका कर्मचारीहरूबिच अनुभव आदानप्रदान कार्य,

५.४ सचिवालयका कर्मचारीहरूको अन्तरप्रदेश अवलोकन भ्रमण,

५.५ प्रदेश सभा, प्रदेश सभा सचिवालय, सभामुख, उप-सभामुखको निवास परिसरको सरसफाई, बगैंचा निर्माण तथा व्यवस्थापन,

५.६ जिल्लामा संसदीय अभ्यास कार्यक्रम,

५.७ प्रदेश सभा दिवस कार्यक्रम,

५.८ सचिवालयका कर्मचारीहरु र स्थानीय तहका पदाधिकारी तथा कर्मचारीहरुबिच विधेयक प्रस्तुतिदेखि पारितसम्मका कार्यविधि र प्रक्रिया सम्बन्धमा अन्तरक्रिया गोष्ठी,

५.९ जनतासँग प्रदेशसभा कार्यक्रम,

५.१० पदाधिकारीहरु र माननीय सदस्यहरुको अन्तरप्रदेशस्तरीय बैठक तथा अन्तरक्रिया कार्यक्रम,

५.११ प्रदेशसभा वरिपरीको पर्खाल निर्माण,

५.१२ सचिवालयका कर्मचारीहरुद्वारा अन्य प्रदेशसभा र सचिवालयका काम कारवाही तथा प्रक्रियागत समानता/भिन्नताबारे अन्तरक्रियात्मक अध्ययन अवलोकन।

## ६. बजेट तथा कार्यक्रम कार्यान्वयनका क्रममा देखा परेका समस्या/चुनौती

प्रदेशसभालाई निर्दिष्ट गरिएका काम कारवाहीहरु प्रदेश सरकारका विभिन्न मन्त्रालयसँग अन्तरसम्बन्धित हुने हुँदा समन्वय र सहजीकरण प्रभावकारी बनाउने विषय चुनौतीपूर्ण रहेको छ। कानुन निर्माण प्रक्रियालाई अनुसन्धानमूलक बनाउन नसकिनु, सरकार परिवर्तनले कानुन निर्माणको पक्ष ओझेलमा पर्नु, विषयगत समितिबिच समन्वयको अभाव रहनु, प्रदेशसभा सचिवालयमा कर्मचारीको अभाव एवम् कर्मचारीको क्षमता अभिवृद्धि गर्न नसकिनु लगायत देहायका समस्या रहेका छन्:-

६.१ आफ्नै प्राविधिक जनशक्ति नहुँदा सार्वजनिक निर्माण सम्बन्धी पुँजीगत खर्च तोकिएको समयमा गर्न नसकिनु,

६.२ सचिवालयमा जनशक्तिको न्यूनताका कारण तोकिएको समयमा कार्यक्रम सम्पन्न गर्न नसकिनु,

६.३ अन्य प्रदेशका पदाधिकारीहरुसँगको संयुक्त कार्यक्रम भएकोमा उपयुक्त समयको व्यवस्थापन हुन नसक्नु,

६.४ कतिपय कार्यक्रमको हकमा स्पष्ट कार्यविधिको अभाव हुनु,

६.५ पदाधिकारीहरुको कार्यव्यस्तता र कर्मचारीको न्यूनताका कारण कार्यक्रममा ढिलाइ हुनु,

६.६ सभा र समितिका बैठकको निर्धारित कार्यतालिका नहुँदा कार्यक्रमहरु प्रभावित हुनु,

६.७ आम जनता, मिडियाकर्मी तथा सरोकारवालाहरुको उल्लेख्य रुपमा सहभागिता बढाउन नसकिनु,

६.८ विधि निर्माणमा प्रदेशसभाको भूमिका सम्बन्धमा सरोकारवालाहरुको यथेष्ट चासो र निगरानी अभिवृद्धि गर्न नसकिनु।

## ७. आगामी आ.व. मा सुधार गर्नुपर्ने क्षेत्र

७.१ स्वीकृत दरबन्दी अन्तर्गतका रिक्त पदहरुमा यथाशीघ्र प्रदेश लोक सेवा आयोगमा माग आकृति पठाई पदपूर्तिका लागि पहल गर्ने,

७.२ सभा, समिति तथा सचिवालयको कामकारवाहीलाई चुस्त-दुरुस्त बनाउनुका साथै कामकारवाहीलाई कार्यतालिका/कार्ययोजना निर्माण गरी थप प्रभावकारी बनाउने,

७.३ कार्यविधि बनाउनुपर्ने विषयमा तुरुन्त कार्यविधि बनाई लागु गर्ने,

७.४ विधि निर्माणमा प्रदेशसभाको भूमिका विषयमा आम सरोकारवालाहरुको चासो र निगरानी बढाउन सचेतनामूलक कार्यक्रमहरु सञ्चालन गर्ने।

**तालिका ५: आ.व. २०८०/८१ मा आन्तरिक राजस्वको लक्ष्य र प्राप्ति (शीर्षकगत रुपमा)**

| सि.नं. | राजस्व शीर्षक | लक्ष्य | प्राप्ति |
|---|---|---|---|
| १ | १४१५१-सरकारी सम्पत्तिको वहालबाट प्राप्त आय | नतोकिएको | ९५,९८२.०० |
| २ | १४२२९-अन्य प्रशासनिक सेवा शुल्क | नतोकिएको | ४८,०००.०० |
| ३ | १४३१२-प्रशासनिक दण्ड,जरिवाना र जफत | नतोकिएको | १४,७७६.०० |
| ४ | १५१११- बेरूजु | नतोकिएको | ३०३,१५९.३३ |
| | | **जम्मा रकम** | **४६१,९१७.३३** |

***स्रोतः*** *प्रदेश सभा सचिवालय, कर्णाली प्रदेश।*

## तालिका ६: आ.व. २०७४/७५ देखि २०७९/८० सम्मको लेखापरीक्षण अङ्क र त्यसमा कायम बेरूजु अङ्क सम्बन्धी विवरण

*(रू. हजारमा)*

| क्र.सं. | आ.व. | लेखापरीक्षण अङ्क | बेरुजु अङ्क | | | जम्मा बेरुजु | जम्मा सम्परीक्षण भएको बेरुजु | बाँकी बेरुजु | कुल बेरुजु फस्यौंट (प्रतिशतमा) |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | पेश्की बाँकी | | | | |
| १ | २०७४/०७५ | ६९१०८ | ० | ० | ० | ० | ० | ० | ० |
| २ | २०७५/०७६ | ११४०२७ | १४६६ | ८२० | ० | २२८६ | २२८६ | ० | १०० |
| ३ | २०७६/०७७ | १०८००१ | १४३१ | १४९२ | ० | २९२३ | २२३३ | ६९० | ७६.४१ |
| ४ | २०७७/०७८ | १०७३७३ | ९०१ | ० | ० | ९०१ | ५३८ | ३६३ | ५९.७३ |
| ५ | २०७८/०७९ | ११९६९२ | ० | ० | ० | ० | ० | ० | ० |
| ६ | २०७९/०८० | १०३०८३ | ० | ० | ० | ० | ० | ० | ० |
| **जम्मा** | | **६२१२८४** | **३७९८** | **२३१२** | **०** | **६११०** | **५०५८** | **१०५२** | **८२.७७** |

***स्रोतः*** *प्रदेश सभा सचिवालय, कर्णाली प्रदेश।*

## ३.२ प्रदेश लोक सेवा आयोग

### १. पृष्ठभूमि

नेपालको संविधान बमोजिम प्रदेश निजामती सेवा तथा स्थानीय सेवाको पदमा उपयुक्त उम्मेदवार छनोटमा स्वच्छता तथा निष्पक्षता कायम गरी योग्यता प्रणालीलाई प्रवर्द्धन गर्दै सार्वजनिक प्रशासनलाई सक्षम, सुदृढ र सेवामुखी बनाउने उद्देश्यका साथ कर्णाली प्रदेश लोक सेवा आयोग ऐन, २०७५ को दफा ३ वमोजिम प्रदेश लोक सेवा आयोग, कर्णाली प्रदेश गठन भएको हो।

कर्णाली प्रदेशमा मिति २०७७ साल फागुन ६ गते प्रदेश लोक सेवा आयोगका अध्यक्ष तथा सदस्यको नियुक्ति समेत भइ आयोगले पूर्णता पाएको छ। आयोगको कार्य सञ्चालन तथा व्यवस्थापनको लागि वीरेन्द्रनगर नगरपालिका वडा नं. ७ कालुङ्चोक, सुर्खेतमा आयोगको कार्यालय स्थापना भएको छ।

### २. कार्यक्षेत्र

२.१ प्रदेश सेवा र स्थानीय सेवाको पदमा कर्मचारी नियुक्तिका लागि उपयुक्त उम्मेदवारको छनोट गर्न परीक्षा सञ्चालन गर्ने,

२.२ प्रदेश प्रहरी सेवाको पदपूर्तिका लागि लिइने लिखित परीक्षा सञ्चालन गर्ने,

२.३ प्रदेश प्रहरी सेवाको पदमा नियुक्ति र बढुवा गर्दा अपनाउनु पर्ने सिद्धान्तको विषयमा आयोगको परामर्श लिनु पर्ने,

२.४ प्रदेश सेवाको पदमा नियुक्ति, बढुवा र विभागीय कारबाही गर्दा अपनाउनु पर्ने सिद्धान्तको विषयमा आयोगको परामर्श लिनु पर्ने,

२.५ प्रदेश सेवाको पदमा स्थायी नियुक्ति गर्दा आयोगको परामर्श लिनुपर्ने।

२.६ देहायका विषयमा आयोगको परामर्श लिनु पर्नेछः-

- (क) प्रदेश सेवाको शर्त सम्बन्धी कानुनको विषयमा,
- (ख) प्रदेश सेवाको पदमा छ महिना भन्दा बढी समयका लागि नियुक्ति गर्दा उम्मेदवारको उपयुक्तताको विषयमा,
- (ग) कुनै एक प्रकारको प्रदेश निजामती सेवा वा स्थानीय सरकारी सेवाको पदबाट अर्को प्रकारको प्रदेश निजामती सेवा वा स्थानीय सरकारी सेवाको पदमा वा प्रदेशका अन्य सरकारी सेवाबाट प्रदेश निजामती सेवा वा स्थानीय सरकारी सेवाको पदमा सरुवा वा बढुवा गर्दा उम्मेदवारको उपयुक्तताको विषयमा,
- (घ) प्रदेश निजाती सेवाका कर्मचारीलाई दिइने विभागीय सजायको विषयमा।

### तालिका ७: प्रदेश लोक सेवा आयोगको आ.व. २०८०/८१ मा खुद बजेट विनियोजन र खर्च सम्बन्धी विवरण

*(रू. हजारमा)*

| बजेट शीर्षक | विनियोजन | खर्च रकम | खर्च प्रतिशत |
|---|---|---|---|
| चालु | ९९२०५ | ६४७७२ | ६५.२९ |
| पुँजीगत | १०९०० | ५०३७ | ४६.२१ |
| **जम्मा** | **११०१०५** | **६९८०९** | **६३.४७** |

**स्रोत:** *प्रदेश लेखा नियन्त्रक कार्यालय, कर्णाली प्रदेश।*

### चार्ट ७: प्रदेश लोक सेवा आयोगको आ.व. २०७९/८० र २०८०/८१ को मासिक रुपमा खर्चको तुलनात्मक विवरण (प्रतिशतमा)




**स्रोत:** *प्रदेश लेखा नियन्त्रक कार्यालय, कर्णाली प्रदेश।*

### तालिका ८: प्रदेश लोक सेवा आयोगको आ.व. २०८०/८१ मा आन्तरिक राजस्वको लक्ष्य र प्राप्ति (शीर्षकगत रुपमा)

*(रू. हजारमा)*

| सि.नं. | राजस्व शीर्षक | आ.व. २०८०/८१ |
|---|---|---|
| १ | १४२२४- परीक्षा शुल्क | ३१८७६ |
| २ | धरौटी सदरस्याहा | २६७ |
| | **जम्मा** | **३२१४३** |

**स्रोतः** *प्रदेश लोकसेवा आयोग, कर्णाली प्रदेश।*

### तालिका ९: प्रदेश लोक सेवा आयोगको आ.व. २०७६/७७ देखि २०८०/८१ सम्म खुद बजेट विनियोजनको तुलनामा खर्च सम्बन्धी विवरण

*(रू. हजारमा)*

| आर्थिक वर्ष | विवरण | चालु | चालु (प्रतिशतमा) | पुंजीगत | पुंजीगत (प्रतिशतमा) | जम्मा | प्रतिशतमा |
|---|---|---|---|---|---|---|---|
| २०७६/७७ | विनियोजन | २७०३६ | ९०.८४ | २७२५ | ९.१६ | २९७६१ | १०० |
| | खर्च | | | | | | |
| २०७७/७८ | विनियोजन | २५७०५ | ८८.३२ | ३४०० | ११.६८ | २९१०५ | १०० |
| | खर्च | ६०६० | २३.५८ | ३३९४ | ९९.८२ | ९४५४ | ३२.४८ |
| २०७८/७९ | विनियोजन | ७३९९२ | ६७.०६ | ३६३४८ | ३२.९४ | ११०३४० | १०० |
| | खर्च | ४७५०५ | ६४.२० | ३२९३२ | ९०.६० | ८०४३७ | ७२.९० |
| २०७९/८० | विनियोजन | १०१६४८ | ८८.०५ | १३८०० | ११.९५ | ११५४४८ | १०० |
| | खर्च | ७४१०८ | ७२.९१ | ९४६९ | ६८.६२ | ८३५७७ | ७२.३९ |
| २०८०/८१ | विनियोजन | ९९२०५ | ९०.१० | १०९०० | ९.९० | ११०१०५ | १०० |
| | खर्च | ६४७७२ | ६५.२९ | ५०३७ | ४६.२१ | ६९८०९ | ६३.४ |
| जम्मा विनियोजन | | ३२७५८६ | ८२.९८ | ६७१७३ | १७.०२ | ३९४७५९ | १०० |
| जम्मा खर्च | | १९२४४५ | ५८.७५ | ५०८३२ | ७५.६७ | २४३२७७ | ६१.६३ |

**स्रोतः** *प्रदेश लेखा नियन्त्रक कार्यालय, कर्णाली प्रदेश।*

## ३. समीक्षा अवधिमा सम्पादन भएका प्रमुख कार्य

३.१ आयोगका बैठकः आयोगले १४६ बैठक बसी विभिन्न निर्णय गरेको,

३.२ आर्थिक वर्ष २०८०/८१ असार मसान्त सम्म प्रदेश स्तरका ४३० र स्थानीय तहका ९८६ समेत १४१६ जना विभिन्न सेवा समूहका श्रेणी विहिन, चौथो र पाँचौं तहका पदमा सिफारिस गरिएको जसमा करिव ४० प्रतिशत महिला रहेको,

३.३ यस अवधिमा प्रदेश निजामती सेवा सम्बन्धी तीन वटा कानुनहरुको मस्यौदामा परामर्श उपलब्ध गराइएको,

३.४ अनलाइन माध्यमवाट उम्मेदवारले दरखास्त दिने, शुल्क दाखिला गर्ने तथा प्रवेशपत्र प्रिन्ट गरी लिन सक्ने र प्राप्ताङ्क हेर्न सकिने व्यवस्था गरेको,

३.५ वस्तुगत प्रश्नको उत्तर पुस्तिका परीक्षणको लागि OMR मेसिन प्रयोगमा ल्याइएको र सबै तहका विषयगत प्रश्नका उत्तर पुस्तिका विषय विज्ञहरुलाई आयोगमा नै बोलाई परीक्षण गराउने गरिएको,

३.६ कर्णाली प्रदेश सरकार मन्त्रिपरिषदको मिति २०८० माघ १० को निर्णयबाट आयोग प्रदेश मन्त्रालय र प्रदेशस्तरका कार्यालयमध्ये नमूना कार्यालयको रुपमा छनोट भएको।

## ४. बजेट तथा कार्यक्रम कार्यान्वयनका क्रममा देखा परेका समस्या/चुनौती

४.१ आयोग रहेको जग्गाको स्वामित्व/भोगाधिकार आयोगमा नहुनु,

४.२ भवन पुरानो हुनु तथा कार्यप्रकृतिसँग मेल खाने नहुनु,

४.३ मुद्दा मामिलाको कारणले काम सहज रुपमा अगाडि बढाउन नसक्नु,

४.४ माथिल्लो तहको पदपूर्ति सम्बन्धी काम गर्न (सुर्खेतमा) विज्ञ उपलब्ध नहुनु।

## ३.३ मुख्य न्यायाधिवक्ताको कार्यालय

### १. पृष्ठभूमि

नेपालको संविधानको धारा १६०(१) मा महान्यायाधिवक्ताको मातहतमा रहने गरी प्रत्येक प्रदेशमा एक मुख्य न्यायाधिवक्ता रहने र मुख्य न्यायाधिवक्ताको नियुक्ति सम्बन्धित मुख्यमन्त्रीको सिफारिसमा प्रदेश प्रमुखबाट हुने संवैधानिक व्यवस्था रहेको छ। प्रदेश सरकार पक्ष वा विपक्ष भएको वा प्रदेश सरकारको हकहित वा सरोकार रहेको संविधान वा कानुनको व्याख्या सम्बन्धी कुनै जटिल संवैधानिक वा कानुनी प्रश्न समावेश भएको वा प्रदेशको सन्दर्भमा सार्वजनिक महत्व वा सार्वजनिक सरोकारको मुद्दामा प्रदेश सरकारको तर्फबाट अदालतमा उपस्थित भइ बहस पैरवी र प्रतिरक्षा गर्ने, प्रदेश सरकार, प्रदेश सरकारको कार्यालय वा प्रदेश सरकारले तोकिदिएको अधिकारीले कुनै संवैधानिक वा कानुनी प्रश्नमा राय माग गरेमा कानुनी राय दिने। प्रदेश सरकार र मातहतका निकायहरुका नाममा अदालतबाट भएका आदेश वा फैसलाको प्रभावकारी कार्यान्वयन गर्न गराउन प्रदेश सरकारका मन्त्रालय वा कार्यालयलाई पत्राचार गर्ने तथा आदेश वा फैसला कार्यान्वयनको अनुगमन गर्ने, प्रदेशको कार्यक्षेत्रको कुनै विषयमा तत्काल कानुन बनाउनु पर्ने वा भइरहेको कानुन संशोधन गर्नुपरेमा त्यसको कारण खुलाई प्रदेश सरकार समक्ष सिफारिस गर्ने रहेको छ।

प्रदेश सरकारका मन्त्रालय वा कार्यालयबाट अदालतमा प्रस्तुत हुने लिखित जवाफ लगायतका कानुनी लिखतमा स्तर कायम गर्न आवश्यक समन्वय गर्ने। प्रदेशभित्र रहेका हिरासत, थुनुवा कक्ष तथा कारागारमा रहेका थुनुवा तथा कैदी उपर मानवोचित व्यवहार भए नभएको सम्बन्धमा निरीक्षण गरी सो सम्बन्धी प्रतिवेदन तयार गरी सम्बन्धित निकायलाई आवश्यक सुझाव प्रदान गर्ने लगायतका काम, कर्तव्य र अधिकार मुख्य न्यायाधिवक्तामा निहित छन्। मुख्य न्यायाधिवक्ताको कार्यालयमा महान्यायाधिवक्ताको कार्यालयबाट उपलब्ध गराइएका सरकारी वकिल र प्रदेश सरकारबाट समायोजन भइ आएका जनशक्तिबाट कार्यालयमा कार्यसम्पादन हुँदै आएको छ।

### २. दीर्घकालीन सोच

संवैधानिक एवम् कानुनी विषयमा प्रदेश सरकार र प्रदेश सरकारले तोकेको अन्य अधिकारीलाई राय सल्लाह दिने, प्रदेश सरकार पक्ष वा विपक्ष भएको वा प्रदेश सरकारको हक हित वा सरोकार रहेको मुद्दामा प्रदेश सरकारको तर्फबाट उपस्थित भइ सम्बन्धित अदालतमा वहस पैरवी र प्रतिरक्षा गर्ने, मानव अधिकारको संरक्षण गर्दै कानुनी शासनको सुनिश्चितता कायम गर्नु।

## ३. ध्येय

संवैधानिक र कानुनी विषयमा अध्ययन, अनुसन्धान, प्रशिक्षण, अन्तरक्रिया, छलफल गर्ने, प्रहरी हिरासत र कारागारमा रहेका थुनुवा तथा कैदीहरुको मानव अधिकारको अवस्था बारे जानकारी लिइ सुधारका लागि सङ्घ तथा प्रदेश सरकार समक्ष अनुरोध गर्ने।

## ४. कार्यक्षेत्र

४.१ प्रदेश सरकारसँग सम्बन्धित संविधान वा कानुनको व्याख्या सम्बन्धी कुनै जटिल संवैधानिक वा कानुनी प्रश्न समावेश भएको वा सार्वजनिक महत्त्व वा सार्वजनिक सरोकारको विचाराधीन मुद्दामा प्रदेश सरकार वा प्रदेश सरकारको तर्फबाट उपस्थित भइ बहस पैरवी तथा प्रतिरक्षा गर्ने,

४.२ प्रदेश सरकार र मातहतका निकायका नाममा अदालतबाट भएका आदेश वा फैसलाको प्रभावकारी कार्यान्वयन गर्न गराउन प्रदेश स्थित मन्त्रालय, सचिवालय, विभाग वा कार्यालयलाई पत्राचार गरी कानुन कार्यान्वयनको अनुगमन गर्ने, गराउने,

४.३ प्रचलित प्रदेश कानुनको कार्यान्वयनको क्रममा कुनै कठिनाई आइपरेमा वा प्रदेशको कार्यक्षेत्रको कुनै विषयमा तत्काल कानुन बनाउनु पर्ने वा भइरहेको कानुन संशोधन गर्न वा बनिरहेको कानुन लागु गर्नुपर्ने देखिएमा प्रदेश सरकार समक्ष सिफारिस गर्ने,

४.४ प्रदेश सरकारका मन्त्रालय, सचिवालय, विभाग वा अन्य प्रदेश सरकारका कार्यालयबाट अदालतमा प्रस्तुत हुने लिखित जवाफ लगायतका कानुनी मस्यौदामा स्तर कायम गर्न त्यस्ता कार्यालयबिच आवश्यक समन्वय गर्ने र त्यस्ता कार्यालयलाई आवश्यक निर्देशन दिने,

४.५ प्रदेशस्थित हिरासत थुनुवा कक्षमा रहेका थुनुवालाई आफन्तसँग वा कानुन व्यवसायी मार्फत् भेटघाट गर्न नदिएको वा मानवोचित व्यवहार नभएको उजुरी परेमा वा जानकारी हुन आएमा मुख्य न्यायाधिवक्ताको कार्यालयसँग समन्वय गरी सम्बन्धित अधिकारीलाई आवश्यक निर्देशन दिने,

४.६ प्रदेश सरकारको सरोकारमा पर्ने मुद्दामा प्रतिरक्षाको माग भइ आएमा प्रतिरक्षा गर्ने,

४.७ प्रदेश सरकारको हक हित वा सार्वजनिक हितमा असर पर्नेगरी भएको निर्णय वा आदेश विरुद्ध मुद्दा दायर, पुनरावेदन वा पुनरावलोकनका लागि निवेदन दिन वा उपचार प्राप्त गर्न कुनै अधिकारी तोकिएको रहेनछ भने मुख्य न्यायाधिवक्ता वा निजले तोकेको कर्मचारीले गर्न सक्नेछ,

४.८ प्रदेश कानुन बमोजिम स्थापित संस्था वा निकायले गरेको कुनै निर्णय वा काम कारवाहीबाट प्रदेश सरकारको हकहित प्रतिकूल भएको वा संविधान वा प्रचलित कानुनको उल्लङ्घन वा सार्वजनिक हित विपरित भएको छ भन्ने लागेमा कानुनी उपचार प्राप्त गर्न सक्ने,

४.९ बहस, पैरवी तथा प्रतिरक्षा सम्बन्धी फैसला/आदेशको कार्यान्वयन भए नभएको अवलोकन गर्ने।

**तालिका १०: मुख्य न्यायाधिवक्ताको कार्यालयको आ.व. २०८०/८१ मा खुद बजेट विनियोजन र खर्च सम्बन्धी विवरण**

*(रू. हजारमा)*

| बजेट शीर्षक | विनियोजन | खर्च रकम | खर्च प्रतिशत |
|---|---|---|---|
| चालु | १७३७९ | १४५०५ | ८३.४६ |
| पुँजीगत | ४५० | १९९ | ४४.२२ |
| **जम्मा** | **१७८२९** | **१४७०५** | **८२.४८** |

***स्रोत:*** *प्रदेश लेखा नियन्त्रक कार्यालय, कर्णाली प्रदेश।*

**चार्ट ८: मुख्य न्यायाधिवक्ताको कार्यालयको आ. व. २०७९/८० र २०८०/८१ को मासिकरुपमा तुलनात्मक खर्चको विवरण (प्रतिशतमा)**




***स्रोत:*** *प्रदेश लेखा नियन्त्रक कार्यालय, कर्णाली प्रदेश।*

### तालिका ११ः मुख्य न्यायाधिवक्ताको कार्यालयको आ.व. २०७४/७५ देखि २०८०/८१ सम्म खुद बजेट विनियोजनको तुलनामा खर्च सम्बन्धी विवरण

*(रू. हजारमा)*

| आर्थिक वर्ष | विवरण | चालु | चालु (प्रतिशतमा) | पुँजीगत | पुँजीगत (प्रतिशतमा) | जम्मा | प्रतिशतमा |
|---|---|---|---|---|---|---|---|
| २०७४/७५ | विनियोजन | ८५० | ६८.०० | ४०० | ३२.०० | १२५० | १०० |
| | खर्च | ५८८ | ६९.१८ | ३९८ | ९९.५० | ९८६ | ७८.८८ |
| २०७५/७६ | विनियोजन | ८४८४ | ५०.९४ | ८१७० | ४९.०५७ | १६६५४ | १०० |
| | खर्च | ७३२१ | ८६.२९ | ८१६७ | ९९.९६ | १५४८८ | ९३.०० |
| २०७६/७७ | विनियोजन | १११८८ | ६८.७९ | ५०७५ | ३१.२१ | १६२६३ | १०० |
| | खर्च | ८५५२ | ७६.४४ | ८४५ | १६.६५ | ९३९७ | ५७.७८ |
| २०७७/७८ | विनियोजन | ११०६० | ९०.९९ | १०९५ | ९.०१ | १२१५५ | १०० |
| | खर्च | ९२०२ | ८३.२० | १०८९ | ९९.४५ | १०२९१ | ८४.६६ |
| २०७८/७९ | विनियोजन | १२५३१ | ६६.२६ | ६३८० | ३३.७४ | १८९११ | १०० |
| | खर्च | ११७०८ | ९३.४३ | ६३५८ | ९९.६६ | १८०६६ | ९५.५३ |
| २०७९/८० | विनियोजन | १६३३६ | ८७.६६ | २३०० | १२.३४ | १८६३६ | १०० |
| | खर्च | १३५६२ | ८३.०२ | २२६० | ९८.२६ | १५८२२ | ८४.९० |
| २०८०/८१ | विनियोजन | १७३७९ | ९७.४८ | ४५० | २.५२ | १७८२९ | १०० |
| | खर्च | १४५०५ | ८३.४६ | १९९ | ४४.२२ | १४७०४ | ८२.४७ |
| **जम्मा विनियोजन** | | **७७८२८** | **८४.०८** | **२३८७०** | **२३.४७** | **१०१६९८** | **१००** |
| **जम्मा खर्च** | | **६५४३८** | **८४.०८** | **१९३१६** | **८०.९२** | **८४७५४** | **८३.३४** |

***स्रोतः** प्रदेश लेखा नियन्त्रक कार्यालय, कर्णाली प्रदेश।*

## ५. समीक्षा अवधिमा सम्पादन भएका प्रमुख कार्य

५.१ प्रदेशभित्र कारागार तथा हिरासत कक्ष निरीक्षण,

५.२ विभिन्न क्षमता विकास सम्बन्धी तालिम सञ्चालन,

५.३ लिखित जवाफ एवम् कानुन सम्बन्धी प्रशिक्षण कार्यक्रम,

५.४ सर्वोच्च र उच्च अदालतमा परेका रिट प्रतिरक्षा।

## ६. बजेट तथा कार्यक्रम कार्यान्वयन क्रममा देखिएका समस्या/चुनौती

६.१ तहगत, निकायगत र कार्यगत समन्वय प्रभावकारी हुन नसक्दा मुद्दाको प्रतिरक्षामा कठिनाई,

६.२ क्षमता विकास सम्बन्धी तालिमको व्यबस्था नहुदा कार्य सम्पादनमा जटिलता,

६.३ भौगोलिक विविधता, विकटता र मौसमी प्रतिकूलताका कारण समयमा कार्यक्रम सम्पन्न हुन नसक्नु,

६.४ कार्यालयको स्वामित्वमा आफ्नो जग्गा र भवन नहुनु,

६.५ सर्वोच्च अदालत काठमाण्डौं, उच्च अदालत पाटन ललितपुर लगायतका अदालतमा मुद्दाको पेशीको दिन अनिवार्य उपस्थित हुनुपर्ने तर मुद्दाको पालो नआउने/हेर्न नभ्याइने सोही मुद्दाको हप्ता हप्तामा पेशी तोकिदा काठमाडौं जानुपर्ने हुँदा बजेट रकमान्तर गरी काम गर्नु पर्ने बाध्यता।

## ७. आगामी आ.व. मा सुधार गर्नुपर्ने क्षेत्र

७.१ तहगत, निकायगत र कार्यगत समन्वय प्रभावकारी हुनुपर्ने,

७.२ क्षमता विकास सम्बन्धी तालिमको व्यवस्था गर्नुपर्ने,

७.३ कार्यालयको स्वामित्वमा आफ्नो जग्गा र भवनको व्यवस्था हुनुपर्ने,

७.४ सर्वोच्च अदालत काठमाण्डौं, उच्च अदालत पाटन ललितपुर लगायतका अदालतमा मुद्दाको पेशीको दिन अनिवार्य उपस्थित हुनुपर्ने तर मुद्दाको पालो नआउने/हेर्न नभ्याइने सोही मुद्दाको हप्ता हप्तामा पेशी तोकिदा काठमाडौं जानुपर्ने हुदा पर्याप्त बजेटको व्यवस्था हुनुपर्ने।

**तालिका १२ः आ.व. २०७५/७६ देखि २०७९/८० सम्मको लेखापरीक्षण अङ्क र त्यसमा कायम बेरूजु अङ्क सम्बन्धी विवरण**

| क्र. सं. | आ. व. | लेखापरीक्षण अङ्क | कायम बेरूजु | फस्यौंट | बाँकी बेरूजु |
|---|---|---|---|---|---|
| १ | २०७५/७६ | २,२२,२४,००० | ० | | ० |
| २ | २०७६/७७ | १,६४,८७,००० | १,२५,३२५.८४ | १,२५,३२५.८४ | ० |
| ३ | २०७७/७८ | १,०५,६४,००० | ० | | ० |
| ४ | २०७८/७९ | १,८९,११,००० | ० | | ० |
| ५ | २०७९/८० | १,८६,३६,००० | २,२५,३८८ | ० | २,२५,३८८ |

***स्रोतः** मुख्य न्यायाधिवक्ताको कार्यालय, कर्णाली प्रदेश।*

## ३.४ मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

### १. पृष्ठभूमि

नेपालको संविधान बमोजिम सङ्घीयता कार्यान्वयनसँगै प्रदेश सरकारको सर्वोच्च प्रशासकीय निकायको रुपमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय रहेको छ। वि.सं. २०७४ साल फागुन ३ गते प्रदेश मन्त्रिपरिषद्को गठन भएसँगै यस कार्यालयले मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को प्रशासकीय निकायको रुपमा कार्य गर्दै आएको छ। प्रदेशको शासन व्यवस्थाको सामान्य निर्देशन, नियन्त्रण र सञ्चालन गर्ने संवैधानिक जिम्मेवारी पूरा गर्न यस कार्यालयको स्थापना भएको हो।

यस कार्यालयको प्रदेश मन्त्रिपरिषद्, प्रदेश निजामती तथा अन्य सरकारी सेवा, सुशासन, मानव अधिकार, प्रदेश सरकारका निकायहरुबिच समन्वय, निर्देशन र सुपरिवेक्षण, अन्तर-सरकार समन्वय लगायतका कार्यजिम्मेवारी रहेको छ।

### २. दीर्घकालीन सोच

स्वच्छ, सक्षम, जवाफदेही र सुशासनयुक्त प्रशासन र शासन।

### ३. ध्येय

प्रदेश शासकीय र प्रशासकीय सक्षमता तथा जवाफदेहिता मार्फत् सार्वजनिक सेवामा प्रभावकारिता ल्याउने।

### ४. कार्यक्षेत्र

प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ बमोजिम यस कार्यालयले सम्पादन गर्नुपर्ने कार्यहरु देहाय बमोजिम रहेका छन्ः-

४.१ प्रदेश मन्त्रिपरिषद् तथा मुख्यमन्त्रीको कार्यालय सम्बन्धी,
४.२ प्रदेशभित्रको शासन व्यवस्थाको सामान्य निर्देशन, नियन्त्रण र सञ्चालन,
४.३ प्रदेश सरकारको कार्यविभाजन तथा कार्यसञ्चालन,
४.४ प्रदेश सरकारको नीति तर्जुमा, स्वीकृति, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन,
४.५ प्रदेश सरकारको कार्यसम्पादन नियमावली तर्जुमा र कार्यान्वयन,
४.६ प्रदेश मन्त्रालयहरुको कार्यको समन्वय, सुपरिवेक्षण, अनुगमन तथा मूल्याङ्कन र नियन्त्रण,
४.७ प्रदेश मन्त्रिपरिषद्का निर्णयको कार्यान्वयन र अनुगमन,

४.८ प्रदेश मन्त्रिपरिषद्मा पेश हुने नियम र आदेशको तर्जुमा, स्वीकृति तथा प्रमाणीकरण,

४.९ प्रदेशभित्रको राजनीतिक, आर्थिक, सामाजिक, शान्ति सुव्यवस्था एवम् प्रशासनिक गतिविधिहरुको अद्यावधिक जानकारी र सम्बोधन,

४.१० मानव अधिकारको संरक्षण र प्रवर्द्धन,

४.११ सुशासन, भ्रष्टाचार नियन्त्रण र प्रशासन सुधार तथा प्रदेशका कानुन कार्यान्वयन अवस्थाको अनुगमन तथा मूल्याङ्कन,

४.१२ संवैधानिक निकाय तथा आयोग, प्रदेश लोक सेवा आयोग र अन्य सङ्घीय तथा प्रादेशिक आयोगसँगको सम्पर्क र समन्वय,

४.१३ सङ्घीय सरकारको स्वीकृति बमोजिम द्विपक्षीय वा बहुपक्षीयस्तरमा भएका सन्धि, सम्झौता वा सहमति कार्यान्वयन र प्रदेशमा कार्यरत विकास साझेदारहरूको समन्वय तथा अनुगमन,

४.१४ प्रदेश प्रमुखको निर्देशन कार्यान्वयन र प्रतिवेदन,

४.१५ राष्ट्रिय समन्वय परिषद् र सङ्घ तथा अन्य प्रदेश र स्थानीय तहसँगको समन्वय र अन्तरसम्वन्ध,

४.१६ प्रदेशस्तरका आयोग तथा निकायहरुको गठन एवम् सञ्चालन र पदाधिकारीहरुको नियुक्ति एवम् सेवा, सुविधा सम्बन्धी नीति तथा कानुनको तर्जुमा र कार्यान्वयन,

४.१७ निर्वाचन कार्यमा सहयोग र समन्वय,

४.१८ प्रदेशस्तरीय मानव संसाधन विकास योजना तर्जुमा र कार्यान्वयन,

४.१९ प्रदेश निजामती सेवा र अन्य प्रदेश सरकारी सेवा सञ्चालन सम्बन्धी नीति, कानुन तथा मापदण्ड तर्जुमा एवम् कार्यान्वयन र अभिलेख व्यवस्थापन,

४.२० प्रदेशस्तरका सरकारी निकायको सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण र व्यवस्थापन परीक्षण,

४.२१ प्रदेश प्रशिक्षण प्रतिष्ठान सञ्चालन, प्रदेशस्तरीय तालिम, नीति तथा मापदण्ड निर्धारण र स्तरीकरण तथा राष्ट्रिय र प्रदेशस्तरका तालिम केन्द्रसँगको सम्पर्क एवम् समन्वय,

४.२२ प्रदेशका पदाधिकारी तथा कर्मचारीको वैदेशिक अध्ययन तथा भ्रमण सम्बन्धी,

४.२३ प्रदेशस्तरमा सार्वजनिक सेवा वितरणको न्यूनतम मापदण्ड निर्धारण र सेवाग्राही सन्तुष्टि सर्वेक्षण तथा सेवा प्रवाहको अनुगमन,

४.२४ गाउँपालिका र नगरपालिकाको कर्मचारी र कार्यालयको व्यवस्था सम्बन्धी कानुन तर्जुमा,

४.२५ प्रदेशिक नीति अनुसन्धान र नीति प्रयोगशाला सञ्चालन सम्बन्धी।

**तालिका १३: मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको आ.व. २०८०/८१ मा खुद बजेट विनियोजन र खर्च सम्बन्धी विवरण**

*(रू. हजारमा)*

| बजेट शीर्षक | विनियोजन | खर्च रकम | खर्च प्रतिशत |
|---|---|---|---|
| चालु | ५७५५९६ | १९९१४३ | ३४.६ |
| पुँजीगत | १४०१४७४ | १३०८७५ | ९.३४ |
| **जम्मा** | **१९७७०७०** | **३३००१८** | **१६.३९** |

***स्रोत:*** *प्रदेश लेखा नियन्त्रक कार्यालय, कर्णाली प्रदेश।*

**चार्ट ९: मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको आ.व. २०७९/८० र २०८०/८१ को मासिकरुपमा खर्चको तुलनात्मक विवरण (प्रतिशतमा)**




***स्रोत:*** *प्रदेश लेखा नियन्त्रक कार्यालय, कर्णाली प्रदेश।*

**तालिका १४ः मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको आ.व. २०७४/७५ देखि २०८०/८१ सम्म खुद बजेट विनियोजनको तुलनामा खर्च सम्बन्धी विवरण** (रू. हजारमा)

| आर्थिक वर्ष | विवरण | चालु | चालु (प्रतिशतमा) | पुँजीगत | पुँजीगत (प्रतिशतमा) | जम्मा | प्रतिशतमा |
|---|---|---|---|---|---|---|---|
| २०७४/७५ | विनियोजन | ४२४५९ | ८०.१७ | १०५०० | १९.८३ | ५२९५९ | १०० |
| | खर्च | १५६५५ | ३६.८७ | ९०७२ | ८६.४० | २४७२७ | ४६.६९ |
| २०७५/७६ | विनियोजन | १५६९३९ | १६.४० | ८००२०० | ८३.६० | ९५७१३९ | १०० |
| | खर्च | ६७६६० | ४३.११ | २३५३८ | २.९४ | ९११९८ | ९.५३ |
| २०७६/७७ | विनियोजन | १७८८२७८ | ३३.८६ | ३४९३३५० | ६६.१४ | ५२८१६२८ | १०० |
| | खर्च | ५१७८४७ | २८.९६ | ७३९०९० | २१.१६ | १२५६९३७ | २३.८० |
| २०७७/७८ | विनियोजन | १२००८९० | १९.४० | ४९९०२३८ | ८०.६० | ६१९११२८ | १०० |
| | खर्च | ४४२३६९ | ३६.८४ | ४०२८५६३ | ८०.७३ | ४४७०९३२ | ७२.२२ |
| २०७८/७९ | विनियोजन | १५३७४८४ | ३७.५३ | २५५९५२० | ६२.४७ | ४०९७००४ | १०० |
| | खर्च | ६३१७४८ | ४१.०९ | २१३८३३६ | ८३.५४ | २७७००८४ | ६७.६१ |
| २०७९/८० | विनियोजन | ५०५८६२ | ७५.१० | १६७७३७ | २४.९० | ६७३५९९ | १०० |
| | खर्च | २४४८०८ | ४८.३९ | ६१७४१ | ३६.८१ | ३०६५४९ | ४५.५१ |
| २०८०/८१ | विनियोजन | ५७५५९६ | २९.११ | १४०१४७४ | ७०.८९ | १९७७०७० | १०० |
| | खर्च | १९९१४३ | ३४.६० | १३०८७५ | ९.३४ | ३३००१८ | १६.६९ |
| जम्मा विनियोजन | | ५८०७५०८ | ३०.२० | १३४२३०१९ | ६९.८० | १९२३०५२७ | १०० |
| जम्मा खर्च | | २११९२३० | ३६.४९ | ७१३१२१५ | ५३.१३ | ९२५०४४५ | ४८.१० |

***स्रोतः*** *प्रदेश लेखा नियन्त्रक कार्यालय, कर्णाली प्रदेश।*

## ५. समीक्षा अवधिमा सम्पादन भएका प्रमुख कार्य

५.१ २७ वटा मन्त्रिपरिषद् बैठकबाट ११० वटा निर्णय भएको,

५.२ १० वटा कार्यविधि, ९ वटा नियमावली, २ वटा मापदण्ड स्वीकृत भएको,

५.३ १ वटा नियमावली, १ वटा कार्यविधि र १ वटा निर्देशिकामा संशोधन गरिएको,

५.४ ७ वटा विधेयक प्रदेश सभामा पेश गर्न, ५ वटा विधेयक तर्जुमाका लागि सैद्धान्तिक सहमति दिइएको,

५.५ विद्युतीय कार्यालय सञ्चालन तथा विद्युतीय मन्त्रिपरिषद्को बैठक सम्बन्धी अवधारणापत्र तयार गरी इ-क्याविनेटको सफ्टवेयर निर्माणका लागि फाइल स्वीकृत भएको तर कार्यक्रम सम्पन्न हुन नसकेको,

५.६ मन्त्रिपरिषद् प्रस्ताव लेखन सम्बन्धी तालिम दुई चरणमा सम्पन्न भएको। पहिलो चरणमा ३५ र दोस्रो चरणमा २८ जना गरी २ दिने तालिम सम्पन्न गरिएको,

५.७ कर्णाली सेवा पुरस्कार प्रदान गरिएको,

५.८ विभिन्न जिल्लामा लोक सेवा तयारी सम्बन्धी सचेतना कार्यक्रम सम्पन्न गरिएको,

५.९ स्तनपान कक्ष निर्माण तथा लैससास मैत्री पूर्वाधार निर्माण गरिएको,

५.१० नमूना कार्यालय परीक्षण तथा प्रोत्साहन सम्बन्धी कार्य सम्पन्न गरिएको,

५.११ सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण कार्य प्रक्रियामा रहेको,

५.१२ प्रदेश सरकारको कार्यालय तथा कार्य सम्पादनको अनुगमन तथा मूल्याङ्कन सम्पन्न गरिएको,

५.१३ सुशासन सम्बन्धी पुस्तक प्रकाशन गरी विभिन्न निकायमा वितरण गरिएको,

५.१४ प्रदेश समन्वय परिषद्को आठौं बैठक सम्पन्न भएको,

५.१५ नेतृत्व तह बैठक तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको,

५.१६ सेवाग्राही सन्तुष्टि सर्वेक्षण निर्देशिका २०८१ को मस्यौदा तयार भइ मन्त्रिपरिषद्मा पेश हुने क्रममा रहेको,

५.१७ व्यवस्थापन परीक्षण निर्देशिका २०८१ को मस्यौदा तयार भइ मन्त्रिपरिषद्मा पेश हुने क्रममा रहेको,

५.१८ बागमती प्रदेशको हेटौंडास्थित मानवसेवा आश्रमको अवलोकन तथा छलफल, बागमती प्रदेश मुख्यमन्त्री कार्यालयका कर्मचारीसँग छलफल तथा अन्तरक्रिया, गण्डकी प्रदेशका मा. पर्यटन मन्त्री, प्रदेश सचिव लगायतका पदाधिकारीसँगको छलफल तथा भेटघाट कार्यक्रम सम्पन्न भएको,

५.१९ योजना अनुगमन तथा मूल्याङ्कन सम्बन्धी अभिमुखीकरण कार्यक्रम अन्तर्गत प्रदेश तथा स्थानीय तहका ३५ जना योजना शाखा प्रमुखहरुलाई २ दिने अभिमुखीकरण कार्यक्रम सम्पन्न भएको,

५.२० कर्णाली प्रदेश सरकारको वार्षिक प्रगति समीक्षा पुस्तिका तयार गरिएको,

५.२१ आगामी वर्षको नीति तथा कार्यक्रम र बजेट तयारीका लागि कार्यदल गठन भएको,

५.२२ प्रदेश सरकारको वार्षिक नीति तथा कार्यक्रम समयमा तयार भइ प्रदेश सभाबाट स्वीकृत समेत भएको,

५.२३ मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको बजेट तयार गरी पेश भएकोमा स्वीकृत भइसकेको,

५.२४ मुख्यमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका आयोजनाहरु छनोट गरी ससर्त अनुदानको रुपमा स्थानीय तहलाई वार्षिक विकास कार्यक्रममा समावेश गरी पठाइएको,

५.२५ मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको र प्रदेश सरकारको २/२ पटक त्रैमासिक समीक्षा कार्यक्रम सम्पन्न भएको

५.२६ मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र प्रदेश सरकारको वार्षिक समीक्षा कार्यक्रम सम्पन्न भएको,

५.२७ तीनवटा स्थानीय तह (डुङ्गेश्वर, नारायण र दुल्लु) मा मुख्यमन्त्री रोजगार कार्यक्रमका आयोजना अनुगमन गरिएको,

५.२८ रोजगार संयोजकहरुको सहभागितामा मुख्यमन्त्री रोजगार कार्यक्रमको वार्षिक समीक्षा गरिएको।

## ६. कार्य सम्पादनको क्रममा देखिएका समस्या/चुनौती

६.१ कार्यविधिगत अस्थिरता,

६.२ आयोजना संशोधन तथा रकमान्तर,

६.३ कर्णाली अनुगमन प्रणाली प्रभावकारी रूपमा सञ्चालन हुन नसक्नु,

६.४ स्थानीय तहमा एकीकृत आयोजना अनुगमन प्रणाली स्थापना गर्न नसकिनु,

६.५ कार्यान्वयनको प्रभावकारिता मूल्याङ्कन गर्न नसकिनु,

६.६ अनुगमन भएका आयोजनाहरूको समीक्षा नहुनु,

६.७ स्थानीय तहबाट तोकिएको समयमा कार्यक्रम कार्यान्वयन र सोको प्रगति प्रतिवेदन उपलव्ध नहुनु,

६.८ सबै स्थानीय र वडा तहसम्म कार्यक्रम रहेकोले अनुगमन तथा मूल्याङ्कनमा पहुँच पुऱ्याउन नसकिएको।

## ७. सुधार गर्नुपर्ने क्षेत्र

७.१ कार्यविधि निर्माण गर्दा वस्तुगत विश्लेषण गरी गर्नुपर्ने,

७.२ अनुगमन प्रणालीलाई यथार्थपरक बनाउन विवरण प्रविष्टिमा जोड दिनुपर्ने,

७.३ मन्त्रालयहरूको शासकीय अनुगमन मूल्याङ्कन गरी बजेट कार्यान्वयनमा अवरोध पुऱ्याउने तत्व पहिचान गरी त्यस्ता तत्वलाई तत्काल हटाउनु पर्ने,

७.४ प्रदेश मन्त्रालयगत समन्वय र सहकार्यलाई थप चुस्त बनाउनु पर्ने,

७.५ प्रदेश सरकारको योजना तर्जुमा प्रकृया व्यवस्थित गरी क्रियाकलापमा आधारित बजेट तर्जुमा प्रणाली विकास गर्नुपर्ने।

## ३.५ आर्थिक मामिला तथा योजना मन्त्रालय

### १. पृष्ठभूमि

वि.सं. २०७४ माघ २४ गते प्रदेश सरकारको स्थापनासँगै आर्थिक मामिला तथा योजना मन्त्रालयको स्थापना भएको हो। यस मन्त्रालयको मुख्य जिम्मेवारी आर्थिक मामिला र योजना गरी दुईवटा प्रमुख विषयहरु रहेका छन्। यसै सन्दर्भमा वार्षिक बजेट तर्जुमा गर्ने, आर्थिक नीति तथा सोको लागि आवश्यक स्रोतको व्यवस्था गर्ने, आर्थिक तथा वित्तीय अनुशासन कायम राख्दै सार्वजनिक खर्चलाई प्रभावकारी बनाउने र स्रोत परिचालन भरपर्दो तथा दिगो बनाउने उद्देश्यमा मन्त्रालय केन्द्रित रहेको छ।

सङ्घीयताको अभ्यासको प्रारम्भिक चरणमा नयाँ-नयाँ सिकाई तथा अनुभव, नीतिगत तथा कानुनी अन्योलता, समन्वयको उपयुक्त संयन्त्रको अभाव र जनशक्तिको अभाव लगायतका समस्याहरुसँग जुध्दै प्रदेश स्थापनाको छोटो अवधिमा नै कानुनी र संरचनात्मक ठोस आधारहरु तयार भइ समृद्धिको दिशामा अगाडि बढेको छ। आगामी दिनमा नेपाल सरकारबाट निर्धारण भएका समृद्धिका ११ र सुखका २३ गन्तव्य सूचकको आधारमा आफ्नै मौलिक विशेषता तथा नागरिकको अपेक्षाबमोजिम "**समृद्ध कर्णाली, सुखारी कर्णालीवासी**" को दीर्घकालीन सोच बमोजिम प्रदेशको समृद्धि र सन्तुलित विकासमा मन्त्रालयले महत्त्वपूर्ण भूमिका निर्वाह गर्ने रणनीति रहेको छ।

### २. दीर्घकालीन सोच

समृद्ध कर्णाली सुखारी कर्णालीवासीको सपना साकार पार्ने।

### ३. ध्येय

प्रदेशको सर्वाङ्गीण विकासको लागि आर्थिक नीति तथा योजना तर्जुमा गरी आवश्यक साधन स्रोतको व्यवस्था सहित वित्तीय अनुशासन कायम गर्दै प्रदेशवासीको समृद्धिको चाहना पूरा गर्ने।

### ४. कार्यक्षेत्र

प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ बमोजिम यस मन्त्रालयले सम्पादन गर्नुपर्ने कार्यहरु देहाय बमोजिम रहेका छन्:-

४.१ प्रदेशको आर्थिक अवस्थाको विश्लेषण तथा आर्थिक नीतिको तर्जुमा, कार्यान्वयन र नियमन,

४.२ प्रदेशस्तरको आर्थिक स्रोतको बाँडफाँट, लगानी प्रक्षेपण र वित्तीय व्यवस्थापन,

४.३ प्रदेशस्तरको आर्थिक स्थायित्व र मूल्य स्थिरता सम्बन्धी नीति तर्जुमा, कार्यान्वयन र नियमन,

४.४ सङ्घको स्वीकृतिमा वैदेशिक सहयोग, वैदेशिक ऋण र अनुदान प्राप्ति, उपयोग, लेखाङ्कन र प्रतिवेदन,

४.५ प्रदेशस्थित सरकारी सम्पत्तिको एकीकृत विवरण र सरकारी बाँकी रकमको लगत तथा असुल उपर,

४.६ प्रदेशस्तरीय विकास नीति, प्राथमिकता, आवधिक तथा क्षेत्रगत योजना र वार्षिक विकास कार्यक्रमको तर्जुमा, कार्यान्वयन र अनुगमन तथा मूल्याङ्कन,

४.७ राष्ट्रिय तथा अन्तर प्रदेश विकास योजनाको समन्वय र ससर्त अनुदानको सदुपयोग,

४.८ प्रदेश राजस्व सम्बन्धी नीति तथा कानुनको तर्जुमा, कार्यान्वयन र नियमन,

४.९ प्रदेश सार्वजनिक खर्च सम्बन्धी नीतिको तर्जुमा, कार्यान्वयन र नियमन तथा स्थानीय तह अनुदान,

४.१० सङ्घीय नीति अनुरुप सह-वित्तीयकरण,

४.११ प्रदेश आर्थिक कार्यविधि सम्बन्धी नीति तथा कानुनको निर्माण, कार्यान्वयन र नियमन,

४.१२ प्रदेश विनियोजन ऐन तथा प्रदेशको बजेट तर्जुमा, कार्यान्वयन, नियमन र आर्थिक अनुशासन तथा वित्तीय सुशासनको लेखाजोखा,

४.१३ प्रदेश सञ्चित कोषको सञ्चालन तथा व्यवस्थापन र प्रदेश लेखा नियन्त्रण एवम् व्यवस्थापन,

४.१४ प्रदेश पूरक अनुमान तथा पेश्की खर्च र प्रदेश आकस्मिक कोष सम्बन्धी,

४.१५ प्रदेश सरकारी लगानी र लाभांशको लेखा व्यवस्थापन,

४.१६ प्रदेशगत विनियोजन, राजस्व, धरौटी, कार्य सञ्चालन कोष र अन्य सरकारी कोष तथा सम्पत्तिको एकीकृत विवरण र लेखापरीक्षण,

४.१७ घरजग्गा रजिष्ट्रेशन शुल्क, सवारी साधन कर, मनोरञ्जन कर, विज्ञापन कर, पर्यटन शुल्क, कृषि आयमा कर, सेवा शुल्क, दस्तुर र दण्ड जरिवाना सङ्कलन, बाँडफाँट र उपयोग सम्बन्धी नीति तथा कानुन तर्जुमा, कार्यान्वयन र नियमन,

४.१८ सङ्घीय कानुन अनुसार प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टी र शुल्क सङ्कलन, नियमन र हस्तान्तरण,

४.१९ राजस्व चुहावट नियन्त्रण सम्बन्धी प्रादेशिक नीति, कानुन तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन,

४.२० सङ्घसँगको अन्तर सरकारी वित्तीय सम्पर्क, सम्बन्ध र सहकार्य,

४.२१ तथ्याङ्क, सूचना प्रणाली तथा अभिलेख व्यवस्थापन सम्बन्धमा प्रादेशिक नीति, कानुन, मापदण्ड एवम् योजना तर्जुमा, कार्यान्वयन र नियमन तथा सङ्घ र स्थानीय तहसँग सहयोग, समन्वय र सहकार्य,

४.२२ बिमा र बिमा व्यवसायको सञ्चालन, व्यवस्थापन, प्रवर्द्धन तथा विस्तार र नियमन,

४.२३ प्रदेशस्तरका सार्वजनिक संस्थान, वित्तीय संस्था, समिति, प्रतिष्ठान तथा कम्पनी आदिको सञ्चालन, व्यवस्थापन, सुधार र नियमन,

४.२४ आर्थिक विकासमा निजी, सहकारी तथा गैर सरकारी क्षेत्रसँगको समन्वय र सहकार्य।

**तालिका १५: आर्थिक मामिला तथा योजना मन्त्रालयको आ.व. २०८०/८१ मा खुद बजेट विनियोजन र खर्च सम्बन्धी विवरण**

*(रू. हजारमा)*

| बजेट शीर्षक | विनियोजन | खर्च रकम | खर्च प्रतिशत |
|---|---|---|---|
| चालु | १७४३५७ | १२२७०६ | ७०.३८ |
| पुँजीगत | १९४५० | ११२२४ | ५७.७१ |
| **जम्मा** | **१९३८०७** | **१३३९३०** | **६९.१** |

**स्रोत:** *प्रदेश लेखा नियन्त्रक कार्यालय, कर्णाली प्रदेश।*

४.२५ आर्थिक मामिला तथा योजना मन्त्रालयको आ.व. २०७९/८० मा खुद विनियोजन बजेटको तुलनामा ६५.८ प्रतिशत खर्च भएको थियो भने २०८०/८१ मा ६९.१ प्रतिशत खर्च भएको छ।

**चार्ट १०: आर्थिक मामिला तथा योजना मन्त्रालयको आ.व. २०७९/८० र २०८०/८१ को मासिकरुपमा खर्चको तुलनात्मक विवरण (प्रतिशतमा)**




**स्रोत:** *प्रदेश लेखा नियन्त्रक कार्यालय, कर्णाली प्रदेश।*

४.२६ आ. व. २०७९/८० मा सङ्घीय सरकारबाट प्राप्त हुने अनुदान मध्ये वार्षिक लक्ष्यको तुलनामा ७३.८६ प्रतिशत प्राप्ति भएको थियो भने २०८०/८१ मा वार्षिक लक्ष्यको तुलनामा ८३.९३ प्रतिशत प्राप्ति भएको छ।

**तालिका १६: आ.व. २०७९/८० र २०८०/८१ मा सङ्घीय सरकारबाट प्राप्त अनुदानको लक्ष्य र प्राप्तिको तुलनात्मक विवरण**

*(रू. हजारमा)*

| क्र. सं. | अनुदानको प्रकार | २०७९/८० | | | २०८०/८१ | | |
|---|---|---|---|---|---|---|---|
| | | वार्षिक लक्ष्य | वार्षिक प्राप्ति | प्राप्ति (प्रतिशतमा) | वार्षिक लक्ष्य | वार्षिक प्राप्ति | प्राप्ति (प्रतिशतमा) |
| १ | वित्तीय समानीकरण | १०७२६४०० | ९३८५६०० | ८७.५ | १०१६४१०० | ७५३२६१५ | ७४.११ |
| २ | समपूरक | १२१५००० | ३३८४९१ | २७.८६ | ७६१६०० | ४८३१८१ | ६३.४४ |
| ३ | विशेष | ६६८००० | ४०४७६१ | ६०.५९ | ५९७९०० | २९३२२१ | ४९.०४ |
| ४ | ससर्त | ५७९६७०० | ३३९१३१६ | ५८.५० | ४७३०३०० | २६८६०५९ | ५६.५५ |
| जम्मा | | १८३०६१०० | १३५२०१६८ | ७३.८६ | १६२७३९०० | ११००७०८५ | ६७.६४ |

*स्रोत: प्रदेश लेखा नियन्त्रक कार्यालय, कर्णाली प्रदेश।*

**तालिका १७: आर्थिक मामिला तथा योजना मन्त्रालयको आ.व. २०७४/७५ देखि २०८०/८१ सम्म खुद बजेट विनियोजनको तुलनामा खर्च सम्बन्धी विवरण**

| आर्थिक वर्ष | विवरण | चालु | प्रतिशत | पुंजीगत | प्रतिशत | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| २०७४/७५ | विनियोजन | १९६८५६ | ५१.८५ | १८२७९७ | ४८.१५ | ३७९६५३ | १०० |
| | खर्च | ११०६१ | ५.६२ | ६८२५ | ३.७३ | १७८८६ | ४.७१ |
| २०७५/७६ | विनियोजन | ९२९७५३ | ११.५२ | ७१३९२५० | ८८.४७७ | ८०६९००३ | १०० |
| | खर्च | ८८७००९ | ९५.४० | ५६९४० | ०.८० | ९४३९४९ | ११.७० |
| २०७६/७७ | विनियोजन | १०६१२३ | ८२.४८ | २२५४७ | १७.५२ | १२८६७० | १०० |
| | खर्च | ६४९८७ | ६१.२४ | ९२६८ | ४१.११ | ७४२५५ | ५७.७१ |
| २०७७/७८ | विनियोजन | १२३६८९ | ६७.४० | ५९८३५ | ३२.६० | १८३५२४ | १०० |
| | खर्च | ८५८८२ | ६९.४३ | ४४६८३ | ७४.६८ | १३०५६५ | ७१.१४ |
| २०७८/७९ | विनियोजन | १५४५६२ | ६१.८९ | ९५१८५ | ३८.११ | २४९७४७ | १०० |
| | खर्च | १०९४६६ | ७०.८२ | ६६६८६ | ७०.०६ | १७६१५२ | ७०.५३ |
| २०७९/८० | विनियोजन | १६११०६ | ७३.८७ | ५६९८५ | २६.१३ | २१८०९१ | १०० |
| | खर्च | ११९५८२ | ७४.२३ | २३९३१ | ४२.०० | १४३५१३ | ६५.८० |

| आर्थिक वर्ष | विवरण | चालु | प्रतिशत | पुँजीगत | प्रतिशत | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| २०८०/८१ | विनियोजन | १७४३५७ | ८९.९६ | १९४५० | १०.०४ | १९३८०७ | १०० |
| | खर्च | १२२७०६ | ७०.३८ | ११२२४ | ५७.७१ | १३३९३० | ६९.१० |
| जम्मा विनियोजन | | १८४६४४६ | १९.६० | ७५७६०४९ | ८०.४० | ९४२२४९५ | १०० |
| जम्मा खर्च | | १४००६९३ | ७५.८६ | २१९५५७ | २.९० | १६२०२५० | १७.२० |

***स्रोतः** प्रदेश लेखा नियन्त्रक कार्यालय, कर्णाली प्रदेश।*

**नोटः** आ.व. २०७५/७६ मा आर्थिक मामिला तथा योजना मन्त्रालयको विनियोजित बजेटमा अर्थ विविधमा विनियोजित बजेट समेत समावेश रहेको ।

४.२७ आ.व. २०८०/८१ मा सङ्घीय सरकारबाट प्राप्त भएको अनुदानमध्ये वित्तीय समानीकरण अनुदानको हिस्सा ६८ प्रतिशत रहेको छ भने विशेष अनुदानको हिस्सा ३ प्रतिशत रहेको छ।

**चार्ट ११: आ.व. २०८०/८१ मा सङ्घीय सरकारबाट प्राप्त अनुदान सम्बन्धी विवरण (रू. हजारमा)**




***स्रोतः** प्रदेश लेखा नियन्त्रक कार्यालय, कर्णाली प्रदेश।*

४.२८ आर्थिक वर्ष २०७५/७६ मा कर्णाली प्रदेश सरकारले रू. ७ करोड ४ लाख आन्तरिक राजस्व प्राप्त गरेको थियो भने २०८०/८१ मा करिब रू. ७२ करोड ५४ लाख आन्तरिक राजस्व प्राप्त गरेको छ।

**चार्ट १२: आर्थिक वर्ष २०७५/७६ देखि २०८०/८१ सम्म कर्णाली प्रदेश सरकारको आन्तरिक राजस्वको अनुमान र प्राप्ति (रू. करोडमा)**




*स्रोत: प्रदेश लेखा नियन्त्रक कार्यालय, कर्णाली प्रदेश।*

४.२९ आ.व. २०७९/८० को तुलनामा २०८०/८१ मा सरकारी सम्पतिको बहालबाट प्राप्त आय शीर्षकमा सबैभन्दा बढी प्रतिशत (४९३.४७ प्रतिशत) परिवर्तन भएको छ।

**तालिका १८: आ.व. २०७९/८० र २०८०/८१ मा आन्तरिक राजस्व सङ्कलनको तुलनात्मक विवरण**

*(रू. हजारमा)*

| क्र. सं. | राजस्व शीर्षक | आ.व. २०७९/८० | आ.व. २०८०/८१ | परिवर्तन (प्रतिशतमा) |
|---|---|---|---|---|
| १ | ११३१५-बाँडफाँटबाट प्राप्त हुने घरजग्गा रजिष्ट्रेशन दस्तुर | १०४२१६ | १२८५६९ | २३.३७ |
| २ | ११४५२-पुर्वाधार सेवाको उपयोगमा लाग्ने कर | २५७ | २३९ | -७.०० |

| क्र.सं. | राजस्व शीर्षक | आ.व. २०७९/८० | आ.व. २०८०/८१ | परिवर्तन (प्रतिशतमा) |
|---|---|---|---|---|
| ३ | ११४५६-बाँडफाटबाट प्राप्त हुने सवारी साधन कर | ११७३०० | १४१५५० | २०.६७ |
| ४ | ११४७१-बाँडफाँटबाट प्राप्त हुने मनोरञ्जन कर | | १४ | |
| ५ | ११६११-व्यवसायीले भुक्तानी गर्ने | १००७ | ९९३ | -१.३९ |
| ६ | १४१५१-सरकारी सम्पतिको बहालबाट प्राप्त आय | १९९ | ११८१ | ४९३.४७ |
| ७ | १४१५७-बाँडफाँट भइ प्राप्त दहत्तर बहत्तरको बिक्रीबाट पाप्त हुने आय | ११०८३ | २२४०८ | १०२.१८ |
| ८ | १४१५९-अन्य स्रोतबाट प्राप्त बाँडफाँट नहुने रोयल्टी | ३६२ | ३१७ | -१२.४३ |
| ९ | १४१९१-पर्यटन शुल्क | ३३७ | ४०४ | १९.८८ |
| १० | १४२११-कृषि उत्पादनको बिक्रीबाट प्राप्त रकम | १८८३ | १५१४ | -१९.६० |
| ११ | १४२१२-सरकारी सम्पतिको बिक्रीबाट प्राप्त रकम | १३३१ | २४५९ | ८४.७५ |
| १२ | १४२१३-अन्य बिक्रीबाट प्राप्त रकम | २०५१ | २१२६ | ३.६६ |
| १३ | १४२२३-शिक्षा क्षेत्रको आम्दानी | ६०१ | ३९७ | -३३.९४ |
| १४ | १४२२४-परीक्षा शुल्क | ५८०१३ | ३१८९३ | -४५.०२ |
| १५ | १४२२५-यातायात क्षेत्रको आम्दानी | ९५१३ | १००५१ | ५.६६ |
| १६ | १४२२९-अन्य प्रशासनिक सेवा शुल्क | १९३९८ | २३११९ | १९.१८ |
| १७ | १४२५३-व्यावसाय रजिष्ट्रेशन दस्तुर | ११४३८ | १०७८५ | -५.७१ |
| १८ | १४२५४-रेडियो/एफ.एम.सञ्चालन दस्तुर | १५३३ | ७१८ | -५३.१६ |
| १९ | १४२५५-टेलिभिजन सञ्चालन दस्तुर | १०० | ३१० | २१०.०० |
| २० | १४२५६-चालक अनुमति पत्र, सवारी दर्ता किताब (Blue book) सम्बन्धी दस्तुर | ५५१९१ | ६६२३२ | २०.०१ |
| २१ | १४२६४-वन क्षेत्रको अन्य आय | ८७३० | २७१८७ | २११.४२ |
| २२ | १४३११-न्यायिक दण्ड, जरिवाना र जफत | ३१४ | २९ | -९०.७६ |
| २३ | १४३१२-प्रशासनिक दण्ड, जरिवाना र जफत | ८५३६ | ४३९४८ | ४१४.८५ |
| २४ | १४३१३-धरौटी सदर स्याहा | ३० | ११ | -६३.३३ |
| २५ | १४५२९-अन्य राजस्व | १४५४ | २२९ | -८४.२५ |
| २६ | १५१११-बेरूजु | ५१५४२ | ३८७५० | -२४.८२ |
| २७ | १५११२-निकासा फिर्ता | ५३५७८ | ४१३४६ | -२२.८३ |
| २८ | १५११३-अनुदान फिर्ता | ५१७१८ | १२८५९६ | १४८.६५ |
| | **कुल जम्मा** | ५७१७१५ | ७२५३७५ | २६.८८ |

***स्रोतः*** *प्रदेश लेखा नियन्त्रक कार्यालय, कर्णाली प्रदेश।*

४.३० आ.व. २०८०/८१ मा बाँडफाँटबाट प्राप्त हुने सवारी साधन कर शीर्षकमा सबैभन्दा बढी प्रदेशको आन्तरिक आय प्राप्त भएको छ।

**चार्ट १३: आ.व. २०८०/८१ मा कर्णाली प्रदेश सरकारको शीर्षकगत आन्तरिक राजस्व प्राप्ति (रू. हजारमा)**




***स्रोत:*** *प्रदेश लेखा नियन्त्रक कार्यालय, कर्णाली प्रदेश।*

४.३१ आ.व. २०८०/८१ को साउन महिनामा रू. ८ करोड ८८ लाख आन्तरिक राजस्व प्राप्त भएको थियो भने सो आर्थिक वर्षको असार महिनासम्म करिब रू. ७२ करोड ५४ लाख आन्तरिक राजस्व प्राप्त भएको छ।

**चार्ट १४: आ.व. २०८०/८१ मा मासिकरुपमा आन्तरिक राजस्व सङ्कलनको विवरण (रू. करोडमा)**




***स्रोत:** प्रदेश लेखा नियन्त्रक कार्यालय, कर्णाली प्रदेश।*

## ५. समीक्षा अवधिमा सम्पादन भएका प्रमुख कार्य

५.१ बजेट कार्यान्वयनको लागि ६२ बुँदे मार्गदर्शन सहितको खर्च गर्ने अख्तियारी तथा बजेट कार्यान्वयन कार्यतालिका विषयगत मन्त्रालयलाई पठाइएको,

५.२ स्थानीय तहमा हस्तान्तरण भएको बजेट तथा कार्यक्रम कार्यान्वयनको लागि ३२ बुँदे मार्गदर्शन सहितको खर्च गर्ने अख्तियारी स्थानीय तहमा पठाइएको,

५.३ आर्थिक वर्ष २०७९/८० को बजेट तथा कार्यक्रमको वार्षिक मूल्याङ्कन प्रतिवेदन तयार गरी प्रकाशन गरिएको र विषयगत मन्त्रालयहरुमा पठाइएको,

५.४ आर्थिक वर्ष २०८०/८१ को बजेट तथा कार्यक्रमको अर्धवार्षिक मूल्याङ्कन पुस्तिका तयार गरी प्रकाशन गरिएको,

५.५ कर्णाली प्रदेश वित्तीय जोखिम मूल्याङ्कन कार्यविधि, २०७८ बमोजिम मन्त्रालयको आ.व. २०७९/८० को वित्तीय जोखिम मूल्याङ्कन प्रतिवेदन तयार गरिएको,

५.६ आर्थिक वर्ष २०८०/८१ को प्रथम, दोस्रो र तेस्रो त्रैमासिकमा सम्पादन भएका कार्यहरुको सूचनाको हकसम्बन्धी ऐन बमोजिम स्वतः प्रकाशन गरिएको,

५.७ विषयगत मन्त्रालयबाट ऐन, नियम, कार्यविधि निर्माणका लागि माग भएका राय, सुझाव तथा सहमति प्रदान गरिएको,

५.८ मन्त्रालयको GESI अडिट सम्पन्न गरिएको,

५.९ लैङ्गिक उत्तरदायी बजेट (GRB) तर्जुमा निर्देशिका निर्माण,

५.१० बहुवर्षीय ठेक्का बन्दोबस्त सम्बन्धी निर्देशिका,२०७७ परिमार्जन,

५.११ प्रदेश लेखा इकाई कार्यालयहरुबाट आर्थिक वर्ष २०७९/८० को प्रदेश अन्तरगतका कार्यालयहरुको आन्तरिक लेखा परीक्षण सम्पन्न भएको,

५.१२ प्रदेश लेखा नियन्त्रक कार्यालयबाट हिसाब भिडान कार्य सम्पन्न भएको,

५.१३ सङ्घीय सरकारलाई फिर्ता गर्नुपर्ने आ.व. २०७९/८० को अनुदान फिर्ता गरिएको,

५.१४ आर्थिक वर्ष २०८१/८२ को बजेट तर्जुमा कार्य सम्पन्न गरी देहायका पुस्तिकाहरु प्रकाशन गरिएको,

- कर्णाली प्रदेश विनियोजन विधेयक, २०८१ का सिद्धान्त, उद्देश्य, प्राथमिकता र प्रमुख नीतिहरु
- बजेट वक्तव्य, २०८१
- कर्णाली प्रदेश विनियोजन ऐन, २०८१
- कर्णाली प्रदेश आर्थिक ऐन, २०८१
- मन्त्रालयगत प्रगति विवरण २०८०/८१
- आर्थिक सर्वेक्षण, २०८०/८१
- वार्षिक विकास कार्यक्रम पुस्तिका २०८१/८२
- अन्तर-सरकारी वित्तीय हस्तान्तरण २०८१/८२
- आय व्ययको अनुमानित विवरण २०८१/८२

५.१५ आर्थिक वर्ष २०८०/८१ को बजेट तथा कार्यक्रम मन्त्रालयहरुको आवश्यकता/माग अनुसार तथा प्रचलित कानुन बमोजिम रकमान्तर तथा कार्यक्रम संशोधन गरी बजेट कार्यान्वयनमा सहजता प्रदान गरिएको।

## ६. बजेट तथा कार्यक्रम कार्यान्वयनमा देखा परेका समस्या/चुनौती

६.१ प्रदेश सरकार सङ्घीय सरकार अन्तर्गतका कार्यालयहरुको भौतिक संरचना निर्माणका लागि उत्साहित हुने गरेकोले सङ्घीय सरकारबाट आएको अनुदान केन्द्रकै संरचना निर्माणमा जाने गरेको,

६.२ सालवसाली रुपमा गरिने सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको कारणले सङ्गठन संरचनालाई अस्थिर बनाउने हुँदा बजेट प्रविष्टि, रकमान्तर र भुक्तानी प्रणालीमा कठिनाई,

६.३ एकमुष्ट रुपमा राखिएको बजेट समयमा बाँडफाँट हुन नसक्दा समयमा बजेट कार्यान्वयन हुन नसकेको, यसले पुँजीगत खर्च वृद्धिमा अवरोध सिर्जना गरेको,

६.४ कार्यालय प्रमुख लगायत प्राविधिक जनशक्तिको अभाव भएको, निमित्तको भरमा प्रदेशका कार्यालयहरु रहेका, ७ वटा प्रदेश लेखा इकाई कार्यालयहरु पनि निमित्तको भरमा सञ्चालनमा रहेको,

६.५ बजेट कार्यान्वयनका लागि आवश्यक कार्यविधि र मापदण्डहरु समयमा निर्माण नहुने र बनेका कार्यविधि तथा मापदण्डहरुमा पनि स्पष्टता र एकरुपता हुन नसकेको,

६.६ अन्तर मन्त्रालय समन्वयको अभाव,

६.७ कार्यान्वयन निकायको आयोजना छनोटमा न्यून सहभागिता,

६.८ विषयगत मन्त्रालयको कमजोर स्वामित्व/महत्व,

६.९ प्रयाप्त अध्ययन, विश्लेषण र सम्भाव्यता नभएका आयोजनामा पनि बहुवर्षीय तथा स्रोत सहमतिका लागि अत्यधिक माग भइ स्रोत व्यवस्थापनमा कठिनाई रहेको,

६.१० अनिवार्य दायित्व र बहुवर्षीय आयोजनामा न्यून रकम विनियोजन,

६.११ आयोजना व्यवस्थापन सम्बन्धी कानुन निर्माण नभएको,

६.१२ ससर्त, समपूरक र विशेष अनुदानमा न्यून खर्च,

६.१३ स्थानीय तहबाट सम्पादन गर्न सकिने र मिल्ने स-साना टुक्रे प्रकृतिका आयोजना समेत प्रदेश सरकारबाट सञ्चालन हुँदै आएको,

६.१४ बजेट कार्यान्वयनमा सम्बन्धित जि.स.स. र स्थानीय तहसँगको समन्वयलाई प्रभावकारी बनाउन नसकिएको,

६.१५ सङ्घीय सरकारबाट प्राप्त ससर्त अनुदानका कार्यक्रमहरु समयमा बाँडफाँट हुन नसक्दा कार्यान्वयनमा ढिलाइ हुन गएको,

६.१६ सडक पूर्वाधार र भवन निर्माणतर्फका रू. ३० लाख र अन्यको हकमा रू. १५ लाख भन्दा कम रकम विनियोजन भएका आयोजनाहरूको कार्यान्वयन हुन नसक्नु,

६.१७ विनियोजन ऐनको प्रावधान विपरित एकपटक बाँडफाँट भएको आयोजनाहरु पुनः कार्यक्रम संशोधन र रकमान्तरका लागि प्रस्ताव आउने,

६.१८ चालु आ.व. मा कूल लागत अनुमानको एक चौथाइ भन्दा कम रकम विनियोजन भएका आयोजनाको समेत स्रोत सुनिश्चितता र बहुवर्षीय स्वीकृतिका लागि प्रस्ताव आउने गरेको,

## ७. सुधार गर्नुपर्ने क्षेत्र

७.१ कार्यविधि निर्माण गर्दा वस्तुगत विश्लेषण गरी गर्नुपर्ने,

७.२ बजेट कार्यान्वयनमा देखिएका जटिलताहरु पहिचान गरी हटाउन सहजीकरण गर्नुपर्ने,

७.३ प्रदेश मन्त्रालयगत समन्वय र सहकार्यलाई थप चुस्त बनाउनु पर्ने,

७.४ विषयगत मन्त्रालयहरुले आर्थिक मामिला तथा योजना मन्त्रालयबाट प्राप्त अख्तियारी र मार्गदर्शन मातहतका कार्यालयहरुमा पठाउनु पर्ने र बजेट कार्यान्वयन कार्ययोजना स्वीकृत गराई सोको पालना गर्नुपर्ने,

७.५ एकीकृत र बहुसरोकारवाला सम्मिलित अनुगमन संयन्त्र निर्माण गरी नियमित अनुगमन तथा मूल्याङ्कन गर्ने,

७.६ बजेटको त्रैमासिक विभाजनको पालनालाई अनिवार्य बनाउने,

७.७ बजेट कार्यान्वयनमा जि.स.स, स्थानीय तह र नागरिक समाजसँग प्रभावकारी समन्वय गर्ने,

७.८ समान प्रकृतिका कार्यक्रम कार्यान्वयनका लागि समेत छुट्टाछुट्टै कार्यविधि बनाउनु भन्दा एउटै छाता कार्यविधि बनाउदा उपयुक्त हुने,

७.९ एउटै प्रकृतिको कार्यक्रम विभिन्न मन्त्रालयबाट सम्पादन हुँदै आएकोमा त्यसलाई एकद्वार प्रणालीबाट गर्ने,

७.१० कुनै एउटा विषयगत मन्त्रालयको कार्यक्रम अन्य मन्त्रालयको मातहतको निकायबाट सम्पादन गर्दा प्रभावकारी हुन्छ भने सोको लागि समेत अख्तियारी प्रदान गर्ने,

७.११ जिल्लास्थित प्रदेश सरकारका कार्यालयहरुबिच समन्वय गर्ने,

७.१२ अबण्डा बजेटलाई असोज मसान्तभित्र बाँडफाँट गरी कार्यान्वयन गरिनुपर्ने,

७.१३ बहुवर्षीय ठेक्का लागेका आयोजनाको स्रोत विनियोजन तथा कार्यान्वयन कार्यतालिका प्रभावकारी रुपमा कार्यान्वयन गरिनुपर्ने,

७.१४ शीघ्र कार्यसम्पादन गर्ने निर्माण व्यवसायीद्धारा सञ्चालन भएका आयोजनाहरूमा पर्याप्त बजेट रकम विनियोजन गर्ने र अन्य निर्माण व्यवसायीलाई समयमानै कार्यसम्पादन गर्नको लागि प्रोत्साहन गर्नुपर्ने।

## ८. बेरुजु

८.१ महालेखा परीक्षकले प्रकाशन गरेको कर्णाली प्रदेशको छैटौ वार्षिक प्रतिवेदन २०८१ अनुसार आ.व. २०७९/८० को लागि कर्णाली प्रदेशका १४३ सरकारी

कार्यालय र १२ समिति र अन्य संस्था गरी जम्मा १५५ वटा निकायको आर्थिक कारोवारको लेखापरीक्षण गरिएको छ।

८.२ आ.व. २०७९/८० मा लेखापरीक्षण अङ्कको तुलनामा सबैभन्दा बढी बेरुजु भौतिक पूर्वाधार तथा सहरी विकास मन्त्रालयको (८.८१ प्रतिशत) रहेको छ जुन कुल बेरुजुको ६३ प्रतिशत हुन आउँछ।

**तालिका १९: आ.व. २०७९/८० मा मन्त्रालयगत बेरुजु सम्बन्धी विवरण (रू. हजारमा)**

| क्र. सं. | मन्त्रालय/निकायको नाम | लेखापरीक्षण अङ्क | बेरुजु अङ्क | | | | कुल बेरुजुको प्रतिशत | ले.प. अङ्कको तुलनामा बेरुजु (प्रतिशतमा) |
|---|---|---|---|---|---|---|---|---|
| | | | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | पेश्की बाँकी | जम्मा | | |
| १ | भौतिक पूर्वाधार तथा सहरी विकास मन्त्रालय | ६९२०२९१ | ९३११६ | २९४३३७ | २२२१७५ | **६०९६२८** | ६३.०० | ८.८१ |
| २ | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | १६६७४४३ | ५३८५४ | २८१६८ | २५२२८ | **१०७२५०** | ११.०८ | ६.४३ |
| ३ | आन्तरिक मामिला तथा कानुन मन्त्रालय | २७९५०८ | ० | १७१४५ | ० | **१७१४५** | १.७७ | ६.१३ |
| ४ | जलस्रोत तथा ऊर्जा विकास मन्त्रालय | ३८२९४२६ | २७४९४ | ५३३४० | ० | **८०८३४** | ८.३५ | २.११ |
| ५ | मुख्य न्यायाधिवक्ताको कार्यालय | १६०४३ | ० | २२५ | ० | **२२५** | ०.०२ | १.४० |
| ६ | अन्य | २४६२४१८६ | १७०८९ | ११६७७१ | १८८१० | **१५२६७०** | १५.७८ | ०.६२ |
| | **जम्मा** | **३७३३६८९७** | **१९१५५३** | **५०९९८६** | **२६६२१३** | **९६७७५२** | १०० | २.५९ |

***स्रोतः** महालेखापरीक्षकको छैटौं बार्षिक प्रतिवेदन, २०८१*

८.३ आ.व. २०७९/८० मा जम्मा बेरुजुमध्ये असुल गर्नुपर्ने बेरुजु १९.७९ प्रतिशत रहेको छ भने नियमित गर्नुपर्ने बेरुजु ५२.७० प्रतिशत रहेको छ। त्यस्तै पेश्की बेरुजु २७.५१ प्रतिशत रहेको छ।

तालिका २०: आ.व. २०७९/८० मा बेरुजु वर्गीकरण अनुसार बेरुजुको विवरण

(रू. हजारमा)

| क्र. सं. | बेरुजु वर्गीकरण | सरकारी कार्यालयतर्फ | समिति र अन्य संस्थातर्फ | जम्मा | बेरुजु (प्रतिशतमा) |
|---|---|---|---|---|---|
| **१** | **असुल गर्नुपर्ने** | **१८२६६१** | **८८९२** | **१९१५५३** | १९.७९ |
| २ | **नियमित गर्नुपर्ने** | **४२१०९५** | **८८८९१** | **५०९९८६** | **५२.७०** |
| **२.१** | अनियमित भएको | २३८६८७ | ६५६६० | **३०४३४७** | ३१.४५ |
| **२.२** | प्रमाण कागजात पेश नभएको | १८२४०८ | २३२३१ | **२०५६३९** | २१.२५ |
| ३ | **पेश्की** | **२५७०२७** | **९१८६** | **२६६२१३** | **२७.५१** |
| **जम्मा बेरुजु** | | **८६०७८३** | **१०६९६९** | **९६७७५२** | **१००** |

***स्रोतः*** *महालेखापरीक्षकको छैटौं बार्षिक प्रतिवेदन, २०८१*

८.४ आ.व. २०७९/८० सम्म जम्मा बेरुजु रू. ३ अर्ब ९४ करोड ८२ लाख ५४ हजार रहेको छ। कुल बेरुजुमध्ये सरकारी कार्यालयतर्फ ८६.९५ प्रतिशत र समिति तथा अन्य संस्थातर्फ १३.०५ प्रतिशत रहेको छ।

## तालिका २१: आ.व. २०७९/८० सम्मको मन्त्रालयगत/समितिको बेरुजु सम्बन्धी विवरण (रू. हजारमा)

| क्र. सं. | मन्त्रालय/निकायको नाम | गत वर्षसम्मको बाँकी | समायोजन | गत वर्षको जम्मा | सम्परीक्षण | सम्परीक्षणबाट थप | गत वर्षसम्मको बाँकी | यो वर्ष थप | हालसम्मको बेरुजु | हालसम्मको बाँकी बेरुजुमध्ये पेश्की | बेरुजु प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | **सरकारी कार्यालयतर्फः** | **३९३३८६६** | **-२७५३** | **३९३१११३** | **१३७६९११** | **१७९६६** | **२५७२१६८** | **८६०७८३** | **३४३२९५१** | **७८२६३४** | **८६.९५** |
| १.१ | प्रदेश सभा सचिवालय | ३०१४ | | ३०१४ | २४८२ | | ५३२ | | ५३२ | | ०.०१ |
| १.२ | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | ९०८ | -८५३ | ५५ | | | ५५ | | ५५ | | ०.०० |
| १.३ | आर्थिक मामिला तथा योजना मन्त्रलय | १२३ | | १२३ | ८० | | ४३ | ६५१ | ६९४ | | ०.०२ |
| १.४ | आन्तरिक मामिला तथा कानुन मन्त्रालय | ५०७७० | | ५०७७० | १४४५ | | ४९३२५ | १७१४५ | ६६४७० | २५१३ | १.६८ |
| १.५ | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | २७०९६३ | | २७०९६३ | ३१२२ | | २६७८४१ | १०७२५० | ३७५०९१ | ५१२१७ | ९.५० |
| १.६ | जलस्रोत तथा ऊर्जा विकास मन्त्रालय | ३६४६३१ | -१९०० | ३६२७३१ | २३४८४ | | ३३९२४७ | ८०८३४ | ४२००८१ | | १०.६४ |
| १.७ | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रलाय | ३३८६४३ | | ३३८६४३ | ५८६१४ | | २८००२९ | २०५२५ | ३००५५४ | ५०७२९ | ७.६१ |
| १.८ | भौतिक पूर्वाधार तथा सहरी विकास मन्त्रालय | २३११९३७ | | २३११९३७ | ११५५३३९ | ३२४९ | ११५९८४७ | ६०९६२८ | १७६९४७५ | ५८८५४१ | ४४.८२ |
| १.९ | सामाजिक विकास मन्त्रालय | ५९२८०१ | | ५९२८०१ | १३२३४५ | १४७१७ | ४७५१७३ | २४५२५ | ४९९६९८ | ८९६३४ | १२.६६ |
| १.१० | प्रदेश लोक सेवा आयोग | | | ० | | | ० | | ० | | ०.०० |

| क्र. सं. | मन्त्रालय/निकायको नाम | गत वर्षसम्मको बाँकी | समायोजन | गत वर्षको जम्मा | सम्परीक्षण | सम्परीक्षणबाट थप | गत वर्षसम्मको बाँकी | यो वर्ष थप | हालसम्मको बेरुजु | हालसम्मको बाँकी बेरुजुमध्ये पेश्की | बेरुजु प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १.११ | मुख्य न्यायाधिवक्ताको कार्यालय | ७६ | | ७६ | | | ७६ | २२५ | ३०१ | | ०.०१ |
| १.१२ | कर्णाली प्रदेश योजना आयोग | | | ० | | | ० | | ० | | ०.०० |
| **२** | **समिति तथा अन्य संस्थातर्फः** | **४०९६१९** | **८५३** | **४१०४७२** | **३९३९** | **०** | **४०८३३४** | **५१५३०३** | **५१५३०३** | **९१८६** | १३.०५ |
| २.१ | प्रदेश अस्पताल, सुर्खेत | ४०७०८३ | | ४०७०८३ | | | ४०६३४८ | ४५१४८७ | ४५१४८७ | | ११.४४ |
| २.२ | मेहलकुना अस्पताल, सुर्खेत | २५३६ | | २५३६ | ३७५१ | | १३२१ | १४७५ | १४७५ | | ०.०४ |
| २.३ | प्रदेश सुशासन केन्द्र, सुर्खेत | | ८५३ | ८५३ | १८८ | | ६६५ | ६६५ | ६६५ | | ०.०२ |
| २.४ | प्रदेश खेलकुद परिषद | | | ० | | | | ५२१६ | ५२१६ | | ०.१३ |
| २.५ | जिल्ला अस्पतालहरू | | | ० | | | | ५६४६० | ५६४६० | | १.४३ |
| | **जम्मा** | **४३४३४८५** | **-१९००** | **४३४१५८५** | **१३७९०४९** | **१७९६६** | **२९८०५०२** | **९६७७५२** | **३९४८२५४** | **७९१८२०** | **१००** |

**स्रोतः** *महालेखापरीक्षकको छैटौं बार्षिक प्रतिवेदन, २०८१*

८.५ आ.व. २०७९/८० सम्म कुल बेरुजुमध्ये सबैभन्दा बढी बेरुजु भौतिक पूर्वाधार तथा सहरी विकास मन्त्रालयको (४४.८२ प्रतिशत) रहेको छ।

**चार्ट १५: मन्त्रालयगत/समितिको आ.व. २०७९/८० सम्मको बेरुजुसम्बन्धी विवरण (प्रतिशतमा)**




***स्रोत:** महालेखापरीक्षकको छैटौं बार्षिक प्रतिवेदन, २०८१*

## ९. महालेखापरीक्षकको छैटौं प्रतिवेदन २०८१ ले कर्णाली प्रदेश सरकारको कार्य सञ्चालनमा आर्थिक अनुशासन र वित्तीय सुशासन कायम गर्न देहायका पक्षहरुमा सुधार गर्नुपर्ने देखिएको छः-

### ९.१ नीतिगत तथा कानुनी व्यवस्था

९.१.१ दीर्घकालीन तथा अल्पकालीन नीति निर्माण गरी सोको कार्यान्वयनको लागि वित्तीय एवम् अन्य स्रोतको व्यवस्थापन गरी अनुगमन समेत गर्नुपर्ने,

९.१.२ नेपालको संविधानको अनुसूचीमा उल्लेख भएका प्रदेशको एकल र साझा अधिकार सूची अनुसारका सबै कानुन तर्जुमा गरी कार्यसम्पादन प्रभावकारी बनाउनुपर्ने,

९.१.३ प्रचलित कानुनको पालना गरी आर्थिक अनुशासन, वित्तीय जवाफदेहिता एवम् कार्यान्वयनमा पार्दर्शिता कायम गर्नुपर्ने।

## ९.२ सङ्गठन तथा मानव संशाधन व्यवस्थापन

९.२.१ दरबन्दी अनुसारको पदपूर्ति गरी सेवा प्रवाह तथा कार्यसम्पादन प्रभावकारी बनाउनुपर्ने,

९.२.२ सङ्घ, प्रदेश र स्थानीयतहबिच काममा दोहोरोपना नहुने गरी सङ्गठन संरचना निर्माण गर्ने। सङ्गठन संरचना चुस्त र छरितो बनाई सेवा प्रवाह प्रभावकारी बनाउनुपर्ने,

९.२.३ सेवा प्रवाह मितव्ययी, प्रभावकारी र दक्षतापूर्वक सञ्चालन गर्न टोकन प्रणाली, विद्युतीय व्यवस्थापन प्रणाली, एकद्धार सेवा तथा हेल्पडेस्क व्यवस्थापन लगायतका व्यवस्था कार्यान्वयनमा ल्याउने। सार्वजनिक तथा समाजिक परीक्षण, सार्वजनिक सुनुवाइ, सेवाग्राही सन्तुष्टि सर्वेक्षण जस्ता माध्यमबाट सार्वजनिक सेवाका सम्बन्धमा पृष्ठपोषण लिई सेवा प्रवाहलाई परदर्शी र जवाफदेही बनाउनुपर्ने,

९.२.४ विकास कार्यक्रम र आयोजनाको वर्गीकरण तथा बाँडफाँट सम्बन्धी मापदण्ड, २०७६ अनुसार सङ्घ, प्रदेश र स्थानीय तहबिच आयोजना तथा कार्यक्रम विभाजन गरी कार्यान्वयन गर्नुपर्ने,

९.२.५ प्रदेश तथा स्थानीय तहले गर्ने काम, कारबाहीमा नीतिगत सामञ्जस्यता, साझा अधिकार क्षेत्रको प्रयोग, प्रकृतिक स्रोत साधनको बाँडफाँट सम्बन्धमा समन्वय गर्न प्रदेश समन्वय परिषद्ले प्रभावकारी भूमिका निभाउनु पर्ने।

## ९.३ बजेट व्यवस्थापन

९.३.१ क्षेत्रगत प्राथमिकता, स्रोत साधनको उपलव्धता, पूर्वाधारको अवस्था, सरोकारवालको अपेक्षा तथा जनसहभागिता लगायतका पक्षमा ध्यान दिई कार्यान्वयनयोग्य बजेट तर्जुमा गर्नुपर्ने,

९.३.२ पूर्वानुमान गर्न सकिने प्रयोजनका लागि समेत अर्थ विविध वा अबण्डामा बजेट राख्ने र बर्षान्तमा रकमान्तर गर्ने परिपाटीबाट वित्तीय अनुशासन कमजोर हुने र वर्षान्तमा भएका विकास निर्माण कार्यको गुणस्तरमा समेत समस्या आउन सक्ने हुँदा यस्तो प्रवृतिमा सुधार गर्नुपर्ने,

९.३.३ मन्त्रालयहरुको विनियोजन दक्षता सन्तोषजनक नभएकोले बजेट अनुसार खर्च हुन सकेको छैन। क्षमता विश्लेषण गरी बजेट विनियोजन तथा कार्ययोजना अनुसार बजेट तथा कार्यक्रम कार्यान्वयन गर्नुपर्ने,

९.३.४ उद्यमशीलता तथा क्षमता विकास, व्यवसायीकरण, आधुनिकीकरण, रोजगारी प्रवर्द्धनलगायतका आधारमा अनुदान प्रदान गर्नुपर्ने। उत्पादन र उत्पादकत्व वृद्धि हुनेगरी नतिजामूलक क्षेत्रमा अनुदान दिने व्यवस्था गर्नुपर्ने। अनुदान वितरणको मापदण्ड बनाई वितरित अनुदानको परिपालन बारे अनुगमन गर्नुपर्ने। अनुदानबाट आम नागरिकले प्राप्त गर्ने सुविधा सुनिश्चित गर्नुपर्ने,

९.३.५ कर्णाली प्रदेश सरकारको चालु खर्च वर्षेनी बढ्दै गएकोले छरितो सङ्गठन संरचना र कार्यप्रणाली तर्जुमा गरी चालु खर्चलाई वाञ्छित सीमाभित्र राखिनुपर्ने,

९.३.६ प्रदेश मन्त्रालय र अन्तर्गतका निकायबाट सम्पादन गरिने कार्य मितव्ययी, दक्षतापूर्वक र प्रभावकारी ढङ्गबाट सम्पादन गर्न कामको प्रकृति अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयन गर्नुपर्ने।

## ९.४ आयोजना तथा कार्यक्रम व्यवस्थापन

९.४.१ प्रदेशले निश्चित सूचक र मापदण्डको आधारमा आयोजनाको प्राथमिकीकरण तथा छनोट गर्नुपर्ने। दिगो विकास लक्ष्य, आवधिक योजना, मध्यमकालीन खर्च संरचना तथा बजेटबिच सम्बन्ध हुनेगरी कार्यक्रम सञ्चालन गर्नुपर्ने, आयोजना बैङ्क तयार गरी सो भन्दा बाहिरका आयोजना बजेटमा समावेश नगर्ने व्यवस्था गरिनुपर्ने,

९.४.२ सङ्गठनको जनशक्तिबाट गर्न सकिने कार्य बाह्य परामर्शदाताबाट गराउने प्रवृतिमा सुधार हुनुपर्ने। सम्भाव्यता अध्ययन तथा विस्तृत आयोजना प्रतिवेदनको अभिलेख राखी वार्षिक कार्यक्रम र बजेटसँग आबद्ध गरिनुपर्ने।

## ९.५ खरिद व्यवस्थापन

९.५.१ निर्माण कार्य एवम् परामर्श सेवाको लागत अनुमान तयार गर्न प्रयोग हुने नर्म्सलाई प्रविधिमा भएको परिवर्तन अनुसार अद्यावधिक गर्नुपर्दछ। साथै स्वीकृत नर्म्सको पालना गरी खर्च गर्नुपर्ने,

९.५.२ खरिद कार्यको प्रारम्भिक चरणमा गरिसक्नुपर्ने जग्गा प्राप्ति, वातावरणीय प्रभाव अध्ययन, अन्तरनिकाय समन्वयलगायतका कार्यहरु सम्पन्न भएपछि मात्र खरिद गर्नुपर्दछ। सम्झौता अनुसारको काम समयमै सम्पन्न गर्न कार्यतालिका बनाई कार्यान्वयन गर्ने, समयमा कार्य सम्पन्न नगरेकोमा

क्षतिपुर्ति लिने व्यवस्था कडाइका साथ कार्यान्वयन गर्ने, सार्वजनिक खरिद कानुनको पालना गर्ने, खरिद कार्यमा संलग्न पदाधिकारीले जिम्मेवारी र जवाफदेहिता पालना गर्न अनुगमनलाई प्रभावकारी बनाउने लगायतका कार्यगरी खरिद कार्य व्यवस्थित गर्नुपर्ने,

९.५.३ सार्वजनिक खरिदमा प्रतिस्पर्धा सीमित हुने गरी कामलाई टुक्रा पारी सोझै खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्ने। खरिदलाई प्रतिस्पर्धायुक्त बनाउन विद्युतीय बोलपत्र सूचना प्रणाली अवलम्बन गर्नुपर्ने,

९.५.४ सार्वजनिक खरिद गर्दा नियमावलीमा उल्लिखित सीमाभन्दा बढीको काम टुक्रापारी उपभोक्ता समितिलाई दिने, उपभोक्ता समितिले निर्माण व्यवसायीबाट काम गराउने र बोलपत्र प्रतिस्पर्धा गर्नुपर्ने कार्यसमेत उपभोक्ता समितिबाट गरे, गराएको देखिदा यस्तो परिपाटी नियन्त्रण गर्नुपर्ने,

९.५.५ सार्वजनिक निर्माण कार्य दिगो र प्रतिफलमुखी बनाउन डिजाइन, स्पेसिफिकेशन र निर्माणमा प्रयोग हुने सामग्री परीक्षण गर्ने व्यवस्था अनिवार्य गर्नुपर्ने। सम्पन्न आयोजनाको प्रभाव समेत मूल्याङ्कन हुनुपर्ने।

## ९.६ भौतिक पूर्वाधार र विकास

९.६.१ प्रदेश मातहतका सबै जिल्लामा सडक, सिँचाइ, खानेपानी, पर्यटन, दूरसञ्चार, विद्युत, विद्यालय, स्वास्थ्य लगायतका पूर्वाधारको विकास हुनेगरी स्रोत व्यवस्थापन गर्नुपर्ने। प्रदेश राजधानी रहने स्थानमा भवनसहितका पूर्वधार संरचनाको विकास हुनुपर्ने,

९.६.२ विपद् व्यवस्थापन अन्तर्गत जोखिमको आँकलन, पूर्व तयारीको व्यवस्था, राहत तथा पुनर्स्थापना एवम् पुनर्निर्माण गर्न आवश्यक योजना र तयारीको कार्य गर्नुपर्ने। सोको लागि आवश्यक पर्ने स्रोतसाधनको व्यवस्थापनमा ध्यान दिनुपर्ने।

९.६.३ सङ्घबाट प्रदेश तथा स्थानीय तहमा प्राप्त जिन्सी सामान, सवारी साधन, भवन लगायत हस्तान्तरण भएका सम्पति तथा विद्यमान अन्य सम्पतिको अभिलेख सार्वजनिक सम्पति व्यवस्थापन प्रणालीमा अद्यावधिक गर्नुपर्ने। ऐतिहासिक, धार्मिक, सांस्कृतिक तथा पूरातात्विक महत्वका सम्पदा लगायत अन्य सार्वजनिक जग्गा, भवन लगायतको सम्पतिको उचित अभिलेख राखी उपयोग र संरक्षण गर्नुपर्ने।

## ९.७ राजस्व परिचालन

९.७.१ अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ बमोजिम प्रदेश सरकारको अधिकार क्षेत्रमा पर्ने घरजग्गा रजिष्ट्रेशन शुल्क, सवारी साधन कर, मनोरञ्जन कर, विज्ञापन कर, पर्यटन शुल्क लगायतका क्षेत्रमा अध्ययन गरी राजस्वको दायरामा बढोत्तरी गर्नुपर्ने। कानुनमा व्यवस्था नगरी कर तथा शुल्कमा छुट दिने कार्य नियन्त्रण गर्नुपर्ने,

९.७.२ सङ्घ, प्रदेश र स्थानीय तहको साझा अधिकार अन्तर्गत सङ्कलन भएको सबै राजस्व सम्बन्धित विभाज्य कोषमा जम्मा गरी समयमै बाँडफाँट गर्नुपर्ने।

## ९.८ वित्तीय प्रशासन तथा आर्थिक अनुशासन

९.८.१ आन्तरिक लेखापरीक्षणको प्रभावकारिता अभिवृद्धि गर्न पेशागत कार्यात्मक स्वतन्त्रता र सक्षमता अभिवृद्धि गर्ने र आन्तरिक लेखापरीक्षणबाट औंल्याइएका बेहोरा अन्तिम लेखापरीक्षण हुनु अगावै सुधार गर्ने गरी निकायहरूले भूमिका खेल्नुपर्दछ,

९.८.२ सार्वजनिक जवाफदेहिताको पदमा बहाल पदाधिकारीका लागि प्रचलित कानुनमा उल्लेख भएका आचरणगत व्यवस्था काडाइका साथ परिपालना एवम् सोको अनुगमन गर्ने व्यवस्था मिलाउनुपर्ने। सार्वजनिक पदाधिकारी वित्तीय, पारिवारिक तथा व्यवसाय लगायतका स्वार्थ बाझिने क्रियाकलापमा संलग्न हुन नपाउने व्यवस्था गर्नुपर्ने,

९.८.३ आन्तरिक र अन्तिम लेखापरीक्षण प्रतिवेदन र अन्य नियमनकारी निकायबाट पेश भएका प्रतिवेदनमा औंल्याइएका बेहोराको सम्बन्धमा समयमा कारबाही टुङ्गो लगाई आर्थिक अनुशासन कायम गर्नु, गराउनु पर्ने,

९.८.४ प्रदेशको वित्तीय प्रशासन र आर्थिक अनुशासन सबल बनाउन अनुगमन, मूल्याङ्कन, जिम्मेवारी र जवाफदेहिता पालना गर्नुपर्ने व्यवस्था कार्यान्वयनमा ल्याउनुपर्ने।

## ३.६ उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय

### १. पृष्ठभूमि

प्रदेशलाई औद्योगिकीकरणतर्फ उन्मुख गराई औद्योगिक विकास गर्न आवश्यक नीति, ऐन, नियम तर्जुमा गर्दै औद्योगिक क्षेत्रमा निजी, स्वदेशी, तथा विदेशी लगानी आकर्षित गर्नको लागि औद्योगिक पूर्वाधारको निर्माण गर्दै लैजाने, मौजुदा पूर्वाधारको उपयोग गर्ने, कच्चा पदार्थको प्रशोधन गरी निर्यातजन्य पदार्थको उत्पादन तथा निर्यात गर्ने, लघु, घरेलु, तथा साना उद्योगहरुको माध्यमबाट गरिबी न्यूनीकरण गरी प्रादेशिक अर्थतन्त्रलाई सबल बनाउँदै, वाणिज्य क्षेत्रलाई सबल तुल्याउँदै आन्तरिक, अन्तर प्रादेशिक तथा बाह्य व्यापारको सहजीकरण, प्रवर्द्धन र नियमन गर्दै, कर्णाली प्रदेशमा रहेको मूर्त तथा अमूर्त साँस्कृतिक तथा धार्मिक र प्राकृतिक सम्पदाहरुको संरक्षण र विकास गर्दै प्रदेशको आर्थिक विकासको प्रमुख आधारको रुपमा रहेको पर्यटन क्षेत्रको माध्यमबाट रोजगारीको सृजना, आर्थिक क्रियाकलापमा वृद्धि र समग्र प्रादेशिक आर्थिक विकास र समुन्नतिमा टेवा पुऱ्याउदै, वन, वातावरण तथा जलाधार क्षेत्रको संरक्षणको माध्यमबाट खेतीयोग्य भूमिको संरक्षण र उत्पादकत्वमा वृद्धि, पानी मुहान, वन्यजन्तु र जैविक विविधताको संरक्षण र वातावरणीय स्वच्छता कायम राख्दै स्रोतको दिगो उपयोग मार्फत् अर्थतन्त्रमा योगदान पुऱ्याउने लक्ष्यका साथ मिति २०७४/११/०३ गते यो मन्त्रालयको स्थापना भएको हो।

### २. दीर्घकालीन सोच

दिगो वन व्यवस्थापन, उद्योग, उद्यमशीलता, पर्यटन र सन्तुलित पर्यावरण मार्फत् प्रदेशको समृद्धि।

### ३. ध्येय

व्यवस्थित वन क्षेत्र, उद्योग, उद्यमशीलता, पर्यटनको विकास र सन्तुलित पर्यावरण मार्फत् प्रदेशको आर्थिक, सामाजिक, साँस्कृतिक समृद्धिमा योगदान पुऱ्याउने।

### ४. कार्यक्षेत्र

कर्णाली प्रदेश सरकारको कार्य विभाजन नियमावली, २०७४ बमोजिम मन्त्रालयको कार्यक्षेत्र र जम्मेवारी देहाय अनुसार रहेका छन्ः-

४.१ व्यापार/वाणिज्य र बजार प्रतिस्पर्धा सम्बन्धी प्रादेशिक नीति, कानुन, मापदण्ड तथा योजनाको तर्जुमा, कार्यान्वयन एवम् नियमन र सिन्डिकेट तथा कार्टेलिङ नियन्त्रण,

४.२ प्रादेशिक व्यापार सम्बन्धी पूर्वाधार निर्माण, प्रवर्द्धन, सहजीकरण, बजार अनुगमन, समन्वय, तथ्याङ्क प्रणाली, बौद्धिक सम्पत्ति संरक्षण, अध्ययन तथा अनुसन्धान र नियमन,

४.३ ढुवानी/परिवहन प्रणाली तथा कार्गो व्यवस्थापन,

४.४ नेपाल सरकारको सहमतिमा आर्थिक तथा औद्योगिक विषयका करारजन्य सम्झौता,

४.५ व्यापारिक फर्महरूको दर्ता, नवीकरण, खारेजी र नियमन,

४.६ खानी तथा खनिज पदार्थको अन्वेषण सम्बन्धी प्रादेशिक नीति, कानुन, मापदण्ड र योजना तर्जुमा तथा कार्यान्वयन र नियमन एवम् पूर्वाधार विकास, अनुसन्धान, सर्वेक्षण, लगत सङ्कलन, अभिलेखाङ्कन, अन्वेषण, उत्खनन्, प्रादेशिक प्रयोगशालाको स्थापना तथा सञ्चालन र सङ्घसँग समन्वय,

४.७ भौगर्भिक अध्ययन तथा अनुसन्धान र नक्सा सम्बन्धी कार्य,

४.८ कलकारखाना र औद्योगिकीकरण सम्बन्धी नीति, कानुन, मापदण्ड र योजना तर्जुमा, कार्यान्वयन र नियमन,

४.९ उद्योग दर्ता, अनुमति, नवीकरण एवम् खारेजी र औद्योगिक विकास तथा औद्योगिक व्यवसायको प्रवर्द्धन र नियमन,

४.१० प्रदेशस्तरको उद्योग क्षेत्रको भौतिक पूर्वाधार विकास सम्बन्धी योजना तर्जूमा र कार्यान्वयन तथा औद्योगिक क्षेत्र र विशेष आर्थिक क्षेत्रको स्थापना, सञ्चालन र विस्तार,

४.११ औद्योगिक वस्तुको निर्यात प्रवर्द्धन,

४.१२ सार्वजनिक सेवा, अत्यावश्यक सेवा र वस्तु आपूर्ति सम्बन्धी नीति, कानुन तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन,

४.१३ उपभोक्ताको हक अधिकार संरक्षण तथा प्रवर्द्धन, उपभोक्ता जागरण कार्यक्रम तर्जुमा, कार्यान्वयन तथा अनुगमन,

४.१४ मुल्य र कालोबजारी तथा कृत्रिम अभाव नियन्त्रण एवम् नियमन,

४.१५ सङ्घीय मापदण्ड अनुसार स्टयाण्डर्ड वर्गीकरण, गुणस्तर परीक्षण र नियमन,

४.१६ अत्यावश्यक वस्तुहरुको प्रादेशिक माग र आपूर्ति सम्बन्धी सूचना सङ्कलन, विश्लेषण, प्रक्षेपण र आपूर्ति व्यवस्था, मौज्दातको व्यवस्था र आपूर्तिमा अन्तर प्रादेशिक र स्थानीय तहबिच समन्वय,

४.१७ लक्षित क्षेत्र र वर्गका लागि वस्तु र सेवामा प्रादेशिक अनुदान र नियमन,

४.१८ करार, साझेदारी र एजेन्सी सम्बन्धी प्रादेशिक नीति, कानुन, मापदण्ड, कार्यान्वयन र नियमन,

४.१९ सङ्घसँगको समन्वयमा कम्पनी स्थापना सम्बन्धी नीति तथा कानुन तर्जुमा तथा कार्यान्वयन, नियमन र कम्पनी प्रशासन,

४.२० दामासाहिमा परेका उद्योग, व्यावसायिक कम्पनी तथा फर्म व्यवस्थापन सम्बन्धी नीति, कानुन, मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन,

४.२१ प्रदेशस्तरमा हानिकारक पदार्थहरुको नियमन तथा व्यवस्थापन,

४.२२ प्रदेशस्तरमा इन्धनको गुणस्तर अनुगमन,

४.२३ सङ्घीय कानुन बमोजिम क्यासिनो तथा चिठ्ठा दर्ता, अनुमति र नियमन,

४.२४ प्रदेशभित्रका उद्योगहरु र साना, मझौला, घरेलु तथा लघु उद्योगहरु स्थापना र प्रवर्द्धन सम्बन्धमा नीति, कानुन तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन,

४.२५ औद्योगिक तथा व्यापार प्रदर्शनीको आयोजना तथा व्यवस्थापन,

४.२६ उद्योगमा श्रममूलक प्रविधि र स्वदेशी श्रमिकको उपयोग,

४.२७ रोजगार प्रवर्द्धन सम्बन्धी प्रादेशिक नीति, कानुन तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमान,

४.२८ स्वरोजगारका लागि उद्यमशीलता विकास, प्रशिक्षण, सहुलियत कर्जा र व्यवसाय प्रवर्द्धन सहायता,

४.२९ श्रमिक एवम् श्रमिकको सामाजिक सुरक्षा तथा ट्रेड युनियन सम्बन्धी प्रादेशिक नीति, कानुन,मापदण्ड र नियमन,

४.३० श्रमशक्ति, श्रम बजार सम्बन्धी अध्ययन, अनुसन्धान र श्रमशक्ति योजना,

४.३१ औद्योगिक विवाद समाधान, श्रम सम्बन्धमा सुधार र न्यायिक निरुपण,

४.३२ कार्यस्थल सुरक्षा, कारखाना निरीक्षण तथा नियमन,

४.३३ प्रादेशिक पर्यटन विकासको नीति, कानुन, मापदण्ड र योजना निर्माण, पूर्वाधार विकास, प्रवर्द्धन र नियमन,

४.३४ पर्यटक प्रहरी व्यवस्थापन,

४.३५ पर्यटकीय होटल, रिसोर्ट, लज, ट्राभल तथा ट्रेकिङ्ग एजेन्सी, गाईड, र्‍याफ्टिङ आदिको दर्ता, अनुमति, नवीकरण र नियमन,

४.३६ प्रदेशस्तरमा वन क्षेत्रको नीति, कानुन, मापदण्ड तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन,

४.३७ वन्यजन्तु र वन पैदावार ओसार-पसार सम्बन्धी नियमन र अपराध नियन्त्रण,

४.३८ वन, वनस्पति, वन्यजन्तु र जैविक विविधता सम्बन्धी प्रादेशिक सङ्ग्रहालय व्यवस्थापन,

४.३९ प्रदेशस्तरमा संरक्षण क्षेत्र र चरन क्षेत्रको व्यवस्थापन,

४.४० हात्तीसार तथा चिडियाखानाको व्यवस्थापन,

४.४१ जडिबुटी खेती, प्रविधि प्रवर्द्धन, विस्तार तथा बजारीकरण सम्बन्धी नीति तथा कानुन तर्जुमा तथा कार्यान्वयन र नियमन, अध्ययन-अनुसन्धान तथा तथ्याङ्क सङ्कलन,

४.४२ वन तथा वातावरण सम्बन्धी विषयमा प्राविधिक सूचना तथा सेवा प्रवाह,

४.४३ वन अतिक्रमण तथा वन डढेलो नियन्त्रण तथा रोकथाम सम्बन्धी नीति, समन्वय र सहयोग,

४.४४ प्रदेशस्तरका वनस्पति उद्यान तथा हर्वेरीयमहरुको व्यवस्थापन र वनस्पति पहिचान तथा अभिलेखीकरण सम्बन्धी नीति र व्यवस्थापन,

४.४५ प्रदेशस्तरमा जैविक विविधताको अध्ययन, अनुसन्धान, व्यवस्थापन, नियमन, संरक्षण एवम् लाभांश बाँडफाँट,

४.४६ प्रदेशस्तरमा जलाधार संरक्षण तथा जल उपयोग नीति, प्रविधि विकास, व्यवस्थापन,

४.४७ प्रदेशभित्र भू–स्खलन नियन्त्रण,

४.४८ प्रदेशस्तरमा वातावरणीय संरक्षण तथा स्वच्छता सम्बन्धी प्रविधि विकास र व्यवस्थापन,

४.४९ प्रदेशस्तरमा वातावरण सम्बन्धी नीति, कानुन, मापदण्ड, योजना तर्जुमा, कार्यान्वयन र नियमन,

४.५० प्रदेशस्तरमा वातावरणीय सूचना प्रणालीको स्थापना,

४.५१ प्रदेशस्तरमा वातावरणीय जोखिमका लागि तयारी तथा उद्धार,

४.५२ प्रदेशस्तरमा वातावरणीय प्रयोगशालाको स्थापना, सञ्चालन र व्यवस्थापन,

४.५३ प्रदेशस्तरमा ठोस, वायु, तरल, जल, ध्वनि तथा विद्युतीय लगायत प्रदुषणको मापदण्ड निर्धारण, कार्यान्वयन, अनुगमन र नियन्त्रण तथा फोहरमैला व्यवस्थापनमा स्थानीय तहलाई सहजीकरण,

४.५४ प्रदेशस्तरमा न्यून कार्वनमुखी तथा वातावरणमैत्री विकास प्रक्रिया र हरित क्षेत्र प्रवर्द्धन,

४.५५ प्रदेशस्तरमा वातावरणीय संरक्षण क्षेत्र तथा प्राकृतिक सम्पदाको संरक्षण र सम्वर्द्धन,

४.५६ प्रदेशभित्र वातावरणीय क्षेत्रको अध्ययन, अनुसन्धान, क्षमता अभिवृद्धि, वातावरणीय सुशासन तथा परीक्षण,

४.५७ भू-परिधि क्षेत्र तथा वन क्षेत्रको पहिचान, वर्गीकरण, संरक्षण र व्यवस्थापन,

४.५८ संरक्षण क्षेत्र पहिचान र व्यवस्थापकीय पद्धति निर्धारण,

४.५९ अन्तर प्रदेशीय नदी उकास तथा सडक किनार वृक्षारोपण व्यवस्थापन,

४.६० वृक्षारोपणको लागि दिगो तथा गुणस्तरीय बीऊ उत्पादन, बीऊ वगैंचा स्थापना र व्यवस्थापन,

४.६१ प्रदेशभित्र वृक्षारोपण तथा सम्भार सम्बन्धी नीति, कानुन तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन,

४.६२ प्रदेशभित्र जडिवुटि तथा अन्य गैरकाष्ठ वन पैदावार सम्बन्धी व्यवस्थापन,

४.६३ बन्यजन्तु र चराचुरुङ्गी सम्बन्धी प्रादेशिक नीति, कानुन तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन,

४.६४ प्रदेशस्तरमा विज्ञान प्रविधिको विकास तथा विस्तार, सो सम्बन्धी तथ्याङ्क सङ्कलन, प्रशोधन र सर्वेक्षण र जनशक्ति विकास र उपयोग,

४.६५ वैज्ञानिक अध्ययन अनुसन्धान एवम् विज्ञान र प्रविधिको आविष्कार, उन्नयन र विकास,

४.६६ विज्ञान सङ्ग्रहालय र प्लोटोरियमको स्थापना र सञ्चालन र ब्यवस्थापन।

### तालिका २२: उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयको आ.व. २०८०/८१ मा खुद बजेट विनियोजन र खर्च सम्बन्धी विवरण

*(रू. हजारमा)*

| बजेट शीर्षक | विनियोजन | खर्च रकम | खर्च प्रतिशत |
|---|---|---|---|
| चालु | ९९७९०९ | ७०८८७७ | ७१.०४ |
| पुँजीगत | ११९४९४४ | ७०७९८६ | ५९.२५ |
| **जम्मा** | **२१९२८५३** | **१४१६८६३** | **६४.६१** |

***स्रोत:*** *प्रदेश लेखा नियन्त्रक कार्यालय, कर्णाली प्रदेश।*

### चार्ट १६: उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयको आ.व. २०७९/८० र २०८०/८१ को मासिकरुपमा खर्चको तुलनात्मक विवरण (प्रतिशतमा)




***स्रोत:*** *प्रदेश लेखा नियन्त्रक कार्यालय, कर्णाली प्रदेश।*

**तालिका २३ः उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयको आ.व. २०७४/७५ देखि २०८०/८१ सम्म खुद बजेट विनियोजनको तुलनामा खर्च सम्बन्धी विवरण** (रू. हजारमा)

| आर्थिक वर्ष | विवरण | चालु | प्रतिशत | पुँजीगत | प्रतिशत | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| २०७४/७५ | विनियोजन | २८२६५ | ३३.८८ | ५५१५० | ६६.१२ | ८३४१५ | १०० |
| | खर्च | १४९८९ | ५३.०३ | ७३७२ | १३.३७ | २२३६१ | २६.८१ |
| २०७५/७६ | विनियोजन | ८४८१९९ | ३२.२४ | १७८२५०० | ६७.७५८ | २६३०६९९ | १०० |
| | खर्च | ७९७२७४ | ९४.०० | १०४५१०२ | ५८.६३ | १८४२३७६ | ७०.०३ |
| २०७६/७७ | विनियोजन | १०८१४८१ | ३७.७४ | १७८४२६२ | ६२.२६ | २८६५७४३ | १०० |
| | खर्च | ६१८८५० | ५७.२२ | ८७५१५१ | ४९.०५ | १४९४००१ | ५२.१३ |
| २०७७/७८ | विनियोजन | ९५८७६८ | ४४.३६ | १२०२३८८ | ५५.६४ | २१६११५६ | १०० |
| | खर्च | ७४२४१५ | ७७.४३ | ८१७८३९ | ६८.०२ | १५६०२५४ | ७२.२० |
| २०७८/७९ | विनियोजन | ८७१५२९ | ३५.८८ | १५५७४५० | ६४.१२ | २४२८९७९ | १०० |
| | खर्च | ६३८७५६ | ७३.२९ | ९५०१४६ | ६१.०१ | १५८८९०२ | ६५.४१ |
| २०७९/८० | विनियोजन | ९३२०४९ | ४२.६० | १२५५६४० | ५७.४० | २१८७६८९ | १०० |
| | खर्च | ६३०३६८ | ६७.६३ | ७९०३६५ | ६२.९५ | १४२०७३३ | ६४.९४ |
| २०८०/८१ | विनियोजन | ९९७९०९ | ४५.५१ | ११९४९४४ | ५४.४९ | २१९२८५३ | १०० |
| | खर्च | ७०८८७७ | ७१.०४ | ७०७९८६ | ५९.२५ | १४१६८६३ | ६४.६१ |
| जम्मा विनियोजन | | ५७१८२०० | ३९.३० | ८८३२३३४ | ६०.७० | १४५५०५३४ | १०० |
| जम्मा खर्च | | ४१५१५२९ | ७२.६० | ५१९३९६१ | ५८.८१ | ९३४५४९० | ६४.२३ |

***स्रोतः** प्रदेश लेखा नियन्त्रक कार्यालय, कर्णाली प्रदेश।*

**तालिका २४ः उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयको बहुवर्षीय आयोजनाहरुको प्रगति विवरण**

| क्र.सं. | कार्यक्रम | बार्षिक लक्ष्य | | बार्षिक प्रगति | | |
|---|---|---|---|---|---|---|
| | | भार | बजेट (लाखमा) | खर्च (लाखमा) | भारित | (खर्च प्रतिशतमा) |
| १ | पिली युद्ध संग्रहालय पर्यटन पूर्वाधार निर्माण | ३६.८७ | ४०० | ३४२ | ३१.५३ | ८५.५१ |
| २ | पचाल झरना पर्यटन पूर्वाधार निर्माण | २७.६५ | ३०० | २९८ | २७.५० | ९९.४४ |
| ३ | त्रिवेणी बडिमालिका पर्यटन पूर्वाधार निर्माण | २७.६५ | ३०० | १९७ | १८.२० | ६५.८२ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ४ | एक जिल्ला एक पर्यटकीय उपज (खारा जनयुद्ध संग्राहालय) | | ५०००० | ४९५०२ | | ९९.०० |
| ५ | काक्रेविहार वरिपरी कम्पाउण्डवाल निर्माण | | १०००० | ६०२८ | | ६०.२८ |

| कार्यालयको नाम | कार्यक्रम | विनियोजित बजेट (रू. हजारमा) | खर्च रकम (रू. हजारमा) | खर्च (प्रतिशतमा) |
|---|---|---|---|---|
| डिभिजन वन कार्यालय, भेरी | कार्यालय भवन निर्माण | ६००० | ० | ०.०० |
| डिभिजन वन कार्यालय, दैलेख | कार्यालय भवन निर्माण | ५००० | ४९८०.५२ | ९९.६१ |
| वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र | कार्यालय भवन निर्माण | ९००० | ५५३५.५ | ६१.५१ |
| प्रदेश वन निर्देशनालय, सुर्खेत | कार्यालय भवन निर्माण | १९२७० | १३३६८.४ | ६९.३७ |
| डिभिजन वन कार्यालय, सुर्खेत | कार्यालय भवन निर्माण | १८००० | १३०१३.०३५ | ७२.२९ |
| भू तथा जलाधार व्वस्थापन कार्यालय, जुम्ला | कार्यालय भवन निर्माण | ५००० | १११९.९ | २२.४० |

**तालिका २५ः उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयमार्फत बजेट कार्यान्वयनबाट हासिल भएका मुख्य उपलव्धि**

| क्र.सं. | विवरण | वार्षिक प्रगति |
|---|---|---|
| **१** | **काठ उत्पादन (क्यू. फिट)** | |
| १.१ | सामुदायिक वन | ९१३६५ |
| १.२ | राष्ट्रिय वन | १९०९९ |
| १.३ | निजी वन | १२३१३३ |
| | **जम्मा** | २३३५९६ |
| **२** | **उत्पादित काठको बिक्री (क्यू. फिट)** | |
| २.१ | सामुदायिक वन | ६७३८६ |
| २.२ | राष्ट्रिय वन | ४६५०३ |
| २.३ | निजी वन | ८३६१० |
| | **जम्मा** | १९७४९९ |
| **३** | **दाउरा उत्पादन (चट्टा)** | |
| ३.१ | सामुदायिक वन | २०७ |
| ३.२ | राष्ट्रिय वन | १३ |
| ३.३ | निजी वन | १०५ |
| | **जम्मा** | ३२५ |
| **४** | **गैह्रकाष्ठ वन पैदावर उत्पादन (के.जी.)** | |
| ४.१ | जडिबुटी | २०४६१८८ |

| क्र.सं. | विवरण | वार्षिक प्रगति |
|---|---|---|
| ४.२ | खोटो | २८५७३२१ |
| ४.३ | अन्य वन पैदावार | ४७२८८० |
| | **जम्मा** | ५३७६३८९ |
| ५ | बिरुवा उत्पादन (सङ्ख्या) | |
| ५.१ | काष्ठजन्य | २७९१०२ |
| ५.२ | जडिबुटीजन्य | ३४९२३० |
| ५.३ | फलफूलजन्य | ९४३४८ |
| ५.४ | सौन्दर्यबर्द्धक | २८००० |
| | **जम्मा** | ७५०६८० |
| ६ | बिरुवा वितरण (सङ्ख्या) | |
| ६.१ | काष्ठजन्य | १३२८९३ |
| ६.२ | जडिबुटीजन्य | २४६३६३ |
| ६.३ | फलफूलजन्य | ७३५७ |
| ६.४ | सौन्दर्यबर्द्धक | १५०८८ |
| | **जम्मा** | ४०१७०१ |
| ७ | बृक्षारोपण (हेक्टर) | |
| ७.१ | काष्ठजन्य बिरूवा | ५५ |
| ७.२ | जडिवुटीजन्य बिरुवा | १२००६३ |
| ७.३ | फलफूलजन्य बिरुवा | १००५ |
| ७.४ | सौन्दर्यबर्द्धक बिरुवा | ५२८ |
| | **जम्मा** | १२१६५२ |
| ८ | वन अतिक्रमण नियन्त्रण (हेक्टर) | |
| ८.१ | अतिक्रमित वन क्षेत्र | ८९ |
| ८.२ | अतिक्रमण हटाईएको क्षेत्र | ५३ |
| | **जम्मा** | १४८ |
| ९ | वन डढेलो | ६१८ |
| १० | वन तथा वन्यजन्तु सम्बन्धित मुद्धा | |
| १०.१ | वन अपराध सम्वन्धी मुद्दा दर्ता (सङ्ख्या) | २९ |
| १०.२ | वन अपराध सम्वन्धी मुद्दा फर्स्योट (सङ्ख्या) | १९ |
| | **जम्मा** | ४८ |
| ११ | वन पैदावारमा आधारित उद्यम (सङ्ख्या) | |
| ११.१ | सःमिल | ४ |
| ११.२ | फर्निचर | २८ |
| ११.३ | जडिबुटी प्रशोधन/ उद्यम | ८ |

| क्र.सं. | विवरण | वार्षिक प्रगति |
|---|---|---|
| ११.४ | भेनियर/प्लाईवोर्ड | १ |
| ११.५ | अन्य | १०५ |
| | **जम्मा** | १४६ |
| १२ | राजस्व सङ्कलन (रू.) | |
| १२.१ | जडीवुटीजन्य वन पैदावार | २७६४६२४६ |
| १२.२ | काष्ठजन्य वन पैदावार | २१८६०१४२ |
| १२.३ | अन्य वन पैदावार | ३७६२४६७० |
| १२.४ | प्रर्यापर्यटन | ३७८८०० |
| | **जम्मा** | ८७५०९८५८ |
| १३ | प्रदेश संचिति कोषमा जम्मा | ११४४३६८८ |
| **१४** | **वन नविकरण सङ्ख्या** | |
| १४.१ | सामुदायिक वन | ३७८ |
| १४.२ | कवुलियती वन | ८४ |
| १४.३ | धार्मिक वन | ० |
| १४.४ | निजी वन | १ |
| | **जम्मा** | ४६३ |
| १५ | **वन गठन /दर्ता सङ्ख्या** | |
| १५.१ | सामुदायिक वन | १५ |
| १५.२ | कवुलियती वन | ० |
| १५.३ | धार्मिक वन | १ |
| | **जम्मा** | १६ |
| १६ | **वन हस्तान्तरण (हेक्टर)** | |
| १६.१ | सामुदायिक वन | १७२८ |
| १६.२ | कवुलियती वन | ० |
| १६.३ | धार्मिक वन | ० |
| | **जम्मा** | १७२८ |
| १७ | सामुदायिक वनमा पर्यापर्यटन प्रबर्द्धन सख्या | |
| १७.१ | निजी वन दर्ता | |
| १७.२ | सङ्ख्या | ६ |
| १७.३ | क्षेत्रफल (हेक्टर) | ३ |
| १८ | रोजगारी सृजना (जना) | ७६४५३ |
| १९ | पानी मुहान,संरक्षणपोखरी र सिमसार क्षेत्र व्यवस्थापन (सङ्ख्या) | १८ |
| २० | गल्छी/खहरे/पहिरो नियन्त्रण तथा रोकथाम (सङ्ख्या) | २२ |

***स्रोतः** उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, कर्णाली प्रदेश।*

## ५. समीक्षा अवधिमा सम्पादन भएका प्रमुख कार्य

५.१ प्रदेश व्यापार व्यावसाय दर्ता तथा सञ्चालन नियमावली, २०७९ दोस्रो संशोधन नियमावली स्वीकृत भएको,

५.२ खोटो सङ्कलन कार्यविधि, २०८१ स्वीकृत भएको,

५.३ बिउ पुँजी  सहयोग (स्टाट अप विजनेश) कार्यक्रम सञ्चालन कार्यविध, २०८० मस्यौदा तयारी चरणमा रहेको,

५.४ प्रदेश बजार अनुगमन नियमावली, २०८० मस्यौदा तयारी चरणमा रहेको,

५.५ लघु औद्योगिक ग्राम तथा कोशेली गृह सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८० मस्यौदा तयारीको अन्तिम चरणमा रहेको,

५.६ कर्णाली प्रदेशको वन क्षेत्रको रणनितिक योजना र वन डढेलो नियन्त्रण रणनितिक योजना तयार भएको,

५.७ प्रदेशका सबै डिभिजन वन कार्यालयहरुको वन व्यवस्थापन योजना नवीकरण भइ कार्यान्वयन भएको,

५.८ गत आ.व. मा १६ वटा सामुदायिक वनको रुपमा जम्मा ७ हजार ७ सय ८ हेक्टर वन क्षेत्र सामुदायिक वनको रुपमा व्यवस्थापन गर्न समुदायलाई हस्तान्तरण भएको,

५.९ विगत एक आ.व. मा वर्षमा १५ वटा थप सामुदायिक वनको रुपमा जम्मा  १ हजार ७ सय २८  हेक्टर वन क्षेत्र सामुदायिक वनको रुपमा व्यवस्थापन गर्न समुदायलाई हस्तान्तरण भएको,

५.१० गत आ.व. मा ६ सय १८ हेक्टर अतिक्रमित वन क्षेत्र पुनर्स्थापना भइ वन क्षेत्रमा परिणत भएको,

५.११ विगत १ वर्षमा वन अपराध सम्बन्धी २९ वटा मुद्धा दर्ता भइ १९ वटा मुद्धा फर्स्यौट भएको,

५.१२ गत आ.व मा सरकारद्वारा व्यवस्थित वनबाट १९ हजार ९९ र सामुदायिक वनबाट ९१ हजार ३ सय ६५ गरी राष्ट्रिय वन क्षेत्रबाट १ लाख १० हजार ४ सय ६४ क्यू फिट काठ उत्पादन तथा बिक्री वितरण भएको,

५.१३ विगत १ वर्षमा कर्णाली प्रदेशको राष्ट्रिय वन बाट ५ हजार ३ सय ७६.३८ मे.टन. जडिबुटी तथा गैरकाष्ठ वन पैदावार उत्पादन तथा बिक्रीबितरण भएको,

५.१४ बिगत आ.व. मा काठजन्य, जडिबुटी र अन्य गरी ७ लाख ८६ हजार ६ सय ८० बिरुवा उत्पादन भएको र निजी र सार्वजनिक र वनक्षेत्र  गरी १६८.७५ हेक्टर क्षेत्रफलमा वृक्षारोपण सम्पन्न भएको,

५.१५ विगत १ वर्षमा १६४ स्थानहरुमा भू तथा जलाधार संरक्षणका कामहरु( पहिरो नियन्त्रण, तटबन्ध, पानी पूनःर्भरण र पानीमुहान संरक्षण कार्यहरु) सम्पन्न भएको,

५.१६ प्रदेशभरी १०९ स्थानमा पर्यटन पूर्वाधारहरु निर्माण तथा स्तरोन्नति भएको।

## ६. बजेट तथा कार्यक्रम कार्यान्वयनमा देखिएका चुनौती

६.१ निर्मित संरचनाको प्राथमिकीकरणको आधारमा योजना छनौट नहुनु,

६.२ दक्ष जनशक्तिको अभाव,

६.३ निर्मित संरचनाको व्यवस्थापन तथा दिगोपना सम्बन्धी कार्ययोजना/कार्यविधि नहुनु,

६.४ पर्यटन पूर्वाधार निर्माणका कार्यहरु सञ्चालनका लागि स्थायी इन्जिनियरको अभाव।

## ७. आगामी आ.व. मा सुधार गर्नुपर्ने क्षेत्र

७.१ पर्यटन तर्फका पूर्वाधार निर्माणका कार्यहरु भौतिक मन्त्रालयबाट सम्पादन हुने गरी कार्यविभाजन नियमावली संशोधन हुनुपर्ने, मन्त्रालयले पर्यटन प्रवर्द्धन लगायत प्रचारप्रसारका कार्यहरु गर्दा उपयुक्त हुने,

७.२ सांस्कृतिक महत्वको मन्दिर संरचना निर्माण, मर्मत, जगेर्ना लगायतका कार्य सामाजिक विकास मन्त्रालयबाट गरिनुपर्ने, पर्यटकीय दृस्टिकोणले महत्वपुर्ण धार्मिक सम्पदाहरु मात्र पर्यटन मन्त्रालय मार्फत गर्ने व्यवस्था मिलाउदा प्रभावकारी हुने,

७.३ प्रादेशिक महत्वका विकास निर्माण कार्यको लागि वातावरणमा प्रतिकुल असर नपर्ने गरि निश्चित अवधिको लागि वन क्षेत्र प्रयोग गर्न दिने अधिकार प्रदेश सरकारमा रहने गरि सङ्घ समक्ष पहल गर्ने।

## ३.७ जलस्रोत तथा ऊर्जा विकास मन्त्रालय

### १. पृष्ठभूमि

**ऊर्जा**

जलविद्युत आर्थिक वृद्धि र आर्थिक रुपान्तरणको एक महत्वपुर्ण साधन हो। कर्णाली, तिला र भेरी नदीमा गरिएको सम्भाव्यता अध्ययन अनुसार जलविद्युत उत्पादन क्षमता करिव २० हजार मेगावाट रहेको र प्रथम पञ्चवर्षीय योजनामा कर्णाली समृद्धिको प्रमुख सम्बाहकको रुपमा जलविद्युतलाई अङ्गिकार गर्दै योजना अवधिमा २०० मेगावाट विद्युत उत्पादन गर्ने लक्ष्य लिइएता पनि उक्त अवधिमा ऊर्जा विकासको क्षेत्रमा ऊर्जा विकाश, विस्तार र व्यवस्थापनको एकीकृत कार्यक्रम कार्यान्वायन गर्न प्रदेशस्तरमा एउटा छुटै कार्यालय स्थापना गर्ने नीतिगत निर्णय, ग्रामीण विद्युतीकरण कार्यक्रम मार्फत केही दुर्गम बस्तीहरुमा विद्युत सेवामा पहुँच वृद्धि र सोलार मिनिग्रिड लगायत नविकरणीय ऊर्जाको क्षेत्रमा केही जिल्लामा साना आयोजना सञ्चालन बाहेक लक्ष्य अनुसारको उल्लेखनीय प्रगति हासिल हुन नसकेको अवस्था छ। कर्णाली प्रदेशबाट हालसम्म ८.५५ मेगावाट जलविद्युत मात्र राष्ट्रिय ग्रीडमा आवद्ध छ। जलविद्युत सेवाको पहुँच प्रदेशको ८४ प्रतिशत जनतामा मात्र पुगेको छ। अतः प्रदेशको सबै घरधुरीमा विद्युत सेवाको पहुँच विस्तार गर्न, कृषि, उद्योग र सेवा क्षेत्रमा बढ्दै गएको मागलाई सम्बोधन गर्न, दिगो विकास लक्ष्य पुरा गर्न एवम् विद्युतमा आत्मनिर्भर भइ निर्यात समेत गर्न प्रदेशको अपार जलविद्युत क्षमतालाई सदुपयोग गर्न आवश्यक छ।

**सिँचाइ**

कर्णाली प्रदेशको खेती योग्य जमिनको २९.५ प्रतिशतमा मात्र वर्षभरी सिँचाइ सुविधा उपलब्ध छ। हिमाली, उच्च पहाडी तथा केही न्यून मात्रामा भित्री मधेश रहेको यस प्रदेशमा परम्परागत सतह सिँचाइबाट जम्मा ३० हजार ३ सय ९६ हेक्टर जमिनमा मात्र सिँचाइ सेवा उपलब्ध हुनसक्ने देखिन्छ भने थप ६९ हजार ५ सय ९७ हेक्टर जमिनमा लिफ्ट सिँचाइ प्रणाली मार्फत सिँचाइ सेवा उपलब्ध गराउनु पर्ने देखिन्छ। हालका दिनमा परम्परागत सतह सिँचाइ, नयाँ प्रविधिमा आधारित सिँचाइ, भूमिगत सिँचाइ तथा वर्षातको पानी सङ्कलन जस्ता वैकल्पिक माध्यमबाट सिंचित कृषि क्षेत्रको विस्तार हुदै आइरहेको छ। योजना अवधिमा सिँचाइ हुन बाँकी खेतीयोग्य जमीनलाई हिमाली क्षेत्रको हकमा हिउँ सङ्कलन पोखरी तथा टावर, पहाडी भूमिगत जलस्रोतको उपयोग तथा सबै स्थानमा वर्षातको पानी सङ्कलन पोखरी, मूलको पानी सङ्कलन पोखरी जस्ता वैकल्पिक उपायहरू तथा पानी भण्डारण सहितका ठुला सतह सिँचाइ आयोजनाहरु, लिफ्ट प्रविधिमा आधारित ठुला आयोजना र विगतमा निर्माण भएका र परम्परागत रुपमा कृषक समुहबाट सञ्चालन गरिएका तर बाढी, पहिरो लागायत विभिन्न

कारणले सञ्चालनमा नरहेका सम्पूर्ण आयोजनालाई आवश्यक मर्मत सुधार तथा पुनस्थापन कार्यक्रम मार्फत सिँचाइ सेवा उपलब्ध गराई कृषि उत्पादनमा वृद्धि गर्नेतर्फ प्रयास केन्द्रित रहनेछ।

**खानेपानी**

मानव जीवनको लागि अत्यावश्यक सेवामा पर्ने खानेपानी तथा सरसफाइ सेवा मध्ये हालसम्म यस प्रदेशमा आधारभूत खानेपानी सुविधामा ९४ प्रतिशत जनसङ्ख्याको पहुँच पुगिसकेको छ। कर्णाली प्रदेशका सबै जिल्ला खुला दिसामुक्त घोषणा भइ आधारभूत सरसफाइ सुविधाको उपयोग गरिरहेका छन्। नागरिकलाई नेपालको संविधानले मौलिक हकको रुपमा व्यवस्था गरेको सेवाहरु सुनिश्चित गर्नको लागि खानेपानी तथा सरसफाइ सुविधा दिगो, भरपर्दो, सर्वसुलभ हुन जरुरी छ। यसरी दिगो र भरपर्दो आधारभूत खानेपानी सरसफाइ सुविधा पुऱ्याउने राष्ट्रिय लक्ष्यका साथै दिगो विकास लक्ष्य हासिल गर्न यस मन्त्रालयले निरन्तर प्रयासरत रहेको छ।

## २. दीर्घकालीन सोच

२.१ जलविद्युतको उत्पादन तथा उपयोगबाट समृद्धि,
२.२ वैकल्पिक ऊर्जा विकास मार्फत् ऊर्जामा पहुँच विस्तार,
२.३ दिगो सिँचाइ व्यवस्थापनबाट कृषि उत्पादन र उत्पादकत्व वृद्धि,
२.४ स्वच्छ, सुलभ र सुरक्षित खानेपानी, सफा सुग्घर वातावरण।

## ३. लक्ष्य

३.१ जलविद्युतको विकास गरी तीव्र आर्थिक विकास गर्ने,
३.२ वैकल्पिक ऊर्जाको उत्पादन बढाई स्वच्छ ऊर्जामा पहुँच सुनिश्चित गर्ने,
३.३ कृषियोग्य भूमिमा बाह्रै महिना सिँचाइ सुविधा उपलब्ध गराउने,
३.४ आधारभूत खानेपानी र सरसफाइ सेवा सबै नागरिकहरुलाई उपलब्ध गराउने।

## ४. रणनीति

४.१ जल विद्युतको उत्पादन र वितरणबाट कृषि र सेवा क्षेत्रको विकास गर्नु,
४.२ न्यून कार्वन उत्सर्जन गरी वातावरण संरक्षण तथा दिगो विकासमा टेवा पुर्याउनु,
४.३ परम्परागत तथा आधुनिक सिँचाइ प्रविधिको उपयोग गरी अधिकतम् कृषियोग्य भूमिमा सिँचाइ सुविधा उपलब्ध गराउनु,
४.४ सबैका लागि आधारभूत खानेपानी सुविधा उपलब्ध गराउनुका साथै बस्तीहरुलाई सफा सुग्घर बनाई पूर्ण सरसफाई तर्फ अग्रसर बनाउनु,

४.५ सङ्घसँगको समन्वयमा ठूला जलविद्युत आयोजनाहरु निर्माणका लागि आवश्यक पर्ने नीति नियम निर्माण गरी लगानी जुटाउन पहल गर्ने,

४.६ विद्युत उत्पादनलाई राष्ट्रिय प्रसारण ग्रीडमा प्रवाह गर्न प्रसारण लाइनहरु निर्माण गर्ने,

४.७ प्रदेश सरकारको अगुवाइमा प्रदेशस्तरीय जलविद्युत आयोजनाहरु सञ्चालन गर्ने,

४.८ वैकल्पिक ऊर्जाको विकास र बहुउपयोग वृद्धि गर्ने,

४.९ स्थानीयवासीमा वैकल्पिक ऊर्जाको विकास र प्रयोगको लागि क्षमता अभिवृद्धि गर्ने,

४.१० सिँचाइ विकासको नीति तथा गुरुयोजना तयार गर्ने,

४.११ सिँचाइमा नयाँ प्रविधिको प्रयोग गर्ने,

४.१२ सिँचाइ प्रणालीको दिगो व्यवस्थापन एवम् मर्मत सम्भार सुनिश्चित गर्ने,

४.१३ आधारभूत खानेपानी सुविधा उपलब्ध गराउने,

४.१४ सामुदायिक सहभागितामा सरसफाइलाई अभियानका रुपमा सञ्चालन गर्ने,

४.१५ मौजुदा खानेपानी सेवालाई स्तरवृद्धि गरी क्रमिक रुपमा मध्यम तथा उच्चस्तरको बनाउदै लैजाने।

## ५. कार्यक्षेत्र

५.१ प्रदेशस्तरको खानेपानी, सरसफाइ तथा स्वच्छता सम्बन्धी प्रादेशिक नीति, कानुन तथा मापदण्ड तर्जुमा र कार्यान्वयन, सेवाको शुल्क निर्धारण, योजना, आयोजना कार्यान्वयन तथा सञ्चालन, सम्भार र नियमन,

५.२ खानेपानी तथा सरसफाइ सेवा विस्तारमा निजी क्षेत्रको सहभागिता प्रवर्द्धन सम्बन्धी नीति तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन,

५.३ सर्वसाधारणलाई स्वच्छ खानेपानीको उपलव्धता र खानेपानी, सरसफाइ तथा स्वच्छतामा पिछडिएका वर्गको पहुँच सुनिश्चितता,

५.४ प्रदेशस्तरको ऊर्जा, विद्युत, सिँचाइ, जल उत्पन्न प्रकोप (नदी तथा पहिरो) व्यवस्थापन र खानेपानी तथा सरसफाइ सम्बन्धी अध्ययन, अनुसन्धान, नीति, कानुन, मापदण्ड, गुरुयोजना, योजना तथा आयोजना निर्माण, कार्यान्वयन सञ्चालन, मर्मत सम्भार, समन्वय र नियमन,

५.५ प्रदेशस्तरमा ऊर्जा, विद्युत, सिँचाइ तथा खानेपानी सम्बन्धी सेवाको गुणस्तर र सेवा शुल्कको आधार निर्धारण र नियमन,

५.६ ऊर्जा, विद्युत, सिँचाइ, खानेपानी सेवा विस्तारमा निजी क्षेत्रको सहभागिता र लगानी प्रवर्द्धन सम्बन्धी नीति तथा मापदण्ड निर्धारण र नियमन,

५.७ राष्ट्रिय जलस्रोत नीति र सङ्घीय योजना बमोजिम प्रदेश सीमा नदीका जल उपयोग सम्बन्धी आयोजनाको पहिचान, निर्माण, सञ्चालन, सम्भार र व्यवस्थापन,

५.८ प्रदेशभित्रको जलस्रोत उपयोग तथा नदी संरक्षण सम्बन्धी योजना तथा गुरुयोजना तर्जुमा कार्यान्वयन, अनुगमन र तथा मूल्याङ्कन,

५.९ प्रदेशभित्रको जलस्रोत उपयोग हुने आयोजनाहरुको अध्ययन, सर्वेक्षण, तयारी, कार्यान्वयन, अनुगमन र सञ्चालनमा समन्वय,

५.१० प्रदेशस्तरमा जलाधार संरक्षण तथा जल उपयोग नीतिको तर्जुमा तथा कार्यान्वयन, प्रविधि विकास र व्यवस्थापन,

५.११ मौसम र जलमापन सञ्चार सञ्जाल व्यवस्थापन,

५.१२ जलगुण तथा वायुगुण सम्बन्धी प्रयोगशाला व्यवस्थापन।

**तालिका २६: जलस्रोत तथा ऊर्जा विकास मन्त्रालयको आ. व. २०८०/८१ मा खुद बजेट विनियोजन र खर्च सम्बन्धी विवरण**

*(रू. हजारमा)*

| बजेट शीर्षक | विनियोजन | खर्च रकम | खर्च प्रतिशत |
|---|---|---|---|
| चालु | २७२५८८ | १६८४५७ | ६१.८ |
| पुँजीगत | ३२६७१५० | २२४४५२९ | ६८.७ |
| **जम्मा** | **३५३९७३८** | **२४१२९८५** | **६८.१७** |

**स्रोत:** *प्रदेश लेखा नियन्त्रक कार्यालय, कर्णाली प्रदेश।*

**चार्ट १७: जलस्रोत तथा ऊर्जा विकास मन्त्रालयको आ.व. २०७९/८० र २०८०/८१ को मासिकरुपमा खर्चको तुलनात्मक विवरण (प्रतिशतमा)**




**स्रोत:** *प्रदेश लेखा नियन्त्रक कार्यालय, कर्णाली प्रदेश।*

## तालिका २७: जलस्रोत तथा ऊर्जा विकास मन्त्रालयको आ. व. २०७८/७९ देखि २०८०/८१ सम्म खुद बजेट विनियोजनको तुलनामा खर्च सम्बन्धी विवरण

*(रू. हजारमा)*

| आर्थिक वर्ष | विवरण | चालु | प्रतिशत | पुँजीगत | प्रतिशत | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| २०७८/७९ | विनियोजन | १६०८६८ | ४.५२ | ३४०१७६७ | ९५.४८ | ३५६२६३५ | १०० |
| | खर्च | ८६८६४ | ५४.०० | २५१९२३५ | ७४.०६ | २६०६०९९ | ७३.१५ |
| २०७९/८० | विनियोजन | २५२३७७ | ६.२३ | ३७९५४९५ | ९३.७७ | ४०४७८७२ | १०० |
| | खर्च | १५३७६८ | ६०.९३ | ३२३७११८ | ८५.२९ | ३३९०८८६ | ८३.७७ |
| २०८०/८१ | विनियोजन | २७२५८८ | ७.७० | ३२६७१५० | ९२.३० | ३५३९७३८ | १०० |
| | खर्च | १६८४५७ | ६१.८० | २२४४५२९ | ६८.७० | २४१२९८६ | ६८.१७ |
| जम्मा विनियोजन | | ६८५८३३ | ६.१५ | १०४६४४१२ | ९३.८५ | १११५०२४५ | १०० |
| समग्र खर्च | | ४०९०८९ | ५९.६५ | ८०००८८२ | ७६.४६ | ८४०९९७१ | ७५.४२ |

***स्रोत:*** *प्रदेश लेखा नियन्त्रक कार्यालय, कर्णाली प्रदेश।*

## ६. समीक्षा अवधिमा सम्पादित प्रमुख कार्य

६.१ मन्त्रालय अन्तरगत १० कार्यालयहरूबाट भए गरेका कामकारवाहीको सम्बन्धमा कार्यालय प्रमुखको भौतिक उपस्थितिमा त्रैमासिक रुपमा प्रगति समीक्षा गरी सो समीक्षामा जिल्ला कार्यालयहरूबाट प्राप्त समस्याहरूको समाधान गरिएको,

६.२ "विद्युत विकास विधेयक २०७९" तयार गरी प्रदेश सभामा पेश गरिएको,

६.३ मन्त्रालयको आन्तरिक नियन्त्रण प्रणाली २०८० निर्माण गरी मा. मन्त्रीज्युबाट स्वीकृत गराई लागु गरिएको,

६.४ केही जिल्ला कार्यालयहरूबाट भए गरेका कामकारवाहीको स्थलगत निरीक्षण तथा सुपरिवेक्षण गरी राय सुझाव दिइएको,

६.५ खानेपानी ऐन तर्जुमाको लागि आवश्यक छलफल गरी ड्राफ्ट तयार भइ सम्पूर्ण सरोकारवालाहरूको राय सुझावसमेत लिने उद्देश्यले कार्याशाला गोष्ठी सञ्चालन गरी राय परामर्शको लागि आर्थिक मामिला तथा योजना मन्त्रालय पठाइएको,

६.६ कर्णाली प्रदेश स्थित ७९ वटै पालिकाहरूबाट प्रदेशको अधिकार क्षेत्रभित्र पर्ने आयोजनाहरूको माग सङ्कलन गरी बजेट तर्जुमा गर्दा स्थानीय तह समेतको सहभागिता सुनिश्चि सहित  समग्र बजेट तर्जुमा प्रक्रियालाई थप व्यवस्थित बनाइएको,

६.७ मन्त्रालय मातहत कार्यालयहरूबाट पेश हुन आए बमोजिम बहुवर्षीय ठेक्का सहमतिको लागि सम्बन्धित निकायमा सिफारिस गरी बहुवर्षीय ठेक्का सहमति प्राप्त भय पश्चात आयोजना कार्यान्वयन थप प्रभावकारी बनाउन निर्देशन गरिएको,

६.८ अन्य मन्त्रालय तथा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसँग नियमित सम्पर्कमा रही आवश्यक समन्वय र सहजीकरणमा सम्पूर्ण काम गर्ने गरिएको,

६.९ १० वटै जिल्ला कार्यालयहरूको प्रगति विवरण मासिक रुपमा अद्यावधिक गरी आवश्यक सल्लाह, सुझाव र समन्वय गर्ने काम गर्ने गरिएको,

६.१० मातहतका कार्यालयहरुलाई आवश्यक सल्लाह, सुझाव र समन्वय गर्ने काम गर्ने गरिएको,

६.११ विपद् व्यवस्थापन सम्वन्धी अन्य कार्यको लागि नियमित बैठक गरी Cluster member हरुलाई उच्च सतर्कतामा (High-alert) रहन निर्देशन गरिएको,

६.१२ जाजरकोट र रुकुम-पश्चिममा जिल्लास्तर बैठक बसी भुकम्प प्रभावित क्षेत्रमा पानीको गुणस्तर परिक्षण तथा सुधारका लागि क्रियाशील रहेको,

६.१३ जाजरकोट भूकम्प प्रभावित क्षेत्रका आयोजनाहरूका लगभग २५० जना मर्मत सम्भार कार्यकर्ता तथा समितिका पदाधिकारीहरूलाई मर्मत सम्भार तालिम दिएकोमा सो क्षेत्रका योजनाबाट MASS CHLORInation गरी पानी वितरण भईरहेको,

६.१४ खानेपानी, सरसफाइ तथा स्वच्छता विधेयक मस्यौदा छलफलका लागि स्थानीय जनप्रतिनिधिहरु सहित करिब ६० जना वास सरोकारवालाहरूको उपस्थितिमा एक दिने कार्यशाला सञ्चालन गरिएको,

६.१५ प्रथम पञ्चवर्षीय योजनाको समीक्षा सहित दोस्रो पञ्चवर्षीय योजनाको ड्राफ्ट तयार गरी प्रदेश योजना आयोगमा पठाईएको,

६.१६ जिल्लागत कार्यालयबाट प्राप्त माग अनुसार सङ्घीय सरकारसँग बजेट माग सम्बन्धी विवरण सङ्कलन गरी लेखी पठाउनुका साथै आवश्यक समन्वय गरिएको,

६.१७ चौमासिक प्रगति समीक्षा गरी जिल्ला स्थित कार्यालयबाट प्राप्त समस्याहरूको समाधान गर्नका लागि आयोजना कार्यान्वयन प्रभावकारिता अभिवृद्धिको लागि निर्देशन गरिएको,

६.१८ तपशिल बमोजिम खानेपानी सरसफाइ योजना मर्मत सम्भार कार्यकर्ता तालिम (VMW Training) सञ्चालन गरिएकोः-

- ➢ सानिभेरी गा.पा., रुकुम पश्चिम (२ कार्यक्रम)
- ➢ आठविसकोट न.पा., रुकुम पश्चिम (३ कार्यक्रम)

- नलगाड न.पा., जाजरकोट (३ कार्यक्रम)
- भेरि न.पा., जाजरकोट (२ कार्यक्रम)
- बारेकोट गा.पा., जाजरकोट (१ कार्यक्रम)

६.१९ तपशिल बमोजिम खानेपानी सरसफाइ तथा स्वच्छता क्षेत्रमा तालिम (पूर्ण सरसफाइ तालिम)

- नलगाड न.पा., जाजरकोट (१ तालिम)
- सानिभेरी गा.पा., रुकुम पश्चिम (१ तालिम)
- आठविसकोट न.पा., रुकुम पश्चिम (१ तालिम)

६.२० जाजरकोट भुकम्प प्रभावित क्षेत्रमा खानेपानी, सरसफाइ तथा स्वच्छता क्षेत्रको निरन्तर सहयोग तथा सहजीकरण भइरहेको।

## ७. बजेट तथा कार्यक्रम कार्यान्वयन को क्रममा देखिएका समस्या/चुनौती

७.१ हालसम्म पनि ६० प्रतिशत उच्च तहको प्राविधिक जनशक्तिको पद रिक्त अवस्थामा हुनु र कार्यालयको विद्यमान जनशक्ति एवम् उपलब्ध साधनहरुको तुलनामा अत्यधिक धेरै मात्रामा आयोजनाहरु कार्यान्वयन गर्नुपर्दा आयोजनाको गुणस्तर कायम गर्न, अनुगमन र मुल्याङ्कनमा अपेक्षित प्रतिफल हासिल गर्न चुनौती भएको,

७.२ आ.व २०८०/८१ मा विनियोजन भएका १५ लाख मुनिका आयोजना कार्यान्वयन हुन नसक्नु,

७.३ भुगोल सुहाउदो तथा कार्यक्रम र कार्यवोझको आधारमा कार्यालयको सांगठनिक संरचना बन्न नसक्नु,

७.४ ऊर्जा क्षेत्रको विकासको लागि आवश्यक कार्यालयको स्थापना र बिषय विज्ञ जनशक्ति नहुदा ऊर्जा क्षेत्रको विकास प्रभावित भएको,

७.५ बजेट तर्जुमाको स्पष्ट मापदण्ड नबन्दा र तिनै तहका सरकारको अधिकार क्षेत्र निश्चित नहुँदा योजना तर्जुमामा दुविधा उत्पन्न भएको र प्रदेश सरकारको आवधिक योजना अनुसार बजेट तथा कार्यक्रम नआउने विद्यमान अवस्था रहेको,

७.६ सडक निर्माण गर्दा अधिकांश खानेपानी एवम् सिँचाइ संरचनाहरुमा क्षति पुगेको,

७.७ Construction Material Testing Lab को स्थापना र प्राविधिक जनशक्तिको अभावमा निर्माण कार्यको गुणस्तर जाँच गर्न नसकिएको,

७.८ मन्त्रालयमा जनशक्ति अभाव हुँदा जिल्ला कार्यालयबाट कार्यान्वयन भएका योजनाहरुको अनुगमन तथा मुल्याङ्कन प्रभावकारी हुन नसकेको।

## ८. आगामी आ.व.मा सुधार गर्नुपर्ने क्षेत्र

८.१ आयोजना छनोट तथा तर्जुमा सम्बन्धी प्रचलित नीति, ऐन, नियम, कानुनको पूर्ण परिपालना गर्न सरोकारवालाहरुलाई जवाफदेही र जिम्मेवार बनाउनु पर्ने,

८.२ उपभोक्ता समितिको व्यवस्थापकीय क्षमता विकाश गर्न क्षमता विकास तालिम, मर्मत सम्भार कार्यकर्ता तालिम तथा संस्थागत विकास कार्यक्रमको सञ्चालन गर्नुपर्ने,

८.३ ऊर्जा क्षेत्रको विकासको लागि आवश्यक कार्यालयको स्थापना र बिषयविज्ञ जनशक्तिको व्यवस्थापन तत्काल गर्नुपर्ने,

८.४ कर्मचारीहरुका वृति विकास अवसर तत्काल सम्बोधन गरी कर्मचारीको उत्प्रेरणा अभिवृद्धि गर्नुपर्ने,

८.५ व्यवस्थित एकीकृत बस्ती विकास कार्यक्रम लाई प्राथमिकतामा राख्नुपर्ने,

८.६ सार्वजनिक व्यवस्थापनका मुख्य पक्षहरु जनशक्ति व्यवस्थापन, सङ्गठन व्यवस्थापन, आयोजना व्यवस्थापन, बजेट व्यवस्थापन लागायत अनुगमन, मुल्याङ्कन तथा सुपरीवेक्षण लाई थप प्रभावकारी बनाउनु पर्ने,

८.७ ऊर्जा क्षेत्रमा लगानी बढाउनु पर्ने,

८.८ व्यवस्थित एकीकृत बस्ती निर्माण गर्नुपर्ने,

८.९ स्वच्छ पिउने पानी र पुर्ण सरसफाइमा पहुँचको लागि लगानी बढाउनु पर्ने,

८.१० भरपर्दो पूर्वाधार सहितका पर्यटकीय क्षेत्रको विकास गर्नुपर्ने,

८.११ विकास कार्यमा PPP, BOT, Cooperative model को सुरुवात गर्नुपर्ने,

८.१२ साना र मध्यम खालका उद्यमको प्रवर्द्धन गर्नुपर्ने,

८.१३ ग्रामीणस्तरमा ऊर्जाको सुनिश्चितता हुनुपर्ने,

८.१४ नाफामुखी पूर्वाधारमा लगानी गर्नुपर्ने।

**तालिका २८ः जलस्रोत तथा ऊर्जा विकास मन्त्रालयमार्फत बजेटको कार्यान्वयनबाट हासिल भएका मुख्य उपलब्धि**

| क्षेत्र | आ.व. २०७६/७७ | आ.व. २०७७/७८ | आ.व. २०७८/७९ | आ.व. २०७९/८० | आ.व. २०८०/८१ | जम्मा |
|---|---|---|---|---|---|---|
| थप खानेपानी सेवा उपलव्ध भएको (जनसङ्ख्या) | २१४६७ | ३०८३४ | ५४९१७ | १०३३०५ | ७४४४८ | २८४९७१ |

| क्षेत्र | आ.व. २०७६/७७ | आ.व. २०७७/७८ | आ.व. २०७८/७९ | आ.व. २०७९/८० | आ.व. २०८०/८१ | जम्मा |
|---|---|---|---|---|---|---|
| सिँचाइ सुविधा थप भएको क्षेत्रफल (हेक्टर) | २९५५ | २१२५ | २२१० | २२६० | १५५२ | ११११०२ |
| जग्गा उकाश तथा संरक्षण भएको क्षेत्रफल (हेक्टर) | ८५ | १८० | १७६ | १५२ | ३५२ | ९४५ |
| विद्युत सेवाबाट लाभान्वित (जनसङ्ख्या) | | ३५४० | ५९२३ | १७५८६ | ११३७८ | ३८४२७ |

**स्रोतः** *जलस्रोत तथा ऊर्जा विकास मन्त्रालय।*

## तालिका २९: जलस्रोत तथा ऊर्जा विकास मन्त्रालयको आ.व २०७८/०७९ र २०७९/०८० को लेखापरीक्षण अङ्क

*(रू. हजारमा)*

| सि. नं. | कार्यालय/मन्त्रालय | लेखापरीक्षण अङ्क (निकाशा/खर्च) २०७८/०७९ | लेखापरीक्षण अङ्क (निकाशा/खर्च) २०७९/०८० | जम्मा लेखापरीक्षण अङ्क (निकाशा/खर्च) |
|---|---|---|---|---|
| १ | जलस्रोत तथा ऊर्जा विकास मन्त्रालय | ४३९०५.९४ | ४१०९०.९७ | **८४९९६.९१** |
| २ | खानेपानी, सिँचाइ तथा ऊर्जा विकास निर्देशनालय, सुर्खेत | ४५९१९९.४२ | ४१५८२५.०४ | **८७५०२४.४५** |
| ३ | खानेपानी, सिँचाइ तथा ऊर्जा विकास कार्यालय, दैलेख | ५७७७३८.३८ | ३८७०६२.६३ | **९६४८०१.०१** |
| ४ | खानेपानी, सिँचाइ तथा ऊर्जा विकास कार्यालय, सल्यान | ४६६९००.४२ | ४१५६०९.१८ | **८८२५०९.६१** |
| ५ | खानेपानी, सिँचाइ तथा ऊर्जा विकास कार्यालय, कालिकोट | २९७५०४.९० | २९५४७६.३४ | **५९२९८१.२४** |
| ६ | खानेपानी, सिँचाइ तथा ऊर्जा विकास कार्यालय, हुम्ला | २५९४५२.२० | २०९२०१.७५ | **४६८६५३.९५** |
| ७ | खानेपानी, सिँचाइ तथा ऊर्जा विकास कार्यालय, रुकुम | ५९९८२४.३९ | ४७४४६४.२७ | **१०७४२८८.६६** |

| सि. नं. | कार्यालय/मन्त्रालय | लेखापरीक्षण अङ्क (निकाशा/खर्च) २०७८/०७९ | लेखापरीक्षण अङ्क (निकाशा/खर्च) २०७९/०८० | जम्मा लेखापरीक्षण अङ्क (निकाशा/खर्च) |
|---|---|---|---|---|
| ८ | खानेपानी, सिँचाइ तथा ऊर्जा विकास कार्यालय, डोल्पा | ३०२१५९.५० | २४५०५९.६८ | **५४७२१९.१८** |
| ९ | खानेपानी, सिँचाइ तथा ऊर्जा विकास कार्यालय, मुगु | २३४७६४.३५ | २९६८१०.०१ | **५३१५७४.३६** |
| १० | खानेपानी, सिँचाइ तथा ऊर्जा विकास कार्यालय, जुम्ला | ३१०४२१.२५ | २७४९७०.७९ | **५८५३९२.०४** |
| ११ | खानेपानी, सिँचाइ तथा ऊर्जा विकास कार्यालय, जाजरकोट | २९८३६७.०३ | ३२५८५०.६५ | **६२४२१७.६९** |
| | **कुल जम्मा** | **३८५०२३७.८०** | **३३८१४२१.३०** | **७२३१६५९.१०** |

***स्रोतः*** *जलस्रोत तथा ऊर्जा विकास मन्त्रालय।*

## तालिका ३०: जलस्रोत तथा उर्जा विकास मन्त्रालयको आ.व. २०७९/८० सम्म कायम बेरुजु अङ्क र फस्र्योट तथा एकीकृत बाँकी बेरुजु सम्बन्धी विवरण

*(रू. हजारमा)*

| सि. नं. | मन्त्रालय/ कार्यालय | नियमित गर्ने बेरुजु | पेश्की बेरुजु | असुल उपर बेरुजु | जम्मा बेरुजु | फस्र्योट बेरुजु | फस्र्योट प्रतिशत | बाँकी बेरुजु |
|---|---|---|---|---|---|---|---|---|
| १ | जलस्रोत तथा ऊर्जा विकास मन्त्रालय | ०.० | ०.० | ०.० | ०.० | ०.० | ०.० | ०.० |
| २ | खानेपानी, सिँचाइ तथा ऊर्जा विकास निर्देशनालय, सुर्खेत | ५०३५.६ | ०.० | १४८.८ | ५१८४.४ | ०.० | ०.० | ५१८४.४ |
| ३ | खानेपानी, सिँचाइ तथा ऊर्जा विकास कार्यालय, हुम्ला | ४००५.२ | ३७९४.० | २८४२.० | १०६४१.३ | ०.० | ०.० | १०६४१.३ |
| ४ | खानेपानी, सिँचाइ तथा ऊर्जा विकास कार्यालय, कालिकोट | ७६६९९.३ | ०.० | ४००१.८ | ८०७०१.१ | ०.० | ०.० | ८०७०१.१ |
| ५ | खानेपानी, सिँचाइ तथा ऊर्जा विकास कार्यालय, डोल्पा | ११९९८.० | ०.० | १४९०.१ | १३४८८.१ | ०.० | ०.० | १३४८८.१ |

| सि. नं. | मन्त्रालय/ कार्यालय | नियमित गर्ने बेरुजु | पेश्की बेरुजु | असुल उपर बेरुजु | जम्मा बेरुजु | फस्यौंट बेरुजु | फर्स्योट प्रतिशत | बाँकी बेरुजु |
|---|---|---|---|---|---|---|---|---|
| ६ | खानेपानी, सिँचाइ तथा ऊर्जा विकास कार्यालय, सल्यान | ३६०७.४ | ०.० | ०.० | ३६०७.४ | ०.० | ०.० | ३६०७.४ |
| ७ | खानेपानी, सिँचाइ तथा ऊर्जा विकास कार्यालय, दैलेख | ७१६६.० | १५६९००.० | ४९१.७ | १६४५५७.७ | ०.० | ०.० | १६४५५७.७ |
| ८ | खानेपानी, सिँचाइ तथा ऊर्जा विकास कार्यालय, रुकुम पश्चिम | ९०१९५.९ | ०.० | २१३७५.६ | १११५७१.५ | ०.० | ०.० | १११५७१.५ |
| ९ | खानेपानी, सिँचाइ तथा ऊर्जा विकास कार्यालय, जुम्ला | २६६४८.३ | २६४९.८ | ५१५४.१ | ३४४५२.३ | ०.० | ०.० | ३४४५२.३ |
| १० | खानेपानी, सिँचाइ तथा ऊर्जा विकास कार्यालय, मुगु | २२१०.९ | ०.० | २८८१.९ | ५०९२.८ | ०.० | ०.० | ५०९२.८ |
| ११ | खानेपानी, सिँचाइ तथा ऊर्जा विकास कार्यालय, जाजरकोट | २२८८.६ | ०.० | ८५७.३ | ३१४५.९ | ०.० | ०.० | ३१४५.९ |
| **जम्मा** | | **२२९८५५.३** | **१६३३४३.८** | **३९२४३.४** | **४३२४४२.६** | **०.०** | **०.०** | **४३२४४२.६** |

***स्रोतः*** *जलस्रोत तथा ऊर्जा विकास मन्त्रालय।*

## तालिका ३१: बहुवर्षीय तथा स्रोत सुनिश्चितता प्राप्त आयोजनाहरुको प्रगति विवरण

| सि. नं. | आयोजना/ कार्यक्रमको नाम | बहुवर्षीय योजना/ कार्यक्रमको लागत वा स्रोत सुनिश्चित भएको रकम | सम्झौता रकम | सम्झौता मिति | सम्झौताको म्याद | हाल सम्मको खर्च | हालसम्मको वित्तीय प्रगति | हालसम्मको भौतिक प्रगति |
|---|---|---|---|---|---|---|---|---|
| **खानेपानी सिँचाइ तथा ऊर्जा विकास निर्देशनालय सुर्खेत** | | | | | | | | |
| १ | राक्से सिँचाइ योजना, सिम्ता गा.पा., सुर्खेत | २२५८०.० | १६४४१.७ | २०८०/१२/३० | २०८२/०३/१५ | ३९६४.८ | २४.१ | २०.० |
| २ | निकाश खोला नदी नियन्त्रण, सुर्खेत | ४९९३९.० | ३९३०८.० | २०८०/११/१६ | २०८२/०२/१५ | १९०२०.५ | ४८.४ | ४०.० |
| ३ | समैचे भ्यागुते सिँचाइ योजना, Phase I, पन्चपुरी, सुर्खेत | १९७१७.० | ११६८६.९ | २०८०/१२/२७ | २०८२/०३/१५ | ६१९०.४ | ५३.० | ४५.० |
| ४ | कार्यालय भवन तथा आवास सुधार कार्यक्रम | १८४४१.० | १०३३९.४ | २०८१/१/१२ | २०८२/०३/१५ | २८९९.६ | २८.० | २५.० |
| **खानेपानी सिँचाइ तथा ऊर्जा विकास कार्यालय हुम्ला** | | | | | | | | |
| १ | तुम्च सिँचाइ, सर्केगाड, हुम्ला | ४७३५०.० | ३७२३१.८ | २०७९/०३/१९ | २०८०/०९/१९ | २८१४०.८ | ७५.६ | ८०.० |
| **खानेपानी, सिँचाइ तथा ऊर्जा विकास कार्यालय, कालिकोट** | | | | | | | | |
| १ | भेरेखोला देखि घट्टेखोला सिँचाइ आयोजना, नरहरिनाथ ९ कालिकोट | २००००.० | १५४५३.० | २०७८/०१/०९ | २०७९/०४/०९ | ९६८९.९ | ६२.७ | ६५.० |
| २ | घोडेना सिँचाइ योजना खडाँचक्र न.पा. ५, कालिकोट | १५०००.० | ९८७७.० | २०७७/१२/२३ | २०७८/१२/२४ | ५६५९.३ | ५७.३ | ६०.० |
| **खानेपानी सिंचाई तथा ऊर्जा विकास कार्यालय, जुम्ला** | | | | | | | | |
| १ | उठिलिया ऐरेनी सिंचाई आयोजना, चन्दननाथ-०९ र तातोपानी-०५. जुम्ला | ९२४६६.० | ५१२२२.० | २०८०/०२/१४ | २०८३/०२/२८ | ३८७३१.५ | ७५.६ | ८०.० |

| सि. नं. | आयोजना/ कार्यक्रमको नाम | बहुवर्षीय योजना/ कार्यक्रमको लागत वा स्रोत सुनिश्चित भएको रकम | सम्झौता रकम | सम्झौता मिति | सम्झौताको म्याद | हाल सम्मको खर्च | हालसम्मको वित्तीय प्रगति | हालसम्मको भौतिक प्रगति |
|---|---|---|---|---|---|---|---|---|
| **खानेपानी सिंचाई तथा ऊर्जा विकास कार्यालय, सल्यान** | | | | | | | | |
| १ | धारापानी लिफ्ट खानेपानी आयोजना-PKG A | ११८००.० | ११८००.० | - | - | २९८७.० | २५.३ | २०.० |
| **खानेपानी सिंचाई तथा ऊर्जा विकास कार्यालय, डोल्पा** | | | | | | | | |
| १ | शान्ति टोल तटबन्धन ठुलिभेरी ३ डोल्पा | १९७८५.० | १२०६७.५ | २०८१/०२/०९ | २०८२/०३/१२ | ५०००.० | ४१.४ | ४५.० |
| **खानेपानी सिंचाई तथा ऊर्जा विकास कार्यालय, जाजरकोट** | | | | | | | | |
| १ | नौफेरी सिँचाइ बारेकोट २ र ३ | ७१८१५.० | २९३५४.८ | ६५०२५.० | ६६०५८.० | ४०९४६.७ | १३९.५ | १००.० |
| २ | दुई पिपल देखि सिलाडी लोहा वाडाखेतसम्म सिँचाइ योजना सिवालय न.पा. ८, ३ | १९८३७.० | ६७९४.४ | ६६१५८.० | ६६६००.० | १३४०.३ | १९.७ | १५.० |
| ३ | कार्यालय भवन निर्माण | ५००००.० | २८५१७.२ | २०८१/०३/२१ | २०८३/०३/२१ | १७४५.६ | ६.१ | १०.० |
| **खानेपानी सिंचाई तथा ऊर्जा विकास कार्यालय, दैलेख** | | | | | | | | |
| १ | भाब्र खरिगैरा डबडा सिन्चही योजना महाबु दैलेख | २७१००.० | | | | १७४६३.१ | ६४.४ | ७०.० |
| २ | ठुलाखोला गैरागाउ सिंचाई योजना ठाटीकाँध ६, दैलेख | २६२६८.० | | | | ९९८९.२ | ३८.० | ४५.० |
| | **जम्मा** | **५१२०९८** | **३४०४४** | **१९७३९४** | **१९९५७८** | **१९३७६८** | **५६.९** | |

**स्रोतः** *जलस्रोत तथा ऊर्जा विकास मन्त्रालय।*

## ३.८ भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

### १. पृष्ठभूमि

सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपालको मूल संरचना सङ्घ, प्रदेश र स्थानीय तह गरी तीन तहको रहेको छ। राज्य शक्तिको प्रयोग सङ्घ, प्रदेश र स्थानीय तहले गर्ने संवैधानिक व्यवस्था छ। संविधान बमोजिम सङ्घको एकल अधिकार अनुसूची-५, प्रदेशको एकल अधिकार अनुसूची-६, सङ्घ र प्रदेशको साझा अधिकार अनुसूची-७, स्थानीय तहको एकल अधिकार अनुसूची-८ र सङ्घ, प्रदेश र स्थानीय तहको साझा अधिकार अनुसूची-९ मा उल्लिखित विषयमा निहित छ। सङ्घ, प्रदेश र स्थानीय तह गरी तीनै तहको निर्वाचन सम्पन्न भए पश्चात नेपालको संविधानको भाग-१३ मा प्रदेश कार्यपालिकाको व्यवस्था भएको र सोही संवैधानिक व्यवस्था अनुरूप नेपाल सरकारको मिति २०७४/१०/१० को निर्णयानुसार भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको स्थापना भएको छ।

प्रदेशको कृषि, पशु विकास तथा खाद्य पोषण, गरिबी निवारण, सहकारी संस्था, सहकारी सङ्घ तथा सहकारी बैङ्क सम्बन्धी प्रादेशिक नीति, कानुन, मापदण्ड र योजना तर्जुमा, कार्यान्वयन, नियमन, समन्वय र सहकार्य गर्ने मन्त्रालयको प्रमुख उद्देश्य रहेका छन्।

### २. दीर्घकालीन सोच

प्राङ्गारिक कृषिको माध्यमबाट स्वच्छ, स्वस्थ, पोषणयुक्त खाद्य र बहुउपयोगी कृषि उपजको उत्पादन गरी आय आर्जन र रोजगारी सिर्जना गर्दै **समृद्ध कर्णाली, सुखारी कर्णालीवासी**को प्रत्याभूति दिने।

### ३. ध्येय

प्राङ्गारिक कृषि प्रणालीको माध्यमबाट कृषि पेशालाई व्यावसायिक, मर्यादित, वातावरणमैत्री र प्रतिस्पर्धी बनाई कृषकहरुको आय वृद्धि गर्ने।

### ४. कार्यक्षेत्र

कर्णाली प्रदेश सरकार मन्त्रिपरिषद्बाट २०७४/११/०६ मा स्वीकृत प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ मा व्यवस्था भए अनुरूप भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको देहाय बमोजिमको कार्यक्षेत्र निर्धारण गरिएको छः-

१. भूमि व्यवस्थापन,
२. गुठी व्यवस्थापन,

३. कृषि विकास एवम् प्रवर्द्धन,

४. पशुपंक्षी विकास एवम् प्रवर्द्धन,

५. सहकारी विकास,

६. गरिबी निवारण।

४.१ कृषि, पशु विकास तथा खाद्य पोषण सम्बन्धी प्रादेशिक नीति, कानुन, मापदण्ड र योजना तर्जुमा, कार्यान्वयन र नियमन,

४.२ कृषि तथा पशुपन्छीजन्य रोग किरा एवम् महामारी नियन्त्रण,

४.३ कृषि औद्योगिकीकरण र पशुपन्छी उद्योग व्यवसायको विकास तथा प्रवर्द्धन,

४.४ कृषि तथा पशु यान्त्रिकीकरण र उन्नत औजार विकास तथा विस्तार,

४.५ कृषि तथा पशु रोग निदान प्रयोगशाला व्यवस्थापन र नियमन,

४.६ कृषि उपज, कृषिजन्य वस्तु, पशुपन्छी, पशुपन्छीजन्य पदार्थ र पशु उत्पादन सामग्री तथा बिउबिजन एवम् नश्ल सम्बन्धी सेवा र प्रविधिको गुणस्तर निर्धारण, सम्बद्धता निर्धारण, स्तरीयकरण, प्रमाणीकरण र नियमन,

४.७ प्रादेशिक खाद्य सुरक्षा, खाद्य अधिकार, खाद्य सम्प्रभुता र खाद्य गुणस्तर,

४.८ कृषि तथा पशुपन्छी एवम् खाद्य प्रविधि सम्बन्धी अध्ययन, अनुसन्धान एवम् विकास तथा प्रवर्द्धन, तथ्याङ्क प्रणालीको व्यवस्थापन र श्रोत संरक्षण,

४.९ कृषि मल, बिउ, र विषादी आपूर्ति व्यवस्था र नियमन,

४.१० कृषि प्रसार, कृषक तालिम तथा क्षमता विकास र सशक्तिकरण,

४.११ कृषि उपजको न्यूनतम् समर्थन मूल्य कार्यान्वयन,

४.१२ कृषि तथा पशुपन्छी बिमा सम्बन्धी नीति तथा योजना तर्जुमा र कार्यान्वयन,

४.१३ कृषि बजार, पूर्वाधार र कृषि फार्म केन्द्रहरूको विकास, विस्तार तथा सञ्चालन

४.१४ राष्ट्रिय नीति र मापदण्ड बमोजिम पाराभेटको दर्ता, अनुमति, नवीकरण, खारेजी र नियमन,

४.१५ सामुहिक खेती तथा करार खेतीको कार्यान्वयन र प्रवर्द्धन,

४.१६ चरन तथा खर्क सम्बन्धी प्रादेशिक नीति तथा कानुन तर्जुमा, कार्यान्वयन र नियमन,

४.१७ कृषिजन्य र पशुपन्छीजन्य औषधी, विषादि र सुक्ष्म पोषणतत्वयुक्त वस्तुको उपयोग र व्यवस्थापन सम्बन्धी प्रादेशिक नीति, कानुन तथा मापदण्ड तर्जुमा र कार्यान्वयन तथा उत्पादन, उपयोग र बिक्री वितरणको अनुमति, अनुगमन र नियमन,

४.१८ भूमि व्यवस्थापन, भूमि प्रशासन र जग्गा नाप-जाँच, भूमिसुधार, भू-उपयोग तथा चक्लाबन्दी सम्बन्धी प्रादेशिक नीति, कानुन तथा मापदण्डको तर्जुमा, कार्यान्वयन र नियमन,

४.१९ निजी, सरकारी तथा सार्वजनिक जग्गाको प्रादेशिक अभिलेख व्यवस्थापन,

४.२० जग्गा दर्ता, रजिष्ट्रेशन, जग्गाधनी प्रमाण-पूर्जा, दाखिल खारेज, स्वामित्व हस्तान्तरण सम्बन्धी नीति तथा मापदण्ड तर्जुमा र कार्यान्वयन,

४.२१ सङ्घीय सरकारबाट प्राप्त हुने नक्सा, भौगोलिक सूचना र अभिलेख तथा प्रदेशभित्रको नाप नक्सा र अभिलेखको व्यवस्थापन,

४.२२ नाप नक्साका नियन्त्रण विन्दुहरूको सञ्जाल स्थापना,

४.२३ क्रमबद्ध कित्ता नापी र भूमि लगत सम्बन्धी मापदण्ड र कार्यान्वयन,

४.२४ भूमिहीन सुकुम्वासी, दलित, मुक्त कमैया, हलिया, हरवा-चरवा आदि वर्गको बसोबास, जीविकोपार्जन र पुनर्स्थापना सम्बन्धी प्रादेशिक नीति, कानुन, मापदण्ड तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन,

४.२५ सरकारी जग्गा भाडामा दिने सम्बन्धी नीति, कानुन तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन,

४.२६ सुरक्षित बसोबास र जग्गा एकीकरण सम्बन्धी नीति कार्यान्वयन,

४.२७ गुठी तथा गुठीजग्गा व्यवस्थापन सम्बन्धी नीति, कानुन, मापदण्ड तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन तथा गुठी तथा गुठी जग्गाको संरक्षण, अभिलेख व्यवस्थापन र सङ्घीय तथा स्थानीय तहसँग समन्वय,

४.२८ गरिबी निवारण सम्बन्धी प्रादेशिक नीति, कानुन, मापदण्ड एवम् योजनाको तर्जुमा, कार्यान्वयन र नियमन तथा अध्ययन, अनुसन्धान, सर्वेक्षण, सूचना सङ्कलन, गरिब घरपरिवार पहिचान, सामाजिक सुरक्षा र संरक्षण,

४.२९ सहकारी संस्था, सहकारी सङ्घ तथा सहकारी बैङ्क सम्बन्धी प्रादेशिक नीति, कानुन तथा मापदण्डको तर्जुमा र कार्यान्वयन, सञ्चालन अनुमति, नियमन, तथ्याङ्क व्यवस्थापन र अध्ययन अनुसन्धान,

४.३० सहकारी बचत तथा ऋण परिचालन सम्बन्धी प्रादेशिक मापदण्ड निर्धारण र नियमन,

४.३१ सहकारी सम्बन्धमा सङ्घीय, अन्तर प्रादेशिक र स्थानीय तहका सङ्घ-संस्थासँग समन्वय र सहकार्य,

४.३२ सहकारी क्षेत्रको विकास तथा प्रवर्द्धन, क्षमता अभिवृद्धि र परिचालन,

४.३३ जलचर तथा जलीय जीवको संरक्षण, व्यवस्थापन, दिगो उपयोगिता र सोबाट प्राप्त लाभांशको समन्यायिक वितरण सम्बन्धी नीति, ऐन, नियम, मापदण्ड, योजना तर्जुमा र नियमन।

**तालिका ३२: भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको आ. व. २०८०/८१ मा खुद बजेट विनियोजन र खर्च सम्बन्धी विवरण**

*(रू. हजारमा)*

| बजेट शीर्षक | विनियोजन | खर्च रकम | खर्च प्रतिशत |
|---|---|---|---|
| चालु | १५४८६८३ | ९६८७३१ | ६२.५५ |
| पुँजीगत | ६००६१५ | ४९५६२५ | ८२.५२ |
| **जम्मा** | **२१४९२९८** | **१४६४३५५** | **६८.१३** |

***स्रोतः*** *प्रदेश लेखा नियन्त्रक कार्यालय, कर्णाली प्रदेश।*

**चार्ट १८: भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको आ. व. २०७९/०८० र २०८०/८१ को मासिक रुपमा खर्चको तुलनात्मक विवरण (प्रतिशतमा)**




***स्रोतः*** *प्रदेश लेखा नियन्त्रक कार्यालय, कर्णाली प्रदेश।*

**तालिका ३३ः भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको आ. व. २०७४/७५ देखि र २०८०/८१ सम्म खुद बजेट विनियोजनको तुलनामा खर्च सम्बन्धी विवरण**

*(रू. हजारमा)*

| आर्थिक वर्ष | विवरण | चालु | प्रतिशत | पुँजीगत | प्रतिशत | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| २०७४/७५ | विनियोजन | ३५२७७ | ३५.०१ | ६५५०० | ६४.९९ | १००७७७ | १०० |
| | खर्च | १७४७८ | ४९.५५ | १७९३८ | २७.३९ | ३५४१६ | ३५.१४ |
| २०७५/७६ | विनियोजन | १७१२९१४ | ६७.०९ | ८४०३५० | ३२.९१३ | २५५३२६४ | १०० |
| | खर्च | १२१८४७५ | ७१.१३ | ७३२१६१ | ८७.१३ | १९५०६३६ | ७६.४० |
| २०७६/७७ | विनियोजन | २३३६५२९ | ६८.११ | १०९४०५० | ३१.८९ | ३४३०५७९ | १०० |
| | खर्च | १७३७५७३ | ७४.३७ | ९७०२७९ | ८८.६९ | २७०७८५२ | ७८.९३ |
| २०७७/७८ | विनियोजन | २०२७६०१ | ७५.५५ | ६५६०६२ | २४.४५ | २६८३६६३ | १०० |
| | खर्च | १६३४६५० | ८०.६२ | ५७१८४४ | ८७.१६ | २२०६४९४ | ८२.२२ |
| २०७८/७९ | विनियोजन | २२५३५५४ | ७६.१६ | ७०५४५१ | २३.८४ | २९५९००५ | १०० |
| | खर्च | १६८०९०७ | ७४.५९ | ५५००६२ | ७७.९७ | २२३०९६९ | ७५.४० |
| २०७९/८० | विनियोजन | १६७४५०६ | ६९.३६ | ७३९५८५ | ३०.६४ | २४१४०९१ | १०० |
| | खर्च | १११७५४७ | ६६.७४ | ५७७५०५ | ७८.०९ | १६९५०५२ | ७०.२१ |
| २०८०/८१ | विनियोजन | १५४८६८३ | ७२.०६ | ६००६१५ | २७.९४ | २१४९२९८ | १०० |
| | खर्च | ९६८७३१ | ६२.५५ | ४९५६२५ | ८२.५२ | १४६४३५६ | ६८.१३ |
| जम्मा विनियोजन | | ११५८९०६४ | ७१.१४ | ४७०१६१३ | २८.८६ | १६२९०६७७ | १०० |
| जम्मा खर्च | | ८३७५३६१ | ७२.२७ | ३९१५४१४ | ८३.२८ | १२२९०७७५ | ७५.४५ |

***स्रोतः*** *प्रदेश लेखा नियन्त्रक कार्यालय, कर्णाली प्रदेश।*

## ५. समीक्षा अवधिमा सम्पादन भएका प्रमुख कार्य

५.१ आ.व. २०८०/०८१ मा चालु खर्च तर्फ रू. १ अर्ब ५४ करोड ८६ लाख ८३ हजार र पुँजीगत खर्च तर्फ रू. ६० करोड ६ लाख १५ हजार गरी कुल विनियोजित बजेट रू. २ अर्ब १४ करोड ९२ लाख ९८ हजार बजेट रहेकोमा रू. १ अर्ब ४६ करोड ४३ लाख ५ हजार खर्च भइ ६८.१३ प्रतिशत वित्तीय प्रगति भएको थियो भने सो खर्च भएको रकमबाट कृषि व्यवसायमा संलग्न २५ हजार ८ सय १२ घरधुरी लाभान्वित भएकोमा औषतमा प्रति घरधुरी रू. ५६ हजार ७ सय ४५ लगानी भएको देखिन्छ,

५.२ ६२७ वटा साना सिँचाइ निर्माण लक्ष्य तोकिएकोमा ५७५ वटा साना सिँचाइ योजना सम्पन्न गरी ९५० हेक्टरमा सिँचाइ सुविधा सुधार र १०५ हेक्टर नयाँ जग्गामा सिँचाइ सुविधा पुगी ७ हजार ४ सय ७५ जना कृषक घरधुरीहरु लाभान्वित भएका छन्,

५.३ साविकको कर्णाली अञ्चलका ५ जिल्लामा प्रति लिटर रू. १०/- र अन्य जिल्लामा रू. ५/- का दरले ३७ लाख ९१ हजार ४ सय २९ लिटर दुधमा रू. १ करोड २३ हजार प्रोत्साहन अनुदान उपलब्ध गराई ३ हजार ७ सय ७६ जना कृषक लाभान्वित भएका छन्

५.४ भूकम्प प्रभावित जिल्ला (रुकुम पश्चिम, सल्यान र जाजरकोट ) का १ हजार ३ सय २० कृषकहरुको भेडा, बाख्रा, गाई/गोरु, भैंसी र कुखुरामा भएको क्षतिको राहत स्वरुप रू. २३ लाख ८७ हजार र हावाहुरीबाट मकै, धान र तरकारीमा भएको क्षति वापत ३ हजार ८ सय ३७ जना कृषकलाई रू. ९१ लाख ४९ हजार रकम प्रदान गरिएको छ,

५.५ पशु रोग नियन्त्रणको लागि १५ लाख १७ हजार ४ सय ७२ पशुलाई सङ्क्रामक रोग विरुद्ध खोप लगाइएको छ भने २ लाख २३ हजार २ सय ४४ पशुपन्छीलाई उपचार सेवा प्रदान गरिएको छ,

५.६ कर्णाली प्रदेशका दश वटै जिल्लामा जम्मा १ लाख ८२ हजार ४ सय ४० फलफूलका बिरूवा वितरण गरी स्याउ १७७ हेक्टर, ओखर १४९ हेक्टर, सुन्तला जात फलफूल १९० हेक्टर, कागती ५८ हेक्टर, आँप १३३ हेक्टर, लिची १४९ हेक्टर र अन्य फलफूल २३ हेक्टर गरी कुल ८७१ हेक्टर मा फलफूल खेतीको क्षेत्रफल विस्तार भएको छ,

५.७ कर्णाली प्रदेशमा कृत्रिम गर्भाधान मार्फत नश्ल सुधार गरि मासु तथा दुध उत्पादन वृद्धि गर्न आवश्यक तरल नाईट्रोजन आपूर्ति गर्न तरल नाईट्रोजन प्लाण्ट स्थापनाका लागि टेण्डर आब्हान गरिएको छ। गत आ.व. मा १ हजार ५ सय वटा पशुपन्छीमा गरिएको कृत्रिम गर्भाधान अब प्रदेशमा नै तरल नाईट्रोजन प्लाण्ट स्थापना भएपछि कृत्रिम गर्भाधान गरिने पशुको सङ्ख्यामा वृद्धि हुने र तरल नाईट्रोजनको लागि बाह्य प्रदेशमा जानु नपर्ने स्थिति आउनेछ,

५.८ मन्त्रालय र मातहतका निकायबाट गत आ.व. मा पशुपन्छीको उपचार, कृषिजन्य बीऊ, विजन र बेर्ना बिक्रीबाट जम्मा रू. ४७ लाख ८१ हजार ७ सय राजस्व सङ्कलन भएको छ,

५.९ विभिन्न ६ वटा बैङ्क र ८ वटा सहकारी संस्थाहरुबाट रू. ९९ करोड ९७ लाख १३ हजार पुँजी परिचालन भइ रू. ३ करोड ४० लाख २३ हजार व्याज

अनुदान भुक्तानी भएको र सो बाट ९७१ जना व्यवसायिक कृषकहरुले कृषि व्यवसाय सञ्चालन गरेका छन्,

५.१० तरकारी, फलफूल, च्याउ, बाख्रा तथा भैंसीपालन व्यवसायमा जिल्लास्तरमा व्यावसयिक कृषकको रुपमा पहिचान बनाउन सफल भएका १९ जना कृषकहरुलाई प्रथम, दोस्रो र तेस्रो स्थानका लागि क्रमशः रू. ४० हजार, ३० हजार  र २० हजार नगद तथा सम्मानपत्रबाट मुख्यमन्त्री उत्कृष्ट कृषकको रुपमा सम्मानित गरिएको छ,

५.११ १६७ जना कृषकलाई कृषि यान्त्रीकरणमार्फत कृषि व्यवसायलाई व्यावसायिक, प्रतिस्पर्धात्मक एवम् सहज र शुलभ बनाउन मिनि टिलर ८५ वटा, कम्बाईन मिल १७ वटा, आरन औजार उपकरण ११ सेट, च्याफकटर ३५ वटा र अन्य १९ वटा स-साना औजार उपकरण वितरण गरिएको छ,

५.१२ ७५ जना व्यावसायिक कृषकहरुले उत्पादन गरी प्राङ्गारिक प्रमाणीकरण गरेको ४१.५ मेट्रिक टन प्राङ्गारिक अदुवा र बेसारमा प्रति के.जी. रू. १० का दरले जम्मा रू. ४ लाख १५ हजार प्रोत्साहन रकम वितरण गरिएको छ,

५.१३ कृषकहरुको कृषि उपज उत्पादनलाई प्रोत्साहन गर्न ५० भन्दा बढी सङ्ख्यामा भेडा पालिरहेका ४६३ जना कृषक र १० भन्दा बढी चौरी सङ्ख्या भएका ४१ जना चौरीपालक कृषकहरुलाई रू. ८३ लाख ७ हजार रकम सहयोग प्रदान गरी भेडा तथा चौरीपालन व्यवसायलाई संरक्षण एवम् प्रवर्द्धन गरिएको छ,

५.१४ कृषि र पशुपन्छीजन्य उपजहरुको व्यावसायिक उत्पादनको लागि ब्लकमा उत्पादन गर्न सुन्तला जात फलफूल बालीको २, तरकारी,  हिउँदे मकै,  ड्रागन फ्रुट, चैते धान, केरा, मसलाबाली, आँप बालीको एक एक वटा र चौरी २, भेडा १ गरी कुल १२ वटा व्यवसायिक उत्पादन क्षेत्र (ब्लक) सञ्चालन गरी ३५५ जना कृषक लाभान्वित भएका छन्,

५.१५ बाली उपचार शिविर २७ वटा, माटो परीक्षण शिविर ३५, एकीकृत शत्रुजिव व्यवस्थापन प्रदर्शन ५३ र पशु स्वास्थ्य शिविर ४४ वटा सञ्चालन गरी ६ हजार २ सय ४२ जना कृषकहरु लाभान्वित भएका छन्

५.१६ कृषकहरुबाट उत्पादन भएको कृषिजन्य उपज (तरकारी, सुन्तला, फलफूल, मसलावाली, मह आदि) बाट रू. २ अर्ब २६ करोड ६७ लाख ११ हजार र

पशुपन्छीजन्य उपज (खसी, दुध, माछा, मासु, घिउ, राडीपाखी, छुर्पी आदि) बाट रू. १ अर्ब ८४ करोड ९० लाख ७० हजार गरी कुल रू. ४ अर्ब ११ करोड ७७ लाख ८१ हजार रकम बराबरको कृषि तथा पशुपन्छी जन्य उपजहरु यस प्रदेशबाट निर्यात भएको छ,

५.१७ कर्णाली प्रदेशको कृषि क्षेत्रमा कार्यरत ६ वटा गैर सरकारी सङ्घ सस्थाबाट कुल रू. ८८ करोड २५ लाख रकम लगानी गरी कृषि व्यवसाय प्रवर्द्धनबाट १२ हजार ३ सय ५० घरधुरीहरु लाभान्वित भएका छन्

५.१८ कर्णाली प्रदेशमा व्यावसायिक मासु उत्पादनको लागि पालिने बाख्रा र कुखुरा प्रवर्द्धनमा हरेक वर्ष दश वटै जिल्लामा बाख्रा प्रवर्द्धन र कुखुरा पालन व्यवसाय कार्यक्रम सञ्चालन भईरहेको छ। तथ्याङ्कगत रुपमा हेर्दा बाख्रा र कुखुराको सङख्या तुलना गर्दा क्रमशः आ.व. २०७९/८० मा १७ लाख ६२ हजार ९ सय ७७ र २५ लाख २६ हजार ३ सय ६७ वटाबाट वृद्धि भइ आ.व. २०८०/८१ मा १७ लाख ९८ हजार ९ सय ५७ र २६ लाख ४ हजार ५ सय ३ वटा सङ्ख्या पुगेको छ जसको वृद्धिदर २.०४ र ३.१ प्रतिशत रहेको छ। त्यसैगरी पशुपन्छीजन्य उत्पादन दुध, मासु, माछा र अण्डा उत्पादनको तथ्याङ्कलाई विश्लेषण गर्दा आ.व. २०७९/८० को तुलनामा क्रमश ६८ हजार ५ सय ३६.२२, ३० हजार १ सय ३३.५१, १९९.०६ र १४ हजार १ सय ४९.७३ मे.टनबाट वृद्धि भइ ६९ हजार ४ सय ५३, ३० हजार ९ सय ३.१०, २०० र १४ हजार ४१० मे.टन पुगेर क्रमश १.३, २.६, ०.५ र १.८ प्रतिशतका दरले वृद्धि भएको छ,

५.१९ स्वदेशी सोच र स्वदेशी लगानीमा सञ्चालन भएको प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाबाट आ.व. २०८०/८१ मा कुल रू. ३२ करोड ४५ लाख ७० हजार विनियोजित बजेट मध्ये रू. २६ करोड ६६ लाख ७८ हजार रकम खर्च गरी २३ वटा जोन (तरकारी, बीऊ, अदुवा, स्याउ, सुन्तलाजात फलफूल आदि) तथा एक वटा स्याउ सुपर जोनबाट ४ हजार ३ सय ५० कृषकहरु लाभान्वित भएका छन्,

५.२० कर्णाली प्रदेशको उत्पादनशिल भु-भागको उचित प्रयोग एवम् संरक्षणका लागि प्रदेश भू-उपयोग नीति, ऐन तथा प्रदेशको भूमिमा रहेको जोखिम

संवेदनशीलतालाई मध्यनजर गरी भू-उपयोग जोखिम संवेदनशील गुरु योजनाको मस्यौदा स्वीकृतिको लागि तयार भएको छ। साथै यसको कार्यान्वयनको लागि जिल्ला स्थित मालपोत तथा नापी कार्यालयहरुलाई प्रविधि हस्तान्तरण तथा सहजीकरणको कार्य शुरुवात गरिएको छ।

## ६. बजेट तथा कार्यक्रम कार्यान्वयनका समस्या/चुनौती

६.१ स्थापित स्रोत केन्द्र सञ्चालन र दिगो व्यवस्थापन गर्न नीतिगत अस्पष्टता,

६.२ सङ्घ, प्रदेश र स्थानीय तहबिच कार्य सञ्चालन मापदण्ड एकरुपता नहुनु,

६.३ कृषि व्यवसाय प्रवर्द्धन नियमावलीको अभाव,

६.४ विद्युतको थ्री-फेजको अभावको कारण शीत भण्डार, साना उद्योग लगायतका पूर्वाधारहरु सञ्चालनमा कठिनाई भएको,

६.५ उपभोक्ता समितिले सम्झौता बमोजिम पेश्की माग गर्ने तर काममा ध्यान नदिने प्रवृत्ति,

६.६ कृषि उद्योग सञ्चालनका लागि उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयसँग समन्वयको अभाव,

६.७ मन्त्रालय तथा मातहतका निकायहरुमा जीर्ण सवारी साधनले गर्दा कार्यक्रम सञ्चालन गर्न कठिनाई,

६.८ एकै प्रकृतिका कार्यक्रमहरु धेरैवटा निकायबाट सञ्चालन गर्दा कार्यान्वयनमा जटिलता,

६.९ हुम्ला जिल्ला तथा तिब्वती सिमानामा Plant and Animal Quarantine Check Post स्थापना गरी सञ्चालनको प्रकृया अगाडि बढाउनु पर्ने,

६.१० कर्णाली प्रदेशलाई प्राङ्गारिक प्रदेशको रुपमा स्थापित गराउने सोच अनुसार प्राङ्गारिक कृषि प्रविधिहरुको विकास तथा प्रसारको लागि अध्ययन, अनुसन्धान र क्षमता विकास नहुनु एउटा प्रमुख समस्या देखिएको छ।

## ७. गर्नुपर्ने सुधारका क्षेत्र

७.१ सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण (O&M) गरी सो अनुसार दरबन्दी पदपूर्ति गर्ने,

७.२ हुम्ला जिल्ला तथा तिब्बती सिमानामा Plant and Animal Quarantine Check Post स्थापना गरी सञ्चालनको प्रकृया अगाडि बढाउनु पर्ने,

७.३ अधुरा कृषि सडकहरुको निर्माण कार्य भौतिक पूर्वाधार तथा सहरी विकास मन्त्रालयबाट हुनुपर्ने, विगत आर्थिक वर्षहरुमा बनेका भौतिक संरचनाको सञ्चालनको लागि नीतिगत व्यवस्था हुनुपर्ने,

७.४ उत्पादनसँगै बजारीकरण तथा औद्योगिकीकरणका लागि अन्य सम्बन्धित निकायहरुसँग समन्वय गर्नुपर्ने,

७.५ अनुगमन तथा सुपेरीवेक्षणलाई नतिजामूलक बनाउनुपर्ने,

७.६ कृषि पूर्वाधारहरुको निर्माण, पूर्व लागत अनुमान, प्रभाव तथा कार्यान्वयन विधि स्पष्ट नभइ बजेट व्यवस्थापन गर्न नहुने,

७.७ ब्याज अनुदान प्रकृतिको अनुदान मोडल प्रभावकारी देखिएकोले त्यसलाई निरन्तरता दिनुपर्ने,

७.८ कृषक र कृषि व्यवसायीलाई उपलब्ध गराईने अनुदानलाई व्यवस्थित एवम् प्रभावकारी बनाउन उत्पादनमा आधारित प्रोत्साहान सहयोग, साना तथा मझौला कृषिमा आधारित उद्योग एवम् उद्यमीहरुलाई व्याज अनुदान सहयोग र कृषि क्षेत्रमा ठुला खालका भौतिक पूर्वाधारहरु जस्तै कोल्ड स्टोर, सङ्कलन केन्द्र, सेलार स्टोर, प्रशोधन उद्योग आदि निर्माण गर्नुपूर्व सम्भाव्यता अध्ययन गरेर मात्र कार्यन्वयन गर्ने र ठुला योजनाहरु भन्दा साना तथा मध्यम योजनाहरुको कार्यान्वयनलाई प्राथमिकता दिनु पर्नेछ।

**तालिका ३४(क): बजेट कार्यान्वयनबाट हासिल भएका मुख्य उपलब्धिहरु**

| प्रमुख सूचक | इकाई | आ.व. २०७४/७५ | आ.व.२०८०/०८१ को प्रगति | कैफियत |
|---|---|---|---|---|
| प्रमुख खाद्यान्न बालीहरूको उत्पादनमा वृद्धि | मे.टन. | ५३९.१३ | ५४४.८३७ | |
| प्रमुख खाद्यान्न बालीहरूको उत्पादकत्व | मे.टन/हे | २.२२ | २.३८ | |
| प्रमुख पशुपन्छीजन्य उत्पादनहरूको वृद्धि दर | प्रतिशत | ३.५ | ४.२९ | |

***स्रोतः** प्रदेश लेखा नियन्त्रक कार्यालय, कर्णाली प्रदेश।*

**तालिका ३४ (ख): बजेट कार्यन्वयनबाट हासिल भएका मुख्य उपलब्धि**

| प्रमुख सूचक | इकाई | आ.व. २०७५/०७६ | आ.व.२०८०/०८१ को प्रगति | कैफियत |
|---|---|---|---|---|
| मासु उत्पादन | मे.टन. | ३२३८३ | २४२९२ | |
| दुध उत्पादन (हजारमा) | लिटर | १०६३५४ | ११८७४२ | |

| प्रमुख सूचक | इकाई | आ.व. २०७५/०७६ | आ.व.२०८०/०८१ को प्रगति | कैफियत |
|---|---|---|---|---|
| अण्डा उत्पादन (हजारमा) | गोटा | २६८९५ | २९५५८ | |
| माछा उत्पादन | मे.टन. | ५१.८३ | ८७ | |
| मह उत्पादन | मे.टन. | १७.५ | ३८ | |
| डेरी तथा दुग्ध सङ्कलन केन्द्र | सङ्ख्या | १२ | १८ | |
| दुग्ध प्रशोधन केन्द्र | सङ्ख्या | २ | ४ | |
| गाई पालन (हजारमा) | सङ्ख्या | ५३२.४३ | ६७४.४१७ | |
| भैंसी पालन (हजारमा) | सङ्ख्या | ३२९.९६६ | १६०.०३४ | |
| बाख्रा पालन (हजारमा) | सङ्ख्या | १५९०.९१ | १३६९.६१ | |
| भेडा पालन (हजारमा) | सङ्ख्या | ३१८.१० | २२२.०३५ | |
| कुखुरा पालन (हजारमा) | सङ्ख्या | १७५९.१५ | २१३६.९४ | |
| हाँस पालन (हजारमा) | सङ्ख्या | ८ | ११.०८ | |
| कालिज पालन (हजारमा) | सङ्ख्या | ८१८ | ८३५ | |
| पशु खोप सेवा (हजारमा) | सङ्ख्या | १०१५ | १४३६.९३९ | |
| पन्छी खोप सेवा (हजारमा) | सङ्ख्या | १५० | १५१.९ | |
| भकारो सुधार (हजारमा) | सङ्ख्या | १५० | १२३६ | |

***स्रोतः*** *भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय।*

### तालिका ३५ः प्रति व्यक्ति, प्रति वर्ष कृषि उत्पादनको उपलब्धता सम्बन्धी

| प्रमुख सूचक | इकाई | आ.व. २०७५/०७६ | आ.व.२०८०/०८१ को प्रगति | कैफियत |
|---|---|---|---|---|
| खाद्यान्न | कि.ग्रा. | १७४ | १८७.३२ | |
| मासु | कि.ग्रा. | १२.७८ | १४.१८ | |
| दुध | लिटर | ५९.३५ | ६९.३१ | |
| अण्डा | गोटा | १८ | १८ | |
| माछा | कि.ग्रा. | ३ | ८.१ | |
| दलहन | कि.ग्रा. | २० | १३ | |

| प्रमुख सूचक | इकाई | आ.व. २०७५/०७६ | आ.व.२०८०/०८१ को प्रगति | कैफियत |
|---|---|---|---|---|
| तरकारी | कि.ग्रा. | ८० | ८७.३ | |
| फलफूल (स्याउ सुन्तला केरा आदि) | कि.ग्रा. | ६.१ | ४९.०८ | |

*स्रोतः भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय।*

### तालिका ३६ः आन्तरिक राजस्वको लक्ष्य र प्राप्ति (सेवा शुल्क/टेण्डर)

| राजस्व सङ्कलन गर्ने निकाय | राजस्व (रू. हजारमा) |
|---|---|
| कृषि विकासतर्फ | ३४७४ |
| पशुसेवातर्फ | ९७३.० |
| मन्त्रालय, प्रशिक्षण केन्द्र, प्रयोगशाला, सहकारी रजिस्ट्रारको कार्यालय | ३३४.७ |
| जम्मा | ४७८१.७ |

*स्रोतः भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय।*

### तालिका ३७ः लेखापरीक्षण अङ्क र त्यसमा कायम बेरूजु सम्बन्धी विवरण

| आर्थिक वर्ष | लेखापरीक्षण अङ्क (विनियोजित बजेट) | बेरुजु अङ्क | फस्यौंट रकम | एकीकृत बाँकी बेरुजु | कैफियत |
|---|---|---|---|---|---|
| २०७४/०७५ | १००७७७ | नभएको | | | |
| २०७५/०७६ | २८४१९०९ | ९६२४५ | ७७५५६ | १८६८९ | |
| २०७६/०७७ | ३४५०१८६ | १८४५४३ | ५७३४७ | १२७१९६ | |
| २०७७/०७८ | २७०४३४० | २२४२५ | ८६१ | २१५६४ | |
| २०७८/०७९ | २९४७००५ | ५४२३८ | - | ५४२३८ | |
| २०७९/०८० | २४१४०९२ | ९९९२ | - | ९९९२ | |
| जम्मा | १४४५८३०९ | ३६७४४३ | १३५७६४ | २३१६७९ | |

*स्रोतः भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय।*

**तालिका ३८: बहुवर्षीय तथा स्रोत सुनिश्चिता प्राप्त आयोनाहरुको प्रगति विवरण**

| आयोजनाको विवरण | आयोजना सुरु भएको मिति | ठेक्का रकम (रू. हजारमा) | कार्य सम्पन्न हुने मिति | प्रगति |
|---|---|---|---|---|
| श्री कृषि विकास कार्यालय रुकुम पश्चिम (भवन निर्माण) | २०७९/८० | ५३१०० | २०८१/०८२ | ७०% |
| श्री कृषि विकास कार्यालय मुगु (भवन निर्माण) | २०८०/८१ | २५४२७ | २०८१/०८२ | २०% |
| श्री भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय सुर्खेत (तरल नाईट्रोजन उत्पादन प्लान्ट स्थापना तथा सञ्चालन) | २०८०/८१ | ६०५३७ | २०८१/०८२ | ५% |

***स्रोतः*** *भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय।*

## ३.९ आन्तरिक मामिला तथा कानुन मन्त्रालय

### १. पृष्ठभूमि

सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपालको मूल संरचना सङ्घ, प्रदेश र स्थानीय तह गरी तीन तहको रहेको छ। राज्य शक्तिको प्रयोग सङ्घ, प्रदेश र स्थानीय तहले गर्ने संवैधानिक प्रावधान छ। संविधान बमोजिम सङ्घको एकल अधिकार अनुसूची-५ र साझा अधिकार अनुसूची-७ र ९ , प्रदेशको एकल अधिकार अनुसूची-६ र साझा अधिकार अनुसूची-७ र ९ तथा स्थानीय तहको एकल अधिकार अनुसूची-८ र साझा अधिकार अनुसूची-९ मा उल्लिखित विषयमा निहित छ। धारा ५८ मा यस संविधान बमोजिम सङ्घ, प्रदेश तथा स्थानीय तहको अधिकारको सूची वा साझा सूचीमा उल्लेख नभएको वा यो संविधानमा कुनै तहले प्रयोग गर्ने गरी नतोकिएको विषयमा सङ्घको अधिकार हुने गरी अवशिष्ट अधिकार (Residual Right) को प्रयोग गर्ने अधिकार भने सङ्घलाई प्रदान गरिएको छ। सङ्घ, प्रदेश र स्थानीय तह गरी तीनै तहको निर्वाचन सम्पन्न भए पश्चात नेपाल सरकारको मिति २०७४ साल माघ १० गतेको निर्णयानुसार कर्णाली प्रदेशमा सातवटा मन्त्रालयहरुको स्थापना गरिएको छ। आठवटा मन्त्रालयहरु मध्येको आन्तरिक मामिला तथा कानुन मन्त्रालय पनि एक हो। साविक सहरी विकास तथा भवन डिभिजन कार्यालय सुर्खेतको भवनमा मिति २०७४/१०/१९ गते स्थापना भइ सञ्चालनमा रहेको छ। यसको गठन प्रदेशमा शान्ति सुरक्षा र सुव्यवस्था सम्बन्धी नीति, कानुन, मापदण्ड र योजना तर्जुमा तथा कार्यान्वयन, नियमन, सूचना सङ्कलन, मूल्याङ्कन र प्रतिवेदन तथा संघसंस्थाको समन्वय र सहकार्य गर्ने मुख्य उद्देश्यका साथ यस मन्त्रालयको स्थापना भएको छ।

### २. दीर्घकालीन सोच

"समृद्ध कर्णाली, सुखारी कर्णालीवासी" बनाउने दीर्घकालीन सोच कार्यान्वयन गर्न नागरिकको जीउ ज्यान, सम्पत्ति, स्वतन्त्रता र आधारभूत मानव अधिकारको संरक्षण एवम् शान्त र सुरक्षित प्रदेश।

### ३. ध्येय

दिगो र भरपर्दो शान्ति सुरक्षा व्यवस्था, विपद् व्यवस्थापन, जोखिम न्यूनीकरण र सूचना प्रविधिको विकास, नयाँ स्थानीय प्रशासनको सञ्चालन, व्यवस्थापन र समन्वय गर्ने।

### ४. कार्यक्षेत्र

४.१ प्रदेश शान्ति सुरक्षा र सु-व्यवस्था सम्बन्धी नीति, कानुन, मापदण्ड र योजना तर्जुमा तथा कार्यान्वयन, नियमन, सूचना सङ्कलन, मूल्याङ्कन र प्रतिवेदन तथा सङ्घसँगको समन्वय र सहकार्य,

४.२ अतिविशिष्ट व्यक्ति, महत्त्वपूर्ण भौतिक संरचना, संवेदनशील सार्वजनिक स्थल तथा समारोहको सुरक्षा,

४.३ सङ्घीय र प्रदेश सुरक्षा निकायसँगको सम्पर्क, सम्बन्ध, सूचना आदान-प्रदान र समन्वय,

४.४ सङ्घीय कानुन बमोजिम प्रदेश प्रहरी सञ्चालन, व्यवस्थापन र नियमन,

४.५ प्रदेशभित्रको अपराध अनुसन्धान, सूचना सङ्कलन, रोकथाम, नियन्त्रण तथा समन्वय,

४.६ कानुन, न्याय तथा प्रदेश सभा मामिला सम्बन्धी,

४.७ प्रदेश सभामा पेश हुने विधेयक तर्जुमा र प्रमाणीकरण सम्बन्धी,

४.८ अन्तर्राष्ट्रिय सीमा क्षेत्रमा हुने अपराध र गतिविधिको सूचना सङ्कलन, विश्लेषण र उपयोग तथा अन्तर्राष्ट्रिय सीमा सुरक्षामा सहयोग,

४.९ आधारभूत मानव अधिकारको संरक्षण, नागरिक स्वतन्त्रताको रक्षा तथा प्रवर्द्धनमा सहयोग,

४.१० प्रादेशिक कारागार तथा हिरासतको व्यवस्थापन र सुरक्षा, थुनुवा तथा कैदीहरूको मानव अधिकारको संरक्षण र एक प्रदेशबाट अर्को प्रदेशमा अभियुक्त, थुनुवा वा कैदीको स्थानान्तरण सम्बन्धी,

४.११ सामुदायिक प्रहरी,

४.१२ प्रदेशभित्रको सडक सुरक्षा र ट्राफिक व्यवस्थापन,

४.१३ प्रदेशभित्र न्यायिक र अर्धन्यायिक निकायले गरेका फैसला कार्यान्वयन,

४.१४ प्रदेशभित्रका गैरसरकारी सङ्घ, संस्थाहरुको अभिलेख, समन्वय, अनुगमन, अनुगमन तथा मूल्याङ्कन र नियमन,

४.१५ गुनासो र विवाद व्यवस्थापन,

४.१६ सङ्घीय मापदण्ड बमोजिम हातहतियार, खरखजाना तथा विष्फोटक पदार्थको नियमन,

४.१७ फौजदारी कार्यविधि कानुनको कार्यान्वयन,

४.१८ अपराध तथा यातना पीडितको पुनर्स्थापना र क्षतिपूर्ति,

४.१९ निवारक नजरबन्द र स्थान हद सम्बन्धी,

४.२० अन्तर प्रदेश सम्बन्ध,

४.२१ सरकारी प्रयोजनका लागि जग्गा अधिग्रहण तथा सम्पत्ति प्राप्ति सम्बन्धी प्रादेशिक नीति तथा कानुन तर्जुमा, कार्यान्वयन र नियमन तथा जग्गा विवाद समाधान,

४.२२ स्थानीय प्रशासनको सञ्चालन, व्यवस्थापन र समन्वय,

४.२३ पारिवारिक मामिला (विवाह, सम्पत्ति हस्तान्तरण, सम्बन्ध विच्छेद, अभिभावकविहीन बालबालिका, धर्मपुत्र, धर्मपुत्री उत्तराधिकार र संयुक्त परिवार) सम्बन्धी नीति, कानुन र मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन,

४.२४ विपद् व्यवस्थापन, जोखिम न्यूनीकरण र विपद् प्रतिकार्य, प्रादेशिक विपद् कोष स्थापना र सञ्चालन, स्थानीय विपद् कोषमा सहयोग, तथ्याङ्क व्यवस्थापन र अध्ययन तथा अनुसन्धान, विपद् जोखिम क्षेत्र नक्साङ्कन र बस्ती स्थानान्तरण सम्बन्धी प्रादेशिक नीति, कानुन, मापदण्ड र योजना तर्जुमा, कार्यान्वयन र नियमन,

४.२५ उपाधि, सम्मान तथा विभूषणको सिफारिस,

४.२६ प्रदेशस्तरमा सार्वजनिक बिदा, उत्सव, उर्दी आादिको व्यवस्थापन,

४.२७ प्रदेशस्तरमा दिगो शान्ति व्यवस्थापन तथा द्वन्द्वबाट पीडित तथा विस्थापित व्यक्तिको पुर्नस्थापन सम्बन्धी,

४.२८ सत्यनिरुपण तथा मेलमिलाप र वेपत्ता पारिएका व्यक्ति सम्बन्धी,

४.२९ प्रदेशस्तरको विद्युतीय सञ्चार माध्यम सञ्चालन सम्बन्धी नीति, कानुन र मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन तथा अनुमति, इजाजत र नवीकरण,

४.३० प्रदेशस्तरमा तारयुक्त र ताररहित ब्रोडब्याण्ड पूर्वाधारको विकास, व्यवस्थापन र नियमन,

४.३१ प्रदेशस्तरमा सूचना प्रविधिको प्रवर्द्धन, सूचना प्रविधि पार्कको निर्माण, सञ्चालन र नियमन,

४.३२ प्रदेशभित्र टेलिसेन्टर सञ्चालन, व्यवस्थापन र नियमन,

४.३३ प्रदेशस्तरका इन्टरनेट सेवा र अनलाइन तथा अन्य प्रविधिमा आधारित सञ्चार माध्यमको दर्ता, अभिलेख, अनुमति, नवीकरण, अनुगमन र नियमन,

४.३४ साइवर सुरक्षा अनुगमन,

४.३५ छापा सञ्चार माध्यमको दर्ता, अनुमति, आचार संहिता निर्धारण र अनुगमन, अभिलेखाङ्कन, वर्गीकरण, सञ्चालन र नियमन,

४.३६ प्रेस सूचना प्रवाह, सूचना सामग्रीको उत्पादन, प्रकाशन र वितरण,

४.३७ श्रमजीवी सञ्चारकर्मीहरुको न्यूनतम पारिश्रमिक अनुगमन,

४.३८ प्रदेशस्तरीय प्रेस रजिष्ट्रार सम्बन्धी,

४.३९ केबुल वितरणको इजाजत, नवीकरण र नियमन,

४.४० सूचनाको हक सम्बन्धी प्रादेशिक नीति, कानुन तथा मापदण्ड तर्जुमा र कार्यान्वयन,

४.४१ चलचित्र निर्माण, हल सञ्चालन तथा प्रदर्शन अनुमति र नियमन,

४.४२ प्रदेश सरकार अन्तर्गत रहेका सरकारी सवारी साधनको अभिलेख, नियन्त्रण, संरक्षण, व्यवस्थापन र समन्वय,

४.४३ अन्य कुनै पनि मन्त्रालयलाई गर्ने भनि स्पष्ट रुपमा नतोकिएको कार्य।

**तालिका ३९: आन्तरिक मामिला तथ कानुन मन्त्रालयको आ. व. २०८०/८१ मा खुद बजेट विनियोजन र खर्च सम्बन्धी विवरण**

*(रू. हजारमा)*

| बजेट शीर्षक | विनियोजन | खर्च रकम | खर्च प्रतिशत |
|---|---|---|---|
| चालु | २९९२२१ | २१०८७४ | ७०.४७ |
| पुँजीगत | ९०६२९ | ४८८०४ | ५३.८५ |
| **जम्मा** | **३८९८५०** | **२५९६७८** | **६६.६१** |

***स्रोत:*** *प्रदेश लेखा नियन्त्रक कार्यालय, कर्णाली प्रदेश।*

**चार्ट १९: आन्तरिक मामिला तथा कानुन मन्त्रालयको आ.व. २०७९/०८० र २०८०/८१ को मासिक रुपमा खर्चको तुलनात्मक विवरण (प्रतिशतमा)**




***स्रोत:*** *प्रदेश लेखा नियन्त्रक कार्यालय, कर्णाली प्रदेश।*

## तालिका ४०: आन्तरिक मामिला तथा कानुन मन्त्रालयको राजस्व सङ्कलनको लक्ष्य र प्राप्ति सम्बन्धी विवरण

*(रू. हजारमा)*

| क्र.सं. | राजस्व शीर्षक | आ.व. २०७९/८० | आ.व. २०८०/८१ |
|---|---|---|---|
| १ | १४१५-सरकारी सम्पतिको बहालबाट प्राप्त आय | २७ | १०.२ |
| २ | १४१५९-अन्य स्रोतबाट प्राप्त बाँडफाँट नहुने रोयल्टी | ४१६ | २५४.३३ |
| ३ | १४२२९-अन्य प्रशासनिक सेवा शुल्क | १६६ | ९३.६ |
| ४ | १४२५४-रेडियो/एफ.एम. सञ्चालन दस्तुर | १२५७ | ४६१ |
| ५ | १४२५५-टेलिभिजन सञ्चालन दस्तुर | | ३१० |
| | **जम्मा** | **१८६६** | **११२९** |

**स्रोत:** *आन्तरिक मामिला तथा कानुन मन्त्रालय।*

## तालिका ४१: आन्तरिक मामिला तथा कानुन मन्त्रालयको लेखापरीक्षण अङ्क र त्यसमा कायम बेरूजु सम्बन्धी विवरण

| क्र.सं. | आ.व. | लगती बेरुजु (रू.लाखमा) | | | | बेरुजु फछ्र्यौट (रू.लाखमा) | | | | बाँकी लगती बेरुजु (रू.लाखमा) | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | नियमित | पेश्की | असुल उपर | जम्मा बेरुजु | नियमित | पेश्की | असुल उपर | जम्मा बेरुजु | नियमित | पेश्की | असुल उपर | जम्मा बेरुजु |
| १ | २०७४/७५ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| २ | २०७५/७६ | ० | ० | ०.२२३ | ०.२२३ | ० | ० | ०.२२३ | ०.२२३ | ० | ० | ० | ० |
| ३ | २०७६/७७ | ६.४८ | ० | ०.२३ | ६.७१ | ० | ० | ०.१९ | ०.१९ | ६.४८ | ० | ० | ६.४८ |
| ४ | २०७७/७८ | ३४६ | ० | ० | ३४६ | ३१९ | ० | ० | ३१९ | २७ | ० | ० | २७ |
| ५ | २०७८/७९ | १२३.१ | ० | ० | १२३.१ | ० | ० | ० | ० | १२३.१ | ० | ० | १२३.१ |
| ६ | २०७९/८० | १६६.४४ | ० | ० | १६६.४४ | ० | ० | ० | ० | १६६.४४ | | | १६६.४४ |
| **जम्मा** | | ६४२ | ० | ०.४६ | ६४२ | ३१९ | ० | ०.४२ | ३१९.५ | ३२३ | ० | ० | ३२३ |

(जम्मा बेरूजु फस्यौंट ४९.७५ प्रतिशत)

**स्रोत:** *आन्तरिक मामिला तथा कानुन मन्त्रालय।*

तालिका ४२: आन्तरिक मामिला तथा कानुन मन्त्रालयको आ. व. २०७४/७५ देखि र २०८०/८१ सम्म खुद बजेट विनियोजनको तुलनामा खर्च सम्बन्धी विवरण (रू. हजारमा)

| आर्थिक वर्ष | विवरण | चालु | प्रतिशत | पुँजीगत | प्रतिशत | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| २०७४/७५ | विनियोजन | ३६६२० | ७३.०६ | १३५०० | २६.९४ | ५०१२० | १०० |
| | खर्च | ११५५४ | ३१.५५ | ७००९ | ५१.९२ | १८५६३ | ३७.०४ |
| २०७५/७६ | विनियोजन | ४३९५८० | ४३.३६ | ५७४२०० | ५६.६४ | १०१३७८० | १०० |
| | खर्च | १८२६१४ | ४१.५४ | १८७१७७ | ३२.६० | ३६९७९१ | ३६.४८ |
| २०७६/७७ | विनियोजन | ३६४५५८ | ४६.९८ | ४११५०० | ५३.०२ | ७७६०५८ | १०० |
| | खर्च | ३६४५५८ | १०० | ६४३४२ | १५.६४ | ४२८९०० | ५५.२७ |
| २०७७/७८ | विनियोजन | २४९५०३ | ४०.०२ | ३७३९४८ | ५९.९८ | ६२३४५१ | १०० |
| | खर्च | १४३२१८ | ५७.४० | १५५११९ | ४१.४८ | २९८३३७ | ४७.८५ |
| २०७८/७९ | विनियोजन | ४३९४१७ | ६४.१५ | २४५५५० | ३५.८५ | ६८४९६७ | १०० |
| | खर्च | १२०११५ | २७.३४ | १४१६६५ | ५७.६९ | २६१७८० | ३८.२२ |
| २०७९/८० | विनियोजन | २५७४८३ | ८५.२९ | ४४४१० | १४.७१ | ३०१८९३ | १०० |
| | खर्च | १५६९९३ | ६०.९७ | २४८२९ | ५५.९१ | १८१८२२ | ६०.२३ |
| २०८०/८१ | विनियोजन | २९९२२१ | ७६.७५ | ९०६२९ | २३.२५ | ३८९८५० | १०० |
| | खर्च | २१०८७४ | ७०.४७ | ४८८०४ | ५३.८५ | २५९६७८ | ६६.६१ |
| जम्मा विनियोजन | | २०८६३८२ | ५४.३३ | १७५३७३७ | ४५.६७ | ३८४०११९ | १०० |
| जम्मा खर्च | | ११८९९२६ | ५७.०३ | ६२८९४५ | ३५.८६ | १८१८८७१ | ४७.३६ |

***स्रोतः** प्रदेश लेखा नियन्त्रक कार्यालय, कर्णाली प्रदेश।*

## ५. समीक्षा अवधिमा सम्पादन भएका प्रमुख कार्य

५.१ ४४ वटा प्रदेश राजपत्र प्रकाशन, ६६ वटा कानुनी विषयमा सहमति प्रदान गरिएको र ९ वटा निर्देशिका, कार्यविधि, तथा मापदण्ड निर्माण गरिएको,

५.२ कर्णाली प्रदेश सभामा दर्ता भएका ६ वटा विधेयक मध्ये प्रदेश निजामती सेवा सम्बन्धमा व्यवस्था गर्ने बनेको विधेयक पारित भएको र बाँकी देहायका विधेयकहरू छलफलको चरणमा रहेको छः

क. दलित अधिकार प्रवर्द्धन तथा सशक्तीकरण सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक,

ख. कर्णाली प्रदेशको लोकमार्गको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक,

ग. स्थानीय सेवाको गठन तथा सञ्चालन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक,

घ. प्रदेश प्रहरी सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक,

ङ. प्रदेश विद्युत सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक।

५.३ कर्णाली प्रदेश पदक वितरण सम्बन्धी विधेयकको मस्यौदा तयार भएको,

५.४ गैरसरकारी संस्थाको नियमन सम्बन्धी अवधारणपत्र मन्त्रिपरिषद्बाट स्वीकृत भएको,

५.५ विपद् जोखिम सामुहिक दुर्घटना बिमाका लागि राष्ट्रिय बिमा कम्पनीसँग सम्झौता गरी रू. १ करोड ६५ लाख बिमा गरिएको। जसमध्ये, जाजरकोट भुकम्पमा परी मृत्यु भएका १५१ जनालाई प्रतिव्यक्ति रू. २ लाखका दरले रू. ३ करोड २ लाख रकम भुक्तानी गरिएको र अन्य विपद्मा परी मृत्यु भएका २० जनालाई प्रति व्यक्ति रू. २ लाखका दरले रू. ४० लाख रकम भुक्तानी गरिएको,

५.६ जनयुद्ध, जनआन्दोलन र प्रदेश प्राप्तिको आन्दोलनका क्रममा सहिद भएका व्यक्तिका २ हजार २ सय ८५ परिवारलाई सहिद स्मृति भत्ता वापत वार्षिक रू. २४ हजारका दरले रू. ५ करोड ४८ लाख ४० हजार र घाइते अपाङ्गता भएका व्यक्तिलाई जीवन निर्वाह विशेष भत्ता वापत १ हजार ६ सय ९३ जनालाई वार्षिक रू. २४ हजारका दरले रू. ४ करोड ६ लाख ३२ हजार सम्बन्धित स्थानीय तहमार्फत् भत्ता वितरण गरिएको,

५.७ द्वन्द्व पीडित घाइते उपचारतर्फ प्रदेश अस्पतालसँग सम्झौता गरी १०२ जनाको उपचार गर्दा रू. १५ लाख खर्च भएको,

५.८ प्रदेशभित्रका विभिन्न १४ वटा प्रहरी भवनको लागि रू. २ करोड ८० लाख रकम सम्बन्धित प्रहरी कार्यालयमार्फत् निर्माण कार्य सम्पन्न भएको,

५.९ नेपाल प्रहरी विशेष सुरक्षा गण (हाल नेपालगञ्ज) लाई गुर्भाकोट नगरपालिकामा स्थान्तरणका लागि रू. १ करोड ९१ लाख २९ हजार रकम नगरपालिकामार्फत् कार्य सम्पन्न भएको,

५.१० भुकम्प प्रभावित क्षेत्रमा तत्काल उद्धार, राहत वितरण लगायतका कार्य गर्न जाजरकोट, रुकुम पश्चिम र सल्यान गरी १६ पालिकाहरुमा रू. २ करोड ४५ लाख रकम उपलब्ध गराइएको,

५.११ प्रदेशभित्रका १० वटै जिल्ला प्रशासन कार्यालयलाई विपद् राहत वितरणका लागि रू. ५ करोड रकम पठाइएको,

५.१२ आ.व. २०८०/०८१ मा ६ जनाको हेलिकोप्टर मार्फत उद्धार गर्दा रू. २२ लाख ७६ हजार खर्च भएको,

५.१३ ललितपुर जिल्लाको बालकुमारी घटनामा मृत्यु भएका दैलेखका सुजन रावतका परिवारलाई राहत रकम स्वरुप रू. २ लाख उपलब्ध गराइएको,

५.१४ सशस्त्र प्रहरी बल नेपाल महेश्वरी बाहिनीलाई विपद् उद्धार सामग्री र प्रदेश ट्राफिक कार्यालयलाई सडक सुशासन सम्बन्धी सामग्री खरिद गरी हस्तान्तरण गरिएको,

५.१५ कर्णाली प्रदेशभित्रका ७८ वटा सञ्चार माध्यमलाई जनचेतना/सन्देशमूलक लोककल्याणकारी विज्ञापन वितरण गरिएको,

५.१६ मर्यादित यातायात सेवाका लागि ४ वटा ट्राफिक सचेतना कार्यक्रम सम्पन्न भएको,

५.१७ लागुऔषध न्यूनीकरणका लागि ७ वटा दुर्व्यसनी सचेतना कार्यक्रम सम्पन्न भएको,

५.१८ कारागारमा रहेका कैदीबन्दीलाई ३ वटा मनोसामाजिक परामर्श कार्यक्रम सञ्चालन गरिएको।

## ६. बजेट तथा कार्यक्रम कार्यान्वयनमा देखा परेका प्रमुख समस्या/चुनौती

६.१ स्वीकृत दरबन्दी अनुसार पदपुर्ति नभएको,

६.२ सङ्घीय कार्यालय र स्थानीय तहमार्फत कार्यक्रम कार्यान्वयन गराउँदा सम्बन्धित सङ्घीय मन्त्रालयको सहमति प्राप्तिमा समय लाग्ने,

६.३ तीन तहका सरकारबिच अधिकार क्षेत्र र जिम्मेवारीका सम्बन्धमा साझा बुझाई नहुनु।

## ७. सुधार गर्नुपर्ने क्षेत्र

७.१ स्वीकृत दरबन्दी अनुसार पदपूर्ति गर्ने,

७.२ कानुनी सहमती प्रक्रियामा एकरुपता कायम गर्ने,

७.३ सङ्घ तथा स्थानीय तहसँगको समन्वयलाई प्रभावकारी बनाउने।

## ३.१० भौतिक पूर्वाधार तथा सहरी विकास मन्त्रालय

### १. पृष्ठभूमि

नेपालको संविधान लागु हुनुपूर्व भौतिक पूर्वाधार तथा यातायात, सहरी विकास मन्त्रालय र सो अन्तर्गतका संरचनाहरूबाट सम्पादन हुँदै आएका कार्यक्रमहरू संविधान लागु भएपछि सङ्घ, प्रदेश र स्थानीय तहबाट सम्पादन हुनुपर्ने संवैधानिक व्यवस्था छ। उक्त व्यवस्था अनुसार प्रदेशस्तरका परिवहन, लोकमार्ग, प्रदेश सरकारी कार्यालयहरूको भौतिक व्यवस्थापन यस मन्त्रालय अन्तर्गत रहेको छ। साथै सङ्घ र प्रदेशको साझा अधिकारको सूची, सङ्घ, प्रदेश र स्थानीय तहको साझा अधिकारको सूची, कर्णाली प्रदेश सरकारद्वारा स्वीकृत प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ (संशोधित २०७८ समेत) मा उल्लिखित कार्यहरू यस मन्त्रालयको कार्य जिम्मेवारीमा राखिएको छ। उक्त नियमावली अनुसार प्रदेशस्तरको प्रदेश लोकमार्ग तथा यातायात, प्रदेशस्तरका सरकारी कार्यालयहरूको भौतिक व्यवस्थापन र निर्माण, सहरी विकास योजना तर्जुमा तथा पूर्वाधार निर्माण, सञ्चालन, मर्मत सम्भार लगायतका विषयको आवश्यक नीति, कानुन, गुरुयोजना, योजना निर्माण, मापदण्ड तयारी कार्य यस मन्त्रालयद्वारा सम्पादित हुनेछ। यस्ता भौतिक पूर्वाधारसँग सम्बन्धित आयोजनाहरूको निर्माण, सञ्चालन, अनुगमन तथा मूल्याङ्कन, मर्मत-सम्भार एवम् आवश्यक समन्वय र नियमन, अध्ययन, अनुसन्धान लगायत मार्ग निर्देशनको कार्य यस मन्त्रालयबाट सम्पादन हुन्छन्।

### २. दीर्घकालीन सोच

२.१ सडक पूर्वाधार र यातायातको विकासमार्फत् प्रदेशमा रहेका बस्तीमा पहुँच अभिवृद्धि गरी आर्थिक समृद्धि हासिल गर्ने,

२.२ प्रतिस्पर्धी, सर्वसुलभ, सुरक्षित र वातावरणमैत्री यातायात प्रणालीको विकास र व्यवस्थित सहरीकरणमार्फत् दिगो आर्थिक सामाजिक समृद्धि हुने,

२.३ सुरक्षित र सुविधायुक्त एकीकृत आवास तथा बस्ती विकासमार्फत् दिगो विकास गर्ने।

### ३. ध्येय

३.१ सडक सञ्जालको सन्तुलित विकास तथा विस्तार गरी कनेक्टिभिटी वृद्धि गर्ने,

३.२ वातावरणमैत्री, कम खर्चिलो, सुरक्षित र दिगो सडक पूर्वाधारको विकास एवम् विस्तार, भरपर्दो यातायात व्यवस्था र सेवा प्रवाहको प्रभावकारिता अभिवृद्धि गरी आर्थिक क्रियाकलाप विस्तार गर्ने,

३.३ सङ्घ र प्रदेश, प्रदेश र प्रदेश, प्रदेश र स्थानीय तहबिचको सडक पूर्वाधार विकासको माध्यमद्वारा पहुँच स्थापना र अभिवृद्धिमार्फत् सेवा प्रवाहको गुणस्तर कायम गरी व्यापारिक सम्बन्ध विस्तार गर्नु,

३.४ सडक पूर्वाधारको उचित मर्मत सम्भार र संरक्षण गरी सहज सवारी आवागमनको सुनिश्चितता गर्ने,

३.५ यातायात सेवालाई प्रतिस्पर्धी, सर्वसुलभ, भरपर्दो, सुरक्षित र अनुशासित बनाई आवागमन र ढुवानीलाई सहज बनाउने,

३.६ विपद् प्रतिरोधी, मानव केन्द्रित, सुरक्षित, आर्थिक रूपमा गतिशील, स्वच्छ, सफा र व्यवस्थित सहर निर्माण गर्ने,

३.७ सहरको योजना, निर्माण, व्यवस्थापन, सुधार तथा विस्तारका लागि प्राविधिक क्षमता अभिवृद्धि र सहरी पूर्वाधार सुशासनको संस्थागत विकास गर्ने,

३.८ सबै आय वर्गका जनताको निम्ति उपयुक्त, सुरक्षित, वातावरणमैत्री, आधारभूत सुविधा सम्पन्न आवास निर्माण गर्ने,

३.९ भवन निर्माणमा उपयुक्त आधुनिक प्रविधि र स्थानीय वास्तुकलाको मिश्रणबाट नयाँ निर्माण सामग्रीको प्रयोग समेतलाई प्रोत्साहन गरी सुरक्षित, टिकाउ, सुलभ र किफायती भवनहरूको निर्माण गर्ने,

३.१० एकीकृत सरकारी भवन डिजाईन, निर्माण, प्रयोग तथा मर्मत सम्भार सम्बन्धमा एकद्वार नीति सहित भवन क्षेत्रको संस्थागत तथा कानुनी संरचनाको सुधार गर्ने।

## ४. कार्यक्षेत्र

प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ बमोजिम मन्त्रालयले सम्पादन गर्नु पर्ने कार्यहरू देहाय अनुसार रहेका छन्:-

४.१ प्रदेशस्तरको यातायात सम्बन्धी नीति, कानुन मापदण्ड र योजनाको तर्जुमा तथा कार्यान्वयन, अध्ययन अनुसन्धान र नियमन,

४.२ प्रदेशभित्रको सवारी दर्ता र नवीकरण, चालक अनुमति र नवीकरण,

४.३ प्रदेशभित्र सार्वजनिक यातायातको रुट अनुमति, मापदण्ड, गुणस्तर र भाडा दर निर्धारण र अनुगमन तथा नियमन,

४.४ वातावरणमैत्री, अपाङ्गमैत्री र लैङ्गिकमैत्री यातायात प्रणालीको प्रवर्द्धन,

४.५ प्रदेश तहमा यातायात सुरक्षा र सवारी प्रदुषण नियन्त्रण सम्बन्धी योजना निर्माण र कार्यान्वयन,

४.६ रज्जुमार्ग, जलमार्ग, लगायतका वैकल्पिक यातायात प्रविधिको प्रवर्द्धन, सम्भाव्यता अध्ययन, आयोजना कार्यान्वयन, सञ्चालन र व्यवस्थापन,

४.७ प्रदेश लोकमार्ग सम्बन्धी नीति, कानुन, मापदण्ड तथा योजना तर्जुमा र निर्माण, स्तरोन्नति, मर्मत सम्भार, तथ्याङ्क व्यवस्थापन, सडक प्रविधि सम्बन्धी अध्ययन अनुसन्धान, यातायात सुरक्षा, कार्यान्वयन र नियमन,

४.८ प्रदेशस्तरका सरकारी कार्यालयहरुको भौतिक व्यवस्थापन र निर्माण सम्बन्धी नीति, कानुन, मापदण्ड र योजना तर्जुमा, कार्यान्वयन र नियमन,

४.९ प्रदेशभित्रको सहरी विकास योजना तर्जुमा, सहरी पूर्वाधार निर्माण, सञ्चालन, मर्मत सम्भार र आवास तथा भवन सम्बन्धी योजनाहरुको कार्यान्वयन र मार्ग निर्देशन,

४.१० प्रदेशभित्र उपयुक्त भवन निर्माण प्रविधिको प्रवर्द्धन,

४.११ प्रदेशस्तरमा राष्ट्रिय भवन संहिता तथा भवन निर्माण मापदण्डको कार्यान्वयन र नियमन,

४.१२ प्रदेशको राजधानी र प्रादेशिक सहरको विकास, योजना तर्जुमा, कार्यान्वयन, संयोजन र पूर्वाधार निर्माण,

४.१३ सुरक्षित बसोबास र जग्गा एकीकरण सम्बन्धी नीति तर्जुमा र कार्यान्वयन।

**तालिका ४३: भौतिक पूर्वाधार तथा सहरी विकास मन्त्रालयको आ.व. २०८०/८१ मा खुद बजेट विनियोजन र खर्च सम्बन्धी विवरण**

*(रू. हजारमा)*

| बजेट शीर्षक | विनियोजन | खर्च रकम | खर्च प्रतिशत |
|---|---|---|---|
| चालु | २७९४३८ | २०३५९१ | ७२.८५ |
| पुँजीगत | ९७१४३२१ | ४९४२७७९ | ५०.८८ |
| **जम्मा** | **९९९३७८९** | **५१४६३७०** | **५१.५** |

***स्रोतः*** *प्रदेश लेखा नियन्त्रक कार्यालय, कर्णाली प्रदेश।*

**चार्ट २०: भौतिक पूर्वाधार तथा सहरी विकास मन्त्रालयको आ.व. २०७९/८० र २०८०/८१ को मासिकरुपमा खर्चको तुलनात्मक विवरण** (प्रतिशतमा)




***स्रोतः*** *प्रदेश लेखा नियन्त्रक कार्यालय, कर्णाली प्रदेश।*

**तालिका ४४: भौतिक पूर्वाधार तथा सहरी विकास मन्त्रालयको आ. व. २०७४/७५ देखि र २०८०/८१ सम्म खुद बजेट विनियोजनको तुलनामा खर्च सम्बन्धी विवरण** (रू. हजारमा)

| आर्थिक वर्ष | विवरण | चालु | चालु (प्रतिशतमा) | पुँजीगत | पुंजीगत (प्रतिशतमा) | जम्मा | प्रतिशतमा |
|---|---|---|---|---|---|---|---|
| २०७४/७५ | विनियोजन | २१६६६ | १०.२४ | १८९९५० | ८९.७६ | २११६१६ | १०० |
| | खर्च | ७७८१ | ३५.९१ | ६६८० | ३.५२ | १४४६१ | ६.८३ |
| २०७५/७६ | विनियोजन | ३२२११३ | ३.१५ | ९९०५८१३ | ९६.८५१ | १०२२७९२६ | १०० |
| | खर्च | १८२५४४ | ५६.६७ | २५४०१८२ | २५.६४ | २७२२७२६ | २६.६२ |
| २०७६/७७ | विनियोजन | ५५३७९२ | ५.१७ | १०१५१०३१ | ९४.८३ | १०७०४८२३ | १०० |
| | खर्च | २६९२५१ | ४८.६२ | ४६३०४०२ | ४५.६२ | ४८९९६५३ | ४५.७७ |
| २०७७/७८ | विनियोजन | ३५०२१० | २.७८ | १२२३५९६३ | ९७.२२ | १२५८६१७३ | १०० |
| | खर्च | २४९५७९ | ७१.२७ | ७५९४२७० | ६२.०७ | ७८४३८४९ | ६२.३२ |
| २०७८/७९ | विनियोजन | २६८७८७ | २.०४ | १२९०२४६९ | ९७.९६ | १३१७१२५६ | १०० |
| | खर्च | १९८१४८ | ७३.७२ | ६४०७७५१ | ४९.६६ | ६६०५८९९ | ५०.१५ |
| २०७९/८० | विनियोजन | २५३२८३ | २.२८ | १०८७५६०० | ९७.७२ | १११२८८८३ | १०० |
| | खर्च | १७८४३१ | ७०.४५ | ५९५१९७२ | ५४.७३ | ६१३०४०३ | ५५.०९ |
| २०८०/८१ | विनियोजन | २७९४६८ | २.८० | ९७१४३२१ | ९७.२० | ९९९३७८९ | १०० |
| | खर्च | २०३५९१ | ७२.८५ | ४९४२७७९ | ५०.८८ | ५१४६३७० | ५१.५० |
| जम्मा विनियोजन | | २०४९३१९ | ३.०१ | ६५९७५१४७ | ९६.९९ | ६८०२४४६६ | १०० |
| जम्मा खर्च | | १२८९३२५ | ६२.९१ | ३२०७४०३६ | ४८.६२ | ३३३६३३६१ | ४९.०५ |

## ५. बजेट कार्यान्वयनमा देखिएका समस्या

५.१ दरबन्दी अनुसार कर्मचारी पदपूर्ति हुन नसक्नु,

५.२ सङ्घ, प्रदेश तथा स्थानीय तहबिचमा समन्वयको कमिले दोहोरोपना (**Duplication**) हुने र कार्यान्वयन गर्न जटिलता उत्पन्न हुनु,

५.३ स्पष्ट कार्यविधिको अभाव तथा अन्तरमन्त्रालय समन्वयको अभावले गर्दा बजेट कार्यान्वयनमा समस्या भएको छ जस्तो राष्ट्रिय निकुञ्ज सम्बन्धी कार्यविधिमा भएको अप्ठ्याराहरु,

५.४ बहुवर्षीय आयोजनामा स्रोत सुनिश्चितता गरेको रकमलाई भन्दा नयाँ आयोजनाहरुमा रकम विनियोजन गर्ने प्रवृत्ति,

५.५ योजना निर्माण प्रणाली बैज्ञानिक नभएकाले अत्यधिक टुक्रे आयोजनाका कारण काम गर्नमा समस्या,

५.६ वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृतिको प्रक्रिया पूरा नगरी खरिद प्रक्रियामा गएका आयोजनाहरूको कारण निर्माण कार्यमा व्यवधान हुनु। मन्त्रालयमा वातावरण सम्बन्धी विज्ञ कर्मचारीको अभावका कारण वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृतिमा ढिलाइ,

५.७ निर्माण व्यवसायीहरूले कामको सम्झौता गर्ने तर काम नगर्ने प्रवृत्तिले गर्दा काममा प्रगति कम हुने, आयोजनाहरू रुग्ण हुँदै जाने,

५.८ योजना निर्माण तथा कार्यान्वयनका लागि प्रादेशिक नीति तथा ऐन (सडक ऐन, यातायात ऐन, झोलुङ्गे पुल रणनीति तथा प्रादेशिक सडक गुरुयोजना) को अभाव,

५.९ यातायात कार्यालय सम्बन्धी **EDL VRS system** मा समय समयमा समस्या हुनु।

## ६. सुधार गर्नुपर्ने क्षेत्र

६.१ सालवसाली आयोजनालाई सोही आ.व. मा सम्पन्न गर्ने,

६.२ टुक्रे आयोजनालाई निरूत्साहित गर्दै लैजाने,

६.३ आयोजनाहरूको दोहोरोपनालाई हटाउने,

६.४ सङ्घीय ससर्त तर्फका आयोजनाहरूमा बजेटको सुनिश्चितता गर्ने,

६.५ आयोजना कार्यान्वयनका लागि स्पष्ट क्षेत्राधिकार तोकिनुपर्ने,

६.६ समपूरक आयोजनाहरू कार्यान्वयनका लागि प्रदेश सरकारको दायित्व, आन्तरिक राजस्व, मानव सूचकाङ्क आदिको आधारमा कायम गरिनुपर्ने,

६.७ एकीकृत मन्त्रालय निर्माणका लागि आवश्यक जग्गा प्राप्तिको काम सङ्घ सरकारबाट सहजीकरण गर्नुपर्ने,

६.८ EVRS र EDLVRS प्रणाली सञ्चालन तथा व्यवस्थापनमा सङ्घीय सरकारसँग समन्वय गर्नुपर्ने।

**तालिका ४५: भौतिक पूर्वाधार तथा सहरी विकास मन्त्रालयबाट भएका भौतिक निर्माण सम्बन्धी विवरण**

| विवरण | आ.व. २०७७/७८ | आ.व. २०७८/७९ | आ.व. २०७९/८० | आ.व. २०८०/८१ | कुल जम्मा |
|---|---|---|---|---|---|
| **सडक निर्माणतर्फ (कि.मि.)** | | | | | |
| क. कालोपत्रे/पक्की | ३३.०२ | १५.९ | ३०.०३ | ९४.८० | १७३.७५ |
| ख. ग्राभेल/खण्डस्मिथ | २००.६ | ११३.१ | १२०.३ | १८६.०६ | ६२०.०६ |
| ग. माटे | १२११.८७ | ५८९.१३ | ६२३.१ | ४२०.४६ | २८४४.५६ |
| घ. अन्यः सडक स्तरोन्नति, नाला निर्माण आदि | ४५.६५ | ४१.३८ | १२९.२५ | २४२.६५ | ४५८.९३ |
| **पुल निर्माणतर्फ (सङ्ख्या)** | | | | | |
| क. झोलुङ्गे पुल निर्माण | ८ | ९ | ३८ | ३६ | ९१ |
| ख. सडक पुल निर्माण | ९ | ८ | ५ | १८ | ४० |
| सार्वजनिक भवनतर्फ (सङ्ख्या) | ३ | ० | ५ | ५ | १३ |
| **जनता आवासतर्फ (सङ्ख्या)** | | | | | |
| क. जनता आवास (सङ्घ) | १२५४ | ९८२ | २५३ | ६६१ | ३१५० |
| ख. जनता आवास (प्रदेश) | ० | ९३ | १९८ | २३१ | ५२२ |
| विपन्नको घर कार्यक्रमतर्फ (सङ्ख्या) | ० | १०१ | १४० | १५६ | ३९७ |
| **निर्वाचन क्षेत्र पूर्वाधार विकास कार्यक्रमतर्फ (सङ्ख्या)** | | | | | |
| क. भवन | ३५ | ५७ | ८७ | | १७९ |
| ख. सडक | ८ | २६ | ६५ | | ९९ |
| ग. विद्युतीय संरचना | ० | २ | ५ | | ७ |
| घ. तटबन्धन तथा बाँध निर्माण | ० | ९ | ३० | | ३९ |
| ङ. सिँचाइ आयोजना | १४ | २३ | ३१ | | ६८ |
| च. खानेपानी आयोजना | ५ | ९ | २७ | | ४१ |
| छ. अन्य | ८ | १९ | १०५ | | १३२ |

***स्रोतः*** *भौतिक पूर्वाधार तथा सहरी विकास मन्त्रालय।*

### तालिका ४६: यातायात व्यवस्था/सेवा कार्यालयमार्फत आर्थिक वर्ष २०८०/८१ मा राजस्व सङ्कलनको विवरण

*(रू. हजारमा)*

| क्र. सं. | मन्त्रालय/कार्यालयको नाम | आ.व. २०७८/७९ | आ.व. २०७९/८० | आ.व. २०८०/८१ | जम्मा |
|---|---|---|---|---|---|
| १ | यातायात व्यवस्था कार्यालय, सुर्खेत | २१३०८३ | २५६६४८ | २७००२३ | ७३९७५४ |
| २ | यातायात व्यवस्था सेवा कार्यालय, जुम्ला | १४७८४ | १५५४५ | १६६७० | ४६९९९ |
| ३ | यातायात व्यवस्था सेवा कार्यालय, रुकुम पश्चिम | | ३९९० | २७२१४ | ३१२०४ |
| **जम्मा** | | **२२७८६७** | **२७६१८३** | **३१३९०७** | **८१७९५७** |

***स्रोतः** भौतिक पूर्वाधार तथा सहरी विकास मन्त्रालय।*

### तालिका ४७: यातायात व्यवस्था/सेवा कार्यालयबाट आ.व. २०८०/८१ मा भएको सवारी दर्ता सम्बन्धी विवरण

| क्र. सं. | सवारी साधनको प्रकार | सुर्खेत | जुम्ला | रुकुम पश्चिम (चौरजहारी) | जम्मा |
|---|---|---|---|---|---|
| १ | बस/ट्रक/मिनी बस/मिनी ट्रक | १८३ | ४ | १० | १९७ |
| २ | ट्र्याक्टर/पावर ट्रेलर | ६२ | ० | ० | ७० |
| ३ | कार/जिप/पिकअप/माइक्रोबस | २३६ | १ | ० | २३७ |
| ४ | मोटरसाइकल/स्कुटर/मोपेड | २३१४ | १७६ | ३९० | २८८० |
| ५ | टेम्पो/अटोरिक्सा | ६५ | १६ | ४ | ८५ |
| ६ | एम्बुलेन्स/सवबाहन | ० | ५ | ० | ५ |
| | **जम्मा** | **२८६०** | **२०२** | **४०४** | **३४७४** |

***स्रोतः** भौतिक पूर्वाधार तथा सहरी विकास मन्त्रालय।*

### तालिका ४८: यातायात व्यवस्था/सेवा कार्यालयबाट आ.व. २०८०/८१ सम्म भएको सवारी दर्ता सम्बन्धी विवरण

| क्र. सं. | सवारी साधनको प्रकार | सुर्खेत | जुम्ला | रुकुम पश्चिम (चौरजहारी) | जम्मा |
|---|---|---|---|---|---|
| १ | बस/ट्रक/मिनी बस/मिनी ट्रक | १५५९ | २४ | १३ | १५९६ |
| २ | ट्र्याक्टर/पावर ट्रेलर | ५४८ | १६ | २ | ५६६ |
| ३ | कार/जिप/पिकअप/माइक्रोबस | १२८४ | ६२ | १० | १३५६ |
| ४ | मोटरसाइकल/स्कुटर/मोपेड | १९७९९ | २३८१ | ४६० | २२६४० |
| ५ | टेम्पो/अटोरिक्सा | २२५० | ९४ | ५ | २३४९ |
| ६ | एक्साभेटर तथा मेशिनरी उपकरण | ० | १८ | ० | १८ |
| ७ | एम्बुलेन्स/सवबाहन | ० | २० | ० | २० |
| | **जम्मा** | **२५४४०** | **२६१५** | ४९० | **२८५४५** |

***स्रोत:*** *भौतिक पूर्वाधार तथा सहरी विकास मन्त्रालय।*

## ३.११ सामाजिक विकास मन्त्रालय

### १. पृष्ठभूमि

नेपाल सरकारको मिति २०७४/१०/१० को निर्णयानुसार ७ वटा विषयगत कार्यक्षेत्र समेट्ने गरी स्थापना भएको कर्णाली प्रदेशको सामाजिक विकास मन्त्रालय साविक जिल्ला जनस्वास्थ्य कार्यालय सुर्खेतको भवनमा मिति २०७४/११/०२ गते स्थापना भइ सञ्चालनमा रहेको छ। प्रदेश सरकार मन्त्रिपरिषद्को मिति २०७६/०५/०६ को निर्णयानुसार यस मन्त्रालय र अन्तर्गतका २६ वटा कार्यालयमा कुल जम्मा १०७० स्थायी दरवन्दी स्वीकृत भएको थियो। हाल यस मन्त्रालय अन्तर्गत स्वास्थ्य सेवा निर्देशनालय, शिक्षा विकास निर्देशनालय, मानव संशाधन विकास केन्द्र, प्रदेश अस्पताल, प्रदेश जनस्वास्थ्य प्रयोगशाला, प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र, १० जन/स्वास्थ्य सेवा कार्यालयहरू, ९ सामाजिक विकास कार्यालयहरू, ९ आयुर्वेदिक स्वास्थ्य केन्द्रहरू, प्रदेश संग्रहालय, मेहेलकुना अस्पताल र प्रदेश आयुर्वेद औषधालय गरी ३९ वटा कार्यालयहरू र कुल ११३६ स्वीकृत दरबन्दी रहेका छन्। मन्त्रालयमा प्रदेश सचिव (रा.प.प्रथम श्रेणी) को नेतृत्वमा ५ महाशाखा र १२ शाखाहरूमा गरि जम्मा ५२ स्थायी दरबन्दी रहेको छ।

### २. दीर्घकालीन सोच

कर्णाली प्रदेशको स्वास्थ्य, शिक्षा र मानव संशाधन विकासमा सुधार, लैङ्गिक समानता र सामाजिक समावेशीकरणमा सशक्तीकरण गर्दै विशिष्ट सांस्कृतिक सम्पदाको संरक्षण र सम्वर्द्धन गरी कर्णालीवासीको सामाजिक आर्थिक रूपान्तरण गर्ने।

### ३. ध्येय

३.१ कर्णालीबासीको स्वास्थ्य र पोषणको अवस्थालाई सुदृढ बनाउन गुणस्तरीय स्वास्थ्य सेवामा सबैको पहुँच सुनिश्चित गर्ने,

३.२ सभ्य र समृद्ध समाज निर्माणका लागि सबै तहका शिक्षामा पहुँच सुनिश्चित गर्दै गुणस्तर अभिवृद्धि गर्ने,

३.३ समाजमा विद्यमान सबैखाले विभेदको अन्त्य गर्दै समतामूलक र समावेशी विकासको प्रत्याभूति गर्ने,

३.४ उद्यमशील, सिपयुक्त, उत्पादनमूलक तथा स्वरोजगार उन्मुख मानव संशाधन विकासमा जोड दिने,

३.५ स्वस्थ मानव जीवनको अपरिहार्य आवश्यकताका रूपमा खेलकुद विकासलाई जोड दिने,

३.६ कर्णालीको विशिष्ट साँस्कृतिक सम्पदा र धरोहरको संरक्षण र सम्वर्द्धन गर्ने।

## ४. कार्यक्षेत्र

कर्णाली प्रदेश सरकार कार्य विभाजन नियमावली, २०७४ बमोजिम यस मन्त्रालयले सम्पादन गर्नुपर्ने कार्यहरू देहाय अनुसार रहेका छन्ः-

४.१ प्रदेशस्तरको विश्वविद्यालय तथा उच्च शिक्षा सम्बन्धी नीति, कानुन तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन,

४.२ शैक्षिक परामर्श सेवाको मापदण्ड निर्धारण, अनुमति तथा नियमन,

४.३ प्रदेशस्तरमा पुस्तकालय, संग्रहालय, अभिलेखालय सम्बन्धी नीति, कानुन तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन,

४.४ प्रादेशिक शिक्षा, प्राविधिक तथा व्यवसायिक तालिम र छात्रवृत्ति सम्बन्धी नीति, कानुन तथा मापदण्ड निर्धारण, कार्यान्वयन र नियमन तथा पाठ्यक्रम, पाठ्यपुस्तक तथा पाठ्यसामग्री निर्माण, उत्पादन र वितरण,

४.५ प्रदेशस्तरको मानव संसाधनको आवश्यकता प्रक्षेपण तथा शैक्षिक योजना निर्माण र कार्यान्वयन,

४.६ प्रदेशस्तरमा विद्यालय तहको शिक्षकको सेवा शर्त, योग्यता, क्षमता र शिक्षक व्यवस्थापनको मापदण्ड निर्धारण र नियमन,

४.७ माध्यमिक तहको परीक्षा व्यवस्थापन,

४.८ प्रदेशस्तरमा प्राज्ञिक अनुसन्धान तथा शैक्षिक तथ्याङ्क व्यवस्थापन,

४.९ स्वास्थ्य सेवा तथा पोषण सम्बन्धी प्रादेशिक नीति, कानुन, मापदण्ड तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन,

४.१० प्रदेशस्तरमा आवश्यक पर्ने प्रर्वद्धनात्मक, प्रतिकारात्मक, उपचारात्मक तथा पुनर्स्थापनात्मक स्वास्थ्य सेवाको व्यवस्थापन,

४.११ स्वास्थ्य सेवा सम्बन्धी प्रदेशस्तरीय प्राज्ञिक, व्यवसायिक र पेसागत सङ्घसंस्थाको दर्ता, सञ्चालन अनुमति र नियमन,

४.१२ प्रदेशस्तरीय स्वास्थ्य सेवाको गुणस्तर निर्धारण, अनुगमन र नियमन,

४.१३ राष्ट्रिय मापदण्ड बमोजिम औषधीजन्य तथा स्वास्थ्य प्रविधि सम्बन्धी सामग्रीको उत्पादन तथा सञ्चय, अधिकतम खुद्रा मूल्य निर्धारण, अन्तिम बिसर्जन, गुणस्तर तथा मापदण्ड निर्धारण र त्यस्ता सामग्री उत्पादन गर्ने उद्योगको दर्ता, सञ्चालन, अनुमति र नियमन,

४.१४ राष्ट्रिय मापदण्ड अनुरुप अस्पताल, नर्सिङ्ग होम, निदान केन्द्र, उपचार केन्द्र र अन्य स्वास्थ्य संस्था तथा प्रयोगशालाको दर्ता, सञ्चालन, अनुमति र नियमन,

४.१५ खानेपानी, ध्वनि र हावाको गुणस्तर अनुगमन तथा लेखाजोखाको ढाँचा निर्माण एवम् गुणस्तरको मापदण्ड निर्धारण र कार्यान्वयन,

४.१६ राष्ट्रिय मापदण्ड बमोजिम स्वास्थ्य बिमा लगायतका सामाजिक स्वास्थ्य सुरक्षा कार्यक्रमको व्यवस्थापन तथा नियमन,

४.१७ प्रदेशस्तरीय स्वास्थ्य क्षेत्रको मानव स्रोत विकास र व्यवस्थापन,

४.१८ औषधी निगरानी (Pharmacy vigilance), औषधीको उचित प्रयोग र सुक्ष्म जीवनिरोधक प्रतिरोध (Antimicrobial Resistance) न्यूनीकरण,

४.१९ खोप र परिवार नियोजन,

४.२० संवेदनशील औषधी तथा अन्य स्वास्थ्य सामग्री खरिद तथा आपूर्ति व्यवस्थापन,

४.२१ प्रदेशस्तरमा स्वास्थ्य सेवा सम्बन्धी अध्ययन तथा अनुसन्धान तथा सूचना प्रणाली, स्वास्थ्य लेखा पद्धतिको संस्थागत व्यवस्थापन, सूचना प्रवाह,

४.२२ प्रदेशस्तरीय जनस्वास्थ्य निगरानी (पब्लिक हेल्थ सर्भेलेन्स) व्यवस्थापन,

४.२३ सूर्ती, मदिरा र लागु पदार्थजन्य वस्तुको मापदण्ड, नियन्त्रण तथा नियमन,

४.२४ स्वास्थ्य क्षेत्रमा आपतकालीन अवस्था, विपद्, महामारी व्यवस्थापन, आकस्मिक स्वास्थ्य सेवा प्रवाह, आपतकालीन अवस्थाका लागि औषधी तथा औषधी जन्य सामग्रीको प्रादेशिक बफर स्टक व्यवस्थापन,

४.२५ सरूवा तथा नसर्ने रोग नियन्त्रण तथा रोकथाम,

४.२६ राष्ट्रिय मापदण्ड अनुरुप स्वास्थ्य सेवा सम्बन्धी भौतिक पूर्वाधार विकास तथा व्यवस्थापन,

४.२७ स्वास्थ्यजन्य फोहोर व्यवस्थापन सम्बन्धी मापदण्ड निर्धारण, कार्यान्वयन र नियमन,

४.२८ आयुर्वेदिक, युनानी, आम्ची, होमियोप्याथिक, प्राकृतिक चिकित्सा लगायतका अन्य प्रचलित परम्परागत स्वास्थ्य उपचार सेवा सम्बन्धी प्रदेशस्तरीय मापदण्ड निर्धारण, कार्यान्वयन, अनुगमन र नियमन,

४.२९ जनसङ्ख्या, बसाइसराइ र परिवार नियोजन सम्बन्धी प्रादेशिक नीति, कानुन तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन, अध्ययन तथा अनुसन्धान, सूचना प्रणालीको स्थापना र सञ्चालन, क्षमता अभिवृद्धि र राष्ट्रिय संस्थाहरुसँगको सम्पर्क र समन्वय,

४.३० महिला हक सम्बन्धी प्रादेशिक नीति, कानुन, मापदण्ड तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन,

४.३१ लैङ्गिक हिंसा, मानव बेचबिखन तथा ओसार-पसार सम्बन्धी नीति तथा कार्ययोजना तर्जुमा र कार्यान्वयन तथा अन्तराष्ट्रिय सन्धि, सम्झौता र प्रतिवद्धताको कार्यान्वयन, निरोधात्मक र संरक्षणात्मक उपाय र पुनर्स्थापना,

४.३२ महिला सशक्तिकरण तथा लैङ्गिक समानता सम्बन्धी अध्ययन, अनुसन्धान,

४.३३ लैङ्गिक उत्तरदायी बजेट र लैङ्गिक परीक्षण,

४.३४ बालबालिकाको हक-हित संरक्षण सम्बन्धी प्रादेशिक नीति, कानुन, मापदण्ड तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन, अध्ययन, अनुसन्धान, बालमैत्री शासकीय प्रवन्ध र सेवा प्रवाह, बाल उद्धार कोष व्यवस्थापन र बाल सुधार तथा पुनर्स्थापना,

४.३५ समाज कल्याण र सङ्घ-संस्था सम्बन्धी कार्यहरुको अनुगमन तथा मूल्याङ्कन,

४.३६ लोपोन्मुख, सीमान्तकृत, गरिब, जेष्ठ नागरिक लक्षित आवास सम्बन्धी नीति, मापदण्ड तथा योजना तर्जुमा र कार्यान्वयन,

४.३७ सामाजिक सुरक्षा सम्बन्धी प्रादेशिक नीति, कानुन तथा मापदण्डको निर्माण तथा कार्यान्वयन, कोष व्यवस्थापन, नियमन, राष्ट्रिय र प्रादेशिक निकाय तथा सङ्घ-संस्थासँग सम्पर्क, समन्वय र सहकार्य,

४.३८ विश्व-सम्पदा सूचीमा परेका स्मारक र पुरातात्विक महत्वका स्थल संरक्षण तथा व्यवस्थापन सम्बन्धी,

४.३९ भाषा, लिपि, संस्कृति, ललितकला र धर्मको संरक्षण र प्रयोग सम्बन्धी प्रादेशिक नीति, कानुन, मापदण्ड तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन,

४.४० ऐतिहासिक, धार्मिक, सांस्कृतिक एवम् कला र वास्तुकलात्मक दृष्टिकोणले महत्व बोकेका प्रादेशिकस्तरका दरबारहरुको संरक्षण, सम्भार, अध्ययन, अनुसन्धान तथा व्यवस्थापन,

४.४१ प्रादेशिकस्तरमा संग्रहालयको स्थापना, सञ्चालन तथा व्यवस्थापन,

४.४२ प्रदेशस्तरका पुरातात्विक महत्वका स्थल, ऐतिहासिक र धार्मिक सांस्कृतिक सम्पदा, प्राचीन स्मारक, संग्रहालय, सास्कृतिक धरोहर सम्बन्धी नीति, कानुन, मापदण्ड तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन एव संरक्षण, सम्भार, अध्ययन, अनुसन्धान, उत्खनन् तथा पुनर्निर्माण,

४.४३ धर्म, परम्परा र गुठी अन्तर्गत चलिआएका विभिन्न जात्रा, पर्वहरुको सञ्चालन र व्यवस्थापन,

४.४४ संस्कृतिको विकास सम्बन्धी नीति तथा कानुन तर्जुमा, कार्यान्वयन र नियमन,

४.४५ युवा सम्बन्धी प्रादेशिक नीति, कानुन तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन, युवा वैज्ञानिक प्रोत्साहन,

४.४६ खेलकुद सम्बन्धी प्रादेशिक नीति, कानुन तथा मापदण्ड निर्धारण, कार्यान्वयन र नियमन, खेलकुद तथा खेलकुद पूर्वाधारको विकास र प्रवर्द्धन,

४.४७ खेलकुद प्रशासन र संघसंस्थाको समन्वय र नियमन,

४.४८ राष्ट्रिय र प्रादेशिक खेलकुद प्रतियोगिता तथा कार्यक्रम आयोजना र सहभागिता।

## तालिका ४९: सामाजिक विकास मन्त्रालयको आ.व. २०८०/८१ मा खुद बजेट विनियोजन र खर्च सम्बन्धी विवरण

*(रू. हजारमा)*

| बजेट शीर्षक | विनियोजन | खर्च रकम | खर्च प्रतिशत |
|---|---|---|---|
| चालु | ३२५००४७ | २५७४०९१ | ७९.२ |
| पुँजीगत | २९०३९५५ | २०९९३७९ | ७२.२९ |
| **जम्मा** | **६१५४००२** | **४६७३४७०** | **७५.९४** |

***स्रोतः*** *प्रदेश लेखा नियन्त्रक कार्यालय, कर्णाली प्रदेश।*

## चार्ट २१: सामाजिक विकास मन्त्रालयको आ.व. २०७९/८० र २०८०/८१ को मासिकरुपमा खर्चको तुलनात्मक विवरण (प्रतिशतमा)




***स्रोतः*** *प्रदेश लेखा नियन्त्रक कार्यालय, कर्णाली प्रदेश।*

**तालिका ५०: सामाजिक विकास मन्त्रालयको आ. व. २०७४/७५ देखि २०८०/८१ सम्म खुद बजेट विनियोजनको तुलनामा खर्च सम्बन्धी विवरण** (रू. हजारमा)

| आर्थिक वर्ष | विवरण | चालु | प्रतिशत | पुँजीगत | प्रतिशत | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| २०७४/७५ | विनियोजन | ४०२४५ | ५१.५७ | ३७८०० | ४८.४३ | ७८०४५ | १०० |
| | खर्च | १५३३८ | ३८.११ | ८३५८ | २२.११ | २३६९६ | ३०.३६ |
| २०७५/७६ | विनियोजन | १७१५९४५ | ६४.३२ | ९५१८७८ | ३५.६८ | २६६७८२३ | १०० |
| | खर्च | ११९०५९९ | ६९.३८ | ७७६०१२ | ८१.५२ | १९६६६११ | ७३.७२ |
| २०७६/७७ | विनियोजन | २९२५४७२ | ६२.२४ | १७७४७९७ | ३७.७६ | ४७००२६९ | १०० |
| | खर्च | १८११२२५ | ६१.९१ | ११८१९३३ | ६६.६० | २९९३१५८ | ६३.६८ |
| २०७७/७८ | विनियोजन | ३८०३८७२ | ६६.४४ | १९२१०६० | ३३.५६ | ५७२४९३२ | १०० |
| | खर्च | २४५०६३४ | ६४.४२ | १०३६६४४ | ५३.९६ | ३४८७२७८ | ६०.९१ |
| २०७८/७९ | विनियोजन | ३५५५४७३ | ५५.२९ | २८७५२११ | ४४.७१ | ६४३०६८४ | १०० |
| | खर्च | २४६८५६० | ६९.४३ | २२३१२९४ | ७७.६० | ४६९९८५४ | ७३.०८ |
| २०७९/८० | विनियोजन | ३३५९२६६ | ५४.७६ | २७७४९६१ | ४५.२४ | ६१३४२२७ | १०० |
| | खर्च | २३१३०१५ | ६८.८५ | २०८३७५३ | ७५.०९ | ४३९६७६८ | ७१.६८ |
| २०८०/८१ | विनियोजन | ३२५००४७ | ५२.८१ | २९०३९५५ | ४७.१९ | ६१५४००२ | १०० |
| | खर्च | २५७४०९१ | ७९.२० | २०९९३७९ | ७२.२९ | ४६७३४७० | ७५.९४ |
| जम्मा विनियोजन | | १८६५०३२० | ५८.४८ | १३२३९६६२ | ४१.५२ | ३१८८९९८२ | १०० |
| जम्मा खर्च | | १२८२३४६२ | ६८.७६ | ९४१७३७३ | ७१.१३ | २२२४०८३५ | ६९.७४ |

***स्रोतः*** *प्रदेश लेखा नियन्त्रक कार्यालय, कर्णाली प्रदेश।*

## ५. समीक्षा अवधिमा सम्पादित प्रमुख कार्य

५.१ नागरिक स्वास्थ्य परीक्षण,

५.२ मिति २०८० असोजमा प्रदेश पूर्ण खोप घोषणा गरी नयाँ खोप कार्यक्रमहरु सञ्चालनमा ल्याईएको

५.३ प्रादेशिक प्रेषण केन्द्र स्थापना तथा सञ्चालन

५.४ प्रदेशमा सञ्चालनमा रहेका एम्बुलेन्सहरुमा **GPS** जडान गरी प्रदेश प्रेषण केन्द्रमा आबद्ध गरिएको,

५.५ विशेषज्ञ चिकित्सक तथा स्वास्थ्यकर्मीहरुको दरबन्दी करारमा नियुक्ति गरी परिचालन गरिएको,

५.६ भूकम्प प्रतिकार्यका लागि आपूर्ति व्यवस्थापन तथा जनशक्तिको परिचालन द्रुत गतिमा गरिएको,

५.७ भूकम्पबाट प्रभावित क्षेत्रहरुमा अस्थाई स्वास्थ्य संरचना हस्तान्तरण गरिएको (रुकुम पश्चिमको घेत्मा, जाजकोटको नलगाड र बारेकोट),

५.८ जाजरकोट र डोल्पा जिल्लामा निर्माणाधीन अस्पताल भवनहरु निर्माण सम्पन्न भइ हस्तान्तरण भएको,

५.९ प्रदेश अस्पतालको तला थप लगायत भौतिक पूर्वाधार थपको प्रक्रिया अघि बढेको। **MRI** सेवा सञ्चालन गरिएको। प्रदेशमै पहिलो पटक मृगौला प्रत्यारोपण सफलतापूर्वक सञ्चालन गरिएको,

५.१० प्रदेशमा स्वास्थ्य बिमाको कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चालन गर्न बिमा कार्यक्रमका लागि बजेटको व्यवस्थापन गरिएको,

५.११ जिल्ला अस्पतालहरूको भौतिक पूर्वाधार निर्माणलाई तिव्रता दिईएको,

५.१२ प्रदेशमा अस्पतालको सेवा लिनेको सङ्ख्यामा वृद्धि भएको,

५.१३ प्रदेश प्रमुख सामाजिक रूपान्तरण कार्यक्रम,

५.१४ बालबालिकासँग मूख्यमन्त्री कार्यक्रम,

५.१५ लैङ्गिक समानाता तथा सामाजिक समावेशीकरण सम्बन्धी प्रशिक्षक प्रशिक्षण,

५.१६ बालगृह, बृद्धाश्रम तथा **OCMC** सम्बन्धी कार्यक्रम,

५.१७ सार्वजनिक शिक्षा सुधार कार्यक्रम,

५.१८ राष्ट्रव्यापी भलिबल प्रतियोगिता कार्यक्रम,

५.१९ प्रदेश रङ्गशाला निर्माण सम्पन्नको चरणमा रहेको,

५.२० दशौ राष्ट्रिय खेलकुद सञ्चालनका लागि तिब्र गतिमा तयारी,

५.२१ छोरी बुहारी तथा प्राविधिक उच्च शिक्षा छात्रवृद्धि कार्यक्रम निरन्तरता,

५.२२ सामुदायिक विद्यालय भौतिक पूर्वाधार विकास कार्यक्रम निरन्तरता।

## ६. बजेट कार्यान्वयनमा देखिएका समस्या/चुनौती

६.१ जनशक्ति व्यवस्थापन प्रभावकारी नहुनु (पदपूर्ति, O&M र तालिम),

६.२ भौतिक पूर्वाधार लक्ष्य अनुसार पुरा हुन नसक्नु,

६.३ प्रदेश अस्पतालको ओ.पि.डि. भवन निर्माण भइ सञ्चालनमा नआउनु,

६.४ बाल अस्पतालको स्थापनाको लागि **Seed Money** को व्यवस्था नहुनु,

६.५ भूकम्प प्रभावित क्षेत्रहरुको शैक्षिक तथा स्वास्थ्य तर्फका संरचनाको पुनःनिर्माण समयमा हुन नसक्नु,

६.६ स्थानीयस्तरमा मापदण्ड नपुऱ्याई स्वास्थ्य संस्थाहरुको स्थापना हुनु,

६.७ महामारी र प्रकोप व्यवस्थापनका लागि विपद् कोषको परिचालन हुन नसक्नु,

६.८ हुम्ला र डोल्पा औषधी तथा औषधीजन्य सामग्रीहरुको ढुवानीमा कठिनाई,

६.९ समयमै बेरुजु फस्यौंट हुन नसक्नु,

६.१० प्रदेश मातहतका अस्पतालहरूले स्वास्थ्य बिमा वाफतको सोधभर्ना हुनुपर्ने रकम नपाएको,

६.११ आयुर्वेद अस्पताल तथा अनुसन्धान केन्द्रको आयुर्वेदिक औषधी उत्पादन शाखा सञ्चालन गर्न कठिनाई,

६.१२ प्रदेशस्तरमा SEE परीक्षा सञ्चालन र व्यवस्थापनका लागि थप स्रोत साधनको व्यवस्था हुन नसकेको,

६.१३ सामाजिक विकास कार्यालयहरुमा प्राविधिक जनशक्तिको दरबन्दी नरहेको,

६.१४ प्राथमिकता र आवश्यकताका आधारमा श्रोत परिचालन हुन नसक्नु,

६.१५ युवा सम्बद्ध कार्यक्रम प्राथमिकतामा पर्न नसक्नु,

**तालिका ५१: लेखापरीक्षण अङ्क र त्यसमा कायम बेरुजु अङ्क र फस्यौंट र एकीकृत बाँकी बेरुजु सम्बन्धी विवरण**

*(रू. हजारमा)*

| सि. नं. | कार्यालयको नाम | हालसम्मको बेरूजु | हालसम्मको सम्परीक्षण | बाँकी बेरुजु |
|---|---|---|---|---|
| १ | सामाजिक विकास मन्त्रालय | १०३५८६.८१ | ० | १०३५८६.८ |
| २ | शिक्षा विकास निर्देशनालय, सुर्खेत | १८२,३४०.५३ | ३९,००८.५७ | १४३,३३१.९६ |
| ३ | प्रदेश अस्पताल | ४६७८९६.४५ | ३७८८५७.३८ | ८९०३९.०७ |
| ४ | मानव संसाधन विकास केन्द्र | ३४३.८६ | १४५ | १९८.८६ |
| ५ | आयुर्वेद अस्पताल तथा अनुसन्धान केन्द्र | २६२७.७२ | ० | २६२७.७२ |
| ६ | स्वास्थ्य सेवा कार्यालय, रुकुम पश्चिम | २०८८४.१३ | ८६११.३८ | १२२७२.७५ |
| ७ | स्वास्थ्य सेवा कार्यालय, सल्यान | ५८३८.४४ | २८९७ | २९४१.४४ |
| ८ | स्वास्थ्य सेवा कार्यालय, डोल्पा | ८४५९.९९ | २१६८.६६ | ६२९१.३३ |
| ९ | स्वास्थ्य सेवा कार्यालय, मुगु | ६०८८.०६ | १००१.३५ | ५०८६.७१ |
| १० | स्वास्थ्य सेवा कार्यालय, हुम्ला | ५७०२३.५७ | २८५७२.७९ | २८४५०.७८ |

| सि. नं. | कार्यालयको नाम | हालसम्मको बेरूजु | हालसम्मको सम्परीक्षण | बाँकी बेरुजु |
|---|---|---|---|---|
| ११ | स्वास्थ्य सेवा कार्यालय, कालिकोट | ४१६१.७३ | १२६० | २९०१.७३ |
| १२ | स्वास्थ्थ सेवा कार्यालय, जाजरकोट | २६१५३.६९ | २५९.३ | २५८९४.३९ |
| १३ | स्वास्थ्य सेवा कार्यालय, दैलेख | ४०७१०.८६ | ९१२.१३ | ३९७९८.७३ |
| १४ | जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र, हुम्ला | ४४.९९ | १२.५६ | ३२.४३ |
| १५ | जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र, कालिकोट | ५९७.५७ | ० | ५९७.५७ |
| १६ | सामाजिक विकास कार्यालय, हुम्ला | २१,१८३.९८ | १४,०५७.८२ | ७,१२६.१७ |
| १७ | सामाजिक विकास कार्यालय, डोल्पा | ६,१०९.७४ | २,००९.५९ | ४,१००.१६ |
| १८ | सामाजिक विकास कार्यालय, जुम्ला | १,३५५.५० | ६१५.८४ | ७३९.६७ |
| १९ | सामाजिक विकास कार्यालय, दैलेख | ७३,९१२.२७ | ३६,२७२.५९ | ३७,६३९.६८ |
| २० | सामाजिक विकास कार्यालय, जाजरकोट | ६१,३००.०० | ५७,५८३.४१ | ३,७१६.५९ |
| २१ | सामाजिक विकास कार्यालय, सल्यान | ७,५५३.७६ | ६,०२०.६२ | १,५३३.१४ |
| २२ | सामाजिक विकास कार्यालय, रुकुम पश्चिम | १२,८६०.४२ | २०३.९८ | १२,६५६.४४ |
| **जम्मा** | | **१११११०३४.१** | **५८०४६९.९७** | **५३०५६४.१** |

*स्रोतः सामाजिक विकास मन्त्रालय, कर्णाली प्रदेश।*

## तालिका ५२ः बहुबर्षीय तथा स्रोत सुनिश्चितता प्राप्त आयोजनाहरुको प्रगति विवरण

*(रू. हजारमा)*

| सि. नं. | कार्यक्रम | सुरु भएको मिति | कुल लागत | ठेक्का अङ्क | कार्य सम्पन्न भएको/ हुने मिति | वित्तीय प्रगति | | भौतिक प्रगति | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | २०७९/८० | २०८०/८१ | २०७९/८० | २०८०/८१ | |
| १ | डोल्पा अस्पताल | २०७८/७९ | २०७००० | | २०७९/८० | ९९.७२ | १०० | ९५ | १०० | सम्पन्न |
| २ | सल्यान अस्पताल | | १५७४०० | | २०७९/८० | ६८.७७ | ३१.३ | ५० | ६२ | |
| ३ | रूकुम अस्पताल | | २०९१०० | | २०७९/८० | ५९.३४ | ७०.० | ६० | ८० | |

| सि.नं. | कार्यक्रम | सुरु भएको मिति | कुल लागत | ठेक्का अङ्क | कार्य सम्पन्न भएको/ हुने मिति | वित्तीय प्रगति | | भौतिक प्रगति | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | २०७९/८० | २०८०/८१ | २०७९/८० | २०८०/८१ | |
| ४ | हुम्ला अस्पताल | | २९६७०० | | २०७९/८० | ६५.६४ | ९०.७ | ५० | ६५ | |
| ५ | दैलेख अस्पताल | | १९२४०० | | २०७९/८० | ३६.६६ | २३.४ | ५० | ४० | |
| ६ | प्रदेश रङ्गशाला | | १५९०० | | २०८०/८१ | ९९.९८ | ६८.२ | ७० | ९० | |
| ७ | प्रदेश अस्पताल | | १८३०००० | | २०८०/८१ | ५७.१९ | ८५.४ | ५ | ४० | |

***स्रोतः*** *सामाजिक विकास मन्त्रालय, कर्णाली प्रदेश।*

## ३.१२ कर्णाली प्रदेश योजना आयोग

### १. पृष्ठभूमि

प्रदेश सरकारलाई आवश्यकता अनुसार सल्लाह, सुझाव र सहयोग प्रदान गर्ने विज्ञ समूहको रुपमा प्रदेश योजना आयोगको गठन भएको छ। आयोगले प्रदेशको दुरगामी सोच सहितको विकासको अवधारणा तयार गर्ने, उद्देश्य तथा लक्ष्य निर्धारण गर्ने, दीर्घकालीन र अल्पकालीन नीति, रणनीति तथा योजना तर्जुमा गर्ने र प्रदेशस्तरका महत्त्वपूर्ण नीति, कार्यक्रम र आयोजनाहरुको अनुगमन एवम् मूल्याङ्कन गरी प्राप्त सूचनाहरुको अध्ययन एवम् विश्लेषण गरी सुझाव दिने जिम्मेवारी रहेको छ।

### २. दीर्घकालीन सोच

कर्णाली प्रदेश सरकारको दूरगामी विकास अवधारणा तयार गरी नीति, कार्यक्रम र आयोजनाहरुको अनुगमन एवम् मूल्याङ्कन गरी प्रदेश सरकारलाई सल्लाह र सुझाव दिने।

### ३. ध्येय

प्रदेश सरकारको योजना तर्जुमा कार्यान्वयन, अनुगमन र मूल्याङ्कनका लागि विज्ञ समूहको रुपमा प्रदेश सरकारलाई नीतिगत सल्लाह र सहजीकरण गर्ने।

### ४. उद्देश्य

४.१ प्रदेशको समग्र आर्थिक अवस्था, चालु योजना, प्रदेश प्राथमिकताका आयोजना र कार्यक्रमको कार्यान्वयनको प्रगति, समस्या र ती समस्या समाधानका उपायका बारेमा अध्यक्षलाई जानकारी गराउने,

४.२ प्रदेश मन्त्रालयहरुसँग समन्वय गरी प्रभावकारी ढंगले कार्यक्रम कार्यान्वयनमा सहजीकरण गर्ने,

४.३ प्रदेशको विकास सम्बन्धी नीति, योजना, कार्यक्रम तथा आयोजनाको कार्यान्वयनको अवस्था र प्रतिफल तथा प्रभावको प्रभावकारी अनुगमन तथा मूल्याङ्कन प्रणालीको विकास गर्ने,

४.४ तहगत समन्वयका लागि सहजीकरण गर्ने,

४.५ अध्ययन, अनुसन्धान तथा अन्वेषण सम्बन्धी कार्य गर्ने,

४.६ लगानीका लागि वातावरण तयार गर्न सहजीकरण गर्ने,

४.७ प्रदेशको समृद्धिका लागि दूरगामी सोच सहितको दीर्घकालीन लक्ष्य, मार्गचित्र, नीति तथा योजना तर्जुमा र सहजीकरण गर्ने,

४.८ आर्थिक, सामाजिक, भौतिक पूर्वाधार, पर्यावरणीय र सुशासनका क्षेत्रमा रणनीतिक प्रकृतिका आवधिक नीति तयार गर्न सहजीकरण गर्ने,

४.९ आयोजना बैङ्क तयार गर्ने,

४.१० प्रादेशिक स्रोतको अनुमान, प्रक्षेपण र वितरण, आयोजनाको आर्थिक, सामाजिक, वित्तीय, प्रविधि र वातावरणीय विश्लेषणका लागि मापदण्ड तयार गर्न सहजीकरण गर्ने,

४.११ प्रादेशिक योजनाको अध्यावधिक विवरण खुल्ने स्थिति पत्र तयार गर्ने,

४.१२ योजनाको वार्षिक तथा आवधिक प्रतिवेदन तयार गर्ने।

## ५. कार्यक्षेत्र

५.१ दीर्घकालीन सोच, तथ्यपरक नीति तथा योजना तर्जुमा सम्बन्धी कार्य,

५.२ अनुगमन तथा मूल्याङ्कन सम्बन्धी कार्य,

५.३ तहगत समन्वय सम्बन्धी कार्य,

५.४ अध्ययन, अनुसन्धान तथा अन्वेषण सम्बन्धी कार्य,

५.५ लगानीका क्षेत्रहरु पहिचान गरी लगानीको वातावरण तयार गर्न प्रदेश सरकारलाई सल्लाह सुझाव दिने।

**तालिका ५३: कर्णाली प्रदेश योजना आयोगको आ.व. २०८०/८१ मा खुद बजेट विनियोजन र खर्च सम्बन्धी विवरण**

(रू. हजारमा)

| बजेट शीर्षक | विनियोजन | खर्च रकम | खर्च प्रतिशत |
|---|---|---|---|
| चालु | ४०८३७ | १८६९४ | ४५.७८ |
| पुँजीगत | १६६० | १२०९ | ७२.८३ |
| **जम्मा** | **४२४९७** | **१९९०३** | **४६.८३** |

***स्रोत:*** *प्रदेश लेखा नियन्त्रक कार्यालय, कर्णाली प्रदेश।*

### चार्ट २२: कर्णाली प्रदेश योजना आयोगको आ. व. २०७९/८० र २०८०/८१ को मासिकरुपमा खर्चको तुलनात्मक विवरण (प्रतिशतमा)




*स्रोत: प्रदेश लेखा नियन्त्रक कार्यालय, कर्णाली प्रदेश।*

### तालिका ५४: कर्णाली प्रदेश योजना आयोगको आ. व. २०७६/७७ देखि र २०८०/८१ सम्म खुद बजेटको तुलनामा खर्च सम्बन्धी विवरण (रू. हजारमा)

| आर्थिक वर्ष | विवरण | चालु | चालु (प्रतिशतमा) | पुँजीगत | पुँजीगत (प्रतिशतमा) | जम्मा | प्रतिशतमा |
|---|---|---|---|---|---|---|---|
| २०७६/७७ | विनियोजन | ४५८७४ | ७८.४१ | १२६३५ | २१.५९ | ५८५०९ | १०० |
| | खर्च | ११९८२ | २६.१२ | २३४१ | १८.५३ | १४३२३ | २४.४८ |
| २०७७/७८ | विनियोजन | ४०२१८ | ८५.७६ | ६६८० | १४.२४ | ४६८९८ | १०० |
| | खर्च | १८८८६ | ४६.९६ | १८५० | २७.६९ | २०७३६ | ४४.२२ |
| २०७८/७९ | विनियोजन | ४११६० | ९०.६२ | ४२५९ | ९.३८ | ४५४१९ | १०० |
| | खर्च | १६०३३ | ३८.९५ | ८५८ | २०.१५ | १६८९१ | ३७.१९ |
| २०७९/८० | विनियोजन | ३२६०५ | ९७.९१ | ६९५ | २.०९ | ३३३०० | १०० |
| | खर्च | १७५६६ | ५३.८८ | ६१९ | ८९.०६ | १८१८५ | ५४.६१ |

| आर्थिक वर्ष | विवरण | चालु | चालु (प्रतिशतमा) | पुँजीगत | पुँजीगत (प्रतिशतमा) | जम्मा | प्रतिशतमा |
|---|---|---|---|---|---|---|---|
| २०८०/८१ | विनियोजन | ४०८३७ | ९६.०९ | १६६० | ३.९१ | ४२४९७ | १०० |
| | खर्च | १८६९४ | ४५.७८ | १२०९ | ७२.८३ | १९९०३ | ४६.८३ |
| **जम्मा विनियोजन** | | **२००६९४** | **८८.५६** | **२५९२९** | **११.४४** | **२२६६२३** | **१००** |
| **जम्मा खर्च** | | **८३१६१** | **४१.४४** | **६८७७** | **२६.५२** | **९००३८** | **३९.७३** |

***स्रोतः*** *प्रदेश लेखा नियन्त्रक कार्यालय, कर्णाली प्रदेश।*

## ६. समीक्षा अवधिमा सम्पादित प्रमुख कार्य

६.१ अनुगमन तथा मूल्याङ्कन निर्देशिका, २०८० को मस्यौदा तयार भएको,

६.२ वहुक्षेत्रीय पोषण सम्बन्धमा प्रदेश सभाका सदस्यहरु, सञ्चारकर्मी र अन्य सरोकारवालाहरुलाई अभिमुखीकरण गराइएको,

६.३ वहुक्षेत्रीय पोषण सम्बन्धी जानकारीमूलक सामग्री प्रकाशन र वितरण भएको,

६.४ असल खानपान सम्बन्धी सचेतना पुस्तिका प्रकाशन भएको,

६.५ आ.व. २०८१/८२१ देखि २०८३/८४ सम्मको त्रिवर्षीय मध्यमकालीन खर्च संरचना प्रकाशन र वितरण भएको,

६.६ रोजगारी सृजना सम्बन्धी अध्ययन प्रतिवेदन सरकारलाई बुझाइएको,

६.७ कर्णाली प्रदेशमा दिगो विकास लक्ष्य प्राप्ति सम्बन्धमा समीक्षा भएको।

## ७. बजेट कार्यान्वयनमा देखिएका प्रमुख समस्या/चुनौती

७.१ लामो समय पूर्णकालीन पदाधिकारीको रिक्तताले वार्षिक विकास कार्यक्रमका सबै क्रियाकलापहरु कार्यान्वयनमा समस्या,

७.२ भाडाको निजी घरमा कार्यालय रहनुपर्दा कार्यकक्ष र सामग्री भण्डारणको लागि घर र कोठा अपर्याप्त,

७.३ सूचना प्रविधि सम्बन्धी दक्ष कर्मचारीको दरबन्दी र कर्मचारी नहुँदा आयोजना सम्बन्धी सूचना प्रणालीहरुको प्रभावकारी सञ्चालन नभएको।

परिच्छेद-चार

# बजेट प्रणाली तथा सार्वजनिक वित्त व्यवस्थापनमा भएका सुधारका प्रयास

सीमित साधन स्रोतको अधिकतम परिचालन मार्फत् समग्र प्रदेशको आर्थिक विकासको लागि योजनाबद्ध रूपमा कार्यक्रम छनोट तथा बजेट विनियोजन मार्फत् बजेटरी अनुशासन कायम गर्न आर्थिक मामिला तथा योजना मन्त्रालयबाट निरन्तर रुपमा सुधार प्रयास गरिएको छ।

नेपालको संविधानले निर्दिष्ट गरेको सहकार्य, सहअस्तित्व र समन्वयको मूल मर्मलाई आत्मसात् गर्दै मन्त्रालयले प्रदेशको क्षेत्राधिकार भित्रको बजेट प्रणाली र सार्वजनिक वित्त सुधार सम्बन्धी कार्य अन्तरगत प्रदेशको आर्थिक कार्यप्रणालीसँग सम्बन्धित नीति/नियमहरूको तर्जुमा तथा कार्यान्वयन, यससँग सम्बन्धित विद्युतीय प्रणालीको प्रयोग तथा सुधार गरी सक्षम सार्वजनिक वित्त व्यवस्थापनमा जोड दिइएको छ।

प्रदेशले सञ्चालन गर्ने बहुवर्षीय प्रकृतिका आयोजना/कार्यक्रममा स्रोतको सुनिश्चितता र कार्यक्रम/आयोजनाहरूको प्रभावकारिता अभिवृद्धि गरी व्यवस्थित गर्ने उद्देश्यका साथ कर्णाली प्रदेश बहुवर्षीय ठेक्का बन्दोबस्त सम्बन्धी निर्देशिका, २०७७ (पहिलो संशोधन, २०८०) कार्यान्वयनमा छ। बजेट तर्जुमा, छलफल, कार्यक्रम संशोधन/रकमान्तर लगायत मन्त्रालयको बजेट, योजना तथा कार्यक्रमलाई सुव्यवस्थित बनाउन बजेट तर्जुमा दिग्दर्शन तयार गरिएको छ। यसैगरी प्रदेशको आर्थिक कार्य प्रणालीलाई समयानुकूल बनाउन तथा विद्यमान ऐन/नियमलाई सङ्घीय ऐन/नियम अनुकूल हुने गरी तयार गर्न प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐनको मस्यौदा तयार भएको छ। वित्तीय हस्तान्तरण अन्तर्गत यस प्रदेशका स्थानीय तहमा हस्तान्तरण हुने ससर्त अनुदानलाई व्यवस्थित गर्न तथा आन्तरिक आय कम भएका स्थानीय तहलाई विकास कार्यक्रममा बढी सहभागी गराउन प्रदेश ससर्त अनुदान सम्बन्धी कार्यविधि अत्यावश्यक छ।

वित्तीय हस्तान्तरण अन्तर्गतका समपूरक तथा विशेष अनुदानको आवेदन प्रस्ताव तथा छनोट प्रक्रियालाई राष्ट्रिय योजना आयोगसँगको सहकार्यमा वेवबेसमा आधारित प्रणालीमा आवद्ध गरी कार्यान्वयनमा ल्याइएको छ।

सीमित साधन स्रोतबाट अधिकतम जनअपेक्षा तथा आयोजना/कार्यक्रमको व्यवस्थापन गर्न पूर्वतयारी नभएका आयोजना तथा कार्यक्रममा बजेट विनियोजन नगर्ने परिपाटीको थालनी गरिएको छ। राष्ट्रिय योजना आयोगसँगको सहकार्यमा आयोजना बैङ्क प्रणाली प्रदेशमा सञ्चालन र वेवबेसमा आधारित

मध्यमकालीन खर्च संरचना तयार गर्ने कार्य सुरु गरिएको छ। यसबाट सार्वजनिक वित्त व्यवस्थापनमा सुधार भइ प्रदेशले सञ्चालन गर्ने समग्र आर्थिक क्रियाकलापहरू पारदर्शी, व्यवस्थित भइ वित्तीय सुशासन अभिवृद्धि हुने अपेक्षा गरिएको छ।

## ४.१ वित्तीय सङ्घीयता कार्यान्वयन र वित्तीय हस्तान्तरण

४.१.१ नेपालको संविधान, अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४, प्रदेश वित्तीय हस्तान्तरण ऐन, २०७५, विनियोजन ऐन, २०८० लगायत वित्तीय हस्तान्तरणसँग सम्बन्धित विभिन्न कानुन तथा कार्यविधिहरूको आधारमा वित्तीय हस्तान्तरण गरिएको छ।

४.१.२ वित्तीय हस्तान्तरण अन्तर्गत स्थानीय तहमा हस्तान्तरण हुने बजेट तथा कार्यक्रमका सम्बन्धमा समपूरक तथा विशेष अनुदान सम्बन्धी कार्यविधि, २०७५ को चौथो संशोधन गरी समसामयिक बनाइएको छ।

४.१.३ वित्तीय हस्तान्तरण अन्तर्गतका बजेट तथा कार्यक्रम कार्यान्वयनको लागि समयमै सबै स्थानीय तहहरूलाई अख्तियारी तथा मार्गदर्शन प्रदान गरिएको छ।

४.१.४ वित्तीय समानीकरण अनुदानबाट खर्च भएको रकमको विवरण स्थानीय तहले प्रदेश लेखा इकाई कार्यालय मार्फत् प्रदेश लेखा नियन्त्रक कार्यालयमा पेश गर्ने व्यवस्था गरिएको छ।

४.१.५ स्थानीय तहले ससर्त अनुदान, समपूरक अनुदान र विशेष अनुदान बापत हस्तान्तरण भएको रकम जुन विषय क्षेत्रको आयोजना वा कार्यक्रमको लागि प्राप्त भएको हो सोही आयोजना वा कार्यक्रमको लागि मात्र खर्च गर्ने गरी कार्यान्वयन हुने अवधि, कार्यान्वयनको प्रक्रिया, खर्चको अनुमान सहितको कार्ययोजना, मासिक नगद प्रवाहको विवरण र सम्बन्धित गाउँ/नगर सभाले पारित गरेको राजस्व र व्ययको अनुमान साउन मसान्तभित्र प्रदेश लेखा इकाई कार्यालय मार्फत् प्रदेश लेखा नियन्त्रक कार्यालयमा बुझाउनु पर्ने व्यवस्था गरिएको छ।

४.१.६ वित्तीय हस्तान्तरण अन्तर्गतका ससर्त, समपूरक तथा विशेष अनुदानका स्वीकृत आयोजना तथा कार्यक्रम कार्यान्वयन गर्दा आर्थिक वर्ष भित्र खर्च नभइ बचत भएको रकम सम्बन्धित स्थानीय तहले प्रदेश सञ्चित कोषमा फिर्ता/दाखिला गर्नुपर्ने हुन्छ। यसरी बचत रकम फिर्ता/दाखिला नभएमा प्रदेश लेखा इकाइ कार्यालय वा प्रदेश लेखा नियन्त्रक कार्यालयले त्यस्तो रकम अर्को आर्थिक वर्षमा हस्तान्तरण हुने वित्तीय समानीकरण अनुदान हस्तान्तरण गर्दा समायोजन गर्ने व्यवस्था गरिएको छ।

४.१.७ प्रदेशका मन्त्रालय र विभिन्न निकायहरुमा वित्तीय स्रोतको उपयोगमा हुने सक्ने जोखिमलाई न्यूनीकरण गरी वित्तीय अनुशासन कायम गर्ने उद्देश्यले वित्तीय जोखिम मूल्याङ्कन कार्यविधि, २०७८ कार्यान्वयनमा रहेको छ।

४.१.८ प्रदेशको बजेट तर्जुमा, कार्यान्वयन, लेखाङ्कन र प्रतिवेदनका लागि नेपाल सरकारको समन्वयमा प्रदेश मन्त्रालयगत वेवबेस बजेट सूचना प्रणाली (Province Line Ministry Budget Information System-PLMBIS) प्रयोग गरिएको छ।

## ४.२ आ.व. २०८०/८१ को बजेट कार्यान्वयन सम्बन्धी अख्तियारी र मार्गदर्शनका प्रमुख विषय

४.२.१ बहुवर्षीय, क्रमागत, स्रोत सुनिश्चितता भएका र निकायको आन्तरिक संरचना निर्माण तथा सुधार बाहेक सडक र भवन तर्फ रू. ३० लाख भन्दा कम र अन्य निर्माण तर्फ रू. १५ लाख भन्दा कम विनियोजन भएका आयोजनाहरूलाई व्यवस्थापन गर्नुपर्ने भएकाले अर्को निर्देशन प्राप्त नभए सम्मका लागि नयाँ आयोजनाहरु समेत रोक्का गरिएको,

४.२.२ वार्षिक विकास कार्यक्रममा एकमुष्ट रुपमा विनियोजित रकम बाँडफाँट गर्दा क्रियाकलाप सहित कार्यक्रमको विवरण र त्रैमासिक विभाजन प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणाली (PLMBIS) मा प्रविष्ट गरी असोज मसान्तभित्र स्वीकृतिका लागि कर्णाली प्रदेश योजना आयोगको सिफारिस सहित यस मन्त्रालयमा पठाउनु पर्ने,

४.२.३ वार्षिक स्वीकृत कार्यक्रमका लागि विनियोजित बजेट दोस्रो चौमासिक सम्म खर्च नभई बाँकी रहेको र चालु आर्थिक वर्षमा खर्च हुन नसक्ने भएमा त्यस्तो रकम २०८० चैत्र १५ गतेभित्र आर्थिक मामिला तथा योजना मन्त्रालयमा समर्पण गर्नुपर्ने,

४.२.४ बजेट तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयनको लागि समय सीमा सहितको कार्ययोजना बनाई सम्वत् २०८० श्रावण १५ गतेभित्र स्वीकृत गराई सोही कार्ययोजना बमोजिम कार्य सम्पादन गर्ने गराउने व्यवस्था मिलाउनु पर्ने,

४.२.५ सार्वजनिक खरिद गर्दा सम्झौतामा तोकिए बमोजिम काम भए नभएको नियमित अनुगमन तथा मूल्याङ्कन गरी अर्को आर्थिक वर्षमा दायित्व नसर्ने गरी सम्बन्धित आर्थिक वर्ष भित्रै भुक्तानीको व्यवस्था मिलाउनु पर्ने,

४.२.६ प्रदेश गौरवका आयोजना बाहेक अन्यका हकमा स्रोत सहमतिको अवधि बढीमा ३ वर्षको रहने र स्रोत सहमति प्रदान गरेको मितिले छ महिनाभित्र ठेक्का सम्झौता नभएमा सहमति स्वतः रद्द हुने र यस अघि सहमति दिइएका मध्ये छ महिना पूरा भइ हालसम्म बोलपत्र आह्वान नभएका तथा यस वर्षको बजेटमा विनियोजन प्रस्ताव नगरिएका आयोजनाहरूको स्रोत सुनिश्चितता सहमति खारेज गरिएको,

४.२.७ कर्णाली प्रदेश विनियोजन ऐन, २०८० को दफा ६ बमोजिम प्रदेश सरकारको कुनै निकायबाट कार्यान्वयन हुने गरी विनियोजन भएको कुनै आयोजना वा कार्यक्रम स्थानीय तह मार्फत् कार्यान्वयन गर्नुपर्ने भएमा अख्तियारीको रुपमा सर्त सहित कार्यक्रम कार्यान्वयन गर्ने व्यवस्था मिलाउनु पर्ने,

४.२.८ कर्णाली प्रदेश सरकारबाट निजी तथा सामुदायिक उद्योग, कम्पनी, सङ्घ-संस्था तथा सहकारीलाई प्रदान गर्ने अनुदानलाई नतिजामुखी र उत्पादनमूलक बनाई प्रभावकारी बनाउन अनुदान सम्बन्धी छुट्टै ऐन तर्जुमा पश्चात कार्यान्वयन गर्ने व्यवस्था मिलाउनु पर्ने,

४.२.९ बजेट तथा कार्यक्रमको बाँडफाँट र खर्च गर्दा प्रचलित कानुन र एकीकृत आर्थिक सङ्केत तथा वर्गीकरण र व्याख्या, २०७४ (दोस्रो परिमार्जन सहित) अनुसार गर्नुपर्ने,

४.२.१० स्वीकृत आयोजना तथा कार्यक्रमको लागि विनियोजित बजेटको ठेक्का वा अन्य प्रक्रियाबाट खरिद कार्य गर्दा बजेट भन्दा कम लागतमा ठेक्का सम्झौता वा उपभोक्ता समितिसँग सम्झौता भएका कारणले बचत हुने रकम सोही आयोजनाको अर्को ठेक्का तथा अन्य नयाँ कार्यक्रम वा आयोजनाका लागि खर्च गर्न नपाउने व्यवस्था मिलाई वित्तीय अनुशासन पालना गर्नुपर्ने,

४.२.११ सङ्घीय सरकारबाट प्राप्त ससर्त अनुदान मार्फत् सञ्चालन हुने कार्यक्रमको बजेट निकासा महालेखा नियन्त्रक कार्यालयबाट खर्च विवरणका आधारमा आवधिक रुपमा प्राप्त हुने हुँदा तहाँ मन्त्रालय र मातहतका निकाय समेतको खर्चको विवरण मासिक रुपमा र भौतिक तथा वित्तीय प्रगति प्रतिवेदन त्रैमासिक रुपमा प्रदेश लेखा इकाई कार्यालय, प्रदेश लेखा नियन्त्रक कार्यालय र यस मन्त्रालयमा पठाउनु पर्ने,

४.२.१२ सार्वजनिक निर्माण, वस्तु तथा मालसामान खरिद, परामर्श सेवा वा अन्य सेवा खरिद र तालिम, गोष्ठी तथा सेमिनार सञ्चालन गर्दा सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४, कर्णाली प्रदेश सार्वजनिक खरिद नियमावली, २०७७ एवम् कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका, २०७५ र कर्णाली प्रदेश बहुवर्षीय ठेक्का बन्दोबस्त सम्बन्धी निर्देशिका, २०७७ मा भएका व्यवस्थाको परिपालन गर्नु पर्ने,

४.२.१३ उपलब्ध जनशक्तिको अधिकतम् उपयोग गरी कार्यसम्पादन गर्ने व्यवस्था मिलाउनु हुनेछ। विशेषज्ञ सेवा मार्फत कार्य गराउँदा स्पष्ट कार्य विवरण र अवधि समेत खुलाई बजेट एकिन गरेर मात्र परामर्श सेवा लिनु हुनेछ। बाह्य निकाय/संस्था/व्यक्तिबाट परामर्शदाता नियुक्ति गरी कार्यसम्पादन गराउने प्रवृत्तिलाई निरुत्साहित गर्नुपर्ने,

४.२.१४ कार्यालयका लागि सवारी साधन खरिद गर्दा मितव्ययिताको सिद्धान्तलाई ध्यानमा राखी सवारी साधन खरिद गर्ने र चारपाङ्ग्रे सवारी साधन खरिद गर्नुपूर्व आर्थिक मामिला तथा योजना मन्त्रालयको पूर्व स्वीकृति लिइ कर्णाली प्रदेश सरकारबाट गठन गरिएको समितिको सिफारिसमा सार्वजनिक खरिद ऐन, नियमावली तथा कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिकामा भएका व्यवस्था अनुसार खरिद गर्नुपर्ने,

४.२.१५ प्रदेश सरकारलाई दीर्घकालीन रुपमा आर्थिक भार पर्ने गरी कुनै पनि सङ्घ, संस्था, समिति, परिषद् तथा  अन्य संरचना स्थापना नगर्ने व्यवस्था मिलाउनु पर्ने,

४.२.१६ सार्वजनिक निकायमा स्वदेशी वस्तुको उपयोग गर्ने सम्बन्धी प्रचलित कानुनी व्यवस्था अनुसार सरकारी निकायले स्वदेशी वस्तुहरूको मूल्य प्रचलित बजार मूल्यभन्दा १५ प्रतिशतसम्म बढी भए पनि अनिवार्य खरिद गर्नुपर्ने व्यवस्थाको पालना गराउनु पर्ने,

४.२.१७ आर्थिक क्रियाकलाप र विकास निर्माणका कार्यक्रम सञ्चालनका क्रममा अनिवार्य रुपमा आन्तरिक लेखापरीक्षण, अन्तिम लेखापरीक्षण, सार्वजनिक लेखापरीक्षण तथा सामाजिक लेखापरीक्षणको माध्यमबाट प्रचलित कानुनी व्यवस्था एवम् कार्यविधि पालना गर्ने तथा तोकिएको समयमा वित्तीय सुशासन जोखिम मूल्याङ्कन गर्ने व्यवस्था मिलाउनु पर्ने,

४.२.१८ चालु तथा पुँजीगत शीर्षकमा विनियोजित बजेट खर्च गर्दा मितव्ययी तवरले दक्ष र प्रभावकारी ढङ्गले गर्नु गराउनु हुनेछ। सञ्चालन खर्च शीर्षकमा थप रकम निकासा नगरिने हुँदा विनियोजित बजेटबाटै खर्च व्यवस्थापन गर्नुपर्ने,

४.२.१९ सार्वजनिक निर्माण कार्यको सम्बन्धमा निर्माण स्थलमा सो कामसँग सम्बन्धित आयोजनाको विवरण (आयोजनाको नाम, लागत, कार्य शुरु भएको मिति, कार्य सम्पन्न हुने मिति, ठेक्का अङ्क, ठेक्का लिनेको नाम तथा ठेगाना, काम सम्पन्न भए पछि हुने अपेक्षित उपलब्धि आदि) काम सम्पन्न नभएसम्म सर्वसाधारणले देख्ने स्थानमा होर्डिङ्ग बोर्ड राखी सार्वजनिक गर्ने व्यवस्था मिलाउनु पर्ने,

४.२.२० सरकारी खर्चको दायित्व एकिन गर्नको लागि लेखा अभिलेख राख्ने व्यवस्था गर्नुका साथै यस मन्त्रालय र प्रदेश लेखा नियन्त्रक कार्यालयमा समेत प्रतिवेदन गर्ने व्यवस्था मिलाउनु पर्ने,

४.२.२१ कार्यक्रम/आयोजनाको सञ्चालनमा आएका समस्या समाधानको लागि नियमित रुपमा मन्त्रालयस्तरीय विकास समस्या समाधान समितिको बैठक आयोजना गर्नु हुनेछ। मन्त्रालयस्तरीय विकास समस्या समाधान समितिमा छलफल भई समाधान हुन नसकेका समस्या प्रदेशस्तरीय विकास समस्या समाधान समितिमा पठाई छलफल गर्ने व्यवस्था मिलाउनु पर्ने,

४.२.२२ अनुदान/सहायता/प्रोत्साहन/साझेदारीमा सञ्चालन हुने कार्यक्रममा कुनै निश्चित लाभग्राही मात्र लाभान्वित हुने गरी नाम वा सीमित स्थान किटान गरी बिना प्रतिस्पर्धा निश्चित व्यक्ति, संस्था वा समूहका लागि लक्षित गरी कार्यक्रम सञ्चालन गर्न पाइने छैन। अनुदान सहायता दिँदा पटक-पटक एकै व्यक्ति समूह, सहकारी वा फर्मलाई दिने प्रवृत्तिलाई निरुत्साहन गर्ने व्यवस्था मिलाउनु पर्ने।

## ४.३ समीक्षा अवधिमा गरिएका प्रमुख प्रयास

### ४.३.१ समपूरक र विशेष अनुदान सम्बन्धी प्रणाली

- प्रदेशबाट स्थानीय तहमा हस्तान्तरण हुने समपूरक तथा विशेष अनुदान सम्बन्धी कार्यक्रम तथा आयोजनाको प्रस्तावका लागि राष्ट्रिय योजना आयोगसँगको समन्वयमा समपूरक तथा विशेष अनुदान सम्बन्धी प्रणाली http://karnali.csgrants.gov.np/ सञ्चालनमा ल्याई, प्रणाली मार्फत् कार्यक्रम तथा योजना प्रस्ताव माग गर्ने प्रणाली संस्थागत गरिएको,
- कर्णाली प्रदेश समपूरक अनुदान र विशेष अनुदान सम्बन्धी (चौथो संशोधन) कार्यविधि, २०७५ बमोजिम आर्थिक वर्ष २०८१/८२ को लागि आयोजनाहरु छनोट गरिएको।

### ४.३.२ सार्वजनिक वित्त व्यवस्थापनमा गरिएका अन्य सुधार

- बहुवर्षीय प्रकृतिका आयोजना तथा कार्यक्रमको बजेट सुनिश्चिततालाई व्यवस्थित गरी निर्दिष्ट समयमा आयोजना तथा कार्यक्रम सम्पन्न गर्न कर्णाली प्रदेश बहुवर्षीय ठेक्का बन्दोबस्त सम्बन्धी निर्देशिका, २०७७ बमोजिम बहुवर्षिय ठेक्का स्वीकृत गर्न सहमति प्रदान गरिएको,
- बजेट तथा कार्यक्रम तर्जुमा तथा बजेट कार्यक्रम संशोधन, रकमान्तर, मूल्याङ्कन लगायतका बजेट, योजना तथा कार्यक्रम महाशाखासँग सम्बन्धित विभिन्न कार्यलाई थप व्यवस्थित गर्नका लागि प्रदेश बजेट कार्यसञ्चालन निर्देशिका तर्जुमाको प्रकृयामा रहेको।

परिच्छेद-पाँच

# स्थानीय तहमा वित्तीय हस्तान्तरण तथा खर्चको स्थिति

## ५.१ स्थानीय तहमा भएको वित्तीय हस्तान्तरण

५.१.१. कर्णाली प्रदेश सरकारबाट समानीकरण, समपूरक, विशेष र ससर्त अनुदानको रुपमा आर्थिक वर्ष २०७५/७६ देखि २०८१/८२ सम्म १० जिल्लाका ७९ स्थानीय तहमा रू. २३ अर्ब ४ करोड २५ लाख ६९ हजार विनियोजन भएको छ।

५.१.२. आर्थिक वर्ष २०८०/८१ मा कर्णाली प्रदेशभित्रका स्थानीय तहहरुलाई सुरु विनियोजन मार्फत वित्तीय समानीकरण, ससर्त, समपूरक र विशेष अनुदान गरी कुल रू. ४ अर्ब ८३ करोड वित्तीय हस्तान्तरण गरिएको छ। कर्णाली प्रदेश सरकारबाट स्थानीय तहमा आर्थिक वर्ष २०७५/७६ देखि २०८१/८२ सम्म हस्तान्तरण भएको बजेटको तुलनात्मक विवरण देहायको तालिकाबाट प्रष्ट पारिएको छः-

**तालिका ५५: कर्णाली प्रदेश सरकारबाट ७ आर्थिक वर्षमा स्थानीय तहको लागि विनियोजन गरिएको अनुदान सम्बन्धी विवरण**

*(रू. हजारमा)*

| क्र. सं. | अनुदान/आ.व. | बार्षिक बजेट | | | | |
|---|---|---|---|---|---|---|
| | आर्थिक वर्ष | समपूरक | विशेष | ससर्त | समानीकरण | जम्मा |
| १ | २०७५/७६ | | | | ४००००० | ४००००० |
| २ | २०७६/७७ | १०००००० | ३००००० | ५००००० | ८००००० | २६००००० |
| ३ | २०७७/७८ | १०५८००० | ३५२५०० | ७८६००० | ८००००० | २९९६५०० |
| ४ | २०७८/७९ | १०००००० | ३००००० | १२९९९०० | ८००००० | ३३९९९०० |
| ५ | २०७९/८० | ५१२००० | ३०५००० | २३९८७२९ | ८००००० | ४०१५७२९ |
| ६ | २०८०/८१ | ८४२५०० | २७५५०० | २८८२४४० | ८००००० | ४८००४४० |
| ७ | २०८१/८२ | ६७८२९० | ३००००० | ३०५१७१० | ८००००० | ४८३०००० |
| | जम्मा | ५०९०७९० | १८३३००० | १०९१८७७९ | ५२००००० | २३०४२५६९ |
| | प्रतिशत | २२.०९ | ७.९५ | ४७.३९ | २२.५७ | १०० |

**स्रोतः** *आर्थिक मामिला तथा योजना मन्त्रालय, कर्णाली प्रदेश।*

५.१.३. आ.व. २०७९/८० मा कर्णाली प्रदेश सरकारबाट विभिन्न स्थानीय तहमा रू. ५१ करोड २० लाख समपूरक अनुदान हस्तान्तरण भएको थियो भने आ.व. २०८०/८१ मा रू. ८४ करोड २५ लाख हस्तान्तरण भएको थियो।

५.१.४. आ.व. २०८१/८२ मा कर्णाली प्रदेश सरकारबाट विभिन्न स्थानीय तहमा रू. ६७ करोड ८२ लाख ९० हजार समपूरक अनुदान हस्तान्तरण भएको छ।

**चार्ट २३: कर्णाली प्रदेश सरकारबाट आ.व. २०७९/८० देखि २०८१/८२ सम्म जिल्लागत रूपमा स्थानीय तहमा समपूरक अनुदान हस्तान्तरण सम्बन्धी तुलनात्मक विवरण**

(रू. हजारमा)




५.१.५. आ.व. २०७९/८० मा कर्णाली प्रदेश सरकारबाट विभिन्न स्थानीय तहमा रू. ३० करोड ५० लाख विशेष अनुदान हस्तान्तरण भएको थियो भने आ.व. २०८०/८१ मा रू. २७ करोड ५५ लाख हस्तान्तरण भएको थियो।

५.१.६. आ.व. २०८१/८२ मा कर्णाली प्रदेश सरकारबाट विभिन्न स्थानीय तहमा रू. ३० करोड विशेष अनुदान हस्तान्तरण भएको छ।

**चार्ट २४: कर्णाली प्रदेश सरकारबाट आ.व. २०७९/८० देखि २०८१/८२ सम्म जिल्लागत रूपमा स्थानीय तहमा विशेष अनुदान हस्तान्तरण सम्बन्धी तुलनान्त्मक विवरण**

(रू. हजारमा)




५.१.७. आ.व. २०७९/८० मा कर्णाली प्रदेश सरकारबाट विभिन्न स्थानीय तहमा रू. २ अर्ब ३९ करोड ८७ लाख २९ हजार ससर्त अनुदान हस्तान्तरण भएको थियो भने आ.व. २०८०/८१ मा रू. २ अर्ब ८८ करोड २४ लाख हस्तान्तरण भएको थियो।

५.१.८. आ.व. २०८१/८२ मा कर्णाली प्रदेश सरकारबाट विभिन्न स्थानीय तहमा रू. ३ अर्ब ५ करोड १७ लाख १० हजार ससर्त अनुदान हस्तान्तरण भएको छ।

चार्ट २५: कर्णाली प्रदेश सरकारबाट आ.व. २०७९/८० देखि २०८१/८२ सम्म जिल्लागत रूपमा स्थानीय तहमा ससर्त अनुदान हस्तान्तरण सम्बन्धी तुलनात्मक विवरण (रू. हजारमा)




## ५.२ स्थानीय तहमा राजस्व बाँडफाँट

५.२.१ सवारी साधन कर वापत सङ्कलित रकम प्रदेश विभाज्य कोषमा राखी प्रदेश र स्थानीय तहलाई प्रचलित कानुन बमोजिम बाँडफाँट गरिएको,

५.२.२ सवारी साधन कर अन्तर्गत वार्षिक अनुमानित राजस्व सङ्कलन २३ करोड २३ लाख मध्ये आर्थिक वर्षको अन्तसम्म रू. १९ करोड ५५ लाख राजस्व सङ्कलन भइ राजस्व बाँडफाँट गरी रू. ७ करोड ८२ लाख स्थानीय तहलाई हस्तान्तरण गरिएको।

## ५.३ वित्तीय सङ्घीयता कार्यान्वयन गर्ने सन्दर्भमा भएका उपलब्धि र समीक्षा

५.३.१ कर्णाली प्रदेश सरकारले आफ्नो स्थापना कालदेखि नै यस प्रदेशभित्रका स्थानीय तहलाई वित्तीय हस्तान्तरण गरिरहेको छ। वित्तीय हस्तान्तरणका आयोजना/कार्यक्रम

छनोट तथा सोको कार्यान्वयनका सम्बन्धमा कर्णाली प्रदेश वित्तीय हस्तान्तरण (व्यवस्थापन) ऐन २०७५, कर्णाली प्रदेश समपूरक तथा विशेष अनुदान सम्बन्धी कार्यविधि, २०७५ (चौंथो संशोधन सहित) तर्जुमा भएको,

५.३.२ स्थानीय तहमा ससर्त अनुदानका रुपमा हस्तान्तरण गरिने आयोजना/कार्यक्रमको प्रस्ताव, छनोट लगायत सोको कार्यान्वयनलाई थप व्यवस्थित बनाउन ससर्त अनुदान सम्बन्धी कार्यविधिको मस्यौदा तयारी समिति गठन कार्य प्रारम्भ भएको,

५.३.३ राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग, नेपाल सरकार अर्थ मन्त्रालय, राष्ट्रिय योजना आयोग लगायतका निकायहरुसँग अनुदान तथा राजस्व बाँडफाँटका सम्बन्धमा समन्वय, सहकार्य भइ रकम प्राप्त भएको,

५.३.४ राष्ट्रिय योजना आयोगको समन्वय र सहकार्यमा आर्थिक वर्ष २०८०/८१ मा कार्यान्वयन हुने समपूरक तथा विशेष अनुदानका आयोजनाहरु प्रस्ताव गरी विद्युतीय प्रणाली मार्फत प्राप्ति र छनोट भइ कार्यान्वयन भएको,

५.३.५ वित्तीय हस्तान्तरण अन्तर्गत विभिन्न अनुदानहरु हस्तान्तरणका सम्बन्धमा हासिल भएको उपलब्धि सन्तोषजनक रहेको भएता पनि आयोजना तर्जुमा, सोको कार्यान्वयन तथा वित्तीय अनुशासनको पालना लगायतका विषयमा आगामी दिनमा थप कार्य गर्नुपर्न,

५.३.६ विभिन्न आयोजना/कार्यक्रमको कार्यान्वयनको गुणस्तरीयता, प्रभावकारिताको विषयमा पर्याप्त अनुगमन तथा मूल्याङ्कन हुन आवश्यक रहेको। यसका लागि आगामी दिनमा अनुगमन तथा मूल्याङ्कन संयन्त्र प्रभावकारी बनाउनुपर्ने,

५.३.७ नेपालको संविधानले परिकल्पना गरेको तीन तहको राज्यको संरचनाको समन्वय, सहकार्यको एक महत्त्वपूर्ण औजारको रुपमा वित्तीय सङ्घीयतालाई लिइन्छ। सोको प्रभावकारी कार्यान्वयनका लागि तीनै तहका सरकारबिच निरन्तररुपमा समन्वय र सहकार्य हुनुपर्ने तथा विभिन्न तहका सरकारबाट निर्धारित कार्यक्षेत्र अनुरुप मात्र आयोजना/कार्यक्रम छनोट भइ बजेट विनियोजन हुनुपर्ने आवश्यकता रहेको।

## ५.४ वित्तीय सङ्घीयताको कार्यान्वयनमा देखा परेका समस्या

५.४.१ प्रदेश समपूरक तथा विशेष अनुदान सम्बन्धी कार्यविधि, २०७५ बमोजिम ठेक्का सम्झौताको विवरण सम्झौता सम्पन्न भएको सात दिनभित्र सम्बन्धित स्थानीय तहले आर्थिक मामिला तथा योजना मन्त्रालय र प्रदेश लेखा नियन्त्रक कार्यालयमा प्रेषित गर्नुपर्ने व्यवस्था भएकोमा सो अनुसारको विवरण सबै स्थानीय तहबाट प्राप्त नभएको,

५.४.२ प्रदेश विनियोजन ऐन तथा मन्त्रालयबाट जारी गरिने विभिन्न परिपत्र तथा मार्गदशर्नको पालनामा ध्यान नपुगेको। कतिपय स्थानीय तहले वित्तीय हस्तान्तरण

अनुदानका आयोजनाहरुको आर्थिक वर्ष समाप्त भएपछि विनियोजन ऐन अनुसार फिर्ता गर्नुपर्ने रकम फिर्ता नगरेको,

५.४.३ समपूरक अनुदान तर्फको आयोजनाहरुको हकमा कतिपय स्थानीय तहले आयोजना प्रस्ताव गर्दा महत्त्वकांक्षी ढङ्गले गर्ने तर साझेदारी गर्न नसक्दा व्यवहारमा आयोजना कार्यान्वयन नै नहुने वा ढिलाई हुने तथा संशोधनको लागि समेत अनुरोध गर्ने देखिएको,

५.४.४ समपूरक र विशेष अनुदानका आयोजनामा पूर्व तयारीका चरण सम्पन्न भइसकेका आयोजना प्रस्ताव गर्नुपर्नेमा सो नगरी आयोजना अन्तिम चौमासिकमा ठेक्का सम्झौता गरी कार्यान्वयनमा ढिलाई गर्ने लगायतका कारण उक्त आयोजना/कार्यक्रमको दायित्व अर्को आर्थिक वर्षमा सरी आयोजना/कार्यक्रम अधुरो रहने स्थिति देखिएको,

५.४.५ प्रदेश विनियोजन ऐन तथा बजेट कार्यान्वयन सम्बन्धी मार्गदर्शनमा समेत जुन आयोजना/कार्यक्रमको लागि बजेट विनियोजन भएको हो सोही आयोजना/कार्यक्रममा खर्च गर्नुपर्ने र बचत रकम प्रदेश सञ्चित कोषमा फिर्ता गर्नुपर्ने व्यवस्था हुँदाहुँदै बचत रकम स्वीकृत आयोजना/कार्यक्रम बाहेकका आयोजना/कार्यक्रममा खर्च गर्ने गरेको,

५.४.६ ससर्त अनुदान तर्फ आयोजना छनोटको निश्चित मापदण्ड नहुँदा टुक्रे प्रकृतिका आयोजनाको सङ्ख्या बढ्दै गई स्रोत र साधनको प्राथमिकतापूर्ण र दक्षतापूर्ण उपयोग हुन नसकेको,

५.४.७ कतिपय स्थानीय तहमा ससर्त अनुदानबाट सञ्चालन हुने आयोजना/कार्यक्रम आफ्नो आवश्यकता बमोजिम नभएको भनि उक्त आयोजना/कार्यक्रम कार्यान्वयनमा तदारूकता नहुँदा सोको सट्टामा अन्य आयोजना/कार्यक्रममा सो रकम रकमान्तर गर्नका लागि अनुरोध गर्ने गरेको,

५.४.८ ससर्त अनुदानका आयोजनाहरुको कार्यान्वयनका सन्दर्भमा विषयगत मन्त्रालयहरुबाट पनि समयमै कार्यविधि/मापदण्ड/मार्गदर्शन स्थानीय तहमा प्रेषित नहुँदा आयोजना/कार्यक्रम कार्यान्वयनको विधि र प्रक्रियाका सम्बन्धमा द्विविधा भएको,

५.४.९ कर्णाली प्रदेश आर्थिक ऐन, २०८० मा तोकिएको समयमा सबै स्थानीय तहबाट राजस्व बाँडफाँटको रकम प्रदेश सञ्चित कोषमा दाखिला नभएको। यसका साथै स्थानीय तहबाट दहत्तर बहत्तर शुल्क वापत सङ्कलन भएको राजस्व कतिपय स्थानीय तहले प्रदेश आर्थिक ऐन बमोजिम प्रदेश सञ्चित कोषमा दाखिला नगरेको,

५.४.१० वार्षिक बजेट तर्जुमा पश्चात समेत आयोजना/कार्यक्रममा गैर बजेटरी रकमका लागि प्रस्ताव गर्ने प्रवृत्ति देखिएको,

५.४.११ प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणाली (PLMBIS) र SuTRA (Sub national treasury regulatory application) बिच Real time आवद्धता नहुँदा प्रतिवेदन प्राप्तिमा समस्या देखिएको,

५.४.१२ स्थानीय तहले कार्यान्वयन गर्ने कतिपय आयोजनाहरुमा दोहोरोपना देखिएकोले सो आयोजना/कार्यक्रममा विनियोजित रकम नयाँ आयोजना/कार्यक्रममा रकमान्तरका लागि प्रस्ताव गर्ने गरेको।

## ५.५ समाधानका उपाय

५.५.१ प्रचलित कानुन बमोजिम उपलब्ध गराउनुपर्ने प्रतिवेदन समयमै प्रदान गर्न सम्बन्धित सबै निकाय जिम्मेवार हुनुपर्ने,

५.५.२ प्रदेश विनियोजन ऐन तथा मन्त्रालयबाट जारी गरिने विभिन्न परिपत्र तथा मार्गदर्शन लगायत प्रचलित कानुनको पालनामा ध्यान दिइ वित्तीय अनुशासन कायम गर्नुपर्ने,

५.५.३ वित्तीय हस्तान्तरण अन्तर्गतका विभिन्न अनुदानहरुको कार्यान्वयनका सम्बन्धमा सम्बन्धित ऐन, कानुन, कार्यविधि, मापदण्डमा तोकिएको कार्यान्वयन विधि लगायतका विषयहरुको अधीनमा रही आयोजना/कार्यक्रम कार्यान्वयन गर्नुपर्ने,

५.५.४ वित्तीय हस्तान्तरण अन्तर्गत अनुदानका कार्यक्रमहरुको माग/छनोट कार्यलाई प्रणालीसँग आवद्ध गर्दै लैजाने र स्वचालित प्रतिवेदन प्रणालीको विकास गर्ने,

५.५.५ वित्तीय हस्तान्तरणका अनुदानहरु हस्तान्तरण गर्दा मानव विकास सुचकाङ्क, राजस्व उठाउने क्षमता, कार्यान्वयन दक्षता लगायतका विषयमा ध्यान दिइ दुर्गम स्थानीय तहहरुलाई प्राथमिकता दिनुपर्ने,

५.५.६ स्वीकृत आयोजना/कार्यक्रम तोकिएको समयमै सम्पन्न गर्न तदारुकता देखाउनु पर्ने,

५.५.७ कर्णाली प्रदेश समपूरक अनुदान सम्बन्धी कार्यविधि, २०७५ बमोजिम ५० प्रतिशत साझेदारी गर्न नसक्ने स्थानीय तहहरुलाई साझेदारी गर्नुपर्ने अनुपात घटाउने वा विशेष अनुदानका आयोजनाको सङ्ख्या बढाई बजेट सन्तुलन कायम गर्नुपर्ने,

५.५.८ राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगबाट ससर्त अनुदान प्रदान गर्दा पालना गर्नुपर्ने आधार तथा सिफारिसको अधीनमा रही स्थानीय तहसँगको समन्वय र सहकार्यमा हस्तान्तरण गर्नुपर्ने,

५.५.९ ससर्त अनुदानका आयोजना/कार्यक्रम कार्यान्वयनका सम्बन्धमा सम्बन्धित विषयगत मन्त्रालयहरुबाट समयमै कार्यविधि/मापदण्ड/मार्गदर्शन स्थानीय तहमा प्रेषित गरी आयोजना/कार्यक्रम कार्यान्वनयको विधि र प्रक्रियाका सम्बन्धमा स्पष्ट गर्नुपर्ने,

५.५.१० प्रचलित आर्थिक ऐन बमोजिम राजस्वको बाँडफाँट तोकिएको समयमै सम्बन्धित सञ्चित कोषमा दाखिला गरी राज्यका विभिन्न तहबिच समन्वय र सम्पर्क बढाउनुपर्ने,

५.५.११ विपद्जन्य अवस्थाको व्यवस्थापन बाहेक अन्य आयोजना/कार्यक्रमका लागि वार्षिक बजेट तर्जुमाको समयमा नै बजेट प्रस्ताव र विनियोजन गर्ने परिपाटीको विकास गर्नुपर्ने,

५.५.१२ वार्षिक बजेट तर्जुमा, सोको कार्यान्वयनका सम्बन्धमा हुने खर्च/प्रगति, राजस्व सङ्कलन लगायतका विषयलाई थप व्यवस्थित गर्नका लागि विकास गरिएको प्रणालीहरुमा अनिवार्य रुपमा विवरण प्रविष्टि गरी प्रतिवेदन प्रणालीको सुदृढीकरणका लागि सबै तहले ध्यान दिनुपर्ने,

५.५.१३ आयोजना/कार्यक्रममा देखिएका दोहोरोपना हटाउनका लागि केन्द्रीय तथ्याङ्क प्रणाली/परियोजना बैङ्कको विकास गर्नुका साथै पूर्वतयारी, सम्भाव्यता अध्ययन, वातावरणीय प्रभाव मूल्याङ्कन लगायतका चरण पूरा भएका आयोजना/कार्यक्रममा मात्र सबै तहले आफ्नो कार्य जिम्मेवारी अनुरुप बजेट विनियोजन गर्नुपर्ने,

५.५.१४ कार्य सम्पादनमा आधारित अनुदान प्रणालीको अवलम्वन गरी स्थानीय तहमा आर्थिक अनुशासन र खर्च गर्ने क्षमतामा वृद्धि गर्नुपर्ने,

५.५.१५ अन्तर सरकारी वित्त हस्तान्तरण अन्तर्गत हस्तान्तरित आयोजना/कार्यक्रम, राजस्व बाँडफाँट लगायतका विषयहरु र सोको कार्यान्वयन प्रचलित कानुन बमोजिम भए/नभएको सम्बन्धमा अनुगमन मूल्याङ्कन गरी सोको पृष्ठपोषणका आधारमा कार्यान्वयन प्रभावकारिता अभिवृद्धि गर्नुपर्ने,

५.५.१६ सङ्घ, प्रदेश तथा स्थानीय तहबिचको समन्वय र सहकार्य चुस्त दुरुस्त बनाउनका लागि संविधान, प्रचलित कानुन बमोजिम व्यवस्था भएका अन्तर समन्वय परिषद्हरुको समयमै बैठक बस्नुपर्ने र तीनै तहमा देखिएका नीतिगत तथा कार्यात्मक बाधा व्यवधानका विषयमा अन्तरक्रिया र छलफलबाट बाधा फुकाउनु पर्ने।

## परिच्छेद-छ

# बजेट कार्यान्वयन र स्रोत व्यवस्थापनका लागि गर्नुपर्ने प्रयास

आर्थिक वर्ष २०८०/८१ मा बजेट कार्यान्वयनको आधारमा कर्णाली प्रदेशको बजेट तर्जुमा र कार्यान्वयनका क्रममा महसुस गरिएका कमी कमजोरी हटाई सार्वजनिक स्रोतको कुशल परिचालन गरी दक्षता अभिवृद्धि गर्न देहाय बमोजिमका सुधार गर्नुपर्ने देखिन्छः-

## ६.१ तत्काल गर्नुपर्ने कार्य

### ६.१.१ बजेट कार्यान्वयन

६.१.१.१ अध्ययन र पूर्व तयारी बिना बजेट विनियोजन गरिएका कार्यक्रम र आयोजना कार्यान्वयनमा जान सक्ने वा नसक्ने सम्बन्धमा तत्काल निक्यौंल गरी कार्यान्वयनमा जान नसक्ने देखिएका आयोजना/कार्यक्रममा विनियोजित बजेट समर्पण गर्ने वा कुनै आयोजना वा कार्यक्रममा बजेट नपुग भएमा प्रचलित कानुन बमोजिम रकमान्तर प्रस्ताव गर्ने,

६.१.१.२ आयोजना कार्यान्वयनका क्रममा कुनै समस्या देखिएको अवस्थामा तत्काल समाधानका उपाय खोज्ने, आयोजना प्रमुखबाट समस्या समाधान हुन नसक्ने भएमा मन्त्रालय वा विकास समस्या समाधान समिति वा प्रदेशस्तरीय विकास समस्या समाधान समितिबाट समाधानको उपाय खोज्ने,

६.१.१.३ आयोजना/कार्यक्रम कार्यान्वयन गर्न कार्यविधि, निर्देशिका आवश्यक पर्ने भएमा यथाशीघ्र तर्जुमा गरी कार्यान्वयन गर्नुपर्ने,

६.१.१.४ कार्यक्रम/आयोजनाको मासिक रुपमा समीक्षा गर्ने,

६.१.१.५ चालु आर्थिक वर्षमा सिर्जित दायित्व सोही वर्ष भुक्तानीको व्यवस्था मिलाउने,

६.१.१.६ आयोजनाको स्थलगत अनुगमनमा जोड दिने,

६.१.१.७ आर्थिक मामिला तथा योजना मन्त्रालयले विभिन्न मन्त्रालयहरुबाट माग गरिएको थप निकासा/रकमान्तर/कार्यक्रम संशोधनमा तत्काल निर्णय दिने। कार्यविधि, निर्देशिकामा समेत तत्काल राय उपलब्ध गराउने,

६.१.१.८ रणनीतिक महत्त्वका आयोजना/कार्यक्रममा विनियोजित बजेटमा मात्र थप रकम आवश्यक भएमा रकमान्तर/थप निकासा माग गर्ने,

६.१.१.९ ठूला रणनीतिक महत्त्वको आयोजना/कार्यक्रमबाट साना/खुद्रे कार्यक्रम/आयोजनामा रकमान्तर प्रस्ताव नगर्ने,

६.१.१.१० सङ्घीय सरकारबाट ससर्त अनुदानमा सञ्चालित आयोजनामा थप रकम आवश्यक पर्ने भए सोको विवरण तयार गरी सङ्घीय अर्थ मन्त्रालयमा तत्काल अनुरोध गर्ने,

६.१.१.११ आर्थिक मामिला तथा योजना मन्त्रालयको सहमति नलिई दीर्घकालीन दायित्व सिर्जना हुने गरी कार्यक्रम सञ्चालन गर्न प्रवृतिमा प्रतिबन्ध लगाउने,

६.१.१.१२ प्रदेशस्तरीय बजेट व्यवस्थापन सूचना प्रणाली (PLMBIS) लाई स्तरोन्नति गरी थप व्यवस्थित गर्ने र TSA तथा CGAS सँग एकीकृत गर्ने।

### ६.१.२ राजस्व व्यवस्थापन

६.१.२.१ गैरकर राजस्व वा सम्भावित क्षेत्रहरुको पहिचान गरी सङ्कलनको अवस्था बारे अनुगमन गर्ने,

६.१.२.२ घर जग्गा रजिष्ट्रेशन शुल्क सङ्कलनमा देखिएका समस्या र आवश्यकता बारे मालपोत कार्यालयहरुसँग समन्वय गरी समाधान गर्ने

६.१.२.३ प्रदेश आर्थिक ऐन, २०८० को परिपालना भए नभएको सम्बन्धमा सम्बद्ध निकायहरुको अनुगमन गर्ने,

६.१.२.४ सवारी साधन कर र यातायात क्षेत्रबाट सङ्कलन हुने राजस्व सङ्कलनमा चुहावट र अनियमितता हुन नदिन निरन्तर अनुगमन गर्ने,

६.१.२.५ समपूरक अनुदान र विशेष अनुदानतर्फ खर्च नभएको रकम नियमानुसार प्रदेश सञ्चित कोषमा फिर्ता नगर्ने स्थानीय तहहरूलाई तत्काल सम्पर्क गरी फिर्ता गर्न लगाउने,

६.१.२.६ ढुङ्गा, गिटी, बालुवा, दहत्तर, बहत्तर वापतको स्थानीय तहले सङ्कलन गरेको राजस्वको ४० प्रतिशत प्रदेश सञ्चित कोषमा जम्मा नगर्ने स्थानीय तहको नियमित अनुगमन गर्ने,

६.१.२.७ मनोरञ्जन कर र विज्ञापन कर वापतको प्रदेश सञ्चित कोषमा जम्मा हुनुपर्ने रकम प्राप्त भएको देखिँदैन, सोको अनुगमन गर्ने।

## ६.२ दीर्घकालमा गर्नुपर्ने कार्य

### ६.२.१ बजेट तर्जुमा

६.२.१.१ आवश्यक पूर्वतयारी भएका आयोजनालाई मात्र बजेट विनियोजन गर्ने व्यवस्था हुनुपर्ने। परियोजना बैङ्कलाई कार्यान्वयनमा ल्याई सो बैङ्कमा नपरेका आयोजनामा बजेट विनियोजन नगर्ने नीति अवलम्बन गर्ने,

६.२.१.२ सञ्चालन विधि स्पष्ट भएका कार्यक्रमहरुलाई मात्र बजेटमा समावेश गर्ने,

६.२.१.३ विगतमा बहुवर्षीय ठेक्का, क्रमागत र अधुरा आयोजनामा आवश्यक पर्ने रकम पर्याप्त विनियोजन गरेर मात्र नयाँ कार्यक्रम/आयोजना प्रस्ताव गर्ने,

६.२.१.४ कर्णाली प्रदेश बहुवर्षीय ठेक्का बन्दोबस्त सम्बन्धी निर्देशिका, २०७७ बमोजिम बहुवर्षीय ठेक्कामा प्रस्ताव गर्नुपर्ने आयोजनाका लागि पर्याप्त रकम विनियोजन गर्नुपर्ने,

६.२.१.५ प्रदेश तहबाट स्थानीय तहलाई हस्तान्तरण गर्ने ससर्त अनुदानलाई व्यवस्थित गर्न कार्यविधि निर्माण गरी कार्यान्वयन गर्नुपर्ने,

६.२.१.६ आयोजना प्रस्ताव गर्दा पर्याप्त पूर्व तयारी गरेका आयोजनालाई प्राथमिकिकरण गरी मध्यमकालीन खर्च संरचनामा समेत समावेश गर्नुपर्ने,

६.२.१.७ बजेट तर्जुमा र आयोजना छनोट सम्बन्धमा प्रदेश आर्थिक कार्यविधि ऐनको व्यवस्था पूर्ण परिपालना गर्ने,

६.२.१.८ संवैधानिक दायित्व, सोह्रौं राष्ट्रिय आवधिक योजना, प्रदेशको आवधिक योजनाका उद्देश्य हासिल हुने गरी बजेट विनियोजनमा कुशलता हासिल गर्ने,

६.२.१.९ अवण्डामा बजेट प्रस्ताव गर्ने परिपाटीको अन्त्य गरी विनियोजन कुशलता कायम गर्नुपर्ने,

६.२.१.१० स्थानीय तह मार्फत् गर्नुपर्ने कामको लागि बजेट तर्जुमा गर्दा नै वित्तीय हस्तान्तरण प्रस्ताव गर्ने,

६.२.१.११ औचित्य नभइ नयाँ सङ्गठन स्थापना र दरबन्दी सिर्जना नगर्ने तथा दोहोरो जिम्मेवारी देखिएका निकाय एक आपसमा गाभ्ने वा खारेज गर्ने,

६.२.१.१२ कुनै खास आयोजना/कार्यक्रम सञ्चालन गर्न स्थायी संस्था खडा नगरी भइरहेको संरचनाबाट कार्यसम्पादन गर्नुपर्ने,

६.२.१.१३ व्याज अनुदानलाई नतिजा वा उत्पादनसँग आवद्ध गरेर पारदर्शी रुपमा कार्यान्वयन गर्नुपर्ने।

## ६.२.२ बजेट कार्यान्वयन

६.२.२.१ प्रदेश सभाबाट बजेट स्वीकृत हुनु अगावै बजेट कार्यान्वयन कार्ययोजना बनाउने र पूर्व तयारीका कामहरु सुरु गर्ने। बजेट कार्यान्वयनका लागि तयार गर्नुपर्ने कार्यविधि तथा मापदण्ड यथाशीघ्र स्वीकृत गराउने,

६.२.२.२ अवण्डा राखिएका रकमहरु असोज महिनाभित्र बाँडफाँट गर्नुपर्ने,

६.२.२.३ वार्षिक बजेट तथा कार्यक्रममा समावेश भएका बाहेक कुनै पनि नयाँ आयोजना/कार्यक्रम प्रस्ताव नगर्ने,

६.२.२.४ कर्णाली प्रदेश योजना आयोग, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र विषयगत मन्त्रालयको संयुक्त अनुगमन टोली बनाई ठूला आयोजना/कार्यक्रमको नियमित अनुगमन गर्ने परिपाटीको विकास गरी अनुगमनका क्रममा देखिएका समस्याको तत्काल समाधान गर्ने,

६.२.२.५ बजेट कार्यान्वयनमा अन्तर निकाय समन्वय र सहजीकरणलाई प्रभावकारी बनाउने,

६.२.२.६ कर्णाली प्रदेश बहुवर्षीय ठेक्का बन्दोबस्त सम्बन्धी निर्देशिका, २०७७ बमोजिम बहुवर्षीय ठेक्कामा लैजानु पर्ने आयोजना भए अनिवार्य रुपमा आर्थिक मामिला तथा योजना मन्त्रालयको सहमतिमा मात्र कार्यान्वयन गर्ने,

६.२.२.७ आर्थिक मामिला तथा योजना मन्त्रालयको सहमति नलिई कुनैपनि निकायले विनियोजित बजेट भन्दा बढीको दायित्व सिर्जना नगर्ने,

६.२.२.८ व्यक्ति, समुदाय, सहकारीलाई अनुदान दिँदा विगतको कार्य नतिजा, उपलब्धी र उपयोगको मूल्याङ्कन गरी उपयुक्त देखिएमा मात्र निरन्तरता दिने,

६.२.२.९ पर्याप्त बजेट हुँदा हुँदै आयोजनाको सिर्जित दायित्व समयमा भुक्तानी नगरी अर्को वर्ष सार्ने कर्मचारी उपर विभागीय कारवाही गर्ने,

६.२.२.१० क्रियाकलापमा आधारित बजेट तर्जुमा तथा खर्च प्रणालीलाई थप व्यवस्थित गरी पूर्णरुपमा कार्यान्वयनमा लैजाने,

६.२.२.११ बहुवर्षीय र ठेक्कामा रहेको आयोजनामा खर्च हुन नसक्ने बजेट अन्य आयोजनामा खर्चको लागि सिफारिस गर्ने प्रवृत्तिको निरुत्साहन गर्ने,

६.२.२.१२ स्थानीय तहबाट समपूरक अनुदानमा सञ्चालित आयोजनाहरुमा स्थानीय तहले योगदान गरे/नगरेको अनुगमन गर्ने,

६.२.२.१३ निर्माण सामग्री परीक्षणको लागि प्रादेशिक गुणस्तर परीक्षण प्रयोगशालाको व्यवस्था गर्नुपर्ने,

६.२.२.१४ बजेट कार्यान्वयन गति दिन सोसंग सम्बन्धित कार्यान्वयन कार्ययोजना, खरिद योजना/गुरुयोजना समयमा तयार गरी पूर्ण रुपमा पालना गर्नुपर्ने,

६.२.२.१५ प्रत्येक निकायले आन्तरिक नियन्त्रण प्रणाली स्थापना गरी सोको पूर्ण पालना गर्नुपर्ने।

### ६.२.३ स्रोत व्यवस्थापन

६.२.३.१ प्रदेशको क्षेत्राधिकारमा परेका कर, गैरकरका क्षेत्रहरु अध्ययन विश्लेषण गरी करको आधार र दायरा विस्तार गर्ने,

६.२.३.२ प्रदेशको आर्थिक क्रियाकलापलाई प्रोत्साहन गर्ने नीति लिने,

६.२.३.३ समपूरक र विशेष अनुदान आर्थिक वर्षको अन्त्यमा फिर्ता नगर्ने स्थानीय तहलाई अर्को वर्ष समानीकरण अनुदान दिँदा कट्टा गर्ने,

६.२.३.४ राजस्व बाँडफाँटबाट स्थानीय तहले प्रदेश सञ्चित कोषमा राजस्व जम्मा नगर्ने स्थानीय तहलाई ससर्त अनुदानका आयोजना नदिने प्रणाली विकास गर्ने,

६.२.३.५ आन्तरिक आयको क्षेत्र पहिचान गरी आय स्रोत बढाउन पहल गर्ने,

६.२.३.६ नेपालको संविधानमा भएको व्यवस्था, प्रदेशको एकल अधिकार वा साझा अधिकार सूचीमा रहेका राजस्व सङ्कलन र प्राप्तिमा पहलकदमी बढाउनुपर्ने,

६.२.३.७ मनोरञ्जन कर, विज्ञापन कर सङ्कलनको लागि प्रदेशले नीतिगत व्यवस्था गर्नुपर्ने,

६.२.३.८ वन पैदावर बिक्री शुल्क र पर्यटन शुल्कमा विविधीकरण गर्नुपर्ने,

६.२.३.९ कृषि आयमा लाग्ने करको अध्ययन गर्नुपर्ने,

६.२.३.१० राजश्व सम्भाव्य क्षेत्रको अध्ययन अनुसन्धान गरी प्रदेशको राजश्व परिचालन अभिवृद्धि गर्ने कार्यदल गठन गरी सुझाव लिने,

६.२.३.११ प्रदेशको आन्तरिक राजस्व सीमित भएको र खर्चको आवश्यकता बढिरहेको अवस्थामा प्रदेशलाई दिने वित्तीय समानीकरण अनुदान र राजस्व बाँडफाँटको दायरा बढाउन पहल गर्नुपर्ने,

६.२.३.१२ वैदेशिक स्रोत समावेश भएका आयोजना वा कार्यक्रम कार्यान्वयन, बजेट रोक्का/फुकुवा, प्रगति विवरण र शोधभर्ना माग सम्बन्धमा ससर्त अनुदान प्रदान गर्न सम्बन्धित निकाय र कार्यान्वयन गर्ने प्रदेश अन्तर्गतका कार्यालयहरुबिच पर्याप्त समन्वय हुनुपर्ने,

६.२.३.१३ स्थानीय तह र राजस्व सङ्कलन गर्ने सरकारी कार्यालयको राजस्वको तथ्याङ्क अद्यावधिक र नियमन गर्ने प्रणालीको व्यवस्थापन गर्ने,

६.२.३.१४ प्रदेशमा पहिचानमा रहेका पर्यटकीय स्थलहरुमा आन्तरिक तथा वाह्य पर्यटन विकास र पर्यटन तथा पदयात्रा शुल्क सङ्कलनका लागि स्थानीय तहसँग साझेदारी गर्ने,

६.२.३.१५ बैङ्क तथा वित्तीय संस्था, बिमा, धितोपत्र लगायतमा प्रदेशको कार्यक्षेत्र र समन्वय स्पष्ट हुनुपर्ने,

६.२.३.१६ मालपोतबाट हुने घरजग्गा रजिष्ट्रेशन शुल्क निर्धारण गर्दा बजार मूल्यको आधारमा मूल्याङ्कन गर्ने व्यवस्था गरिनुपर्ने,

६.२.३.१७ कर्णाली प्रदेशको राजस्व परिचालनमा प्राप्त प्रतिवेदनका सुझावहरु कार्यान्वयनमा ल्याउने।

### ६.२.४ वित्तीय उत्तरदायित्व र जवाफदेहिताको परिपालना

६.२.४.१ विनियोजित बजेट भन्दा बढीको खरिद प्रक्रिया अगाडि नबढाउने,

६.२.४.२ आर्थिक दायित्व हुने विषयमा निर्णय गर्दा वा मन्त्रिपरिषद्मा प्रस्ताव पेश गर्दा आर्थिक मामिला तथा योजना मन्त्रालयको पूर्व स्वीकृति अनिवार्य रुपमा लिने,

६.२.४.३ आम्दानी, खर्च, अनुदानको विवरण मासिक रुपमा सार्वजनिक गर्ने,

६.२.४.४ आयोजना कार्यान्वयन कार्ययोजना, आयोजनाको विवरण सार्वजनिक गर्ने,

६.२.४.५ भौतिक प्रगतिको आधारमा मात्र भुक्तानी गरिने व्यवस्था कार्यान्वयन गर्ने,

६.२.४.६ कार्यक्रम संशोधन, स्रोत व्यवस्था र PLMBIS प्रविष्टि स्वीकृत भएपछि मात्र कार्य सुरु गर्ने,

६.२.४.७ विनियोजन ऐन र बजेट कार्यान्वयनका लागि जारी भएको मार्गदर्शनको परिपालना गर्ने,

६.२.४.८ सबै निकायले बजेट कार्यान्वयनको नियमित अनुगमन, मूल्याङ्कन गर्ने,

६.२.४.९ चौमासिक रुपमा मन्त्रालयको विकास समस्या समाधान समितिको बैठक बसी समाधान गर्न नसकिने समस्याहरु प्रदेशस्तरीय विकास समस्या समाधान समितिमा पेश गर्ने,

६.२.४.१० बेरुजु फस्यौंट अनुगमन तथा मूल्याङ्कन समितिको निर्देशन अनुसार आ-आफ्नो निकायको बेरुजु फस्यौंटका लागि पहल गर्ने।

### ६.२.५ सार्वजनिक सेवा प्रवाह प्रभावकारी बनाउन

६.२.५.१ वार्षिक बजेट, नीति तथा कार्यक्रमले निर्धारण गरेका लक्ष्य प्राप्तिको लागि कार्यान्वयन गर्न आवश्यक जनशक्तिको व्यवस्थापन गर्नुपर्ने,

६.२.५.२ कार्यालय र दरबन्दी सङ्ख्यालाई छरितो बनाउन र सूचना प्रविधिको प्रयोग गरी समय/लागत घटाउन पहल गर्नुपर्ने,

६.२.५.३ प्रदेश अन्तर्गतका जनशक्तिबाट सम्पादन हुन सक्ने कार्यको लागि सेवा परामर्शमा खर्च नगर्ने,

६.२.५.४ क्षेत्रगत कार्यक्रम कार्यान्वयनको लागि विषयगत मन्त्रालयहरुसँगको समन्वय र सहकार्यलाई अझ प्रभावकारी बनाउनुपर्ने,

६.२.५.५ अनुगमन र मूल्याङ्कनलाई विकास मापनको प्राथमिकतामा राखी अनुगमन संयन्त्रको विकास गरी नियमित र प्रभावकारी अनुगमन गर्ने व्यवस्था मिलाउनुपर्ने,

६.२.५.६ मातहतका कार्यालय नभएका र प्राविधिक जनशक्ति आवश्यक पर्ने मन्त्रालय/ निकायको कार्यक्रम प्रभावकारी कार्यान्वयका लागि अन्तर निकाय समन्वय गर्नुपर्ने,

६.२.५.७ अन्तर निकाय समन्वयका लागि अन्तर निकाय, अन्तर मन्त्रालय नियमित समन्वय बैठक गरी सहजीकरण गर्नुपर्ने,

६.२.५.८ पुराना सवारी साधन, मेशिनरी, फर्निचर लगायतका सामग्रीको लिलाम प्रक्रिया अगाडि बढाउने।

## ६.२.६ सूचना प्रविधिको प्रयोग

६.२.६.१ डिजिटल प्रदेशको अवधारणा कार्यान्वयन गर्न प्रणालीहरुको एकीकरण (Integration) मा समन्वय गर्ने,

६.२.६.२ प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणाली (PLMBIS) को स्तरोन्नति, क्षमता विकास र सेक्युरिटी अडिट गर्नुपर्ने,

६.२.६.३ प्रदेशको एकीकृत सम्पत्ति विवरण तयार गर्न (Public Asset Management System, PAMS) को प्रयोगलाई प्रभावकारी बनाउने,

६.२.६.४ स्थानीय तहमा बजेट व्यवस्थापनका लागि प्रयोगमा रहेको Sub-National Treasury Regulatory Application (SuTRA) र प्रदेशले प्रयोग गर्ने प्रणाली बिच Application Programming Interface (API) विकास गर्ने। राजस्व, बजेट एवम् लेखाङ्कन सम्बन्धी सूचना प्रणालीहरुबिच एक अर्कासँग आवद्धता कायम गर्ने,

६.२.६.५ बजेट तर्जुमा गर्दा तयार गरिने वार्षिक खरिद योजनालाई Public Procurement Monitoring Office (PPMO) को विद्युतीय सरकारी खरिद प्रणाली (e-GP) सँग आवद्धता गर्न पहल गर्ने,

६.२.६.६ प्रदेश सरकारले कार्यान्वयनमा ल्याएको प्रदेश बेरुजु व्यवस्थापन सूचना प्रणालीमा बेरुजुको सबै अभिलेख अद्यावधिक गर्ने,

६.२.६.७ प्रदेशका सबै कार्यालयमा प्रयोग हुने समान प्रकृतिका सामग्री खरिदमा एकरुपता कायम गर्न, सामग्रीको गुणस्तर सुनिश्चित गर्न र खरिद कार्यलाई सहजीकरण गर्नका लागि त्यस्ता सामग्रीहरुको Specification Bank तयार गर्ने,

६.२.६.८ प्रदेशको बजेट, लेखाङ्कन तथा प्रतिवेदनको लागि Database तयार गर्नुपर्ने वा प्रयोगमा रहेको प्रणालीहरुमा उच्च तहको पहुँच प्राप्त गर्ने,

६.२.६.९ प्रदेशको सार्वजनिक वित्त व्यवस्थापनसँग सम्बन्धित सबै सूचना प्रणालीहरु एकीकृत गर्ने।

# अनुसूचीहरु

## अनुसूची-१

## आय व्ययको विवरण

### आय तर्फ

*(रू. हजारमा)*

| शीर्षक | आर्थिक वर्ष २०८०/८१ को अनुमान | आर्थिक वर्ष २०८०/८१ वार्षिक प्राप्ति | प्राप्ति प्रतिशत |
|---|---|---|---|
| १ राजस्व (२+३+४) | १७०८७११७ | १५१८७२१८ | ८८.८८ |
| २ कर | ९२०४७८४ | ७७५५३०७ | ८४.२५ |
| ३ अन्य राजस्व | २९५१७६ | २७११२६ | ९१.८५ |
| ४ विविध प्राप्ति | ७५८७१५७ | ७१६०७८५ | ९४.३८ |
| ५ वित्तीय हस्तान्तरण अनुदान | १६२९२५९० | १०९९५०७५ | ५६.९९ |
| ६ राजस्व तथा अनुदान (१+५) | ३३३७९७०७ | २६१८२२९३ | ७८.४४ |

### व्यय तर्फ

*(रू. हजारमा)*

| खर्च शीर्षक नं. | शीर्षक | आ.व. २०८०/८१ को बजेट अनुमान | आ.व. २०८०/८१ को वार्षिक खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|
| **चालु** | | | **९१७५१३०** | |
| २१००० | पारिश्रमिक/सुविधा | | १८०३७२२ | |
| २२००० | मालसामान तथा सेवाको उपयोग | | ३१३०८१० | |
| २५००० | सहायता | | ६०५९ | |
| २६००० | अनुदान | | ३८८०५८४ | |
